


# अख्तियारको थुनाःमेरो संझना

## जयप्रकाश गुप्ता

| | |
|---|---|
| प्रकाशकः | मधेसी मानवअधिकार संरक्षण केन्द्र, काठ. |
| संस्करणः | प्रथम, २०६० फागुण, ५ हजार प्रति |
| | दोस्रो, २०६० बैशाख, ५ हजार प्रति |
| | तेस्रो, २०६० जेठ, ५ हजार प्रति |
| मुद्रकः | नेपाल अफिस सपोर्ट, अनामनगर |
| मूल्यः | रू.१०० |
| नोटः | यस पुस्तकको हार्ड कपी हाल उपलब्ध छैन । तसर्थ यो ई–कपी तयार गरी प्रस्तुत गरिएको हो । |



## यस पुस्तकका बारेमा ...

अन्ततः मैले, मेरो थुनामा रहदाँका स्मरणहरूलाई प्रकाशित गर्ने निधो गरें । मुलुकको जटिल राजनीतिको सन्दर्भमा मेरो तयस बेलाको गिरफ्तारी कुनै उल्लेखनीय घटना होइन । यो अरुहरूको लागि स्मरणीय विषय पनि होइन । तर एक दिन अघि सम्म मुलुकको शासनयन्त्रको मन्त्री पदमा रहेको मानिस के कारणबाट भोलीपल्ट नै हाउस एरेष्ट हुनुपर्‍यो ? किन बलात् अख्तियारको अनुसन्धानको दायरामा पारियो ? र बदलिएको राजनीतिक परिदृश्यमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग कसरी राजनीतिक प्रतिशोधको यन्त्रशालामा रूपान्तिरित भयो, यसको म स्वयं यौटा साक्षी रहेकोले - मेरो अनुभव र भोगाइहरू यौटा लिखतको रूपमा रहोस् यही आकांक्षा अनुरूप यसलाई प्रकाशित गर्ने निश्चय गरें ।

म यौटा अत्यन्त अप्रत्यासित घटना क्रमको शिकार भए । भ्रष्टाचारको मुद्दा मेरो लागि अनपेक्षित थियो । मेरो मन्त्रीत्वालमा मैले कुनै पनि बेला अख्तियारमा धाउनु परेन । कुनै पनि विषयमा स्पष्टीकरण दिनु परेन । दिनहुँ अखबारहरूमा छापिने भ्रष्टाचार कथाहरूको मैले स्थायी पात्र पनि हुनु परेन । तर मलाई भ्रष्टाचारको मुद्दामा फसाइयो । आज मुलुकको राज्यसत्ताको तर्फबाट म भ्रष्टाचारीमा प्रचारित छु । हिजोसम्म म पनि भ्रष्टाचारको विरूद्धमा जनमत तयार गर्ने काममा तथा विधिको निर्माणमा लागेको थिए । आज तयस जनमतको सामुन्ने विधिको न्यायोचित प्रयोगको लागि अपेक्षाका साथ उभिएको छु ।

यस बीचमा म दुई पटक थुनामा रहनु पर्‍यो । दुई महिना भन्दा बढी समयसम्म । थुनाको त्यो अवधि मेरो लागि कष्टकर नै रह्यो । यद्यपि मैले त्यस अवधिका दौरान केही पढ्ने मौका पाए । राजा र राज्यको चरित्र बुझ्ने कोशिस गरें । सहकर्मी साथीहरू र राजनीतिक नेताहरूलाई नियाल्ने प्रयत्न गरें । मुलुकका केही घटनाक्रमहरूको बारेमा सोचें र राजनीतिका डिजायनहरूलाई परख गर्ने अवसर पाएँ । मैले आफ्नो निजी जीवनका केही परिवेशहरूलाई पनि स्मरण गरें । शायद नियतीले अब मलाई कुनै अर्कै प्रयोजनको लागि तयार हुन उत्प्रेरित गरिरहेको जस्तो भान हुन्थ्यो - थुनामा । त्यहाँ मसँग प्रशस्त समय भएकोले प्रायसः मेरा भोगाईहरूलाई, मेरा जानकारीहरूलाई सम्झिदै लेख्दै जाँदा बडो सन्तोषको अनुभव भयो । मैले सकेसम्म दिनहरू नबिराएर लेख्ने प्रयास गरि रहें, यद्यपि यसमा पुरै निरन्तरता भने रहेन । अझ केही समयसम्म थुना मै रहेको

**भए धेरै कुराहरू लेख्न सकिन्थ्यो । तर लेख्न मात्रको लागि थुनामा बस्नु कसको विकल्प हुन्छ र ? त्यो पनि भ्रष्टाचारको अभियोगमा ।**

**मन्त्रीपदमा रहदाँका कुराहरुलाई लेखेर सार्वजनिक गर्न हुने वा नहुने कुरामा म पर्न चाहिन । मैले थुनामा जसरी लेखें, तयसमा सामान्य भाषिक सम्पादन बाहेक अन्य थपघट पनि गरिनँ । मैले थुनामा लेखिएको कुराहरूको मौलिकतालाई इमान्दारिताका साथ बचाएको छु । मैले मेरो कपीलाई पहिलो थुनाबाट सुरक्षित निकालेकोले नै दोस्रो थुनामा पनि सोही कपीलाई प्रयोग गर्न पाए । यसै क्रममा आज यो तपाईहरूको हातमा पर्न सक्यो । यस प्रसँगमा म यस परिच्छेदमा धेरै कुराहरू लेख्न चाहन्न । यस पुस्तकमा भएका सबै कुराहरू मैले नै लेखेको हुनाले थप लेखि रहनु आवश्यक ठानेको छैन । यतिको लेखाई पनि पुस्तक प्रकाशनको परम्पराको लागि मात्र हो ।**

**यसको पुस्तककारमा प्रकाशनको कार्यमा सहयोग गर्नु हुने हरि पोखरेल, मेरा भाई विनय, रामरञ्जन पौडेल, तारा बैनी लगायत सबैमा हार्दिक धन्यावाद दिन चाहन्छु ।**

**जय प्रकाश गुप्ता**
**पौष, २०६१**



**कार्तिक १४,०५९** (Oct 31,002 )

**यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः**
**न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ।**
**तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ**
**ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ।**

असोज २२ गतेका दिन सादा पोसाकका प्रहरीहरूले मलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयमा बुझाएका थिए । सोही दिनदेखि म प्रशस्त कानुनी अधिकारले सुन्निएको अख्तियारको जिम्मामा परेको थिएँ । तत्पश्चात् मसँग बयान लिने क्रम सुरु भयो र कार्तिक ७ गतेका दिन अख्तियारका आयुक्तहरूसमक्ष मेरो बयान सिद्धिएको थियो । उनीहरूले मसँग सोध्न चाहेका सबै विषयहरूमा आफ्ना प्रश्नहरू सोधिसकेका थिए । मसँग बयान लिने कक्ष जो आयुक्तहरूको मिटिङ कक्ष थियो, त्यस कक्षमा प्रमुख आयुक्त सूर्यनाथ उपाध्याय र आयुक्तहरू कृष्णबल्लभ काफ्ले, माधवदत्त भट्ट र इन्द्रबहादुर शेरचन लहरै बसेका थिए । त्यस दिन एकजना आयुक्त थिएनन् । मैले दिएको बयानबाट सूर्यनाथ सन्तुष्ट नरहेको अतृप्तताको छाप उनको अनुहारमा स्पष्ट देखिन्थ्यो । मैले गर्दै नगरेको गल्तीलाई स्वीकारेर उनको अहंकारी पुरुषार्थलाई चम्काइदिने काम नगरेकोमा उनी पटक्कै खुसी थिएनन् । उनले मलाई सम्बोधन गरेर पहिल्यै भनिसकेका थिए : मैले तपाईलाई यहीं थुनेर/गलाएर लिन चाहेको बयान लिनसक्छु । त्यस दिन धम्की दिंदै उनले मलाई राम्ररी सम्झाएका थिए : अहिलेको अख्तियार उहिल्यैको जस्तो होइन । कानुनले सम्पूर्णता पाएको र स्वयं राजाको इच्छालाई कारबाहीमा उतार्न सक्रिय भएको आयोग हो आदि...आदि । त्यतिखेर मलाई, अब अख्तियारका लागि कानुनअनुसार कसै उपर अपराध सावित गर्न प्रमाणको सर्वोपरिताभन्दा पनि तत्कालीन राजनीतिले तय गरेको एजेन्डा नै उसको मार्ग निर्देशक विषय भइसकेको तथ्य बुझ्न कुनै अप्ठ्यारो भएको थिएन ।

वास्तवमा त्यसबेला मेरो बयान सकिएको भए म उनीहरूसँग बिदा लिन चाहेको थिएँ र भन्न चाहेको थिएँ कि स्वयं हामीले नै संसद्‌बाट पारित गराएको यस कानुनको ध्येय यसको अनुचित प्रयोगबाट राज्यको वा कुनै व्यक्तिमा रहेको प्रतिशोधको दावाग्नि शमन गर्नु कदापि पनि होइन । त्यसैले त्यहाँ उपस्थित रहेका आयुक्तहरूलाई सुनाएर मैले गीताको माथि उल्लिखित श्लोक भनेको थिएँ । मैले आग्रह गरेको थिएँ : जुन मानिस शास्त्रको विधिलाई छोडेर मन-माफिक गर्न लाग्दछ, त्यसलाई न सिद्धि मिल्दछ, न त सुख मिल्दछ, न त उत्तम गति नै मिल्दछ । यस निमित्त कर्तव्य र अकर्तव्यको निर्णय गर्नलाई शास्त्रहरूलाई प्रमाण

मान्नु पर्दछ र शास्त्रसम्मत ढंगबाट नै कर्तव्य गर्नु पर्दछ। अहिले मलाई ज्ञात भयो, प्रचलित वर्ण व्यवस्थामा म तल्लो श्रेणीकाले सूर्यनाथहरूको सामुन्ने शास्त्र र विधिको कुरा गर्नु हुन्न थियो । जुन कि मैले त्यहाँ गरेको थिएँ। सम्भवतः त्यसैले मेरो बयान सकिए पनि मलाई फेरि अर्को तारेख दिइयो असोज १३ गतेको दिनलाई। हिजो असोज १३ गते थियो । हिजोकै दिन मलाई अख्तियारले थुनामा राख्ने निर्णय गरी अनामनगरस्थित यस सिंहदरबार थुनामा ल्याइएको छ ।

मसँग नै पूर्व गृहमन्त्री खुमबहादुर खड्कालाई पनि एक भिन्नै अभियोगमा थुनामा राख्ने निर्णय भएको हुँदा हामीसँगै थुनिएका छौं। हाम्रो थुनाको यो सहयात्रा आजदेखि प्रारम्भ भएको छ ।

## कार्तिक १५, ०५९ Nov1,002

आज मलाई र खुमबहादुर खड्कालाई अनामनगरस्थित विशेष अदालतमा पुनः प्रस्तुत गरियो। कानुनअनुसार यस्ता मुद्दामा थुनिएका व्यक्तिलाई २४ घन्टाभित्र अदालतमा पेस गर्नुपर्ने प्रावधान छ। यसअनुसार हिजो जानाजान ढिलो गरी हामीलाई कार्यालय समयको अन्तिमतिर अदालत पुऱ्याइएको थियो। हाम्रा वकिलहरूले यस्ता विषयमा अनुसन्धानका लागि थुनामा राख्नु नपर्ने तर्कका साथ सामान्य तारेखमा वा धरौटीमा रिहा गरीनुपर्ने बहस गरेका थिए। यद्यपि, वर्तमान अवस्थामा अदालतले हामीलाई तारेखमा वा धरौटीमा छोड्ने कुराको मलाई कुनै आशा थिएन ।

हिजो र आज हामीलाई अदालतमा पुऱ्याइँदा त्यहाँ स्थानीय प्रेसको बडो ठूलो संख्यामा उपस्थिति थियो। विगत केही दिनदेखि यहाँका अखबारहरू संसदीय राजनीतिका विरुद्ध बनाइएको जनमतबाट बढी प्रभावित भएका छन्। यस प्रभाव स्वरूप प्रेसले हामीलाई त विरोधको तारो नै बनाएको छ। हामीलाई पक्राउ गरिएको राजनीतिक मनसाय बुझ्नुको साटो सर्वत्र अख्तियारको वाहवाही भइरहेको छ।

आज बिहान प्रकाशित दैनिक अखबारहरू पढेपछि त एक किसिमले दिक्क नै लाग्यो। यस १२ वर्षको अवधिभित्र मुलुकको सञ्चार क्षेत्रलाई अगाडि बढाउन मैले पनि अनेकन प्रयत्नहरू गरेको छु। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको प्रेस सल्लाहकार रहेका बेला औपचारिकरूपमा पछाडि रहेर नेपाली प्रेसलाई अगाडि बढाउन गरेका कार्यहरूदेखि पछि सरकारमा रहेर, आफ्नै पार्टीभित्रका विभिन्न तहमा रही असंख्य प्रयासहरू गरेँ, संघर्ष गरेँ। तर, आज कस्तो परिचालित झैं देखिएको प्रेससँग साक्षात्कार भइरहेको छ ? अदालतमा पूर्व महा-न्यायाधिवक्ता बद्रीबहादुर कार्कीले हाम्रो सन्दर्भमा देखिएको प्रेसको यस प्रवृतिबारे चर्चा गर्दै भन्नुभयो : नेपालीहरू सधैं एक एकवटा जात्रा खोज्छन्- यो जाति कहिले पनि नियमितरूपमा कार्य गर्न चाहँदैन। यहाँ अखबारहरू दिनहुँ जात्राको



सृजना गरिरहेका हुन्छन्। आजमात्रै प्रकाशित किशोर नेपाल सम्पादक रहेको गोरखापत्रको सम्पादकीयतर्फ लक्ष्य गर्दै कार्कीले भन्नुभयो - किशोर पनि राम्रै जागिर खान जान्ने रहेछन्। गोरखापत्रको प्रधानसम्पादक तथा महाप्रबन्धक पदमा मैले नै नियुक्ति दिलाएको किशोर नेपालले गोरखापत्रको सम्पादकीयमा बडो कस्सिएको भाषामा हाम्रो आलोचना गरेका छन्। हामीमाथिको कारबाहीलाई न्यायोचित्त भन्दै सम्पादकीयमा राजाबाट भएको असोज १८ गतेको उपयुक्त कारबाहीका कारणबाट मात्र यस्तो हुनसकेको लेखिएको छ। तर, म यसबाट किशोर नेपालहरूका बारेमा कुनै धारणा बनाउन चाहन्नँ। म स्वयं सञ्चारमन्त्री भएका बेला बिनाकुनै सरकारी निर्देशन कतिपयपटक गोरखापत्रले चाकडी र चापलुसीको सारहीन र असान्दर्भिक स्तुति प्रयोग गरेर सरकारलाई लाजमर्दो पारिसकेको मेरो आफ्नै अनुभव रहेको छ। सायद मन्त्रीका रूपमा मैले व्यक्त गरेको प्रतिबद्धताअनुसार गोरखापत्रलाई निजीकरण गर्न नभ्याएकोमा मलाई खेद रहिरहनेछ।

आज विशेष अदालतमा भएको लामो बहस भयो। अदालतले हामीहरूलाई थप २५ दिन थुनामा राख्ने आदेश सुनायो। यसबाट म खासै आश्चर्यमा छैन। यस निर्णयलाई अदालतमा उपस्थित कतिपय मित्रहरूले हाल मुलुकमा सिर्जना गराइएको भ्रष्टाचार विरोधी जनमतको प्रभाव भएको राय व्यक्त गरेका थिए। हिजो र आजको बहसका दौरान हामीबाट भ्रष्टाचार भएको कुनै ठोस विषयमा भन्दा पनि अख्तियारले खडा गरेको प्रचारको मात्रा बढी सशक्त रहेको अनुभव भयो। अख्तियारले सिर्जेको यस्तो प्रचारको प्रभावबाट अक्षुण्ण रहनुपर्ने कतिपय निकायहरूसमेत प्रभावित हुँदै गएको डरलाग्दो परिस्थिति बन्नथालेको मलाई आभाष भएको छ। साथै हाल सबैतिरबाट वाहवाहीमात्र पाइरहेको अख्तियारले भ्रष्टाचारीलाई दुई चार दिन बढी थुन्नका लागि म्याद थपी दिन गरेको जावो साधारण अनुरोधलाई समेत न्यायालयले मानिदिएन भनी अख्तियारबाट आउनसक्ने आलोचनाबाट परिस्थिति प्रभावित भएको कतिपयले ठानेको बुझियो। तर, हाम्रा वकिलहरूको प्रयास तथा तर्कहरूबाट अख्तियारले हाम्रो खिलाफमा गरेको राजनीतिक साजिसका बारेमा केही कुराहरू जनसाधारणमा पुगेको ठान्दछु।

यद्यपि यस्तो मुद्दामा खास गरी थुनामा राखेर कारबाही चलाउनेबारे विशेष अदालतबाट यस सन्दर्भमा केही मूलभूत मान्यताहरू स्थापित हुनुपर्थ्यो। अख्तियारले हामीलाई थुनामा राख्नु पूर्व विभिन्न विषयहरूमा दशौं पटकसम्म लिखित बयान लिइसकेको थियो। अब थप बयान लिनुपर्ने कुनै पनि विषय बाँकी

थिएन। अभियुक्त भनिएकाहरूको सम्पूर्ण परिवारका सदस्यहरूको चलअचल सम्पत्ति, ससुराली पट्टीका सबै सदस्यहरूको, जेठीसासू र सालीहरूका समेतको सबै चलअचल सम्पत्तिहरूको बेचबिखन हक हस्तान्तरण, बैंक खाता आदि सबैमा रोक लगाई सकिएको छ । यसपछि पनि प्रमाण नष्ट हुनजाने भन्ने आधारमा थुनामै राख्नु पर्ने अख्तियारको हठको औचित्यलाई अदालतले परख गर्न चाहेन । यसरी ठोस र विश्वास योग्य आधारहरूको अभावमा थुनामा राख्नु नपर्ने कानुनको संवेदनशील र सकारात्मक मनसायका विपरीत अख्तियारले कसैलाई पनि थुनामा राख्न पाउने स्वेच्छाचारी माग गर्ने प्रश्नरहित हक स्थापित हुनगयो । आफ्नो अनुकूल हुने निर्णयको अपेक्षा राखेर त्यस निम्ति विनित हुनु कदापि पनि न्याय पाउनुको आधार होइन र हुनु पनि हुँदैन । तर, न्यायको निरुपणका लागि उभिएका निकायको आधार भने सामुन्ने बलपूर्वक उभ्याइएका व्यक्ति दोषी नै हुन् भन्ने हुनुहुँदैन। हाम्रो मुद्दामा भने अख्तियारको कुनै पनि व्यक्तिलाई थुनामा नै राख्नुपर्ने स्वेच्छाचारी चाहनाले शंकाको उन्मुक्ति र उसको हकले स्थापना पाएको स्पष्ट भयो। यसो न भइदिएको भए अनुसन्धानको क्रममा अख्तियारलाई बढी जिम्मेवार तथा न्यायिक बनाउन सकिन्थ्यो। विशेष अदालतमा स्थापित भएको यस मान्यताका बारेमा मुलुकको न्यायिक क्षेत्रमा अहिले कुनै चर्चा चल्दैन । किनभने यस विषयलाई प्रायशः सबैले हाम्रो सम्बन्धको विषयमात्र ठानेको छ । तर, जब अरूहरूले यस मान्यताबाट प्रताडित हुनुपर्ने हुन्छ, त्यति खेर यो रोग उपचारविहीन भइसकेको हुनेछ ।

## कार्तिक १६, ०५९ Nov 2,002

यो थुना बडो फोहर छ । अस्वस्थ्यकर पनि । आज शनिबार भएकाले सामान्य रूपमा थुना कोठालाई अनुकूल हुने गरी सफा गऱ्यौं । केही कुराहरू मिलायौं पनि । फोहर पानी बग्ने निकास, थुप्रिएका गन्दगीहरू, टुटेका बिजुलीका स्विचको मर्मत आदि । अब हामीहरू मंसिर १० गतेसम्म अर्थात् थप पच्चीस दिन थुनामा बस्नै पर्ने कुरामा निश्चिन्त भयौं । यस अवधिमा मुद्दा दर्ता नभए स्वभावतः यो अवधि बढ्ने नै छ । हिजो लगभग दिनभरि नै हामी अदालतमा रहनुपऱ्यो । यो अव्यवस्थित थुना कोठाको पट्याइलाग्दो क्षणहरूभन्दा अदालतको घुलमिलको वातावरण सन्तोषजनक नै थियो ।

आज बिहान छोरा अनुष्कका साथ एक्कासि सरू आई । थुना परे यता एक प्रकारले हामीलाई कसैसँग भेटघाट गर्न दिइएको थिएन। भेट्न भनी



आउनेहरूका बारेमा कुनै जानकारी पाइँदैनथ्यो । छोराका साथ एक्कासि श्रीमती आउँदा आश्चर्य मिश्रित खुसीको भाव जाग्नु स्वाभाविक नै हो । अनुष्क गम्भीर थियो । प्रायः आफ्नो अनुहारभित्र सधैं जसो कुनै न कुनै आवश्यकता, अपेक्षा र अभिव्यक्तिहरू लुकाउन खोज्ने छोराको अनुहारभित्रको यस तथ्यलाई बुझ्न मलाई रति पनि अप्ठ्यारो भएन । अनुष्क दुई महिना उमेरको मात्र भएका बेला २०४६ साल ताका म थुनामा थिएँ । वि.सं. २०४६ सालको ऐतिहासिक जन आन्दोलनका क्रममा हनुमानढोकाको थुनामा आफ्नी आमा सरूसँगै मलाई भेट्न आएको घटनाको स्मरण गराउँदै, आज पुनः यस थुनाको बारेमा बताएर उसलाई सामान्य स्थितिमा राख्ने प्रयास गरिरहें । तर, ऊ भेटघाटको समय भर मौन रह्यो । केही बोलेन । सायद आफ्नो घरको बसाइको तुलनामा अहिलेको थुनाको यो सानो र सुविधाविहीन कोठामा बस्नुपरेको स्थितिको अराजनीतिक पार्थक्य खोज्नमा र यसका कारणहरूलाई ऊ आफ्नै समझ र तर्कका आधारमा बुझ्ने प्रयत्नमा रहेको थियो होला । तसर्थ मेरा कयौं प्रयासका बावजुद पनि अनुष्क मसँग अन्तरक्रियामुखी हुनसकेन। मैले उसको पढाइको कुरा गरें। ऊ आफ्नो पढाइप्रति बढी गम्भीर हुँदै गएको जस्तो ठानेको छु। आफ्ना अभिवावकहरूको यस्तो अवस्था प्रायः बालकहरूका लागि भविष्यमा कुनै न कुनै रूपको ध्येय प्राप्तिको बाटो प्रशस्त गर्न प्रेरक हुनेगरेको ऐतिहासिक तथ्यतर्फ विचारमग्न पनि भएको छु। थाहा छैन, कस्तो हुने होला उसको भावी जीवन यात्रा।

आजको भेटमा सरूको अनुहारभित्र लुक्नै नसकेको दुःख बुझ्न मलाई समय लागेन । उसको कमजोर शारीरिक अवस्था, हामी सबैबाट खुसी र मानवीय सुविधाहरू पाउनुपर्ने उसको मातृत्वको यस बेलामा नजानिंदो प्रकारबाट, एकदमै अनपेक्षित ढङ्गबाट मेरो गिरफ्तारीको कारणले भएको प्रहारको छायाँ सबैभन्दा प्रष्ट उसको आँखामा झलझल्ती देखिन्थ्यो ।

नारीले मातृत्व ग्रहण गर्ने संवेदनशील बेलामा मप्रतिको कारबाहीको अवस्थाले उसमाथि परेको दुष्प्रभाव सम्झेर म दुःखी भइरहन्छु। सम्भवतः मप्रति नियोजित प्रयासबाट थोपारिएको दुःखपछि उसको हालको अवस्था नै मेरालागि सबैभन्दा बढी दुःख र खेदको विषय बनेको छ, यस थुनामा ।

शारीरिक सुरक्षा र अल्पवेदनाका साथ मातृत्वको प्राप्ति कुनै पनि नारीका लागि सुखको उत्कर्ष मानिन्छ, सरस्वतीसँग भाग्यवश यस्तै भएको छ । तर, सुखद् अनुभूतिको यस सहकार्यमा म उनको सहयात्री हुनसकिन । वास्तवमा यो नै यतिखेर बढी चिन्ताको विषय भएको छ, मेरा थुनाका दिनहरूलाई सहजताका साथ बिताउनमा यो स्मरण बढी बाधक भएको छ ।

भेटघाटको यस क्रममा मेरो एउटा जटिल समस्याको सहज समाधान भयो। कार्तिक १३ गते म थुनामा परेको दिन घरबाट बिदा लिंदा मैले दसैं

बिदामा घर आएको अनुष्कलाई साँझपख घर फर्किन्छु भनेको थिएँ । उसको बाबा थुनामा पर्ने कुराको आभास उसको चेतनामा कतै पनि थिएन । सहजरूपमा घरबाट निस्केको म छोरोलाई बन्दीका रूपमा कसरी भेट्ने, अझ उसले यस प्रतिकूलतालाई कसरी स्वीकार्ने हो, मेरा लागि यो कठिन सवाल थियो । तर, आजको भेटमा मैले सहज रूपबाट नै यी सब यथार्थहरूको अवतरण अनुष्कमा गराउन सकेँ । साथै मैले अब केही महिना थुनामा बस्नैपर्ने यथार्थसमेत उनलाई बताएँ । उनी दुवैले धैर्यका साथ मेरा कुराहरूलाई सुनेको जस्तो लाग्यो । अथवा यो नितान्त अस्वभाविक कुरालाई सहजतामा परिणत गर्न खोजेको आभास दिन उनीहरू सफल भएका हुन् । जे होस्, मैले अनुष्कलाई थुनामा कसरी फेस गर्ने, यसको समाधान भएको थियो ।

आजका दिन हामी सामान्य नै रहयौं । अब म एउटा निश्चित प्रकारको दिन चर्या बनाउनेतर्फ सोच्दै छु । जाडो याम भएकाले चिसो बढदै गएको छ । आफ्ना दिनहरूलाई कोठाभित्र गर्नसकिने केही सामान्य कार्यहरूमा विभाजन गर्न सकियो भने थुनामा स्वतः उत्पन्न हुने मानसिक पीडा र कष्टबाट केही हदसम्म मुक्ति पाइन्थ्यो । एक प्रकारको निरसताबाट दैनिक जीवनलाई सहज पार्नेतर्फ डोऱ्याउने बारे सोच्दैछु ।

**कार्तिक १७, ०५९** Nov 3,002

मेरो इच्छा छ कि हामीलाई जेलमा सारियोस् । तर, अहिले हामी अख्तियारको थुनुवा भएकाले यो सम्भव नभएको खुमबहादुर जीको तर्क छ । अब के गर्ने यस सागुरो थुनामा ? यसैले म थुनामा रहुञ्जेल मेरा स्मृतिमा भएका केही समसामयिक विषयहरूलाई लिपीबद्ध गर्न चाहन्छु । साथै केही राम्रा पुस्तकहरूसमेत पढ्न चाहन्छु। मेरो थुनाको बसाईलाई उपयोगी बनाउने यो सबैभन्दा राम्रो बाटो हुने ठानेको छु ।

राजाले असोज १८ गते शासनसत्ता आफ्नो हातमा लिएपछि लोकेन्द्रबहादुर चन्दको सरकारलाई मुलुकमा शान्ति सुव्यवस्था कायम गर्ने, स्थानीय निकायको निर्वाचन सम्पन्न गराउने, प्रतिनिधिसभाको निर्वाचन गराउने, सबै तहबाट भ्रष्टाचार हटाउनेजस्ता जिम्मेबारीहरू दिएका छन् । यो नेपाली जनताले तत्कालै ठम्याउन नसक्ने राजाको ठूलो पाखण्ड हो । मेरो बयानको क्रममा अख्तियारका प्रमुख आयुक्त सूर्यनाथ उपाध्यायले आफ्नो शेखी देखाउँदै मलाई भनेका थिए : मुलुकमा राजनीतिक दलहरूको राज्य चलाउने बारे कुनै एजेन्डा भएन । त्यसैले राजाद्वारा केही निश्चित एजेन्डाहरू निर्धारण गरेर राज्यको कार्यकारिणी अधिकार लिइएको हो । यिनैमध्ये भ्रष्टाचार हटाउने राजाको एउटा मुख्य एजेन्डा हो । तसर्थ राजाको सदाशयतालाई साकार पार्न हामी उपर कारबाही गरेरै छोड्छौं । सूर्यनाथका सबै कुराहरू सुन्न विवश रहेको मेरा सामुन्ने



उनी बडो सहजताका साथ रत्ति पनि आफ्नो दम्भलाई नलुकाएर बोल्ने गर्छन् । म पनि बडो रमाइलो मानेर सुनिरहेको हुन्थेँ । सायद शाखा अधिकृत वा अझ त्यसभन्दा पनि तलको तहमा रहँदादेखि मजस्ता राजनीतिक मानिसहरूका अगाडि नतमस्तक रहिआएका सूर्यनाथ आज सजिलै राजनीतिक मानिसहरूलाई स्वेच्छाको भरमा थुन्न सक्ने अवस्थामा पुग्दा देखाउने व्यवहारलाई विथ्थामा के को अहंकार भन्नु । मैले सामान्य रूपमा नै लिएको छु ।

तर, यसबाट भने अब मुलुकमा राजाको यस्तो इच्छालाई मूर्तरूप दिन हाल कतिपय सूर्यनाथहरू जन्मेको र तम्सेको विषयमा मलाई कुनै शंका रहेन । आजभोलि सूर्यनाथ अख्तियारको प्रमुख नियुक्त भएको विषयमा विभिन्न प्रकारका चर्चाहरू चलेको छ । यस विषयलाई लिएर कांग्रेसका मानिसहरू आपसमा शंका उपशंका पनि गर्दैछन् । कसैले महेश आचार्यलाई त कोहीले सुशील कोइरालालाई दोषि देख्दैछन् । तर, मलाई लागेको छ, यी सब कुराहरू एउटा भिन्नै एजेन्डाअनुसार सम्पादित भएका हुन् ।

वि.सं. २०४६ सालको ऐतिहासिक जनआन्दोलनको सफलताको लगत्तै पछि शक्ति गुमाएका राजा र जनआन्दोलनकारी जनताका सरकारको बीच सार्वजनिकरूपमा देखिएको पहिलो विवाद नै संविधान निर्माण गर्ने आयोगका बारेमा भएको हो । त्यसबेला राजाले तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको तथा अन्य दलहरूको परामर्श बेगर नै विश्वनाथ उपाध्यायको अध्यक्षतामा आफू खुसी एक आयोगको घोषणा गरेका थिए । यसमा होराप्रसाद जोशीहरू पनि थिए । यसमा राखिएका कतिपय मानिसहरूलाई पछि विवादका कारणले हटाइयो । जनआन्दोलन पछिको राजा र जनताको बीचको यो पहिलो विवादित विषयको रूपमा सामुन्ने आएको आयोगमा यिनै सूर्यनाथ उपाध्याय राजाबाट सदस्यसचिव राखिएका थिए । संविधानको निर्माताहरू सरह नै । राजाबाट एक्कासि भएको यस घोषणको सबैभन्दा पहिला नेपाली कांग्रेसका तत्कालीन महामन्त्री गिरिजाप्रसाद कोइरालाले सार्वजनिकरूपमा विरोध गरेका थिए र त्यसपछि मात्र यो मुद्दा बन्यो । गणेशमानजीले राजाको यस कदमलाई जनआन्दोलनको मनशाय विपरीतको कार्य भनी कडा रोष व्यक्त गरेपछि यसको समाधान स्वरूप राजाबाट यस आयोगलाई फिर्ता लिइयो र सरकारको सुझावअनुसार अर्को आयोगको घोषणा भयो । जसमा केही महत्त्वपूर्ण हेरफेर भयो । यस हेरफेरमा यिनै सूर्यनाथ उपाध्याय सदस्यसचिवबाट हटाइए । उनीपछि आयोगमा सहयोगी कर्मचारीको रूपमा मात्र रहे । यसबाट सन्देहरहित रूपमा पुष्टि हुन्छ कि सूर्यनाथ मुलुकमा प्रजातन्त्र आएकै दिनदेखि प्रजातन्त्रलाई अफाप सावित गर्ने अभियानका भरपर्दो पात्र हुन् । भलै उनको यो पछिल्लो नियुक्ति कसैको इशारामा जोसुकैले गरेको होस् । त्यसैले आज मुलुकमा राजाको इच्छाअनुसारको परिणामहरूलाई हासिल गराउने काममा एउटा निर्धारित

एजेन्डालाई सम्पादन गराउने दायित्व यिनको जिम्मामा पनि परेको छ । आज संयोग भनौं वा जे, हामी पनि यसका पात्र हुनपुगेका छौं । आज यिनीहरूलाई असोज १८ गतेका दिन राजाले चालेका कदमलाई विविध कोणहरूबाट सान्दर्भिक र आवश्यक थियो भन्ने देखाउनु छ। मलाई पूरा विश्वास छ, यो कार्य पूरा नहुञ्जेलसम्म अख्तियार जस्तो संस्थाहरूको गलत प्रयोग रोकिने छैन । कि त राजाको अभियान असफल हुनु पर्‍यो ।

तसर्थ अब राजाको इच्छाको औचित्य प्रमाणित नहुञ्जेलसम्म हामी थुनाबाट छुट्ने छैनौं भन्ने मेरो विश्वास भएकै कारणबाट थुनाका दिनहरूलाई उपयोगी बनाउनका लागि म लेख्न र पढ्ने कार्यमा केही हदसम्म आफूलाई व्यस्त राख्न चाहेको हुँ । यता यस्ता अनेक कुराहरूको मनमा सम्झना आउन सुरु भएको छ ।

तर, हिजो मैले चाहेर पनि खास केही लेख्न सकिन । सायद अनुष्क र सरूका बारेमा केही सोच्दा-सोच्दै मन बढी बोझिलो भएर होला । आज राति यस कार्यलाई निरन्तरता दिने सोचेको थिएँ, तर अनायास अर्को एक ठूलो व्यवधान बेहोर्नु पर्‍यो । नरिवलको रूखमा झुण्डिएको गौंथलीको गुँड व्याधा वायुको वेगबाट चुडिंएर नष्ट भए झै भयो, भर्खर बन्न लागेको हाम्रो सिंहदरबार थुनाको यो घरबार ।

मेरो माइलो भाइ दीपक आज बिहान जिल्लाबाट आइपुगेका छन् । बडो मेहनतका साथ भनसुन गरेर उनले साँझपख मसँग भेट गर्न पाएका थिए । साँझ त के आज भोलि ५:३० बजे तिर राति नै हुन्छ, थुनाको कोठाबाट दीपक गएको केही बेरमात्र भएको थियो, उनीसँग घर व्यवहारका बारेमा केही बेर सन्तोषका साथ कुरा गर्न पाएको थिएँ, यी सब कुराहरू सम्झिदै थिएँ । अचानक नगर प्रहरीका एकजना निरीक्षक आएर हामीलाई त्यहाँबाट थुना सारेर अन्यत्र कहीं लाने सूचना दिए । हाम्रो खाना आएको थिएन । आजको खाना कहाँबाट आउने हो थाहा पनि थिएन । तर, हामीले त्यहाँबाट बिदा लिनुपर्ने भयो । एक दुई दिनको परिश्रमले मिलाएको ओछ्यान, कोठामा पहिलेदेखि रहेको मधुरो विद्युत् क्षमताको चिमको सट्टा भर्खरै फेरेको अर्को पढ्न भ्याउने खालको चिम, सफा गरिएको चर्पी, बडो जतनका साथ बिजुलीबाट चिया पकाउन गरिएको उद्यम सबैसँग बिछोड हुने भएकाले एक्कासि साख्य भाव जागेर आयो । यस गृहस्थीलाई छोडेर जानुपर्दाको पीडा र जानुपर्ने अज्ञात ठाउँमा अझ भोग्नुपर्ने कठिनाइको आभास भएर दिक्क मान्दै थिएँ कि प्रहरीले बेर नगरी जान आग्रह गरे । एक प्रकारले बल नै गरे । वास्तवमा हामी अन्त जान चाहेका थिएनौं । सके भनसुन लाग्छ कि भने प्रयासमा थियौं । तर, भर्खरै निवर्तमान भएका गृहमन्त्री खुमबहादुर र मेरा सामुन्ने भने कुनै अर्को विकल्प रहेन । अख्तियारले हामीलाई यहाँ थुनामा



पठाउँदाका बखत यहीं बस्नुपर्ने, पत्रपत्रिका, रेडियो र फोनको सुविधा हुने अश्वासन दिएको थियो । अझ प्रमुख आयुक्त सूर्यनाथले त आयोगमै मसँग खोसिएको मेरो मोबाइल फोन तुरुन्त फिर्ता दिन लगाएका थिए तर थुनामा पुग्ना साथ फेरि ती सबै सुविधा हरण गरिएको थियो । यस कुरालाई सम्झदै यहाँभन्दा पनि कठिन ठाँउमा सार्ने नै सरकारको नियत रहेको अनुमान भयो ।

हाम्रो सरकारी व्यवहारमा प्रायः यस्ता कुराहरूको आदेश अज्ञात माथिबाट नै आउने गरेको हुनाले यसका कारणहरूका बारेमा साना पदका कर्मचारीहरूलाई केही थाहा हुँदैन । त्यसैले हाम्रो थुना सार्ने कारणका सम्बन्धमा मैले थप केही बुझ्ने प्रयास गरिन । यद्यपि, एकैपटक असंख्य दुखःद् सम्भावनाहरूको झझल्को र पूर्वानुभूतिबाट मनमस्तिष्कलाई भने जोगाउन सकिएन । सिंहदरबार थुनामा हाम्रो सानो गृहस्थी लगभग १ महिना (२५ दिन) बस्नैपर्ने सोचका साथ निर्माण हुन लागेको थियो ।

यहाँ खुमबहादुर जी र म लगभग १५ र १२ फिटको एउटा कोठा जसलाई प्रहरीहरूले आफूहरू बस्ने काममा प्रयोग गर्दथे, त्यसैमा बसेका थियौं । माटोको सतहभित्र बनेको यस कोठामा दिनमा दुईवटा झ्यालबाट गरी एक ढेड घन्टा जति झारपातबाट छानिएको घाम आउने गरेको थियो । यस कोठाको दक्षिण तिरको एउटा आधिमात्र खुल्ने झ्यालबाट बिहानी पख सडक पेटीमा फलफूल र तरकारी किन्नेहरूको घुइंचोको झिनो गतिविधिमात्र देखिंदा, समाजको गतिविधिका सबै पक्षबाट हामी वञ्चित छौं भन्ने बुझ्न सकिन्थ्यो र थुनाको आभास पाइन्थ्यो । त्यस कोठाको ढोका बाहिर लगभगसँगै सानो चर्पी थियो । जहाँ नुहाउन र मुख धुन सम्भव थिएन । त्यसका लागि हामी माथिल्लो तलास्थित प्रहरी जवानहरूले प्रयोग गर्ने सामूहिक चर्पीलाई प्रयोग गर्न अभ्यस्त हुन खोज्दै थियौं । आउने एक दुई दिनमै लक्ष्मी पूजाको कारणबाट ३/४ दिन सार्वजनिक बिदा हुनेभएकाले त्यसबेला अन्य कुराहरू मिलाउने सोचेका थियौं । एकदुईवटा कपडा झुन्ड्याउने ह्यांगरको व्यवस्था भइसकेको थियो । मिनरल वाटरको वोटललाई बीचबाट आधी काटेर स्ट्रे बनाइसकेका थियौं । झ्यालमा प्रायः प्रहरीले प्रयोग गर्ने नीलो रंगको पर्दा लगाएर कोठाको गोपनीयतामा ड्युटीवाल प्रहरी जवानहरूले गर्ने गरेको दृष्टि आक्रमणबाट अब रक्षा हुने कुरामा आस्वस्त भइसकेका थियौं । सीमितरूपमै भए पनि बिहान सबेरै नेपाली पत्रपत्रिका आइपुग्ने नियमित व्यवस्थाजस्ता कुराहरू हाम्रो कारागृहस्थीको पक्ष भइसकेको थियो । भर्खर-भर्खर मिलाइएको यस्तो परिस्थितिमा हामीलाई एक्कासि बिनाकारण त्यसमा पनि रातिको समयमा थुना सार्ने भनी आएको यो आदेश वास्तवमा हुन्डरी वतासमा परेको चराको गुँड झैं भएको थियो । तर, यो परिस्थिति तत्काल हाम्रा लागि छलफलको विषय हुन सक्दैनथ्यो । अचानक बदलिएको अवस्थामा झिटी गुन्टा बाध्नु र घरमा यस अनपेक्षित बसाइँ-सराईको खबर गर्नु नै

तत्कालको मुख्य विषय थियो । यस्तो अवस्थामा अनामनगर थुनाका इन्चार्जलाई कृपापूर्वक घरमा खबर गरिदिने अनुरोधका साथ हामी अर्को रोमाञ्चहीन यात्रामा लाग्यौं । हाम्रो सानो यात्राको अन्त्य केही बेरपछि नै महाराजगञ्जस्थित सशस्त्र प्रहरी गण नं. २ मा भयो ।

महाराजगञ्जस्थित बीरेन्द्र प्रहरी अस्पतालको पछाडि भागमा रहेको सशस्त्र प्रहरी बलको २ नं. गण हाम्रा लागि नयाँ थियो । गृहमन्त्रीका रूपमा स्वयं खुमबहादुर पनि यहाँ कुनै पनि औपचारिक कार्यवश आउनुभएको थिएन । यहाँ हाम्रो बस्ने व्यवस्था कार्यालय भवन कै पहिलो तलाको एउटा कोठामा गरिएको छ । केही बेरमै हामीले थाहा पायौं, आजै बिहान हामीलाई यहाँ ल्याउने जानकारी आएपछि यस कोठालाई सकभर प्लास्टिकको टाट ओछ्याएर, एउटा सोफा, दुईवटा वेडहरू र सरसफाइ गरेर अपेक्षाकृत सुविधाजन्य बनाइएको रहेछ । यहाँ आइसके पछि केही अघिका मेरा धारणा तथा आशंकाहरू परिवर्तन भए । तर, अब हामी थप लामो समयसम्म थुनामै बस्नुपर्ने कुरा निश्चित जस्तै देखियो ।

सिंहदरबार थुनाको तुलनामा यो स्थान अपेक्षाकृत सुविधाजन्य नै हो । पहिलोपटक झट्ट प्रवेश गर्दा काठमाडौंमा डेरा गरी बस्ने सानो तहको कर्मचारीको वेडरूम कम बैठक कम भान्साजस्तो देखिने यस कोठामा हाम्रा लागि सबैभन्दा सुविधाजन्य पक्ष सानो तर टांसिएकै बाथरुम हो । यसअघि अफिसको रूपमा रहेको यस कोठालाई बन्दिगृहमा रूपान्तरित गर्न खास प्रकारका प्रयासहरू गरिएका छन् । सायद यस्का केही भिन्नै तौर तरिकाहरू हुन्छन् । कोठाका झ्यालहरूमा रहेका भेन्टिलेसनका खापाहरूमा ग्रिल नभएकाले क्रुरतापूर्वक किला ठोकेर त्यसलाई बन्द गरिएको छ । बाथरुमको भित्रि भागबाट ढोका बन्द गर्न लगाइको छेस्कनीलाई उखेलिएको छ । मूल ढोकाको छेस्कनीलाई पनि बल पूर्वक उखेलिएको छ । छतमा बिजुली पंखा झुन्ड्याउन लगाइएको अंग्रेजीको यू आकारको हुकलाई हथौडाले हिर्काएर छत तिरै मोडिएको छ । निराशाले विक्षिप्त भएर हामी झुन्डिएर आत्महत्या गर्न नसकौं भनेर यसो गरिएको होला । राम्रो कोठालाई यसरी दुःख पूर्वक थुनुवा कोठामा रूपान्तरित गरिएको प्रष्टै देखिन्छ ।

यसका अतिरिक्त हाम्रो विशेष निगरानीका लागि छुट्टै प्रहरीहरूको व्यवस्था गरिएको छ । हालै भर्ना भएका केही युवा र अनुभवी अधिकृतहरूलाई समेत खटाइएको छ । हाम्रो तत्कालका व्यवस्थाका लागि यस गणका गणपति एस.पी. र अन्य अफिसरहरू आएका थिए । वास्तवमा हामीप्रति उनीहरूको चासो प्रशंसनीय छ । वास व्यवस्था आदिका सुविधा सम्बन्धमा उनीहरू बडो फरासिलो देखिए तर भरे-भोलि बिस्तारै सोध्नुपर्ने एउटा कुरा मैले पहिलो भेटमै सोधेर आफूलाई दुःखित तुल्याइसकेको छु । मैले सोधेको थिएँ : हामीलाई भेटघाट गर्न दिनेबारे के नीति छ ? उनीहरूले रत्ति पनि अपठ्यारो नमानी भने : माथिको



आदेशबिना यो सम्भव छैन । वास्तवमा रातिका बेला निक्र्यौल गर्नुपर्ने विषय यो थिएन । जे होस्, बासका लागि भने आज लगभग यस कोठाका सबै आवश्यक व्यवस्थाहरू पूरा भएका छन् । हामीले पनि अब थप अन्यथा नभए यहीको परिवेशमा आफ्ना दिनचर्यालाई नियमित गर्न चाहेका छौं ।

**कार्तिक १८, ०५९** Nov 4,002

आज लक्ष्मी पूजाको दिन हो । गत वर्षको लक्ष्मी पूजामा म विदेशमा थिएँ । म स्वतन्त्र जीवनमा यस प्रकारको चाडबाडमा खासै व्यस्तता राख्दिनथे । तर, यहाँ थुनामा भने म बाहिर रहेको भए यसो गर्थे, उसो गर्थे भनेर अनेक काल्पनिक कार्यक्रमहरूको तानावाना बुन्न थालेको छु ।

यहाँ आएदेखि केही सजिलो खालका पुस्तकहरूमा आफ्नो ध्यान केन्द्रित गर्न खोजेको छु । तर, यो पनि दुरुह कार्य भएको छ । पुस्तक पढने बारे विज्ञहरूको एउटा सुझाव छ : पुस्तक पढ्दा हरफहरूमा आँखा बगेको हुनु पर्दछ । हरफहरूसँग आँखाले संघर्ष गरिगरी पुस्तक पढ्नु परे पढेको के मज्जा ? अहिले मलाई त्यस्तै भएको छ । थुनामा बन्ने बिग्रने गरेको मानसिकताले गर्दा यहाँ भएका पुस्तकहरूपट्टि ध्यान केन्द्रित गर्नसकेको छैन । यसतर्फ रुचि जाग्रत गराउन आजदेखि गणेशमान सिंहका “मेरा कथाका पानाहरू” पढ्न सुरु गरेको छु । थुनाका बारेमा लेखिएका तथा राज्यले दिने गरेका यातनासम्बन्धी विषयमा लेखिएका केही पुस्तकहरू पनि झिकाएको छु ।

गणेशमानजीको जीवन बडो रोमाञ्चक छ, समसामयिक नेताहरूको भन्दा पूरै पृथक । वास्तवमा गणेशमानजीको समुचित मूल्यांकन हुन अझ् केही वर्ष लाग्ला । मुलुकमा प्रजातन्त्र आएको यतिका वर्षहरू बितिसक्दा पनि यस क्षेत्रमा कुनै ठोस कामहरू भएको देखिँदैन । नेपालमा बी.पी. कोइराला र गणेशमान सिंहजस्ता महान व्यक्तित्वहरूलाई समाजका धरोहर बनाउन सकिएन । यहाँका नागरिक समाजले भावी पुस्ताका लागि यिनीहरूलाई अनुकरणीय व्यक्तित्व बनाउनेतर्फ कुनै जिम्मेवारी लिएको देखिन्न । यो पारिवारिक दायित्वको विषय सरहमात्र भएको छ । गणेशमानजीको नामको प्रतिष्ठान उहाँका छोरा प्रकाशमानको जिम्मामा, बी.पी.को स्मृतिलाई जीवन्त पार्ने कार्यहरूमा उहाँका पुत्र श्रीहर्ष कोइरालाको मात्र सक्रियता रहनु, मनमोहन प्रतिष्ठानको जिम्मेवारी उहाँको भ्राता भरतमोहन अधिकारीको भागमा मात्र पर्नुले पनि यसको पुष्टि गर्दछ । बरु गणेशमानजीको बारेमा एक राजनीतिक अनुयायीका रूपमा नवीन्द्रराज जोशीले केही राम्रा कामहरूको थालनी गरेका छन् । तर, यिनले प्रोत्साहन पाउने छैनन् । अहिले गणेशमानजीका बारेमा पढ्दा थाहा हुन्छ, कत्रो समर्पण र संघर्षको प्रेरणा अनि विशाल भविष्यचेतको विपुल भण्डार थियो

उहाँमा । म अहिले यस पुस्तकबाट आफ्ना लागि सान्त्वना र धैर्य अनि अनायाश भोग्न परेको यस पीडामा पनि भविष्यका लागि बल खोजिरहेको हुँ ।

सशस्त्र प्रहरीगणको यस थुनामा हामीलाई राखिएदेखि आगन्तुकहरूसँग हामीलाई भेटघाट गर्नमा पूर्ण बन्देज लगाइएको छ । एक प्रकारले हामीलाई यस थुना कोठाबाट बाहिर निस्कनमा रोक छ । यहाँबाट बाहिर न जान भनिएको छ । यसको अवज्ञाबाट पर्नसक्ने थप संकटको अनुमान गरेर हामी केही बोलेका छैनौं । यता घर परिवारका मानिसहरूलाई पनि भेटन दिइएको छैन। प्रहरी महानिरीक्षकको तथा उपत्यकाका डी.आई.जी.को आदेश बेगर कसैलाई पनि भेट्न नदिने निर्देशनका कारणले यस्तो व्यवहार भएको भनी स्वयं प्रहरी अधिकृतहरूले बताएका छन् । तर, आज साँझ पख अचानक अनपेक्षितरूपमा थुना कोठामा 'छपकु' लाई साथ लिई सरस्वतीलाई आएको देखेर छक्क परे । आज लक्ष्मी पूजाको दिन सम्भवतः सरू र साथमा भए अनुष्कसम्म आउने अनुमान गरेको थिएँ । सरूले सायद मेरो लुकेको अभिलाषालाई ध्यानमा राखी छपकुलाई लिएर आई होली ।

छपकु मेरो नवजात छोराको अघोषित नाम हो । छपकुका बारेमा सबै जानकारी गोप्य राख्ने सहमति थियो, मेरो र सरूका बीच । लुकाउनै नसकिने परिजन तथा सरूका खास मित्रहरूलाई बाहेक पृथ्वीमा आउन लागेको यस नयाँ जीवनको आसन्न पदार्पणका बारे इष्टमित्रहरूलाई समेत अग्रीम जानकारी दिने काममा हामीले पूर्णतः परहेज राखेका थियौं । मेरो इच्छा थियो, नयाँ बालक शिशुको अवतरण 'छपकी' बालिकाको रूपमा होस् । परिवारको अपेक्षाअनुसार हामी सबैले अव्यक्तरूपमा 'छपकी' अर्थात् छोरीको आगमनकै प्रतीक्षामा थियौं । तर, अनुष्कको त कत्रो विमति, उनको कडा सर्त थियो, छपकी भए नाता नै नराख्ने ! तर, प्रकृतिको मात्र यस चलखेलको विषयमा ठोस कुरा यही नै हुन्छ भनी यकिन साथ किटान गरी म उसको कौतुहलपूर्ण प्रतीक्षामा कुनै व्यवधान थोपार्न चाहन्नथें । तर, सरस्वतीले भने हाम्रो कौतुहलको अनायास अन्त्य गरी दिइन् । किन हो कुन्नी, एकदिन साँझ सरू डाक्टर कहाँबाट फर्केर आएपछि हाम्रो जन्मने बालक छोरी होइन, छोरा हुने भनी हामी सबैको कौतुहलताको अन्त्य गराइन् ।

वास्तवमा शिशुको जन्म मातृत्वभित्र लुकेको एउटा यस्तो रहस्य हो, जुन बालक पृथ्वीमा पदार्पण हुनुअघिसम्म प्राकृतिक रूपमा अज्ञात रहन्छ । सहजताका साथ यस रहस्यलाई ठीक समयमा मात्र जान्नका लागि आमाको सफल स्याहार तिर सबैको ध्यान हुन्छ । जन्मने शिशु के हुने हो ? यस कौतुहलमा महिनौंसम्म आआफ्ना अपेक्षाका साथ परिजनहरूका मत विभाजित रहेका हुन्छन् । हाम्रो समाजमा त अझ यो भाकलको विषय हुन्छ । गर्भस्थ शिशुको लिङ्ग परिवर्तन



हुनेजस्तो अकल्पनीय विषयमा पनि आफ्नो चाहनाअनुसार विजय प्राप्त होस् भन्ने आकांक्षाका साथ भाकल गरी धार्मिक अनुष्ठानसमेत गराइन्छ । तर, 'आमा' भने जुनसुकै लिङ्गको रूपमा बच्चा जन्मे पनि त्यसबाट आफ्नो मातृत्वको कर्तव्यमा कुनै फरक नआउने आस्थाका साथ प्रसवको प्रतिक्षारत रहेकी हुन्छे । यद्यपि, आजको युगमा आयुर्विज्ञानको प्रगतिले प्रकृतिको यस रहस्यलाई रहस्यको विषय रहन दिएको छैन । सरूले पनि हामी सबैको भावना विपरीत प्रविधिको सहारा लिई नवागन्तुक छपकु नै हो भनी सबैको जान्ने कौतुहलतालाई सिध्याएकी थिई, सायद जान्नुको पर्खाइलाई संवरण गर्न नसकेर होला । 'छपकु' वा 'छपकी' बारे गर्भस्थ सत्यता भनौं वा हाम्रो अपेक्षा त्यस दिनदेखि कौतुहलको विषय रहेन ।

मेरो पहिलो सन्तानको जन्म पनि आर्युविज्ञानको शल्यचिकित्सा प्रविधि कै सहयोगबाट भएको थियो । तसर्थ यो दोस्रो शिशुको जन्म अपरेसनबाट नै हुने कुराको अर्को विकल्प थिएन । आमाका रूपमा यस पीडादायक सत्यलाई स्वीकार्न मैले सरूमा कहिल्यै समस्या देखिन ।

सरूले एकदिन शल्यक्रियाबाट मात्र सन्तान हुने भएकाले यसबाट एउटा फाइदा लिन सकिन्छ कि भनेर मेरासमक्ष एक प्रस्ताव राखिन् । उनको विचार थियो : अनुष्कको जन्मदिन असोज १२ गते हो । डाक्टरले यही दिनको हाराहारीमा नयाँ शिशुको जन्म हुनसक्ने बताएका छन्। व्यावहारिकतालाई ध्यानमा राखी साथै पछि पनि सजिलो हुने विचार गरी उनले भनेकी थिइन्- असोज १२ गतकै दिन किन अपरेसन नगराउने ? यो सम्भव छ, उनले भनिन् । यो मलाई झट्ट सहमति दिन सकिने खालको प्रस्ताव लाग्यो । अनुष्क र छपकुको जन्म दिन एकै दिन पार्न सकेपछि हाम्रो परिवारका लागि रमाइलो पनि हुने साथै भावी जन्मदिनहरूको व्यवस्थापन गर्न पनि सजिलो हुने ठानेर असोज १२ गतै कै दिन अपरेसन गराउने हामीले निष्कर्ष निकालेका थियौं ।

मलाई सूचना तथा सञ्चारमन्त्रीका रूपमा अन्तर्राष्ट्रिय टेलिकम्युनिकेसन युनियनको मन्त्रीस्तरीय शिखर सम्मेलनमा भाग लिन मोरक्को मेराकेश जानु थियो । त्यहाँ मैले निर्धारित कार्यक्रमअनुसार केही बढी बस्नुपर्ने भए तापनि असोज १२ गते शिशुको मिलाइएको जन्मदिनका आधारमा असोज १० गते नै फर्कने कार्यक्रम मिलाएँ । सोहीअनुसार म काठमाडौं फर्केको थिएँ ।

तर, प्रकृतिको आफ्नै कार्यक्रम भएकाले मैले निर्धारण गरेको तिथि मितिसँग समाञ्जस्य हुनसकेन । निर्धारित कार्यक्रमअनुसार सरूको शल्यक्रिया गर्ने डाक्टर भोला रिजाल एउटा कार्यक्रममा भाग लिन केही पहिला मुक्तिनाथ गएको र अघिल्लो दिन अचानक बिग्रेको मौसमका कारणबाट काठमाडौं फर्कन सकेनन् । र हामीले प्रकृतिको चाहनाभन्दा पनि आफ्नो सुविधाअनुसार मिलाएको बालकको जन्म त्यस दिन जुरेन । पछि मेरो माइलो भाइ दीपकले भनेछन्, यी

सबबाट प्रमाणित हुन्छ, जन्म र मृत्यु ईश्वरको लीला हो । वास्तवमा हो, म पनि ठान्दछु ।

हामीले एकैदिन दुवै छोराको जन्मदिन पार्न अनेक तारतम्य मिलाएका थियौं । मानसिक तयारी, डाक्टरको परामर्श र अझ असोज १२ गते शनिबार परेको हुँदा बिदाको दिन पर्ने भए पनि ओम नर्सिङ्ग होम खोली अपरेसन गर्ने व्यवस्था मिलाएका थियौं । तर, ईश्वरको लीला शिशुको जन्म आफ्नै विधानअनुसार भयो । छुट्टै तोकिएको दिन असोज २१ गते । सोही छपकुलाई आज उसको जन्मको २८ औं दिनमा सरूले यस थुना कोठामा लिएर आएकी थिई ।

**कार्तिक १९,०५९** Nov 5, 002

आज हामी थुना परेको एक साता भएको छ । थाहा नपाइने गरी यो साता बितेको छ । तिहारको बिदा रहेकाले हाम्रो कोठाको माथिल्लो तलामा रहेको प्रहरीगणको कार्यालय लागेको छैन । प्रहरी हाकिमहरूको आनाजाना लगभग बन्द छ । प्रहरी बुटको आवाज यदाकदामात्र सुनिने हुनाले एक प्रकारको शान्तिको अनुभव भइरहेको छ । आज-भोलि कोही पनि हामीलाई भेट्न पाएका छैनन् । एक त यत्तिकै त भेटघाट गर्न दिइएको छैन, झन् अहिले भेटका लागि माथि जाहेर गर्नसक्ने कुनै हाकिमहरू नै ड्युटीमा नभएर यसो भएको हो । नजिकै रहेको मूलगेटमा आएर हामीलाई भेट्न नपाएका कतिपय साथीहरूको कडा र रोषपूर्ण आवाजहरू हामी चुपचाप सुनिरहेका हुन्छौं । हिजोसम्म सांसद तथा मन्त्री भएका साथीहरू गेटमा घन्टौंसम्म पर्खेर, आफूहरू आएको जानकारीसम्म पनि पुऱ्याउन नसकेर खिन्नताका साथ फर्केको हामीहरू थाहा पाइरहेका छौं ।

हाकिमहरूले कडाइ गर्न भने पनि ड्युटीमा रहेका साना तहका प्रहरीहरूले हामीलाई ख्याल गरेका छन् । आज बिहान हामीलाई केही बेर भवनको चारैतिर घुमफिर गर्न दिइयो । यहाँ ल्याइएपछि आज पहिलोपटक आधी घन्टा जति हिड्न पायौं । हामीलाई थुनामा राखिएको कार्यालय भवनको पूरा एक फन्को लाउँन एक सय दश बीस पाइला जति हिड्नु पर्दछ । आधी घन्टासम्म लगातार र जोडले हिंड्दा थोरै भए पनि कसरत हुन्छ । हामीलाई कमसेकम यति सुविधा दिइयोस् भनी हाकिमहरूसँग अनुरोध गर्ने विचार गरेका छौं । साना दर्जाका प्रहरीहरूले हामीलाई भनेका छन् : यसलाई निरन्तरता दिन हाकिमहरूको आदेश चाहिन्छ । उनीहरूले हामीलाई बताए : प्रहरी सेवामा आफूमाथि एक तहका हाकिम भए पनि तल्लो तहका व्यक्तिको जति नै असल विवेक र सहृदयता भए पनि काम लाग्दैन । खुमबहादुर जी यस्ता कुराहरूलाई बडो चाखका साथ सुन्नु हुन्छ । लामो समयसम्म उहाँ मुलुकको गृहमन्त्री रहेकाले कहाँ, कहाँ सुधार गर्नुपर्ने ससाना कुराहरू ओझेलमा परेका छन्, यी कुराहरूलाई बुझ्ने उहाँका लागि यो राम्रो मौका भएको छ ।



आस्थाका बन्दी तथा कुनै पनि कारणबाट थुनामा परेका व्यक्तिको न्यायोचित्त हकको संरक्षणको विषय विश्व सन्दर्भमा मात्र होइन, हाम्रै मुलुकको प्रजातान्त्रिक आन्दोलनका दौरान पनि बडो संवेदनशील विषय रहेको थियो । तर, यता यस विषयप्रति कसैको ध्यान पुगेको देखिदैन । मानिसका न्यायोचित्त अधिकारको हरण र त्यसको संरक्षणका लागि आवाज उठाइदिने कर्तव्य तथा दायित्वको विषयलाई न्यायोचित्त अधिकार अपहरित भएको व्यक्तिको राजनीतिक आस्था तथा सोका लागि आवाज उठाइदिने व्यक्ति वा संस्थाको आस्थासँगको सुमधुर सम्बन्ध वा विग्रहले निर्धारित गर्न थालेको छ । थुनामा राखिएपछि हामीलाई दिनुपर्ने संविधान र कानुन सम्मत सुविधाहरू नदिइएको, मानवोचित्त व्यवहार नभएको, हाम्रो प्रकरणमा कयौं कानुनहरूको जानाजान गम्भीर उल्लंघनहरू भएको जस्ता विषयहरू यता सामान्य चर्चामा छन् । विशेष अदालतमा पनि यो कुरा उठ्यो । केही पत्रपत्रिकाले पनि सहानुभूतिका साथ यस कुरालाई उठाई दिए । तर, यसमा कुनै सुधार भएको छैन । यस विषयमा केही वकिल साथीहरूले राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुशील प्याकुरेलसँग ध्यानाकर्षण गराई दिन आग्रह गरेका थिए । उनले जवाफ दिए : अख्तियारले भर्खर यस्तो कारबाही थालेको छ, अहिले हामीले बोली दिंदा अख्तियारको काममा बाधा पुऱ्याएको र भ्रष्टाचारीहरूलाई सघाएको देखिने हुनाले यस विषयमा बोल्नु राम्रो हुँदैन ।

कहीं पनि र कुनै पनि रूपमा मानवअधिकारको उल्लंघनको विषय वस्तुतः मानवअधिकारको सार्वभौम र सर्वमान्य मान्यताको उल्लंघनको विषय हुन्छ । तर, हाम्रो नागरिक समाजको यस्तो मान्यता छैन । यहाँ माओवादीको, एमाले पक्षीय साम्यवादीहरूको, एमाले बाहिरका साम्यवादीहरूको, गिरिजा पक्षीय कांग्रेसको, देउवा पक्षीय कांग्रेसको, एन.जी.ओवालाहरूको, सरकारी कर्मचारीहरूको, वकिलहरूको, संगठित पेसाका, संगठित संस्थाका सदस्यहरूका, पत्रकारहरूका, सबैका छुट्टाछुट्टै आस्था अनुकूलका मानवअधिकारवादी संस्थाहरू छन् । प्रायः यस्ता सबै पक्षहरूका लागि आवाज उठाई दिने मानवअधिकारवादी संस्थाहरूको कर्तव्य भिन्ना-भिन्नै छन् । सम्भवतः त्यसैले, यहाँ जापान र थाइल्यान्डको प्रचलित कानुनको पालनाको आधारमा बलात्कार तथा लागू औषधी तस्करीको मुद्दामा त्यहाँ सजाय पाइसकेकाहरूको पक्षमा मानवअधिकारवादीहरूको, प्रेसको ठूलो लविंग छ । तर, खुलेआम राजनीतिक प्रतिशोधका लागि प्रताडित गर्न कयौं प्रचलित कानुनहरूको उल्लंघन गरी झूठा मुद्दाको अभियोग लगाइँदा पनि मानवअधिकारको उलंघनको कुरा समान्य ध्यानाकर्षण गर्नुपर्ने विषयसमेत बन्नसकेको छैन ।

तर, पनि मलाई गर्व छ, राष्ट्रियसभामा तत्कालीन सांसद महेश आचार्यले गैरसरकारी विधेयकका रूपमा पेस गरेको राष्ट्रिय मानवअधिकार आयोगको

गठनसम्बन्धी विधेयक म स्वयं सभापति रहेको प्रतिनिधिसभाको परराष्ट्र र मानवअधिकार समितिको बैठकबाट सरकारी असहयोगका बाबजुद पनि पारित गराएर प्रतिनिधिसभाको अधिवेशन सकिने अन्तिम दिनको अन्तिम बैठकमा मैले नै प्रस्तुत गरी पास भएको हो । यही कानुनअनुसार गठन भएको आयोग हो यो ।

आज राजाले मुलुकको कार्यकारिणी अधिकार आफ्नो हातमा लिई आफूखुसी राज्य सञ्चालन गर्न थालेको एक महिना पूरा भएको छ । राजाको यस कदमका प्रति मुलुकमा आश्चर्यजनक मौनता छाएको छ । राजनीतिक दलहरूले यस कदमको विरोधमा आफ्नो किंकर्तव्यविमुढता लुकाउन सकेका छैनन् । राजाले देउवा मन्त्रिमण्डललाई बर्खास्त गर्नुअघि जिम्मेवार राजनीतिक दलका नेताहरूले प्रजातान्त्रिक मर्यादाका विरुद्ध बडो घृणित खेल खेले । नेपालमा राजाको उपस्थितिमा प्रजातन्त्र कहिल्यै पनि अभेद्य र अक्षुण्ण विषय रहन सकेन । राजाहरूले सदैव दलहरूका आपसी विमतिको फाइदा उठाएर प्रजातन्त्रलाई घाइते बनाएको इतिहास छ । यसपटक पुनः यही रूपबाट प्रजातन्त्र घाइते भयो ।

प्रधानमन्त्री देउवाबाट भएको प्रतिनिधिसभाको विघटन अदूरदर्शी राजनीतिक त्रुटि त थियो नै । तर, नयाँ संसद्को निर्माणका लागि तोकिएको मितिमा निर्वाचन हुन नसक्दा अर्को दुर्घटना हुने पनि लगभग निश्चित नै थियो । यस विषयमा नेताहरूले हेक्का राखेनन् । कार्तिक २७ गतेदेखि हुने भनिएको निर्वाचन कुनै पनि हालतमा हुन नसक्ने श्री गिरिजाप्रसाद कोइरालाको मत अन्तिम समयसम्म बदलिएन । निर्वाचनका लागि राजालाई प्रतिबद्ध बनाउनुको सट्टा कोइराला स्वयंले राजाले संविधानको धारा १२७ को प्रयोग गरेर शेरबहादुर देउवाबाहेक जसलाई प्रधानमन्त्री बनाए पनि आफूलाई कुनै आपत्ति नहुने कुरा बताएर राजाको इच्छालाई बलवति बनाउने कार्य गरिसकेका थिए । गिरिजा बाबुको बृहद् प्रजातान्त्रिक एकता अर्न्तगत यो कुरा माधव नेपाललाई अस्वीकार्य हुने विषय नै थिएन । यस खेलमा माधव नेपालले कोइराला तथा देउवा दुवैसँगको समीकरणमा आफ्नो जितमात्र देखेका थिए । यस खेलमा प्रजातन्त्रको हार हुँदैछ भने कुरा बुझ्न उनले जरुरी नै ठानेका थिएनन् । राजाका लागि यो राम्रो मौका थियो । नेपाली जनताको सार्वभौमसत्तामा जसरी भए पनि एकपटक हस्तक्षेप गर्ने राजाको इच्छा यस प्रक्रियाबाट पूरा हुने कुरामा दरबार आश्वस्त नै थियो ।

यस परिवेशमा तीनवटा खेलहरू सँगसँगै सुरु भयो । निर्धारित मितिमा चुनाव गराउन नसकेमा राजाले शेरबहादुर देउवालाई हटाएर जसलाई प्रधानमन्त्री बनाए पनि आफूहरूलाई कुनै आपत्ति नहुने कुरा कोइराला तथा माधव नेपालले राजालाई जाहेर गरेपछि राजाबाट संविधानअनुसार यस्तो सिफारिस भएमा आफूलाई कुनै आपत्ति नहुने भनिएको थियो । यस समीकरणअनुसार कोइरालाले



भावी प्रधानमन्त्रीको रूपमा आफूलाई सहयोग गर्न माधव नेपाललाई मनाएका थिए ।

यता सरकारको निरन्तरताको बारेमा देउवा आश्वस्त हुनु हुन्थेन । राजाबाट संकेत पाएर हो वा आफैंले अनुमान गरेर हो, शेरबहादुर देउवालाई पनि सर्वदलीय सरकार बन्ने कुरामा विश्वास थियो । माधव नेपाल आफ्ना लागि प्रतिकूल रहेको स्थितिमा सत्तामा सहभागिता चाहेका थिए । यसर्थ कुनै पनि रूपको सत्तामा भागिदारी चाहेका माधव नेपाललाई देउवाले आफ्नो नेतृत्वमा बन्ने सर्वदलीय सरकारमा एमालेलाई सहभागी गराउने वचन दिएका थिए । यो माधव नेपालका लागि बिनामिहनेतको कमाइ सरह नै थियो ।

उपरोक्त दुवै समीकरणहरूको आधारमा खेलिएको खेलको भकुन्डो राजाको कोर्टमा आउने नै भएकाले दरबार आफ्नो योजनामा धैर्यताका प्रतीक्षारत थियो । तीनै पक्ष आफूलाई लाभको स्थितिमा मात्र देखिरहेका थिए । हरेकले अर्काको पराजयमात्र देखेका थिए । कोइरालाले देउवाको पतन, माधव नेपालले दीर्घकालको लागि कांग्रेसको विभाजन तथा दुवै समीकरणमा सत्ताको सहभागिताको लाभालाभ, देउवाले भावी सर्वदलीय सरकारमा माधव नेपाललाई सहभागी गराएर कोइरालालाई चित्त पार्ने र राजाले सबैलाई चित्त पार्ने । यही नै थियो, महारथीहरूले खेलेको खेल ।

संविधानको धारा १२७ अनुसार निर्वाचनको अर्को तिथि तोक्न राजालाई सिफारिस गर्न बसेको देउवा मन्त्रिपरिषद्को अन्तिम बैठकका दौरान मैले प्रधानमन्त्रीले माधव नेपालसँग यस प्रकारको गठबन्धन कायम गरेको बारे जान्न चाहेको थिएँ । यदि यो सत्य हो भने हामीलाई अन्धकारमा राख्नुहुन्न भनेपछि वरिष्ठ मन्त्री चिरञ्जीवी वाग्लेले सबै मन्त्रीहरूका सम्मुख यस सत्यलाई स्वीकारेका थिए । वास्तवमा मलाई थाहा थियो, देउवाले माधव नेपालसँग कुरा गर्दाको बखत वाग्ले पनि सँगै हुनुहुन्थ्यो । भनिन्छ, सत्ताले खेलाडी बनाउँछ । प्रधानमन्त्री पनि खेलाडी भइसकेका थिए । शेरबहादुरलाई हटाउनेबारे कोइराला र माधव नेपालका बीचमा समझदारी भए झै आफ्नो निरन्तरताका लागि देउवा र माधव नेपालका बीचमा पनि एउटा समझदारी भएको थियो । दलहरूका बीचमा देखिएको यस्तो अवस्था राजाका लागि अनुकूल रह्यो । वास्तवमा सबै दलका नेताहरूको पदलोलुपताको यस पराकाष्ठाले मुलुकमा प्रजातन्त्रको सुरक्षाको स्वार्थलाई ओझेलमा पुऱ्याएको कसैले चालै पाएनन् । सम्भवतः यही कारणबाट राजाबाट चालिएको असोज १८ गतेको कदमलाई राजनीतिक दलहरूले प्रत्यक्षरूपमा प्रतिगमनकारी कार्य भन्न नसकेर पुनः राजाकै निगाहबाट सत्तामा पुगेर संविधानको उलंघनलाई सच्याउने गलग सोच बनाई आज किंकर्तव्यविमुढ

हुनपुगेका छन् । मलाई लाग्दछ, यसको लाभ अझ केही लामो समयसम्म राजाले पाइरहने छन् ।

**कार्तिक २०, ०५९** Nov 6,002

आजबाट यस वर्षको तिहारको चाड समाप्त हुँदैछ । आज भाइटीकाको दिन हो । धेरै वर्षपछि यसपटक मैले यशोदा दिदीको हातबाट टीका ग्रहण गर्नसकिन । यस वर्ष म थुनामा परेकाले टीका नलाउने विचार गरेको छु । खुमबहादुरजीलाई टीका लाउन अनुमतिका लागि उहाँकी एकजना बहिनीले प्रयास गर्दा ड्युटीका प्रहरी अधिकृतले कार्यालय बन्द रहेकाले माथिबाट यस्तो अनुमति दिने हाकिम नभएको हुँदा सम्भव नभएको बताएका छन् । प्रहरीको यस्तो जवाफबाट आफ्नो भावनामा ठेस पुगेर खुमबहादुरजीका बहिनीले बडो कठोर शब्दमा प्रतिवाद गर्दै जसरी भए पनि टीका लाएरै छोड्ने भनेकी छिन् । अस्ति सरू आएका बेला यशोदा दिदीले थुनामा नै आएर भए पनि टीका लगाई दिन्छु भन्नुभएको कुरा सुनाइन् । थुनाको अवस्थाले गर्दा यो कुरा मलाई ठीक लागेन । तिहारको टीका आस्था तथा भावनात्मक सम्बन्धको परिचायक हो । यस थुना कक्षमा उहाँ टीकाको तयारीका साथ आउने र टीका लाउन नदिइएमा नराम्रो मानसिक प्रभाव पर्नसक्छ । तसर्थ मेरा लागि यसपटक बाहिरबाटै उहाँको आशिष र प्रार्थना महत्त्वपूर्ण हुने भन्ठानेर नआउन भनेको छु ।

आज साँझ भाइ विनय आएका थिए । उनीमार्फत थाहा पाएँ, सिनामंगलको हाम्रो घरमा यशोदा दिदीलगायत सबै भेला भई राम्ररी टीका लगाए । मलाई सबैभन्दा सन्तोष अनुष्कको टीकाबारे लाग्यो । उसमा म सम्बन्धहरूको पालनाको अभाव देख्दछु । प्रारम्भदेखि नै सानो परिवारमा र अझ बढी समय घर बाहिर होस्टेलमा बसेर पनि होला, यस्ता सामाजिक उत्सव, पर्व, त्यौहार आदिबाट उ विमुख रहन बढी रुचाउँछ । तर, यसपटक भने सानीमाकै छोरीहरू टीकाका लागि काठमाडौं आएका हुनाले उसले राम्रो अवसर पायो । फेरि ठूलो जमातमा सबैजना एकैपटक टीका लाउन बसेपछि यसको साँस्कृतिक रूपको अपरिहार्य महत्त्व र आवश्यकताको गहिरो छाप उसको मानसपटलमा परेको हुनुपर्दछ । कतिपय व्यक्तिहरूले आफूभित्र लुकेको विद्रोहको भावनालाई व्यक्त गर्न प्रयासः सामाजिक जीवनमा परम्पराहरू नमानेर, तोडेर पृथक अभिव्यक्ति दिइरहेको हुन्छ । यसबारे मेरो आफ्नै पनि लगभग समान प्रकारको अनुभव छ ।

आज मैले गणेशमानजीको "मेरा कथाका पानाहरू" खण्ड २ पढी सिध्याएँ । यस पुस्तकलाई मैले आफ्नो संकलनमा राख्न सकेको थिइन । अब राख्ने छु । कान्तिपुर दैनिकका प्रधान सम्पादक युवराज घिमिरेले यो पुस्तक, बी.पी. को जेल जर्नल र एउटा भारतीय लेखकको त्यहाँका स्थितिका बारेमा



लेखिएको लाक्षणिक शैलीको एक पुस्तक पठाएर जेलमा परेका एक मित्रका प्रति भावनापूर्ण सहृदयता प्रकट गर्नुभएको छ ।

मेरा कथाका पानाहरू गणेशमानजीको हस्तलिखित पुस्तक होइन । उहाँका स्मरणहरूको उतार हो । तर, माथवरसिंह बस्नेतले जुनरूपबाट यसको प्रस्तुति गरेका छन्, यो बेजोडको छ । माथवरको व्यक्तित्व काँग्रेसभित्र बहुधा विवादित रहेको छ । गिरिजाप्रसाद कोइरालाप्रति उसको असहिष्णु लेखाइ र अभिव्यक्तिको प्रस्तुति विगत १२/१५ वर्ष यता सँधै चर्चामा रहेको छ । मलाई लाग्दछ, उसका कतिपय राम्रा पक्षहरू छन् । गिरिजा बाबुले चाहनुभएको भए उपत्यकाको राजनीतिमा नेपाली कांग्रेसका लागि त्यसको उपयुक्त प्रयोग गर्न सकिन्थ्यो । तर, सायद माथवरजीको आफैंबाट अभिव्यक्त प्रस्तुतिका कारणले उनी गिरिजा बाबुबाट कहिल्यै पनि न्याय पाउने हकदारहरूको पंक्तिमा रहेनन् । तर, मैले माथवरमा यसको पछुतो देखेको छैन ।

राजनीतिमा नेताहरूको कार्यकर्ताहरूप्रतिको सद्भाव निर्माणको रसायन मिश्रणको आफ्नै तौर तरिका हुन्छ । हरेक व्यक्ति सबैको प्रिय हुन सक्दैनन् । माथवरको गिरिजा बाबुप्रतिको घृणा र गणेशमानजीका प्रतिको सीमाहीन श्रद्धाको भिन्नै रसायन होला, तर माथवरले गरेको पुस्तक प्रकाशनको यो कार्य निःसन्देह स्तुत्य एवं प्रशंसनीय छ । मेरो कथाका पानाहरू पढेर यति कुरा निश्चितरूपमा भन्न सकिन्छ कि हाम्रो सन्दर्भमा नेताहरूका विचारका सच्चा अनुयायी परिवारका खास सदस्यहरूभन्दा आस्थाका आधारमा जोडिएका अनुयायी र कार्यकर्ताहरू नै हुन् । मेरा कथाका पानाहरू, यस पुस्तकले गणेशमानजीलाई चीरस्मरणीय बनाएको छ । माथवरसिंह बस्नेतले यो कार्य गरेर गणेशमानजीलाई सर्वकालिक बनाएका छन् ।

यस पुस्तकमा ऐतिहासिक घटनाहरूको वर्णन अपूर्व रूपको त छँदैछ । साथै कालकोठरीमा रहेर बाह्य संसारका बारेमा गणेशमान सिंहको क्रान्तिचेत, मानव चरित्रको प्रकृतिका बारेमा उहाँले गरेको चित्रण तथा सामाजिक अभिजात्यताको पाखण्डपूर्ण रूपको जसरी चित्रण गर्नुभएको छ, यसलाई विश्व साहित्यका उत्कृष्ट लेखनहरूसँग दाँज्न सकिन्छ । प्रस्तुत पुस्तकबाट एकैपटक तिनताकका जनजीवन, साँस्कृतिक परिवेश, नेपाली समाजको चेतनाको स्तर, रूस, चीन, फ्रान्स र भारतीय स्वाधिनता र स्वतन्त्रता आन्दोलनका मर्महरू तथा विश्वका कतिपय सिद्धहस्त लेखकहरूको वर्तमानमा उपस्थितिको आभाष पाइन्छ ।

"पेरिसको नालामा मिल्केका ताजलाई तरबारले उठाएर शिरमा लगाएको", नेपोलियनको यस प्रसिद्ध कथनलाई गणेशमानजी ले "कोतको रगतको भेलमा बगिरहेको श्रीपेचलाई तरबारले उठाई जंगबहादुरले शिरमा लगाई राणाशासनको जग प्रारम्भ गरेको" सँग तादाम्यता मिलाएर प्रस्तुत गर्नु वास्तवमा

गणेशमानजीको वाचनकलालाई आफ्नै कानले सुन्ने हामीहरूका लागि स्मरणीय त हुँदैहो। तर, लेखकीय दृष्टिकोणले पुस्तकको रमाइलो प्रस्तुति यथार्थमा सामान्य पाठकका लागि समेत नौलो पनि हो।

पहिले पहिले लामो समयसम्म जेल बसेकाहरूबाट सुन्ने गरेको थिएँ कि, जेल जीवनमा गरिएका विश्लेषण तथा खास गरी जेलमा रहेर विभिन्न व्यक्तिहरूका बारेमा गरिएको टिप्पणी बडो यथार्थ एवं वस्तुपरक हुने गर्दछ। यस पुस्तकमा गणेशमानजीका टिप्पणीहरू पढ्दा र त्यतिखेरका कतिपय व्यक्तिहरूका बारेमा उहाँले गरेको मूल्यांकन र पछि गएर समाजमा, राष्ट्रिय जीवनमा उनीहरूले देखाएका चरित्रको अहिले आएर विश्लेषण गर्दा जेलमा व्यक्तिहरूका बारेमा गरिएको मूल्यांकनको अक्षरसः सत्यता प्रमाणित हुन्छ। बी.पी.ले पनि आफ्नो सुन्दरीजल कारावासका बेला लेख्नुभएको जेल जर्नलमा पनि सम-सामयिक सामाजिक, राजनीतिक परिवेशमा सक्रिय कतिपय व्यक्तिहरूको अचम्म लाग्दो चरित्र चित्रण गर्नुभएको छ। मलाई लाग्दछ, बी.पी. को "जेल जर्नल" र गणेशमानका मेरा कथाका पानाहरू यी दुई पुस्तकलाई झिकेर एक ठाउँमा राखी विश्लेषण गर्ने हो भने वर्तमान नेपालको राजनीतिक परिदृश्यमा कतिपय व्यक्तिहरूको चरित्र विश्लेषण गर्न अद्वितीय सहयोग पुग्नेछ। राजादेखि रंकसम्मका बारेमा।

**कार्तिक २१, ०५९** Nov 7,002

आज मैले लुंग अंग (Loong Ung) ले लेखेकी आफ्नो आत्मवृतान्त "Firest they killed my father" पढी सिध्याएँ। गत वर्ष लन्डन गएका बेला किनेको यो पुस्तक मन्त्री पदको बेमज्जापूर्ण बेफुर्सतका कारणबाट पढ्ने पर्खाइमा एक वर्ष बित्यो। यसले मभित्र पुस्तकहरूको अध्ययनप्रति मन्त्री कालमा जागेको आलस्यलाई चित्रण गर्दछ। तर, खासगरी यस पुस्तकामा भने, स्वयम् लेखिकाले कम्बोडियामा पोलपोटको क्रुरतम् शासनकालमा भोगेको असीम मानवीय दुःखको चित्रण पढेर संवेदनशील भई म हप्तौंसम्म पुस्तक थन्क्याएर बस्नुपरेको हुँदा पनि यसलाई सिध्याउन यत्रो समय लाग्यो।

यता थुनामा उत्पन्न भएको मनोविज्ञानको दुष्प्रभावबाट स्वयंलाई नियन्त्रण गर्न र आफ्नै सान्त्वनाका लागि पुनः यस पुस्तकको अध्ययन प्रारम्भ गरें। यसले मलाई धेरै हदसम्म धैर्यताका साथ प्रतिकूल परिस्थितिमा बाँच्नसक्ने क्षमता प्रदान गरेको ठान्दछु।

यस पुस्तकमा कम्बोडियामा कम्युनिस्ट अधिनायकवादी पोलपोटले सत्ता कब्जा गरेपछि अप्रिल १९७५ देखि अक्टोवर १९७९ सम्म अंग परिवारले भोगेको विपत्तिको कहालीलाग्दो चर्चा छ। दारुण यातनाका भोगाइहरूलाई सानी बालिका लंगले आफ्नो स्मृतिमा राखी सन् ८० को प्रारम्भतिर शरणार्थीका रूपमा अमेरिका



पुगेपछि मात्र लिपिबद्ध गरेकी हुन्। तत्कालीन् नोमपेन्हको सैनिक सेवामा रहेका अंग परिवारकी अबोध बालिकाले साम्यवादी क्रान्तिको नाममा राजधानीबाटको विस्थापनदेखि निरपराध जनताहरूको लासका खातहरूका बीच बाच्नुपरेका बाध्यता, आफ्नै आँखाका अगाडि पिताको हत्या र यातनायुक्त यौवनमा क्रान्तिकारीहरूको यौनतृष्णा मेट्न झन्डै आफूलाई सुम्पनु परेको अनुभवले पोलपोट कालीन आतंकलाई उजागर गरेको छ। एउटा व्यक्ति तथा समूहले राजनीतिमा उग्र महत्त्वकाँक्षाका साथ क्रान्तिको नाममा आफ्नो दैवी हक स्थापित गर्न खोज्दा सारा समाज तथा राष्ट्रले कसरी विनाश खप्नु पर्दछ, कम्बोडियाको यस अनुभवको यस पुस्तकमा भन्दा अर्को यथार्थ प्रस्तुति कमै पाइएला।

यता केही वर्षदेखि नेपालमा माओवादीहरूले जनयुद्ध र सामाजिक रूपान्तरणको नाममा विशेषतः ग्रामीण क्षेत्रहरूमा जुन प्रकारको क्रियाकलापहरू गरिरहेका छन् यो पुस्तक पढ्दै जाँदा अनायास कम्बोडियाली परिवेश फेरिएर नेपाली परिवेशमा रूपान्तरिक भएको अनुभूति हुन्छ।

सार्वजनिक रूपमा भन्नु पर्दा नेपालका माओवादीहरूले पोलपोटलाई आदर्श मानेको भन्दैनन्। आधुनिक विश्वमा राजनीतिक सत्ताका लागि आजसम्म जति पनि रक्तिम क्रान्तिहरू भए, नरसंहारहरू भए, कम्बोडियाली पोलपोटको मोडेल त्यसमा सबैभन्दा बढी आलोच्य, घृणित र मानवीय संस्कृतिका अगाडि सबभन्दा बढी कलंकित रहेको छ। आज सम्पूर्ण विश्व जनमत यसका खिलाफमा भएकै कारणबाट संयुक्त राष्ट्रसंघको रेखदेखमा कम्बोडियामा पोलपोट कालका घटनाहरूलाई मानवताका विरुद्धको अपराधको श्रेणीमा राखेर कारबाही प्रारम्भ भएको छ। यसैले गर्दा नै नेपालका माओवादीहरूले आफूलाई त्यस मोडेलबाट प्रेरित भएको भन्न परहेज राखेका मात्र हुन। तर, वास्तविकता भने नेपालका माओवादीहरूले गरेका नृशंस कृत्य हेर्दा, यिनीहरूका कार्यशैलीलाई विचार गर्दा तथा आफ्ना अभिष्ट पूरा गर्नका लागि अपनाएका पद्धतिलाई मनन गर्दा नेपाली माओवादी र खमेररुजमा कुनै तात्त्विक भिन्नता देखिंदैन। यस पुस्तकलाई पढ्दा यथार्थ आभाष हुन्छ कि राजनीतिमा छट्टु र आंतकवादी मनोग्रन्थीबाट प्रेरित व्यक्ति वा समूहले मुलुकको पछौटेपन, विपन्न, उत्पीडित तथा सर्वहाराको सत्ता स्थापना गरी मुलुकको आर्थिक सामाजिक साँस्कृतिक रूपान्तरणको नाममा अबोध समाजभित्र कसरी आफ्नो पकड बलियो बनाउने गर्दछन्।

कम्बोडियामा पोलपोटका अनुयायी खमेररूजहरूले गरेको कथित जनकारबाहीहरू, संगठन विस्तारका शैलीहरू, साँस्कृतिक जागरण एवं जातीय शुद्धताको रक्षाका लागि अपनाएका पद्धतिहरूका साथै स्थापित सत्तालाई निरस्त गर्न आपनाइने सबै प्रकारका कम्युनिस्ट शैलीहरू नेपालका सन्दर्भमा माओवादीहरूले अपनाइआएका शैलीसँग पूर्णरूपेण मेल खान्छ।

तर, किन कम्बोडिया यसबाटोमा लाग्यो ? हाम्रो मुलुक नेपालको राजनीतिक गन्तव्य बुझ्नका लागि यस प्रश्नको समुचित जवाफ खोज्नु सान्दर्भिक भएको ठान्दछु । कम्बोडियामा पनि राजतन्त्र छ । कम्बोडियाली राजतन्त्रका बारेमा पनि नेपालीहरू झैं त्यहाँ पनि एउटा जनमत थियो, जसले राजसंस्थालाई मात्र राष्ट्रको एकताको प्रतीक ठान्दथ्यो । यही भ्रममा रहेर राजकुमार सिंहानुकले जनताको बदलिएका अपेक्षाहरूलाई नयाँ सामाजिक राजनीतिक परिवेशमा समायोजन गर्नुको साटो राज्य प्रमुखको रूपमा आफ्नो उपस्थिति तथा पारम्परिक शासन प्रणालीको जडढांचालाई नै एकता र समुन्नतिको एवं स्थिरताको आधारको रूपमा परिभाषित गर्ने भूल गरिरहे । फलतः कम्बोडियामा समानान्तर रूपमा दुईवटा धारहरू अगाडि बढ्यो, राजसंस्थाले बदलिएको मागहरूलाई आत्मसात गर्नसक्दैन भनी खमेर राष्ट्रवादको नाममा माओवादीहरूको धार तथा यसको विरोधमा अमेरिकीहरूको आर्थिक सैनिक सहयोगमा आश्रित स्थापित राजपक्षको अर्को धार । समयको वेग तथा माओवादीहरूको रणनीतिलाई नबुझेर फगत तथ्यांकको विकाश देखाउन सिंहानुकले विदेशी शक्तिप्रतिको निर्भरतालाई बढाउँदै लगे । यता साम्यवादको नाममा प्रबल हुँदै गएको खमेर राष्ट्रवादको आसय उनले राम्ररी बुझ्न नभ्याउँदै सत्ताबाट फालिए । कम्बोडियामा सिंहानुककै वफादार सैनिकहरूमा अमेरकीहरूको दबदबा बढेको उनलाई हेक्का नै रहेन र अमेरिकीहरूकै सहयोगमा जनरल लोननोल राष्ट्रपति भए । र पछि कायम भएको सिंहानुक तथा कम्युनिस्टहरूको गठबन्धन र अमेरिकी समर्थक लोननोल शासन बीचको भीषण गृहयुद्धले पोलपोटको खमेररुजलाई दरो मौका प्रदान गऱ्यो । माओवादी साम्यवादको नाममा पोलपोटले कम्बोडियालाई कब्जा गरे र विश्वकै एक दुर्दान्त एवं क्रुर शासनको प्रारम्भ भयो । विशुद्ध खमेरहरूको जनवादी गणतन्त्रको नाममा चार वर्षको पोलपोट शासनमा १० लाख मानिसहरू क्रान्तिका नाममा मारिए । सुरुमा सिंहानुकले जनताका उपेक्षाहरूलाई तिरस्कार गरे र राजकुमार सिंहानुकले आफ्नो शासनलाई मात्र एकता र प्रगतिको प्रतीक मान्ने अहंकारमा कम्बोडियालाई पछि विनाशबाट जोगाउन सकेनन् र आज अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूको छहारीमा उनी सम्वैधानिक राजतन्त्रको नाममा राजतन्त्रको परम्परालाई धान्दैछन् । सायद आज उनी धन्यवाद दिंदै होलान् भियतनामलाई तथा हिजो स्वयं उनले नै तिरस्कार गरेका आफ्ना जनतालाई, जसको प्रयासले गर्दा उनी राजतन्त्रको परम्परालाई धान्नसम्म सकेका छन् । राजा महाराजाहरू हुन्छन् । दुनियाभर राजा महाराजाहरू थिए । यो इतिहासको सत्य हो, तर राजा महाराजाका सोच तथा समझ सधैं सत्य एवं दूरदर्शी नै हुन्छन्, यो सत्य होइन ।



**कार्तिक २२, ०५९ Nov 8,002**

आज केही समयका लागि थुनाबाट बाहिर जाने मौका पाएँ । अख्तियारका प्रहरीहरूले मलाई बिनापूर्जी सम्पति न्यायिक जाँचबुझ आयोगको वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रस्थित कार्यालय लिएर गएका थिए । लाने बखत मलाई गन्तव्यका बारेमा केही भनिएन । अख्तियारमा लाने होलान् भन्ठानेको थिएँ । हाम्रो अनुसन्धानको क्रमलाई अब अख्तियारले अगाडि बढाउने भयो भनी म आशावादी भएको थिएँ । कार्तिक १३ गते मलाई र खुमबहादुर जीलाई थुनामा राख्दाको बखत थुनामा राखेर नै अनुसन्धान गर्नु आवश्यक भएको अन्यथा हामीबाट प्रमाणहरू नष्ट हुने पत्र अख्तियारले बुझाएको थियो । पक्राउ गरिएकै बखत हामीले प्रमुख आयुक्त सूर्यनाथलाई भनेका थियौं : कानुनअनुसार अनुसन्धानको नाममा तपाईंहरूले ६ महिनासम्म थुन्न सक्नुहुन्छ । तथापि हाम्रो आग्रह छ, कानुनको दुरुपयोग नहोस् र यथाशिध्र हामीविरुद्धको अनुसन्धानको कार्य पूरा गरी अदालतमा मुद्दा बुझाइयोस् । सूर्यनाथले भनेका थिए : हामी बडो व्यस्त छौं, सबै अनुसन्धान अधिकृतहरू व्यस्त छन् । तर, पनि केही समय त लाग्छ नै, हामी प्रयास गर्छौं । थुन्दाका बखतसम्म अख्तियारले दिएको म्यादहरूमा म सातपटक हाजिर भइसकेको थिएँ । अनुसन्धान अधिकृतहरूलाई छिटो अनुसन्धान गर्ने फुर्सदसम्म छैन तर अनुसन्धानका लागि भने हामीलाई थुन्नै पर्ने ? राजनीतिक व्यक्तित्व तथा मन्त्रीहरूको मातहतमा वर्षौंसम्म हाजिर बजाइसकेका भूतपूर्व सचिवजी आज पूर्व मन्त्रीहरूलाई थुन्न पाउँदा कति सारो हतारिएका ? मलाई त्यतिखेरै महसुस भयो : हामीले बनाएको यो तजविजी कानुन अब पञ्चायतकालको सुरक्षा कानुनलाई प्रतिस्थापन गर्ने भयो । आज हामीलाई थुनेको १० दिन भयो र हामी बिर्सिएका बन्दी पो भएका छौं । थुनामा राखेदेखि आजसम्म अनुसन्धानका नाममा हामीसँग कुनै खोजखबर लिइएको छैन । तसर्थ अब अख्तियारले कामलाई अगाडि बढाउने भयो भनी सन्तोष मान्दै थिएँ, तर यसो भएन । प्रहरीहरूले मलाई सम्पति आयोगमा लगेर बुझाए ।

म थनिनुअघि सम्पत्ति आयोगले कार्तिक २२ गते (आजको दिन) केही बुझ्न भनी मलाई पत्र लेखेको थियो । प्रथमपटक कार्तिक १२ गतेका दिन उपस्थितिका लागि मलाई लेखिएको थियो । तर, पछि केही कारणवश आजको दिनलाई सारिएको थियो । यसै बीच म थुनामा परेको हुँदा सम्पति आयोगमा मैले जानु नपर्ने र जाने नजाने मेरो वशभन्दा बाहिरको विषय ठानेर बसेको थिएँ । तर, त्यसो भएन, मलाई झिकाइ दिन सम्पत्ति आयोगले अख्तियारलाई लेखेअनुसार मलाई त्यहाँ लगिएको थियो । थुनाबाट बाहिर लाँदा त एकपटक म र खुमबहादुरजी अब हामी छुट्टिन्छौ कि भनेर चिन्ता पनि मान्यौं । कहिँ यही निहुँमा मलाई अन्यत्र कुनै थुनातिर सार्ने हुन कि ? एक प्रकारको शैलीमा

बसिसकेको मानिस, थुनामा यस्तो सम्भावना देख्दा स्वाभाविक रूपमा सशंकित हुँदो रहेछ। दिउँसो २:३० बजेतिर पुनः थुनामा नफर्किञ्जेलसम्म खुमबहादुरजी तनावमा रहनुभएको थियो। सम्पति आयोगले मसँग मैले अघि बुझाएको विवरणसँग सम्बन्धित विषयहरूमा सामान्य जानकारीहरूसहित बयान लियो। केही अज्ञात उजुरीकर्ताहरूले सप्तरी जिल्ला भरका गुप्ता थरका व्यक्तिहरू मेरै नातेदार हुन् तथा तिनीहरूको सबै सम्पति वस्तुतः मेरै हो भनी जाहेरी दिएका रहेछन् र बढी यस्तै विषयहरूमा आयोगले मसँग जानकारीहरू लियो।

यस आयोगका व्यक्तिहरू न्यायिक क्षेत्रका भएकाले सामान्य शिष्टाचारका साथ प्रस्तुत भएका थिए। अख्तियारमा मैले भोगेको अशिष्टता तथा कसैलाई पनि थुन्नसक्ने दम्भ यहाँका व्यक्तिहरूमा थिएन। तर, मेरो एउटा प्रश्न भने यस आयोगबाट अनुत्तरित रह्यो। मैले माननीय न्यायाधीशहरूलाई सोधेको थिएँ : म हाल विशेष अदालतको आदेशबाट तोकिएको अभियोगमा अनुसन्धानका निम्ति अगामी २५ दिनका लागि थुनामा राखिएको हुँ। विशेष अदालतले जुन विषयहरूमा अनुसन्धानका लागि मलाई थुनामा राख्न सकिने हो भनी अनुमति दिएको छ, त्यसको सीमाभन्दा बाहिर गएर थुनिएको व्यक्तिलाई सम्पति न्यायिक आयोगले सोझै अख्तियारलाई पत्रलेखी झिकाउन र अख्तियारले त्यस आधारमा पठाउन मिल्छ कि मिल्दैन ? वास्तवमा हाम्रो प्रजातन्त्रमा हामीले राज्य सञ्चालन कार्यमा विभिन्न निकायहरूलाई सुविधा पुऱ्याइदिन धेरै गम्भीर तथ्य तथा विषयहरूलाई नजरअन्दाज गरी दिनुपर्ने परम्परा बसाइसकेका छौँ।

गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएका बखत सुरु-सुरुमा पक्राउ गरिएका माओवादीहरूलाई विभिन्न मुद्दाहरू खडा गरी न्यायिक हिरासतमा राख्नका लागि विभिन्न अदालतहरूमा पठाइयो। तर, अदालतले यसो चाहेको थिएन। ती सबै माओवादीहरूलाई अदालतले उचित प्रमाणको अभाव रहेको भनी रिहा गर्दै गयो। अदालतहरूले यसो गर्दै जादाँ सरकारलाई माओवादी नियन्त्रण गर्न अप्ठ्यारो पर्ने अनुनयका साथ तत्कालीन गृहमन्त्री गोविन्दराज जोशीले तत्कालीन प्रधानन्यायाधीशसँग गुनासो गर्दा प्रधानन्यायाधीशले स्वयं न्यायाधीशहरूको र गाउँघरमा रहेका तिनका परिजनहरूको जिउधनलाई विचार गरी न्यायाधीशहरू माओवादीहरू प्रति कडा हुन नसक्ने बताएका थिए। सायद सरकारले अदालतको आसय बुझेर होला, त्यसपछि प्रहरीले पक्रिएका माओवादीहरूलाई मुठभेडको न्यायाधीकरणको जिम्मा लगाउन थाले। यस क्रममा धेरै मानिसहरू बेपत्ता भए। फलतः अदालतहरूमा बन्दी प्रत्क्षीकरणको रिटहरू पर्दा अदालतहरूले दिने कारण देखाउ आदेशको जवाफमा प्रहरीले आफ्नो थुनामा अमुक व्यक्तिहरू नरहेको लिखत जवाफहरू बिना संकोच पठाउन थाले र अदालतहरूले अमुक व्यक्ति प्रहरी हिरासतमा नरहेकाले प्रस्तुत रिटमा केही गर्नु



नपर्ने भन्न थाले। यसले गर्दा मुलुकमा प्रतिहिंसाको मनशायले प्रोत्साहन पायो। आज यसको दोष कसले लिने ?

अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्रभावशाली बनाउन र भ्रष्टाचार निवारण गर्न मुलुकमा पछिल्लो कानुन नेपाल राजपत्रमा प्रकाशित भएको ठीक भोलिपल्ट नै अख्तियारले राजस्व समूहका २२ जना कर्मचारीहरूको घरमा मध्यरातमा छापा मारेर घरको खान तलासी लिई नगद जिन्सीका साथ उनीहरूलाई पक्राउ गरियो। जुन प्रचलित कानुनको आधारमा यो कारबाही गरियो, त्यस कानुनमा स्पष्ट व्यवस्था छ कि सूर्यास्तपछि र सूर्योदयभन्दा अघि कसैको घरमा प्रवेश गरिने छैन। तर, यसो गरिएन। मध्यरातमा नेपाल प्रहरीको सहयोगबाट अख्तियारले यस कानुनी प्रावधानको उलंघन भएको देखिने सचित्र समाचारहरू प्रायशः सबै अखबारहरूमा छापियो। ती कर्मचारीहरूसँग दिनहुँ लामो लामो बयान लिइयो। तर, बयानका क्रममा कानुन व्यवसायी राख्न दिइएन। छेउमा बस्नसमेत दिइएन। यी विषयहरूलाई अखबारहरूले आँखो देखा चित्रण गरे तर कानुनी व्यवस्थातिर सम्बद्ध निकायको ध्यानाकर्षण गरिएन। त्यतिखेर मुलुकमा असोज १८ को शासन थिएन। संविधान सम्मत सरकार र संविधान संरक्षित नागरिक समाज थियो। तर, संविधानको धारा १४ (५) मा भएको व्यवस्था : पक्राउ गरिएका व्यक्तिलाई आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन र निजद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित गरिने छैन, यसको नग्न उलंघन भएकोमा मसमेत मन्त्री भएको सरकारले चुइक्क बोलेन। त्यो कर्मचारीको विषय थियो, तर कालान्तरमा हामी थुना पऱ्यौं र संविधान विपरीत ढंगबाट २५ दिनसम्म कानुन व्यवसायीको सुविधाबाट वञ्चित गरियो। विषेश अदालतको हस्तक्षेपपछि मात्र हामीलाई कानुन व्यवसायीसँग थुनामा मात्र सामान्य भेटघाट गर्न दिइयो।

नेपालमा अनुसन्धान तथा पुर्पक्षका लागि र दण्ड सजायँ पाइसकेका व्यक्तिहरूको हकमा थुनामा के कस्ता सुविधाहरू दिनुपर्ने हो सोको स्पष्ट कानुनी व्यवस्था छ। तर, सामान्यतः यसको पालना हुँदैन। पञ्चायतकालमा हामी थुनामा वा जेलमा पर्दा कानुनअनुसारको तथा मानवोचित सुविधाहरूको माग गर्दै जेलमा आन्दोलन गर्नु प्रजातान्त्रिक आन्दोलनकै एउटा अंग मानिन्थ्यो। मुलुकमा संसदीय व्यवस्था स्थापना भएपछि यस विषयमा कतिपय सुधारहरू पनि भए। तर, कहिल्यै पनि परिवर्तन नहुने यस पक्षमा हाम्रो ध्यान नगएको तथ्यको हामी स्वयं नै अहिले उदाहरण भएका छौं। हामीलाई थुनुवा पुर्जी दिंदा नियमानुसार ख श्रेणीको सिधा दिने भनियो। थुनामा परेका हामी दुवैजना स्नातकसम्म पढेका व्यक्ति हौं। यसका लागि छुट्टै सुविधाको व्यवस्था छ। तर, आजसम्म हामीले तोकिएको सिधासम्म पाएनौं। प्रायशः हामी घरबाट तथा साथीभाइहरू कहाँबाट आएका खाना खाइरहेका छौं। वा लगभग तीन चार सय प्रहरीका लागि पकाइने

प्रहरी मेसका खाना खाने गरेका छौं। हामीलाई दिने भनिएको सरकारी सिधा दिइएको छैन।

यी र यस्ता कयौं साना ठूला उदाहरणहरू छन्। वास्तवमा हामीले सरकारी गैरसरकारी निकायहरूबाट सर्वमान्य तथा सर्वकालिक रूपमा कानुनहरूको पालना नगराई स्वयं अनुकुलित व्याख्याको आधारमा गम्भीर विषयहरूलाई नजर अन्दाज गर्ने परम्परा बसाएकै कारणबाट आज सम्पति आयोगका समक्ष मेरो उपरोक्त प्रश्न अनुत्तरित रह्यो।

हामी थुनामा पर्नु अगावैदेखि सम्पति न्यायिक जाँचबुझ आयोगको काम कारबाहीहरू बढी प्रचारमुखी हुँदैगएको भनी चर्चा सुरु भइसकेको थियो। यस आयोगको गठनका लागि मन्त्रिपरिषदले २०५८ साल फागुण २० गते बुधबारका दिन राजासमक्ष सिफारिस गरेको थियो। मन्त्रिपरिषद्को बैठक सामान्यतया सोमबार र बिहीबार बस्ने गर्दछ। तर, यस निर्णयका लागि भने अफ डे फागुण २० गते मंगलबारको दिन अर्पभ्रटको बैठक बसेको थियो। यसको गठनका बारेमा मन्त्रीहरूका बीच गम्भीर मतभेद उत्पन्न भएको थियो। अर्थमन्त्री रामशरण महतले त प्रधानमन्त्री देउवा संसदीय प्रजातन्त्र पूर्णरूपेण असफल भएको देखाउने नियोजित खेलका बोकस प्लेयर भएको आरोपसमेत लगाएका थिए। उनीलगायत कयौं मन्त्रीहरू यस निर्णयका विरोधमा थिए। कहिलेदेखि सार्वजनिक पद धारण गर्ने व्यक्तिको सम्पतिको छानबिन हुने ? वि.सं. ०१७ साल, ०३६ साल वा ०४७ साल ? कुन वर्षलाई आधार वर्ष मान्ने र यस आयोगका कार्य क्षेत्रमा कुन कुन निकायका सार्वजनिक पद धारण गर्ने व्यक्तिहरू छानबिनको दायरामा पर्ने यस विषयमा प्रधानमन्त्री र मन्त्रीहरूका बीच निकै विवाद भएको थियो। यस विषयमा नोक्सानदेह खालको विभाजन नै देखिएपछि प्रधानमन्त्री देउवाले भन्नुभयो : केही अघि (सायद राजा चीनको भ्रमणबाट फर्के पछि) राजाले भ्रष्टाचारको आरोपमा पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला तथा उहाँकी छोरी सुजाता कोइरालालाई गिरफ्तार गर्न आफूलाई भनिबक्सेको थियो। साथै राजाले अख्तियारका प्रमुख आयुक्त सूर्यनाथसँग कुरा गरेको र सूर्यनाथले मुद्दा चलाउन तयार भएको समेत हुकुम भयो। तर, प्रधानमन्त्रीका रूपमा आफूले सत्तारूढ दलका आफ्नै सभापतिलाई गिरफ्तार गर्न नसक्ने बिन्ति जाहेर गरेको बताउनुभयो।

देउवाले भन्नुभयो : केही-नकेही त गर्नै पर्‍यो। कोइरालालाई गिरफ्तार पनि नगर्ने र भ्रष्टाचारलाई नियन्त्रण गर्ने विषयमा एउटा आयोग बनाएर प्रोएक्टिव पनि नभई हुँदैन। उहाँले भन्नुभयो : मैले राजालाई भनिसकेको छु। संसद्मा सबै दलले छानबिन आयोग गठन हुनुपर्ने माग पनि गरेका छन्। गिरिजा कोइराला र माधव नेपालको यस विषयमा एउटै स्वर छ। तसर्थ



सरकारले पत्याएका न्यायाधीशलाई राखेर आयोग बनोस् र कसैलाई थुन्नु परे सो आयोगको प्रतिवेदनकै आधारमा नै होस्। साथै देउवाले भन्नुभयो : मुलुकमा बहुदल आएपछि भ्रष्टाचार बढेको आरोप छ। तसर्थ हामीले आफूहरूलाई नै छानबिनमा प्रस्तुत गर्नुपर्दछ। ०४७ साल यताका प्रधानमन्त्री, सबै खाले मन्त्रीहरू, सांसदहरू, नगरपालिका प्रमुख उप प्रमुखदेखि माथि सबै तहका निर्वाचित पदाधिकारीहरू, गजटेड तेस्रो श्रेणीमाथिका सबै निजामती कर्मचारीहरू, राजनीतिक नियुक्ति पाएका सबै व्यक्तिहरू छानबिनको दायरामा पर्ने बताउनुभयो तर प्रधानमन्त्री देउवाले सैनिक सेवाका व्यक्तिहरूलाई भने छानबिनको दायरामा आफूले पार्न नसक्ने कुरामा जोड दिनुभयो।

मन्त्रिपरिषद्को यो बैठक मंगलबारको दिन बसेको थियो। र हरेक बुधबार प्रधानमन्त्रीले राजासँग राजदरबारमा भेटको अवसर पाउँछन्। वास्तवमा यी सबै कुराहरू यसअघि नै राजा र प्रधानमन्त्रीको बीचमा तय भइसकेको थियो र सोको भोलिपल्ट नै प्रधानमन्त्रीले यस्तो निर्णय भएको औपचारिक जानकारी राजालाई गराउनु थियो। यसैले त्यस दिन मन्त्रिपरिषद्को बैठकमा जे जस्तो विवाद भए पनि क्याविनेटको चलनअनुसार प्रधानमन्त्रीको पराजय हुने सवाल नै थिएन। सोही दिन प्रधानमन्त्रीको आदेशअनुसार सरकारको प्रवक्ताको रूपमा मैले सञ्चारग्राममा आयोजित पत्रकार सम्मेलनमा यस निर्णयबारे सार्वजनिकरूपमा जानकारी गराएको थिएँ।

## कार्तिक २३, ०५९ Nov 9,002

आज संविधान दिवस हो। वि.सं. २०४७ सालमा आजकै दिन स्व. राजा वीरेन्द्रबाट नेपाल अधिराज्यको संविधान व्यवहारमा लागू भएको थियो।

आज भन्दा १२ वर्ष अघि संविधान लागू भएको दिन म र ओमकार श्रेष्ठ फ्रान्सको पेरिसमा तत्कालीन शाही नेपाली राजदूत कल्याणविक्रम अधिकारीको अतिथी थियौं। नेपाली कांग्रेसका नेताहरू ओमकार श्रेष्ठ, भीमबहादुर तामाङ्ग, सागरशमशेर राणा, सुर्खेतका दुर्गाकेशर खनाल र मसमेत हामी ५ जना बेलायत सरकारको फरेन एन्ड कमनवेल्थ अफिसको निम्तोमा प्रजातन्त्र पुनर्स्थापनापछि नेपाली काँग्रेस पार्टीको प्रथम प्रतिनिधि मण्डलका रूपमा बेलायत भ्रमणमा गएका थियौं। बेलायतमा पढेका, भाषा जानेका र देश परदेश घुमेका कारणबाट सागरशमशेर राणालाई हाम्रो टोलीको नेता बनाइएको थियो। यसै क्रममा हामीले जर्मनीका समाजवादी पार्टीका मातृसंस्था एफ.ई.एस.को निम्तोमा जर्मनीको भ्रमण पनि गरेका थियौं। त्यसपछि म र ओमकार श्रेष्ठ हामी पेरिस पुगेका थियौं। पेरिसमा रहेकै बेला आजकै दिन राजदूत कल्याणविक्रम अधिकारीले नेपालमा बडो शंका र अनिश्चयका बावजुद राजाबाट नयाँ संविधान लागू भएको सुनाउनुभयो।

नेपालमा निकै समयदेखि दरबार र राजनीतिक दलहरूका बीच संविधानबारे विवाद थियो । वास्तवमा राजा वीरेन्द्रले आफूमा निहित राजकीय सत्तालाई प्रयोग गरी राजाको केही बढी भूमिकायुक्त संविधान दिन चाहेका थिए । तर, राजनीतिक दलहरूले भने संविधानको प्रस्तावनामा नै ऐतिहासिक जनआन्दोलनको भावनाअनुसार नेपाल अधिराज्यको सार्वभौमसत्ता निर्वाचित संसद्मार्फत नेपाली जनतामा निहित रहेको स्पष्ट किटानीका साथ श्री ५ को सरकारबाट सिफारिस गरिएको संविधान अक्षरसः राजाबाट लागू घोषणामात्र चाहन्थे । विवादको मूल विषय नै यही थियो । संविधान आयोगका अतिरिक्त दरबारभित्र समानान्तर रूपमा एउटा छुट्टै संविधान तयार भइरहेको र यसैको घोषणा हुने षड्यन्त्रको रहस्योद्घाटन पहिले नै भइसकेकाले जनताको इच्छाअनुसारको संविधान आउने कुरामा यथेष्ट शंका थियो । यद्यपि मुलुकमा जनआन्दोलनका कारणबाट भर्खरै बहुदल आएकाले जनतापक्ष नै अन्तिमरूपमा निर्णायक हुने कुरामा कुनै शंका थिएन । यस्तै चर्चा परिचर्चाका बीच हामी मुलुकबाट बाहिर आएकाले विवादको सुरक्षित अवतरणका साथ संविधानको घोषणा भएको सुन्दा बडो सन्तोष मानेका थियौं । वास्तवमा अफसोचका साथ भन्नुपर्दछ कि आजभन्दा १२ बर्ष अघि जसले संविधानको प्रसव वेदनालाई अनुभव गरेको छ, उसको नजरमा राजा वीरेन्द्र सजिलै हृदयदेखिका प्रजातन्त्रवादी नठहर्लान् ।

इतिहासको त्यस कालखण्डमा राजा वीरेन्द्रले आफूलाई कतिको पराजित ठानेका हुन् थाहा छैन । तर, त्यसपछि भने दरबारले आफूलाई मौका पाउना साथ संविधानको पांग्रा भाच्ने कार्यशालामा रूपान्तरित गरेको कुरामा कुनै शंका राख्नु हुँदैन । यद्यपि राजा वीरेन्द्रको सौम्यता, शिष्ट र जनताका अगाडि हठपूर्वक आमुन्ने-सामुन्ने नहुने चरित्रका कारणले मात्र २०४७ सालपछिका हरेक असोज १८ गतेहरू पन्छिँदै गएका मात्र हुन् । तर, यस वर्ष भने असोज १८ का दिन राजेच्छाले संविधानलाई थला पारेरै छोड्यो ।

दुर्भाग्यवश १३ औं संविधान दिवस आजको दिन म त्यही राजेच्छालाई उपयुक्त ठहऱ्याउने अभियानका अर्न्तगत नितान्त राजनीतिक पूर्वाग्रहको आधारमा थुनामा बस्नुपरेको छ । असोज १८, ०५९ को प्रतिगामी शाही आदेशबाट शेरबहादुर देउवाको नेतृत्वमा मसमेत मन्त्री रहेको सरकारको बर्खास्ती र संविधान विपरीत आफूमा निहित राज्यसत्ता प्रयोग गरी मुलुकको कार्यकारिणी अधिकार स्वयं राजाले लिएपछि संविधान थला परेको हो । राजाको यस कदमबाट मुलुकमा लामो समयसम्म चलिरहने विवाद प्रारम्भ भएको छ ।

आज बिहानै हामी दुवै जना एफ.एम.का खबरहरूमार्फत संविधान दिवसको मौकामा नेताहरूका वक्तव्यहरू सुन्यौं । सबैमा यो संवैधानिक विवाद,



राजाबाट आफूले गरेका गल्ती सच्याइएर समाप्त पारिनु पर्दछ भन्ने अपेक्षा थियो । विश्वनाथप्रसाद उपाध्याय, दमननाथ ढुंगानालगायत ५/६ जनाको वक्तव्य महत्त्वपूर्ण लाग्यो । उनीहरूको निचोड छ : वर्तमान स्थितिको तार्किक परिणामका लागि कि त विघठित प्रतिनिधिसभालाई ब्युँझाउनु पर्दछ, कि त माओवादीसमेतलाई समावेश गरी संविधानसभाका लागि अन्तरिम सन्यन्त्रको तयारी गर्नुपर्दछ ।

आज मैले र खुमबहादुरजीले चर्चा गऱ्यौं, राजाको यस कदमबाट नजानिँदो किसिमबाट मुलुकभित्र संविधानसभाको मागका पक्ष प्रवर्द्धनका साथै गणतन्त्रको बलियो आधार निर्माण हुँदैछ । सबै खाले बुद्धिजीवीहरू तथा पेसाका व्यक्तिहरूका बीच तीब्रतर रूपमा यही निष्कर्ष प्रबल हुँदै गएको देखिन्छ ।

असोज १८ गतेको शाही आदेशको औचित्य सिद्ध गर्नका लागि स्वयं राजाबाट दुईटा आधारहरू प्रस्तुत गरिएको छ । पहिलो, निर्वाचन प्रयोजनका लागि कायम देउवा सरकारले तोकिएको समयमा निर्वाचन गराउन नसकेर संवैधानिक प्रक्रिया अगाडि बढाउन बाधा अवरोध आइपरेको हुनाले तत्कालीन सरकारकै सिफारिसअनुसार धारा १२७ प्रयोग गरेको । दोस्रो, संविधानमाथि नै संकट आएको हुँदा संविधानको संरक्षकको नाताले धारा २७ प्रयोग गरिएको हो ।

यस सम्बन्धमा आज एक दैनिक अखबारमा प्रकाशित विश्वनाथप्रसाद उपाध्यायको एउटा लेख पढे । उहाँ भन्नुहुन्छ : संविधानको धारा २७ (३) भनेको यो संविधानको पालना स्वयं राजाले पनि गर्नुपर्ने प्रावधान हो । नेपाली जनताको सर्वोत्तम हितको विचार गरेर यसको पालना र संरक्षण राजाबाट पनि हुनुपर्दछ । शाही आदेशमा संरक्षणको गलत अर्थ लगाइएको छ । संरक्षण भनेको संविधान भत्काउने होइन । अन्य मुलुकको हकमा देशका राष्ट्र प्रमुखले शपथ ग्रहण कै बेलामा यी सबै कुराहरू बोलेका हुन्छन् । हाम्रो देशमा राजा उत्तराधिकारको रूपमा आउने हुनाले शपथग्रहणका वखत यी सब कुराहरू बोल्नुपर्ने प्रावधान हुन्न । यस्तो प्रचलन छैन । अरू कतिपय मुलुकका संविधानहरूमा हाम्रो संविधानको भाषामा भै उक्त व्यवस्था गरिएको छ । भारतीय संविधानमा त.. भारतीय जनताको सर्वोत्तम हितलाई ध्यानमा राखेर यो संविधानको पालना र संरक्षण गर्नेछु भनेर यही शब्दावलीमा राष्ट्र प्रमुखले शपथग्रहण गर्नुपर्दछ । जर्मनीमा, अमेरिकामा पनि यस्तै प्रकारको शब्दावलीका साथ त्यहाँका राष्ट्रपतिले शपथग्रहण गर्दछन् । त्यहाँ पनि संवैधानिक सर्वोच्चता राष्ट्रपतिमै छ । कार्यकारिणी अधिकार उसैमा निहित भएको राष्ट्रपति प्रणाली छ । तापनि सोही भाषामा राष्ट्रपतिहरूले शपथग्रहण गर्दछन् । अमेरिकामा त्यहाँका विद्वान्हरूले यो संरक्षण भन्ने शब्दावलीले संविधान अन्तर्गत प्राप्त अरू अधिकारमा थपघट केही पनि हुने होइन, यसले गर्दा कुनै विशेषाधिकार राजामा वा राष्ट्रपतिमा जाने होइन

भन्ने व्याख्या गरेका छन् । राजाबाट हुने संरक्षण भनेको राजाले यसको आफूले पनि पालना गर्ने र अरूबाट पनि पालन गराउने हो । यो कुनै अन्य प्रकारको विशेषाधिकार होइन । त्यसैले हाम्रो संविधानको धारा २७(३) मा यो शब्दावली राखिएको हो ।

यसैगरी धारा १२७ बारे उहाँ भन्नुहुन्छ : धारा १२७ को प्रयोग तत्काल संविधानमा जुन बाधा अडचन देखापर्दछ, त्यसलाई फुकाउनलाई मात्र हो । प्रधानमन्त्री देउवाले गरेको सिफारिसअनुसार धारा ५३(४) मा ६ महिनाभित्र चुनाव हुन नसक्ने विषयमा बाधा आएको छ भने त्यसलाई फुकाउनु पर्‍यो । कि निर्वाचन गराउनु पर्‍यो वा निर्वाचनको मिति सार्नुपर्‍यो । निर्वाचन समयमा हुन नसक्ने भएपछि अथवा निर्वाचन गराउनै पर्ने बाध्यतालाई प्रतिनिधिसभाको पुर्नस्थापना गरेर हटाउनु पर्‍यो । यी सब नगरेर राजाबाट एउटा प्रधानमन्त्रीलाई हटाएर अर्को प्र.म. र सरकार बनाइयो । तर, ५३(४) को बाधा अडचन त त्यस्ताको त्यस्तै छ । मन्त्रिपरिषद्को गठनले मात्र बाधा अड्चन त फुकेन । विश्वनाथप्रसाद उपाध्यायजीको विचार बडो स्पष्ट रूपमा आएको छ ।

यसै सन्दर्भमा पूर्व सभामुख दमननाथ ढुंगानाले पनि बडो प्रखर र स्पष्ट रूपमा आफ्नो प्रतिक्रिया दिनुभएको छ । उहाँको भनाइ छ : हाम्रो संविधानको मूल मर्म नै राजाबाट त्रुटि हुँदैन भन्ने मान्यता हो । यसको संवैधानिक अर्थ नै केही नगरी नहुने निश्चित प्रकारका औपचारिक काम बाहेकका अन्य सबै काम राजाद्वारा संविधानअनुसार प्र.म.को सिफारिसमा गरिन्छ । तर, त्यसविपरीत राजाको असोज १८ को काम वा आदेशले राजाबाट गल्ती भएकै प्रमाणित गर्दछ भन्ने हो । मुलुकमा देखिएको यस संवैधानिक समस्याको समाधानमा दमननाथ पनि अब संविधानसभालाई नै मात्र विकल्प भन्नुहुन्छ ।

संविधान दिवसको चिसिएको उत्साहमा लगभग यस्तै विचारहरू सबैतिरबाट व्यक्त भएको हामीले निजी क्षेत्रका रेडियो तथा हाम्रो थुनाकोठासम्म प्रवेश पाएका पत्र पत्रिकाहरूबाट थाहा पायौं ।

**कार्तिक २४,०५९** Nov 10, 002

हामीलाई सशस्त्र प्रहरीगणको यस थुनामा सारिएपछि आज पहिलोपटक घामको नूर गिरेको थाहा पायौं । आजभोलि बिहानको समयमा केहीबेर थुनाघरको वरिपरि घुमफिर गर्न दिनेमा खासै कडाइ गरिएको छैन । आज अलिक सबेरै बाहिर निस्केर डुल्दा वातावरण एक्कासि चिस्सिएको अनुभव भयो । प्रहरीहरूलाई जाडो याममा दिइने बाक्लो लुगा उनीहरूले गएको एक दुई दिनदेखि



लगाएकोबाट पनि जाडो बढेको आभास हुन्छ । थुनाकोठामा आजभोलिको हाम्रो दिनचर्या बिहान र बेलुकीको केहीबेरको घुमफिरबाहेक प्रायशः ओछ्यानमा सुतेरै बित्छ । जाडोको कठ्यांग्रिँदै जाने रातमा स्वभावतः सुत्नुको कुनै विकल्प छैन । तर, नित्यकर्मका समयबाहेक आपसको गफसफ, कुराकानी, पत्रपत्रिका र पुस्तकहरू पढ्ने काम अनि कहिल्यै नसिद्धिने आफन्तहरूसँग भेट गर्ने अपेक्षा खाटमा सुतेरै चलेको छ । हाम्रो कोठामा दक्षिणतर्फको भित्तामा झ्याल रहेकाले झ्याल भई आउने घाम पाउनका लागि खाटलाई झ्यालमा टसाएर उत्तर दक्षिण पारी राखेका छौं । जाडोको याममा यसरी ओछ्यानमा लम्पसार परेर आफ्ना दिनहरू फेरिको, मुलुकबाट प्रजातन्त्र हरण भएको, अब राजाले रामराज्य प्राप्तिको रथारोहण गरेको सम्झदा बडो आनन्द लाग्दछ । तर, आज भने कोठामा झ्यालको सिसाबाट सेन्सर भई प्रवेश गरेको घाम जिउमा पर्दा सारै **लेरे** भएको आभास भयो । घामको राप घटेको पायौं । यसले हामीलाई झन् ओछ्यान आश्रित बनाउने भयो ।

भोलिदेखि माओवादीहरूले लगातार तीन दिनसम्म नेपाल बन्दको घोषणा गरेका छन् । यस बन्दलाई प्रभावशाली र उत्तेजक बनाउन माओवादीहरूले देशका विभिन्न भागहरूमा बम विस्फोट तथा आगजनीका चर्का घटनाहरू घटाइरहेका छन् । यस बन्दलाई असफल पार्न सरकारले काठमाडौंमा कडा सुरक्षा व्यवस्था अपनाएको कुरा यहाँ आउने गरेका प्रहरीहरूले बताउने गरेका छन् । यद्यपि यसको खासै प्रभाव देखिन्न । सधैंका झैं बन्द सफल हुने निश्चित छ । साना तहका प्रहरीहरूले अब दुई चार दिन हामीलाई पनि कडाइका साथ राखिने बताएका छन् । यहाँ रहेका प्रायशः सबै प्रहरीहरू तथा सिकारु प्रहरीसमेत बन्द नियन्त्रणका लागि अन्यत्र खटाइएको हुनाले थोरै मानिसबाट हामीलाई निगरानी गर्नुपर्दा बढी कडाइ हुने उनीहरूको सोच रहेको छ । भोलिदेखि लगातार तीन दिनसम्म बन्द हुने हुनाले परिवारबाट कोही आउन पाउने छैनन् । आज सम्भवतः भाइ विनय आउनेछन् । यस अवधिभरका लागि चाहिने सामान उनले लिई आउनेछन् । अब हाम्रो खानाको निर्भरता पूर्णरूपेण प्रहरी मेसमा नै हुनेछ । यसका लागि हामीले सविनय आग्रह गरिसकेका छौं ।

आज वा भोलिसम्ममा टर्कीका राष्ट्रपिता कमाल अतातुर्कको जीवनी पढी सिध्याउने विचार गरेको छु । यो मोटो पुस्तक पढी सिध्याउन माओवादीको बन्दले राम्रो मौका दिएको छ । ब्रिटिस लेखक प्याट्रिक किनरोसले लेखेका "ATATURK: The Rebirth of a Nation" एउटा शासकको सामान्य जीवनीमात्र होइन, अपितु शताब्दियौंपछि आफ्ना नागरिकहरूले बेहोर्ने चुनौतीहरूको आँकलन गरी त्यसको मुकाविला गर्नसक्ने राष्ट्र बनाउने स्वप्नजीवी राजनेताको प्रेरणादायी वृत्तान्त पनि हो । मुस्तफा कमालका बारेमा किंवदन्ति

सरह कतिपय कुराहरू सुनेको थिएँ । आफ्नो मुलुकको स्वतन्त्रता आन्दोलनका दौरान झिसमिसे साँझपख मुस्तफा कमाल एक रक्तरञ्जित चौरमा पुग्दा स्वतन्त्रताका बलिदानी मानवहरूको रगतको आहाल बनेको एउटा खाल्टोमा चन्द्रमाको छायाँ परेको देखी भावविह्वल भएका कमालले भोलि बन्ने गणतन्त्रको झन्डाको परिकल्पना गरेका थिए । आजको रातो पृष्टभूमिमा चन्द्रमा अंकित टर्कीको राष्ट्रिय झन्डाको जन्म यसरी नै भएको जस्ता अनेकौ कथाहरू पढेको थिएँ, मुस्तफा कमालका बारेमा । गत वर्ष सञ्चारमन्त्रीको रूपमा एउटा समारोहमा भाग लिन इस्तानबुल जाँदा मैले उनको बारेमा आम टर्किसहरूको अथाह सम्मानका कारण खोज्ने चाहबाट आफूलाई जोगाउन सकिन र टर्कीका लागि नेपालका अवैतनिक सह महावाणिज्यदूत मडाम प्रोफेसर गुनसेली मालाकोभलाई विशेष अनुरोध गरी यो पुस्तक मगाएको थिएँ ।

प्रथम विश्वयुद्धको परिणाम स्वरूप अटोमन साम्राज्यको पतन भई आधुनिक टर्की गणतन्त्रको उदय भएको हो । वास्तवमा आजको टर्की सिपाही राजनेता कमाल मुस्तफाको सिर्जना हो, जसले भूमध्य सागर र काला सागरको साँधमा रहेको पूर्वी र पश्चिमी सभ्यताको मिलन विन्दुमा अवस्थित मध्ययुगीन अरव प्रभावमा जकडिएको राष्ट्रलाई सम्मुन्नत बीसौं शताब्दीमा प्रवेश गरायो । विश्वका अनैकौं मुलुकमा स्वतन्त्रता आन्दोलनहरू भएका छन् र ती सबै मुलुकहरूमा विभिन्न राष्ट्रका औपनिवेशहरूको पतन, बलिया साम्राज्यहरूको पतन भई नयाँ नयाँ शासनहरूको उदय भएको हो । यस्ता मुलुकमा युगान्तकारी परिवर्तनहरू भए, शासनहरू बदलिए अनेकौं अर्थमा युगहरू नै बदलियो विश्वभर नै । संसार नै बदलिने यस दौरमा टर्कीले कमाल मुस्तफाको नाममा एउटा यस्तो नेता पायो, जसले आउने दशकौंपछि जडवादी अरब समाजको क्षय हुने बखतमा भूगोलको फाइदा उठाएर टर्कीले युरोपसँग सहकार्य गर्नुपर्दछ र परम्परागत अरवी लिपि उपयोगी नहुन सक्दछ भन्ने ठोस आँकलनका साथ आफ्नो मुलुकमा शताब्दियौंदेखि प्रयोगमा रहेको लिपि नै परिवर्तन गरे । उनले यसै क्रममा परम्परागत इस्लामी क्यालेन्डरलाई समेत परिवर्तन गरेर आधुनिक पश्चिमी क्यालेन्डर प्रयोगमा ल्याए । अरब नागरिकहरू र अन्य इस्लामीहरू झै टर्किसहरूले पनि आफ्नो नाममा पारिवारिक थर प्रयोग गर्दैनथे । तर, कमाल मुस्तफाले समाज रूपान्तरणको नयाँ अभियानको नेतृत्व गर्दै नामको अगाडि पारिवारिक थर राख्ने चलन बसाए । परिणामतः राष्ट्रपति कमाल मुस्तफा जो परम्परागत नाममा अझ कमाल पासा थिए, कमाल अतातुर्क भए । बीसौं शताब्दीको तेस्रो दशकको अरब बाहुल्य ९५ प्रतिशतभन्दा बढी कट्टर इस्लाम धर्माम्बलम्बीहरूको मुलुक टर्कीमा स्कुले केटीहरूको पहिरनमा मिनी स्कर्ट लगाउने अनुमति दिए, कमाल अतातुर्कले । आजका परम शक्तिशाली नाटो राष्ट्रहरूको समूहमा टर्की नै एकमात्र मुस्लिम राष्ट्रको रूपमा प्रवेश पाउनुको



गर्भस्थ अर्थ नै कमाल अतातुर्कले एउटा राष्ट्र बनाए, त्यहाँका नागरिकहरूमा राष्ट्रभक्तिको बिजारोपण गरें, राष्ट्रका नागरिकहरूको गुमेको आत्म सम्मानलाई पुनःस्थापित गरें, एउटा दीर्घजीवी शासन प्रणाली दिए र त्यसप्रति आफ्नो अगाध आस्थालाई प्रमाणित गरे, आधुनिक र उपयोगी शिक्षाको माध्यमबाट नयाँ पुस्ताका टर्किस नागरिकलाई भवियोन्मुख बनाएर युरोपेलीहरूको स्तर र शृङ्खलामा पुऱ्याए ।

म कमाल अतातुर्कमा बगेछु क्यार । भनिन्छ, यो मानवीय स्वभाव हो, मानिसले आफूभित्र रहेको रिक्तताको पूर्ति अरुमा खोज्दछ । आफ्नो समाजको रिक्तता अन्य समाजमा । म एकपटक आफ्ना राजालाई, राजा ज्ञानेन्द्रलाई हेर्दछु, जसले सबैको हृदय जित्ने राजाको रूपमा भन्दा पनि उहि हठवादी अधिराजकुमारको मानसिकताबाट मुलुकको प्रजातन्त्रलाई ओझेलमा पारेको छ । अर्कोतिर प्रजातन्त्रका नेताहरूलाई हेर्दछु, जसले आफूलाई एउटा प्रक्रियामा अनुपालित गर्न नसकेर राजालाई प्रजातन्त्र बुझाउने कार्यका मतियार भएका छन् । म नेपाली कांग्रेसभित्र श्रद्धेय कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला जस्ता नेताहरू राज्य चलाउन असफल बनाइएपछि विकल्पका रूपमा आएका शेरबहादुर देउवालाई देख्छु, जसले प्रजातन्त्रको सुरक्षाको सवालमा असफल भएर आफूलाई प्रजातन्त्र पतनका मतियार सरहमात्र राख्न सक्यो । माधव नेपालहरू......। म आज पनि सम्झिरहेको छु, आत्मश्लाघाले छटपटिएका माधव नेपालले प्रतिनिधिसभामा बोलिरहेका थिए......निकम्मा प्रधानमन्त्रीलाई राजाले सहेर बस्नु हुँदैन । राजा मूकदर्शक भएमा राष्ट्र रहने छैन । यस्ता प्रधानमन्त्रीलाई राजाले बर्खास्त गर्नुपर्दछ .......। सत्ताको तृष्णा तथा प्रतिद्वन्द्विताको ठाउँमा वैमनस्यको आवेगले उनलाई यस त्रुटिको अनुभूति नै भएन कि उनी एक जननिर्वाचित प्रधानमन्त्रीको पद विस्थापनका लागि त्यस्तो राजालाई गुहार्दै छन्, जो निर्वाचित प्रधानमन्त्रीलाई मौका पाउनासाथ सत्ताच्युत गराउन पर्खी बसेको छ । भयो पनि त्यस्तै । आज राष्ट्र छँदैछ, राष्ट्र रहिरहने छ । माधव नेपालहरू पनि रहनेछन् । तर, थाहा छैन, अब नेपालमा प्रजातन्त्र रहनेछ वा छैन । यिनै सोचका साथ कमाल अतातुर्कलाई पढ्दै जाँदा ४४२ पेजको पुस्तक सकिन अब केही पानामात्र बाँकी रहेको सम्झेर झस्केको छु ।

## कार्तिक २५, ०५९ Nov 11, 002

थाहा भएन, मूलरूपमा यो कसको भनाइ हो । तर, गणेशमानजीले "मेरो कथाका पानाहरूमा" एक ठाउँ भन्नुभएको छ, जुन वस्तु अप्राप्य हुन्छ, मानिसमा सबभन्दा बढी त्यसैलाई पाउने चाहना जाग्दछ ।

जेलमा परेको बेला वा थुनामा रहँदा - यो भनाइ जोसुकैको चरित्रमा सही रूपबाट चरितार्थ हुन्छ । लाग्दछ - यो सबैका लागि एकै प्रकारले अनुभूति हुने

सर्वकालिक विषय हो। वस्तुतः दार्शनिक तथा व्याख्ताहरूले स्वतन्त्रता भन्ने शब्दलाई मानिसभित्रको नितान्त नैसर्गिक चाहनाका रूपमा अभिव्यक्त गर्दा यसलाई अक्षुण्ण, अभेद्य र सम्पूर्ण रूपमा अवरोधविहीन नै सोचेको हुनुपर्छ। तसर्थ दार्शनिकहरूको चाहनाअनुरूपको स्वतन्त्रतालाई आजभोलि राज्य व्यवस्थाको व्यवहारमा खोज्दा प्रयासः व्यक्तिहरू निरास नै हुन्छन्। यस्तो स्वतन्त्रता अप्राप्य नै रहेको हुन्छ। यसैले होला, अप्राप्य स्वतन्त्रताको चाहना फगत अमूर्त कुरामात्र हुन् भनेर आधुकि राज्यहरूले स्वतन्त्रतालाई कानुनले प्रदत्त गरेको सीमाको दायराभित्र मात्र व्याख्या गर्ने गरेका छन्। सम्भवतः यसैले गर्दा चीनले आफ्ना नागरिकलाई दिएको स्वतन्त्रताको हक अमेरिकाको नजरमा स्वतन्त्रताको आधारभूत कुरा पनि मानिएको छैन। तसर्थ स्वतन्त्रताको संघर्ष विश्वभर सतत र निरन्तर छ। यसको प्राप्तिका लागि चलेका आन्दोलनहरू अनवरत छन् ...। मानवभित्र सदैव रहिआएका यही अप्राप्य चाहनालाई भारतीय स्वतन्त्रता आन्दोलनको क्रममा मुखरित गर्दै रवीन्द्रनाथ टैगोरले लेखेका थिए :

*Where the mind is without fear and the head is held high;*
*Where knowledge is free;*
*Where the worlds has not been broken up into fragments by narrow domestic walls;*
*Where words come out from the depth of truth;*
*Where tireless striving stretches it's arms towards perfection;*
*Where the clear stream of reason has not lost it's way into the dreary desert sand of dead habit;*
*Where the mind is led forward by the into ever widening thought and action-into that heaven of freedom, my Father, let my country awake.*

वास्तवमा स्वतन्त्रताको असीम चाहना यही नै हो, जसले हरेक भूभागमा, समाज र समुदायमा, समय र सन्दर्भमा यसको प्राप्तिको आन्दोलनलाई चिरन्तरसम्म प्रेरित गरीरहनेछ।

आजदेखि माओवादीहरूले आह्वान गरेअनुसार लगातार तीन दिनको नेपाल बन्द प्रारम्भ भएको छ। प्रहरीहरूले हामीलाई भनेबमोजिम राजधानी काठमाडौंलगायत मुलुकका लगभग सबै बजारहरू तथा सहरी क्षेत्र पूर्णतः बन्द



रहेका छन्। देशभरि नै मोटर चलेका छैनन्। बन्दको यस क्रममा माओवादीहरूले कुनै पनि विद्रोही तथा क्रान्तिकारीहरूले सामान्य रूपमा पालना गर्ने आचारहरू पालना गरेका छैनन्। व्यापक रूपमा आतंक सिर्जना गर्न सफल भएका छन्। राजधानी काठमाडौंको अवस्था त झन् दिनानुदिन भयावह र गम्भीर हुँदै गएको छ। माओवादीहरूका आदेश बेगर राजधानीका तीन सहरबाहेक कुनै पनि सरकारी गैरसरकारी सवारीका साधनहरू र कार्यदल छिमेकका नुवाकोट, काभ्रे, धादिङ आदि जिल्लाहरूमा जाने स्थिति छैन। राजधानीमा उनीहरूले चाहेका ठाउँमा सोचेअनुसारका घटनाहरू घटाउन सक्ने भएका छन्। खुमबहादुरजी मलाई बारम्बार भनिरहनु भएको छ, कि केही दिनमात्र यस्तै अवस्था रह्यो भने हामी माओवादीहरूबाट यही थुनामा नै मारिनेछौं।

मैले आजैदेखि Pin Yathay ले कम्बोडियामा पोलपोटकालीन आतंकको बारेमा लेखेका "Stay Alive My Son" पढ्न सुरु गरेको छु। यस थुनामा कम्बोडियाका बारेमा लेखिएको यो दोश्रो पुस्तक पढ्न सुरु गरेको छु। पिन याथेय भन्छन्.......मैले बालकालदेखि जानेबुझेको कम्बोडिया एउटा दुस्वप्नमा बदलियो, खमेररुजको क्रान्तिको चक्रले सारा राष्ट्रमा शत्रुबाहेक केही देखेन, कम्बोडिया, यसका जनता, यसको विपुल संस्कृति र सभ्यता, व्यक्ति, परिवार, समाज, ज्ञान र आस्था, प्रेम र सकारात्मक भावहरू....सबै देख्दादेख्दै समाप्त भएर गए। चीन बाहिर कमरेड माओ त्से तुंगको क्रान्तिको चाहलाई सोपानमा पुऱ्याउन दुई वर्षको कालरात्रिमा पिन याथेयले आफ्ना परिवारका सत्रजना आफन्त गुमाए। नावाथ नामक उसका मात्र छ वर्षका छोरा क्रान्तिका दुश्मन भए। यिनै पिन याथेयले लेखेका हुन्, यो पुस्तक। यस पुस्तका शीर्षकहरू...... गाउँघरमा क्रान्तिको तयारीका लागि स-साना खमेर मिलिसियाहरूबाट सुरु गरिएका जनकारबाहीहरू,.......आफ्ना विरोधीहरूलाई जाली फटाहाको संज्ञा दिएर शारीरिक कारबाही गरिंदा गाउँबाट सशक्त जनचेतनाको प्रस्फुटन भएको देख्ने सहरी बौद्धिकहरूबाट खमेररुजहरूलाई गरिएको अभिनन्दन, ......खमेररुजका हरेक कारबाहीहरूको क्रान्तिकारी कारबाहीको नामकरण, ........शस्त्रबलको आधारमा आफ्ना विरोधीहरूलाई ग्रामीण क्षेत्रहरूबाट गरिएको विस्थापन र बाध्यतावश गाउँ छोड्न नसकेका अशक्त तथा असहाय नागरिकहरूलाई नयाँ क्रान्तिको आधार भूमिको नव नागरिक (New People) भनी नामकरण, ........लाखौंको तादातमा सहरबाट नागरिकहरूको विस्थापन, ........ मुक्ति क्षेत्रहरूको घोषणा, ........ एक राष्ट्, एक संस्कृति, एक जातिको अभियान अन्तर्गत जातीय शुद्धीकरणको सुरुवात, ........ सन् १९७५ को अप्रिल महिनामा पोलपोटका समर्थक खमेररुजहरूले नोम्पेन्ह सहरमा प्रवेश गरेको तीन वर्षभित्र

एउटा जीवन्त संस्कृतिको समूल विनाशका साथै लाखौं नागरिकको निर्मम हत्या भएको थियो, कम्बोडियामा। माओवादी बन्दको आजको दिनमा यस पुस्तकका अध्यायहरूमा उल्लेखित कम्बोडियाका घटनाक्रमहरू तथा हामीले भोगिरहेका माओवादी जनवाद निर्माणअघि आजको दारुण अनुभव मेरो चेतनामा समानान्तर बगेको छ।

भोला जोशी, जसको औपचारिक नाम कीर्तिकुमार जोशी थियो। गत वर्ष माओवादी आतंकका सिकार भए। उनी कहाँनिर क्रान्तिका बाधक भए मैले बुझ्न सकेको छैन। एउटा सहृदयी मित्र जसले कहिल्यै कसैको चित्त दुखाएन अनाहक माओवादी आतंकका सिकार भए। यो प्रक्रिया त अहिले आएर गन्न नसकिने स्थितिमा पुगेको छ। हिजो भेट्न आएको बेला भाइ विनयले बताए, यस बन्दलाई विचार गरी पहिलोपटक हाम्रा घर परिवारका सदस्यहरू छिमेकी विहारको वीरपुर गएका छन्। मेरा बुबा आफ्नो युवावस्थामा केही कालका लागि कामको सिलसिलामा पैतृक घर छोड्नुबाहेक अन्यत्र कतै जानु भएको थिएन। यस परिस्थितिमा उहाँ बढी प्रताडित अनुभव गरिरहनु भएको होला। म सरकारमा भएकै बेला मेरो घरमा माओवादीहरूले आक्रमण गरी ठूलो क्षति पुऱ्याउन सक्ने सूचना दिएका थिए। यसअघि मेरो कोल्ड स्टोरेजमा उनीहरूले बम विस्फोट गराएर क्षति पुऱ्याइसकेका छन्। थुनामा मलाई खुमबहादुरजीप्रति बडो सहानुभूति जागेर आएको छ। उहाँ यहाँ मौन बसेर ठूलो क्षति व्यहोरिरहनु भएको छ। प्रायशः हरेक दिन उहाँ स्वयंको वा उहाँका खास मित्रहरू र आफन्तहरूका हत्या, शारीरिक आक्रमण, धन सम्पत्तिको नोक्सानीको खबर आइरहेको हुन्छ। सरकारले पूर्व गृहमन्त्रीको रूपमा उहाँको घरमा दिएको सुरक्षा केहीअघि नै झिकिसकेको छ।

गृह मन्त्रालयले मलाई पनि सांसद रहेका बखत विशेष सुरक्षा थिएको थियो। मन्त्री भएका बखत पनि यो व्यवस्था कायमै थियो। माओवादीहरूबाट मलाई खतरा छ र साथै स्पेस टाइम नेटवर्कका मालिक जमिम शाहले पनि अपराधीहरूलाई खटाएर मलाई मार्न सक्छन् भन्ने प्रहरीको अनुमान थियो। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको मन्त्रिमण्डलमा कृषिमन्त्रीबाट मैले राजीनामा दिएकै भोलिपल्टको राति प्रहरी माहानिरीक्षक प्रदीपशमसेर राणाले जमिम शाहबाट यस्तो खतरा रहेको संकेत गर्दै आफूले तत्कालै प्रहरी स्पेसल टास्कफोर्सको एउटा टोली मकहाँ राख्ने निर्णय भएको बताएका थिए। त्यसबखत गिरिजाप्रसाद कोइरालासँग मेरो गम्भीर मतभेद भए पनि उहाँ स्वयंले पनि मलाई फोन गरी होसियार रहन चेताउनु भएको थियो। अहिले यी सबै सुरक्षा व्यवस्था हटाइएको छ। वास्तवमा बडो कठिन भएको छ, हाम्रो घर व्यवहार र जीवन।



**कार्तिक २६, ०५९** Nov 12,002

आज क्रान्ति दिवस हो। आजकै दिनमा नेपाली कांग्रेसको ऐतिहासिक बैरगनिया सम्मेलन भएको थियो। रौतहट जिल्लाको भारतीय सिमानातिरको बैरगनिया भन्ने सानो सहरमा आयोजित सम्मेलनमा नेपाली कांग्रेस पार्टीले ००७ सालको सशस्त्र क्रान्ति गर्ने निर्णय लिएको थियो। यही ऐतिहासिक दिनको सम्झनालाई जीवन्त राख्न क्रान्ति दिवस भनी मनाउन थालिएको हो। तर, पछिल्ला वर्षहरूमा भने नेपाली कांग्रेसले कहिल्यै श्रद्धाका साथ यस दिनको स्मरण गरेको मलाई थाहा छैन। नेपालका प्रजातान्त्रिक आन्दोलनमा आफूलाई श्री सुवर्ण शमसेरको सान्निध्यमा रहेका ठान्नेहरूले यस दिनलाई निकै पछिसम्म उहाँको स्मृति दिवसको रूपमा मनाई आएका थिए। तर, आज भोलि यो स्मृति पनि लुप्तप्रायः नै छ।

सन् १९७७ को कार्तिक महिनामा भारतको पटनामा आयोजित नेपाली कांग्रेसको सम्मेलनमा भाग लिन गएका बखत प्रायः सबै ठूला नेताबाट सुवर्ण शमसेरको महिमा सुनेको थिए। सन् १९७६ को डिसेम्बरमा बी.पी. कोइराला र गणेशमान सिंह राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिएर भारत प्रवास त्यागी स्वदेश आउनुभएको थियो। पछि थुनामा बी.पी. कोइरालाको स्वास्थ्यमा निकै गिरावट आएपछि विश्व जनमतका दबावका कारणले राजा वीरेन्द्रको आदेशबाट उहाँलाई स्वास्थ्योपचारका लागि संयुक्त राज्य अमेरिका पठाइएको थियो। त्यहाँबाट फर्कने क्रममा नेपाल पुगेपछि पुनः जेलमा बस्नुपर्ने निश्चित नै भएको हुनाले साथीहरूसँग भेटघाट तथा पार्टीको भावी दिशा निर्देशका लागि पटनामा नेपाली कांग्रेसको सम्मेलन बोलाइएको थियो। यसैक्रममा बी.पी.बाट कलकत्ता जानु भई लगभग मृत्युशय्यामा रहनुभएका सुवर्ण शमसेरलाई भेट्नुभएको थियो। त्यतिञ्जेलसम्म सुवर्ण शमसेर नै पार्टीको कार्यवाहक सभापति हुनुहुन्थ्यो। यही भेटको क्रममा सुवर्ण शमसेरले आफ्नो जिम्मामा रहेको पार्टीको कार्यवाहक सभापतिको दायित्व मूल सभापति बी.पी.लाई सुम्पनुभएको थियो। र, यही पटना सम्मेलनमा बी.पी.ले श्री कृष्णप्रसाद भट्टराईलाई पार्टीको कार्यवाहक सभापतिको घोषणा गर्नुभएको थियो। पछि पटनाबाट विमानमा काठमाडौं आउने क्रममा गिरिजाप्रसाद कोइराला तथा परशुनारायण चौधरीलाई महामन्त्री तोक्नुभएको थियो। जीवनपर्यन्तका अनन्यतम साथी बी.पी.लाई आफूसँग रहेको दायित्व सुम्पिदाको बखतको संवेदनशीलता र भावुकपन त्यस क्षणका साक्षीहरूले हामीलाई बताएका थिए। कस्तो संयोग पटनाबाट बी.पी. नेपाल फर्कनुभएको लगत्तै मैले पटनाबाट प्रकाशित हुने सर्चलाइट अखबारमा एउटा दुःखद समाचार पढेको थिएँ, सुवर्ण शमसेरको कलकत्तामा निधन भयो। नोभेम्बर महिनाको ९

तारेखका दिन उहाँको निधन भएको थियो । सायद आजको दुईतीन दिन पहिलेको दिनमा कतै उहाँको स्मृति हराएको छ ।

**कार्तिक २७, ०५९** Nov 13, 002

अब हामीले एउटा निश्चित प्रकारको दिनचर्या निर्धारण गरिसकेका छौं । बिहान सबेरै ४:३० बजे प्रहरी ड्युटीको घण्टको आवाजसँगै मेरो निद्रा खुल्छ । बाहिरको घना कुहिरोबाट भित्र कोठामा हरेस खाएको मधुरो बत्तीको प्रकाशमा केहीबेर अर्धनिद्राको अवस्थामा पुस्तकहरू पढ्छु । बिहानको चिया सधैं मैले नै बनाउने गरेको छु । बिहान ६:३० बजेदेखि ७:२० सम्म रेडियाबाट आउने समाचारहरू सुन्ने गरेका छौं । ८:१५ बजे देखि ४० मिनेटसम्म हाम्रो लेट मर्निङवाक हुन्छ । थुनाघरको वरिपरि हामीहरू छिटो छिटो पाइला चालेर हिँड्छौं । यस घरलाई एकपटक पूरा फनक्क घुम्दा ११०-१२० पाइला चाल्नु पर्दछ । ११:०० बजेसम्म हामी प्रायशः दिउसोको खाना खाइसकेका हुन्छौं । दिउँसो १२:०० बजेतिर खाटमा पल्टेर आँखाको पुस्तकसँग र जीउको निर्बल घामसँग छामछुम र सहकार्य हुँदाहुँदै नजानिदो किसिमबाट निद्राले नियन्त्रणमा लिन्छ । हामी दुवैजना केहीबेर आलस्यपूर्ण निद्रा भोग्छौं । हिजो हामीले छलफल गऱ्यौं, हाम्रा सबै नेताहरू बी.पी., गणेशमानजी, किसुनजी, गिरिजा बाबुहरूमा लामो जेल बसाइँकै कारणबाट दिउँसोको भोजनपछि कम्तीमा १ घण्टा नसुती नहुने बानी लागेको हुनुपर्दछ । दिउँसो २: ०० बजेपछि म सम्भव भएसम्म केही न केही पढ्ने र लेख्ने अभ्यासमा आफूलाई नियमित एवं अनुशासित गराउन खोज्दैछु । ३:१५ देखि पुनः ४० मिनेटसम्म बिहानको भैँ 'वाक' हुन्छ । यसले हामीबीच आपसमा कुराकानी गर्ने राम्रो मौका पनि उपलब्ध गराएको छ । साँझको समयमा घरपरिवारबाट कोही भेट्न आउने अपेक्षा सधैं रहिरहन्छ । राति ७:३० सम्ममा हामी खाना खाइसकेका हुन्छौं र राति ८:४५ बजेको बी.बी.सी. नेपाली सेवाको समाचारसँगै पुनः मेरो लेख्ने क्रम सुरु हुन्छ ।

हामी दुवैजना सकभर यस दिनचर्याको पालन गर्न चाहन्छौं तैपनि बीचबीचमा आइपर्ने विघ्नहरूले यसलाई बिगारेकै हुन्छ । आज पनि यस्तै भयो । दिउँसा अनायास मलाई लैजानका लागि अख्तियारबाट केही प्रहरीहरू आए । आज उनीहरूले लैजाने विषयको पत्र साथै लिई आएका थिए । यद्यपि त्यसमा मलाई लैजाने प्रयोजन खुलाइएको थिएन । अख्तियारमा पुऱ्याइएपछि मैले थाहा पाएँ, त्यहाँ उनीहरूले तयार गरेको व्यक्तिगत विवरण फारम भर्नुपर्ने रे । म थुनामा राखिनुभन्दा पहिला सात आठ पटकसम्म मसँग लामा लामा बयान लिइसकेपछि र मुद्दा चलाउनका लागि अदालतमा प्रस्तुत नै गरिसकेपछि फेरि अख्तियारसमक्ष किन विवरण भर्ने - मैले बुझ्न सकेको छैन । मैले आफ्ना कानुन व्यवसायीहरूसँग परामर्श नगरी विवरण भर्न नसक्ने अडान लिएपछि उनीहरूले



फारम दिई पठाएका छन् । तर, आज भने पहिलोपटक मेरो मुद्दाको अनुसन्धान अधिकृत चेतनाथ घिमिरेसँग भेट भयो । स्वयं अख्तियारका प्रमुख आयुक्त र अन्य आयुक्तहरू लहरै बसेर सात आठ पटकसम्म मसँग बयान लिए, हरेक पटकको बयान अनुसन्धान अधिकृत यिनै चेतनाथ घिमिरेको सामुन्ने दिएको भनी हस्ताक्षर गराइए पनि यथार्थतः आज पहिलोपटक भेट उनीसँग भएको हो । जे होस्, आज माओवादीले आह्वान गरेको सन्त्रासपूर्ण नेपाल बन्दको दिन पनि मैले सरकारी मोटरमा काठमाडौंको सयर गर्ने मौका पाएँ ।

आज कार्तिक २७ गते हो । असोज १८ गतेको शाही निर्णयबाट मुलुकको राजनीतिमा यो अनपेक्षित र प्रतिगामी परिस्थिति नआएको भए, आज प्रथम चरणमा राजधानी लगायत मुलुकका १६ वटा जिल्लामा संसदीय आम निर्वाचन सुरु हुने थियो । यसैलाई लक्ष्य गरी माओवादीहरूले कार्तिक २५, २६ र २७ गतेका दिनहरूमा नेपाल बन्दको आह्वान गरेका थिए । निर्वाचन नहुने भए पनि असोज १८ गतेको शाही आदेशको विरोधमा उनीहरूले बन्दको आह्वान कायमै राखेका हुन् । बन्दको आज तेश्रो दिन हो । तोकिएअनुसार आजको दिनबाट संसदीय निर्वाचनको सुरुवात हुन नसक्नुकै कारणले मुलुकमा दुर्भाग्यको सुरुवात भएको हो । भारतमा रायबरेलीको संसदीय निर्वाचनको प्रचार अभियानका दौरानमा श्रीमती इन्दिरा गान्धीकी एकजना सरकारी पदमा रहेका सहयोगी संलग्न रहेको सामान्य प्रमाणको आधारमा इलाहावाद हाइकोर्टले प्रधानमन्त्री श्रीमती गान्धीलाई पदत्याग गर्न आदेश दिएको थियो । वास्तवमा ती कर्मचारीले इन्दिरा गान्धीको निजी चुनाव सहयोगीमा खटिनुपूर्व सरकारी ओहदाबाट राजीनामा दिइसकेका थिए, स्वयं श्रीमती गान्धीबाट स्वीकृत हुन केही ढिलो मात्र भएको थियो । यसैलाई आधार बनाएर अदालतले निर्वाचनमा सरकारी कर्मचारीको दुरुपयोग भनी आचारसंहिताको उल्लंघनको अपराध कायम गरी निर्वाचन बदर गरेको थियो । परिणाम स्वरूप भारतले आपत्कालको अवस्था बेहोर्नुपऱ्यो । यस विषयका बारेमा टिप्पणी गर्दै विश्वप्रसिद्ध टाइम म्यागजिनले लेखेको थियो : बेलायतको कुनै प्रधानमन्त्रीले लन्डनको सडकमा मोटर चलाउँदा चलाउँदै रातो बत्ती नहेरेर सवारी नियमको उल्लंघन गर्दा त्यसलाई उनको प्रधानमन्त्री पदको अयोग्यता ठहऱ्याई सो पदबाट हट्नुपर्ने हुने काल्पनिक स्थिति खडा भए जस्तै इन्दिरा गान्धीसँग भयो । यो बडो घतलाग्दो टिप्पणी थियो र नेपालमा जन निर्वाचित प्रधानमन्त्रीले तोकिएको समयमा केही विशेष कारणले गर्दा निर्वाचन हुन नसक्ने भएकोले अर्को तिथिको सिफारिस गर्दा राजाबाट प्रधानमन्त्रीलाई बर्खास्त गरी यत्रो कदम चालिनु कुनै पनि अर्थमा टाइम म्यागजिनको टिप्पणीभन्दा फरक होइन । दुर्भाग्वश नेपालमा त्यस्तै भयो ।

निर्वाचन गराउने बारेमा हामीले प्रधानमन्त्रीलाई दबाव दिएका थियौं । निर्वाचन आयोगले तोकेको मितिमा निर्वाचन गराउने बारेमा मन्त्रिपरिषद्भित्र

गम्भीर छलफल भएको थियो। संवैधानिक विषयका विज्ञहरूले पनि आसन्न संकटको अनुमान गरेर निर्वाचन गराउने कुरामा जोड दिइरहेका थिए । तर, सरकारमा रहेका एकथरी मानिसहरू, राजनीतिक दलका मानिसहरू, उच्चपदस्थ सरकारी कर्मचारीहरू, सुरक्षानिकायका पदाधिकारीहरू समेतबाट निर्वाचन हुन नसक्ने भनी वातावरण बनाउँदै लगिएको थियो। नागरिक समाजबाट पनि यस्तै वातावरणलाई हावा दिइँदै थियो । लाग्दथ्यो, निर्वाचन नहुँदा मुलुकमा उत्पन्न हुनसक्ने भयावह स्थितिको कुनै अनुमान नै छैन ।

मुलुकमा यत्रो महत्त्वपूर्ण निर्वाचन हुनेवाला थियो। तर, यसअघि झैँ सरकार र निर्वाचन आयोगका बीच कुनै औपचारिक छलफलसम्म भएको थिएन। स्वयं निर्वाचन आयोग नै तयार नभएको देखिन्थ्यो । निर्वाचन आयोग र सरकारका बीचमा सामान्य सन्देशहरूको आदानप्रदान कि त पत्रहरूका मार्फत हुन्थे वा श्री ५ को सरकारका मुख्यसचिव विमल कोइरालाले कुराकानी गर्ने गर्दथे। मानौं निर्वाचन नहुने कुरामा निर्वाचन आयोग र सरकारी संयन्त्र पूरै ढुक्क भएर बसेको थियो।

निर्वाचन आयोगले आयोजना गरेको एउटा कार्यक्रममा जनपद प्रहरीका महानिरीक्षक प्रदीपशमसेर राणाले सार्वजनिक रूपमा सरकारको सोचविपरीत निर्वाचन हुन नसक्ने कुरा बताइसकेका थिए। प्रदीपशमसेर राणाका कुरा विगत केही महिनादेखि विवादास्पद हुँदै गएका थिए। असोज महिनामा मओवादीसँगको शान्तिवार्ता भंग भएपछि भविष्यमा अख्तियार गरिनुपर्ने रणनीतिहरूका सम्बन्धमा छलफल गर्न नारायणहिटी राजदरबारमा आयोजित मिटिङमा उनले प्रधानमन्त्रीकै सामुन्ने राजालाई सम्बोधन गरेर महाराजाधिराज सरकार स्वयंबाट शासनसत्ता आफ्नो हातमा लिइबक्सनु अब एकमात्र विकल्प भएको जाहेर गरेका थिए। राजाका अगाडि प्रहरी आई.जी.पी.ले प्रधानमन्त्रीलाई बेवास्ता गरेर यत्रो अवैधानिक कुरा गरेको सुनेर आफू छक्क परेको तथ्य स्वयं प्रधानमन्त्रीले मलाई बताउनुभएको थियो।

सेना भने यी सब प्रकरणमा नेपथ्यमा नै रहेर भूमिका निर्वाह गर्न चाह्यो। यता शाही नेपाली सेनाका बारेमा मेरो मनमा आफ्नै प्रकारको भिन्न धारणा बन्दै गएको छ। मेरो विचारमा सेना राजनीतिका संवेदनशील विषयहरूसँग वाकिफ छन्। र आफूले श्रद्धा गर्ने निकायका लागि वा आफ्नो ध्येयका लागि राजनीतिक विषयहरूमा समेत कुशलताका साथ भूमिका निर्वाह गर्न सक्दछ। निर्वाचनलाई केहीपर सार्ने बारेमा प्रधानमन्त्री निवासमा सर्वदलीय बैठक हुनु एक दिनअघि मात्र प्रधानमन्त्रीको कार्यकक्षमा सुरक्षानिकायका प्रमुखहरूको बैठक भएको थियो। यस बैठकमा गृहमन्त्री खुमबहादुर खड्कालाई बोलाइएको थिएन। गृहमन्त्रीलाई नबोलाउनका लागि नै यस बैठकलाई राष्ट्रिय



सुरक्षा परिषद्को बैठक भनिएको थियो। प्रधानमन्त्रीको अध्यक्षतामा गठित सो परिषद्मा प्रधानमन्त्री, रक्षामन्त्री र सेनाप्रमुख सदस्य हुने गर्छन्। आवश्यकता ठानिएका बेला गृहमन्त्रीलाई आमन्त्रित गर्ने गरिन्छ। त्यस दिनको बैठकमा प्रधानमन्त्री (रक्षामन्त्री स्वयं नै रहेको), सेना प्रमुख र आमन्त्रितका रूपमा सशस्त्र प्रहरीका प्रमुख कृष्णमोहन श्रेष्ठ तथा जनपद प्रहरीका प्रमुख प्रदीपशमसेर राणा समेतलाई बोलाइएको थियो । गृहमन्त्रीलाई आमन्त्रण गरिएको थिएन। यस बैठकमा तत्कालीन अवस्थामा सुरक्षा व्यवस्थाको कारणबाट तोकिएको समयमा निर्वाचन गराउन नसकिने भएको हुँदा सोहीअनुसार उपयुक्त कदम चाल्न सरकारसमक्ष अनुरोध गर्ने निर्णय गरिएको थियो। तर, रमाइलो कुरा त के भयो भन्ने, यस निर्णयको ठिक भोलिपल्ट, जुन दिन प्रधानमन्त्रीको निवासमा निर्वाचन सार्न सुझावका दिनका लागि सर्वदलीय बैठक हुँदै थियो लगभग सोही समयमा शाही नेपाली सेनाका प्रवक्ताले राजधानीमा आयोजित एक पत्रकार सम्मेलनमा : निर्वाचन गराउने वा सार्ने राजनीतिक निर्णयका विषय हुन्। जहाँसम्म सेनाको विषय छ, वर्तमान सन्दर्भमा शाही सेना सुरक्षा प्रबन्ध मिलाएर निर्वाचन गराउन सक्षम रहेको बताएका थिए। सेना स्पष्टतः निर्वाचनको विपक्षमा गएको थियो तर सार्वजनिक रूपमा उसको भनाइ अर्कै थियो।

तोकिएको समयमा निर्वाचन गराउनु संविधानतः सरकारको दायित्व हो। तर, यस दायित्वको निर्वाहको सन्दर्भमा प्रधानमन्त्रीको भूमिका द्वैध प्रकारको रह्यो। मेरो निश्चित मत छ कि त्यसबेला प्रधानमन्त्री शेरबहादुर देउवा तोकिएको समयमा निर्वाचन गराउने विषयमा प्रतिबद्ध हुनुहुन्थेन । निर्वाचनको उपक्रम प्रयोजनहीन हुनेछ भन्ने सोच देउवामा प्रबल भइसकेको थियो।

वास्तवमा निर्वाचनको मिति सार्ने सवालमा प्रधानमन्त्री निवासमा भएको सर्वदलीय बैठक एउटा आत्मघाती नाटकको मञ्चन बाहेक केही थिएन । शान्तिसुरक्षाको खराब स्थितिका कारणब तोकिएको समयमा निर्वाचन हुन नसक्ने भन्ने पूर्वनिर्धारित मनःस्थितिका साथ भएको सर्वदलीय बैठक छुट्टै बसेर प्रधानमन्त्रीलाई उपयुक्त निर्णयका लागि ज्ञापनपत्र दिइनुपर्नेमा यो बैठक स्वयं प्रधानमन्त्रीको अध्यक्षतामा प्रधानमन्त्रीको निवासमा भयो र प्रधानमन्त्रीलाई नै निर्वाचन पर सार्न उपयुक्त संवैधानिक कदम चाल्न सिफारिस गरिएको सर्वदलीय विज्ञप्तिमा दुर्भाग्यवश स्वयं प्रधानमन्त्रीले समेत हस्ताक्षर गर्नुभयो। यस विषयमा प्रधानमन्त्रीको भूमिका निर्णयकर्ताको हुनुपर्दथ्यो तर प्रधानमन्त्री स्वयं नै निर्वाचन पर सार्ने सिफारिसकर्ता पनि भइसकेकोले पछि निर्णय गर्दाको बखतमा प्रधानमन्त्रीको संवैधानिक भूमिकाको निर्वाह हुन सकेन। यसअघि नै प्रधानमन्त्रीले अर्को एक गम्भीर त्रुटि गरी सक्नुभएको थियो। स्वतन्त्र रूपमा सुरक्षा व्यवस्थाको आँकलनका साथ निर्वाचनलाई सार्ने विषयमा सरकारसमक्ष सेना, सशस्त्र प्रहरी र जनपद प्रहरीबाट सिफारिस आउनुपर्नेमा स्वयं प्रधानमन्त्रीकै अध्यक्षतामा बसेको

सुरक्षानिकायहरूको संयुक्त बैठकमा निर्वाचन पर सार्नका लागि प्रधानमन्त्रीलाई नै सिफारिस चढाउने निर्णय भयो । यहाँ उल्लेख गरिएको दुवै प्रसंगमा प्रधानमन्त्रीले मन्त्रिपरिषद्का सदस्यहरूसँग कुनै विचार विमर्श गर्नुभएन । गृहमन्त्री खड्का निर्वाचन गराउने विषयमा दृढ थिए तर उनलाई निर्वाचन सार्ने गृहकार्यमा सरिक गराइएन । पक्कै पनि प्रधानमन्त्रीलाई कतैबाट निर्वाचन नगराउने विषयमा सहमत गराइसकिएको थियो तसर्थ उहाँको भूमिका बिग्रँदै गएको परिस्थितिको गम्भीरतालाई बुझेर सपार्ने कार्यमा उपयोगी रहन सकेन ।

नेपालमा भइरहेको यस प्रकारका राजनीतिक हलचलको परख गरी भारत सरकारको दृष्टिकोणको निर्माण र त्यसको कार्यान्वयनका लागि असोजको दोश्रो साताको अन्त्यतिर भारतबाट महाराजकुमार रसगोत्रा र के.भी.राजन काठमाडौं आएका थिए। यिनीहरू दुवैजना नेपालका लागि भारतका चर्चित राजदूत रहिसकेका हुन्। यिनीहरूको राजदूतको रूपमा काठमाडौंको कार्यकालले यहाँको राजनीतिक क्षेत्रका धेरैको ध्यान तानेको थियो। यस टोलीले नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला तथा प्रधानमन्त्री शेरबहादुर देउवा दुवैलाई छुट्टाछुट्टै भेटेर नेपाली कांग्रेस विभाजित भई निर्वाचनमा गएमा ने.क.पा. (एमाले) को सरकार बन्ने अवश्यंभावी रहेको र नेपालमा कम्युनिस्टहरूको निर्वाचित सरकार भारतका लागि उपयुक्त नहुने हुँदा बरु निर्वाचन स्थगित हुनु नै ठिक हुने राय दिएका थिए। यस टोलीको विचार, कि त तुरुन्त नेपाली कांग्रेसको एकता हुनुपर्‍यो अथवा केहीकालका लागि निर्वाचनलाई सारेर यस पार्टीको एकता प्रक्रियालाई अगाडि बढाई अनि मात्र निर्वाचन गर्नुपर्‍यो भन्ने थियो । तर, भारतीय टोलीको यस मसविरा बमोजिम कोइराला र देउवा दुवै पक्षबाट कुनै पहल भएन। राजधानीको याक एन्ड यती होटेलमा भेटका दौरान पूर्व राजदूत के.भी. राजनले मलाई बताए : आफूहरूले यस्तै सुझाव कोइराला र देउवा दुवैलाई दिएको र यसो हुन नसकेको अवस्थामा केही पर्खेर निर्वाचन गराउनु नै श्रेयस्कर हुने ठानेको छु। मसँगको भेटमा उनीहरूको नेपालका राजासँग असोज १७ गते दर्शन भेट निर्धारित भएको बताएका थिए। यसलाई फगत संयोग मात्र नभनौं कि राजाले असोज १८ गतेको कारबाही गरिसकेपछि असोज १९ गतेका दिन भारतीय टेलिभिजन च्यानल दूरदर्शनको एक कार्यक्रममा रसगोत्राले राजाले गरेको निर्णयलाई ठिक भन्दै राजासँगको भेटमा आफूहरूले पनि सोहीअनुसार हुन सुझाव दिएको बताएका थिए। मलाई आज पनि लाग्दछ, राजा र पूर्व भारतीय राजदूतहरू बीचको यो भेट फगत संयोग मात्र थिएन। प्रधानमन्त्री पदबाट हटाइएपछि देउवाले मसँग पूर्व राजदूतहरूले व्यक्त गरेका उक्त आसयको पुष्टि गर्नु भयो। यद्यपि, देउवाले भन्नुभयो, भारतीय कूटनीतिज्ञहरूको सोचाइ ठिक थिएन। देउवाको विचारमा निर्वाचन हुन सकेको भए हाम्रो पार्टी नेपाली कांग्रेस (



प्रजातान्त्रिक)ले नै संसद्मा विजय हासिल गर्थ्यो......पुरुषस्यः भाग्यं, दैवो हि नजानाति कुतो मनुष्य......।

असोज १६ गतेको मन्त्रिपरिषद्को अन्तिम बैठकमा मैले एक प्रकारले हठका साथ नै प्रधानमन्त्रीलाई सोधेको थिएँ, प्रधानमन्त्रीजी यसरी अनपेक्षित रूपमा निर्वाचन सार्ने सोचाइमा पुग्नुको कारण के हो ? असहजताका साथ प्रधानमन्त्रीले बताउनुभयो : राजाले समेत भनिबक्सेको छ, ठूलो खुनखराबको बीच निर्वाचन गराउनु राम्रो हुँदैन। राजनीतिक दलहरूले निर्वाचनको विरोध गरेका छन्। प्रजातन्त्रमा राजनीतिक दलहरूको सम्मतिविना हुने निर्वाचनको के अर्थ रहन्छ र ? यस्तो निर्वाचनलाई मित्रराष्ट्रहरूले, अन्तर्राष्ट्रिय समुदायले समेत मान्यता नदिने हुनाले सबै कुरालाई विचार गरेर केही समयपछि निर्वाचन गराउनु नै ठिक हुने राजाको समेत राय रहेको प्रधानमन्त्रीले बताउनुभएको थियो। राजाले भनिबक्सेको थियो रे, पी.एम. यो तपाईंको अधिकार हो। संविधानअनुसार आएको सिफारिसलाई मान्न आफूलाई कुनै असुविधा नहुने राजाको अश्वासन देउवाले हामीलाई बताउनुभएको थियो। तर गृहमन्त्री खुमबहादुरजीको कडा अडान थियो, जसरी भए पनि कमसेकम एक निर्वाचन क्षेत्रमा भए पनि कार्तिक २७ गते निर्वाचन होस्। मैले तथा केही अरु साथीहरूले अडान लिएका थियौं, कार्तिक २७ गते नै निर्वाचन होस् भनेर। तर, प्रधानमन्त्री संविधानको धारा १२७ अनुसार राजालाई सिफारिस पठाउन दृढ निश्चयी हुनुनुहुन्थ्यो र सोही नै भयो।

यस प्रसंगमा मलाई आज एउटा अर्को कुराको सम्झना भएको छ । आसन्न संसदीय निर्वाचन सर्न सक्ने चर्चा चलिरहेकै बेलामा गृहमन्त्री खुमबहादुर खड्काको माओवादी नेताहरूसँग गोप्यरूपमा वार्ता चलिरहेको थियो । यस वार्ताको एउटा प्याकेज लगभग तय भएको थियो । यसअनुसार सरकारले पुनः वार्ताको आह्वान गर्दै माओवादीहरूलाई युद्ध विरामको अपिल गर्ने । साथै माओवादीहरूबाट अघिल्लो शान्तिवार्ताका समयदेखि अघि सारिएका केही मूलभूत मागलाई सरकारले पूरा गरिदिने । यस समझदारीअनुरूप माओवादीहरूले असोजको २० गतेदेखि युद्धविरामको घोषणा गर्ने र तदनुरूप पहिलो चरणको निर्वाचनलाई अगाडि बढ्न दिने र सोही प्रथम चरणको निर्वाचन अवधिभित्रमा शान्ति प्रक्रियालाई अन्तिम रूप दिने विषयमा सम्पूर्ण मापदण्डहरू निर्धारण गरी वार्ताको परिणाम स्वरूप मात्र अर्को चरणको निर्वाचन गराउने जस्ता विषयमा समझदारी भएको कुरा असोज १६ गते मन्त्रिपरिपषद्को बैठक हुनुअगावै खड्काले प्रधानमन्त्रीलाई अवगत गराउनुभएको थियो। हामीमध्ये धेरै मन्त्रीहरूको राय थियो कि सरकारले यस नयाँ अवसरको लाभ उठाएर मुलुकलाई समस्या समाधानको दिशातिर पुनः डोर्‍याउनु पर्दछ तर यसो हुन सकेन।

मैले धेरैअघि विख्यात भारतीय लेखिका मन्नु भण्डारीको एउटा पुस्तक पढेको थिएँ - महाभोज। बुर्जुवावादी सामाजिक चरित्रलाई चित्रण गर्दै उनले लेखेकी छन् : पाखण्डमा बाँचेका समाजमा विभिन्न वर्गका बीच आपसमा जति नै झै झगडा भए पनि आफ्नो वर्गको हित र भोगका लागि तिनीहरूमा समान प्रकारको स्वार्थको निर्माण हुन जान्छ। सबै विभेद र छुवाछुतलाई बिर्सेर सबैका लागि ग्राह्य हुने महाभोजमा सबै सरिक हुन सक्छन्। यस्तै महाभोज भयो नेपालमा। गिरिजाप्रसाद कोइरालालाई कुनै पनि हालतमा शेरबहादुर देउवा स्वीकार्य नहुने। माधवकुमार नेपाललाई जसरी भए पनि निर्वाचित प्रधानमन्त्रीलाई प्रतिपक्षको विरोधको कारणबाट हटाउन सकिने मान्यता यही मौकामा स्थापित गर्नुपर्ने। राजालाई आफूमा निहित अवशिष्ट अधिकारको प्रयोग गरी जसरी भए पनि संवैधानिक प्रजातन्त्रमा प्रधानमन्त्रीको नियुक्ति आफूले गरेर सार्वभौमसत्ताको केन्द्रबिन्दु को हो ? यो देखाउनै पर्ने। कार्तिक २७ गते हुने भनिएको निर्वाचन सार्नका लागि यी सबै पक्षका बीच कायम भएको यही विजातीय तर नवगठित वर्गीय स्वार्थ संवर्द्धन गर्ने ऐक्यभावले गर्दा हाम्रो प्रजातन्त्र महाभोजको खान्कीमा रूपान्तरित भयो। भोज जहाँसुकै पस्किएको होस् परिकार खाने कार्य मात्र हुन्छ।

**कार्तिक २८, ०५९** Nov 14, 002

आज लगभग दिनभरी नै वर्माको प्रजातान्त्रिक आन्दोलनका नेतृ आङ सान सु की (Anng San Suu Kyi) को जीवनी पढें। आजै दिउँसो ३ बजेको समाचारमा ऋषिकेश शाहजीको जीवनलीला समाप्त भएको सुनेर मन दुःखी भएको छु। हिजो मध्यरातको १:०० बजे उहाँको निधन भयो। ऋषिकेशजी यस राष्ट्रका एक प्रबुद्ध एवं ज्ञानी व्यक्तित्व हुनुहुन्थ्यो। मैले विभिन्न प्रयोजनका सिलसिलामा उहाँलाई पटक पटक भेटेको हुँ र उहाँका व्यक्तित्वका कतिपय पक्षहरूबाट आफूलाई प्रभावित भएको ठान्दछु । अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालका एक सिद्धहस्त र सफल कूटनीतिज्ञको रूपमा चिनिएका शाहजीको मुलुकभित्रको राजनीतिक जीवन कतिपय अर्थमा विवादास्पद पनि रहेको छ। नेपाल जस्तो मुलुकमा आफ्नै सोच र चिन्तनको आधारमा राजनीति गर्नेहरूका लागि यो नयाँ कुरा होइन। म सम्झन्छु, एक पटकको भेटमा उहाँले भन्नुभएको थियो : इतिहासका घटनाक्रमहरूका बारेमा मानिसहरूको सोच र अभिव्यक्तिले सधैं तादात्म्य राख्दैन। यसलाई, व्यक्त गर्नेको जीवनको मूल्य प्रणाली (भ्यालु सिस्टम)ले निर्देशित गर्दछ। मानिस जुन प्रकारका मूल्य र मान्यताहरूलाई अँगालेका हुन्छन्, परिस्थितिको व्याख्या एवं मूल्यांकन गर्नमा त्यसैको अहं भूमिका रहन्छ। आफ्ना जीवनका कतिपय विवादित भनिएका पक्षहरू तथा नेपालमा खास गरी प्रजातन्त्रोत्तरकालका राजनीतिज्ञहरूका बारेमा एकथरि व्यक्तिहरूको



जहिल्यै पनि कटु आलोचना रहिआएको कारणका बारेमा उहाँले उक्त कुरा भन्नुभएको थियो। उहाँको दिवंगत आत्माले शान्ति पाओस्।

असोज १८ गतेको शाही निर्णयपश्चात् प्रथमपटक राजदरबारबाट शाही कदमको आलोचना गर्ने नेताहरूसँग भेटघाट प्रारम्भ भएको छ। समाचारहरूबाट ज्ञात भएबमोजिम हिजोदेखि राजाबाट यस्तो परामर्शको प्रक्रिया प्रारम्भ भएको छ। आज ने.कां.का सभापति गिरिजाबाबुसँग राजाको भेट भयो। यस भेटघाटको विवरण थाहा हुन सकेको छैन। आज हामीलाई भेट्न आएका केही वरिष्ठ साथीहरूबाट पनि यस विषयमा केही जानकारी पाइएन। हामी थुनामा परेपछि आज प्रथमपटक प्रहरीको उच्च निकायसँग अनुमति लिएर प्रदीप गिरी, पूर्णबहादुर खड्का तथा दीपकुमार उपाध्यायहरू हामीलाई भेटन आउनुभएको थियो। सायद अब हामीलाई निर्बाध भेटघाट गर्न दिन्छन् कि ? उहाँहरू निकै बेरसम्म बसी यस बीचका राजनीतिक घटनाक्रमका बारेमा जानकारी गराउनुभएको थियो। शेरबहादुर देउवा पनि सम्भवतः हामीलाई भेट्न आउनु हुने कुरा उहाँहरूबाट थाहा पाइयो।

**कार्तिक २९, ०५९** Nov 15,002

आज काठमाडौंबाट प्रकाशित भएका अखवारहरूमा राजासँग विभिन्न राजनीतिक दलका नेताहरूको भेटको चर्चा बडो प्रमुखताका साथ छापिएको छ। राजाको यस कार्यलाई कतिपय अखवारहरूले राजनीतिक सहमतिका लागि थालिएको प्रशंसनीय कार्य भनी आडम्बरी शब्दहरूबाट अभिनन्दन गरेका छन्। नेपालको प्रेसले सदैव चमत्कार गर्न सक्नेको अभिनन्दन गर्नमा रमाइलो मानेका हुन्छन्। अहिलेको चामत्कारिक शक्ति राजामा नै छ भन्ठानेर सायद यस्तो भएको हुनुपर्दछ।

राजदरबारको भेटमा वर्तमानको राजनीतिक गतिरोधलाई समाप्त पार्न नेताहरूले आ-आफ्ना दृष्टिकोण राखेका छन्। तर, मलाई लाग्दछ, नेताहरूले राजाको कदमको वस्तुगत पहिचान गरेर कुनै सोचाइ बनाएका छैनन्। न त स्वयं राजाबाट नै असोज १८ को शाही कदमलाई कुनै जटिल समस्या नै बुझेर यसको समाधानका लागि नेताहरूसमक्ष कुनै कार्ययोजनाको प्रारूप नै प्रस्तुत गर्न सकिएको छ। अखवारहरूमा छापिएका विवरणअनुसार यस भेटघाटका दौरान राजाबाट आफूले चालेको कदमको समर्थन खोजिएको र दलहरूले सर्वदलीय सरकारलाई समाधानको रूपमा प्रस्तुत गरेको बाहेक अरू केही नयाँ कुरामा छलफल भएको देखिदैन।

हालैको घटना र विचार साप्ताहिकले ०१७ सालमा राजा महेन्द्रले कू गर्दाका बखत देशवासीका नाममा दिएको वक्तव्य र वर्तमान राजाले असोज १८ गते पाठ गरेको वक्तव्यका पूर्ण विवरणहरू प्रकाशित गरेको छ। वस्तुतः नितान्त

भिन्नाभिन्नै राष्ट्रिय परिस्थितिमा चालिएका यी दुवै शाही कदमको भाषामा भने कुनै तात्त्विक अन्तर छैन । शाहवंशीय राजाहरूको लोकसम्मतिलाई कदर गर्ने परम्परा, निर्वाचित सरकारले जन अपेक्षित कार्यहरू गर्न नसकेकोमा राजाको गुनासो, मुलुकमा विकास नभएर सर्वत्र गन्जागोल भइरहेको अवस्था, मुलुकवासीको हितलाई ध्यानमा राखी राजसंस्था चुप लागेर बस्न नसक्ने राजाको कर्तव्य अनि हामीबाट गरिएको एउटा अन्तरिम व्यवस्था र यसलाई सबै राजभक्त नेपालीहरूबाट सहयोग हुने नै छ भने दृढ विश्वास ....। दुवै सन्देशहरूको एउटै भाषा र भावना रहेको छ । तर, दुवै समयमा तत्काल राजाहरूबाट देशलाई उभो लाउने कुनै सर्वसम्मत वैकल्पिक राजनीतिक संरचना र समस्या समाधानको रोडम्याप प्रस्तुत गर्न सकिएको छैन ।

वि.सं.२०१७ साल पौष १ गतेका दिन निर्वाचित संसद्लाई विघटन गरी मुलुकको कार्यकारिणी अधिकार राजामा राखियो । माघको २२ गते सबै राजनीतिक दलहरूलाई प्रतिबन्धित गरियो । २०१९ सालमा आएर मात्र पंचायती संविधान लागू भयो । यसबीचको अवधिमा कयौं सरकार फेरिए । अहिले पनि त्यस्तै सम्भावना देखिएको छ । असोज १८ गते निर्वाचित सरकारलाई 'असक्षम' भनी अपदस्थ गरियो । कार्यकारिणी अधिकार राजामा राखेर आफूखुसी असोजको २५ गते प्रधानमन्त्री नियुक्त गरियो । अब फेरि मन्त्रीहरू थप्ने चर्चा सुरु भएको छ । एक महिना नाघिसक्यो । मुलुक कुन बाटोतिर जाँदैछ, कोही भन्न सक्ने स्थितिमा छैनन् । र, यत्रो दूरगामी कदम चालेर स्वयं राजाबाट के हासिल गर्न खोसिएको हो ? यसबारे दरबार मौन रहेको छ ।

दरबार प्रायोजित ढंगबाट राजाको कदमको ठूलो अभिनन्दन सुन्ने आत्मश्लाघामा लागेको देखिन्छ । लाग्दछ, अब मुलुकमा राजेच्छाको भरमा मात्र विकासको कयामत हुनेवाला होस् । तर, अब हामी पुग्ने कहाँ हो ? यसबारे राष्ट्रमा अपवाद बाहेक कुनै गम्भीर चिन्तन देखिदैन । आफ्नो यात्राको २५० भन्दा बढी वर्षहरूमा साख कमाएको राजसंस्था छानी छानी असहमत प्रजाहरूको हुर्मत लिने कार्यमा तल्लीन छ ।

हामी सबैलाई थाहा छ, संसदीय प्रजातन्त्र जसरी अगाडि बढ्नु पर्दथ्यो, हामीले हाँक्न सकेनौं । यसको प्रयोगका दौरान स्वाभाविक अस्वाभाविक रूपमा अनेकौं विकृति पनि देखा परे । यसमा सुधार हुने वा गरिने अनेकौं सम्भावना छँदै थियो । यतापट्टी जनप्रतिनिधिहरूको मात्र होइन, स्वयं राजाको पनि दृष्टि पुगेन । भर्खरै निर्वाचित भारतका राष्ट्रपति ए.पी.जे.अब्दुल कलाम आजादले आफ्ना आत्मकथ्ययुक्त पुस्तक Ignited Minds को एक प्रसंगमा राष्ट्रपति आसामको तेजपुर विश्वविद्यालयको दीक्षान्त समारोहमा भाग लिन गएका बेला त्यहाँका छात्रहरूको एउटा जत्थाले सोधेको प्रश्न बारे लेख्नुहुन्छ, उहाँलाई छात्रहरूले



सोधेका थिए : प्रायशः बढी बाढी आइरहने ब्रह्मपुत्र नदीको पानीलाई हामी धेरैजसो सुख्खा भइरहने राजस्थान तथा तमिलनाडु राज्यतिर किन मोड्न सक्दैनौं ? राष्ट्रपति भन्नुहुन्छ, छात्रहरूले सोधेका यस प्रश्नबाट म चकित भएँ । भारत जस्तो मुलुक जहाँ नदीहरूको पानी राज्य सरकारको क्षेत्राधिकारको विषय हुन्छ र राज्यहरूले आपसमा पानीको हक स्थापित गर्नका लागि प्रायशः झै-झगडा गरिरहेका हुन्छन् । जब कि अमूल्य पानी यत्तिकै खेर गएर अनेकौं राज्यमा प्रलयकारी नोक्सानी पुऱ्याइरहेको हुन्छ । राष्ट्रपतिलाई लाग्दछ, यो प्रश्न र विषय त इन्डिया मिसन २०२० को एजेन्डा बन्नुपर्दछ । यस्ता नदीबाट खेर गइरहेको अथाह पानीलाई विभिन्न राज्यहरूको सीमालाई छिचोलेर सुख्खाग्रस्त राज्यहरूको उन्नतिका लागि कसरी उपयोग गर्न सकिन्छ यस विषयमा तत्काल सोच्नु आवश्यक छ भन्दै, उहाँ भन्नुहुन्छ : मैले त्यहाँबाट फर्कनासाथ यो कुरा प्रधानमन्त्री अटलविहारी वाजपेयीलाई बताएँ, वाजपेयी अत्यन्त सकारात्मक देखिनुभयो र यसको बलियो सम्भावनालाई स्वीकार्नु भयो ।

आज नेपालमा बस्ने हामीमध्ये धेरैलाई थाहा हुनुपर्दछ कि भारतमा आजभोलि दुईवटा स्वप्न योजनामा युद्धस्तरमा काम सुरु भएको छ । एउटा, भारतका सबै महत्त्वपूर्ण महानगरहरूलाई सडक यातायातबाट जोड्ने प्रधानमन्त्री अटलविहारी वाजपेयीको योजना र अर्को भारतका राष्ट्रपति अब्दुल कलामको ठूला नदीहरूलाई आपसमा जोड्ने स्वप्न योजना ।

आफ्ना मुलुकहरूलाई समयको कसीमा सान्दर्भिक बनाउने विश्वका अनेकौं राजा तथा राष्ट्रपतिहरूका उदाहरण हाम्रा सामु छन्, जहाँ व्यवस्थाको असफलतालाई राष्ट्रको नै असफलता मान्ने राष्ट्राध्यक्षहरूले आफूहरूलाई सरकारको सीमाभन्दा निकै माथि राखेका हुन्छन् । जहाँ सरकारहरूको गठनहरूमा राष्ट्राध्यक्षहरूको आकांक्षा पूर्णतः निरपेक्ष रहेको हुन्छ । राजाको रूपमा राष्ट्राध्यक्ष रहेका पनि अनेकौं यस्ता उदाहरण छन्, जहाँ राजाहरूले शासनमा हस्तक्षेपको दैवी अधिकारलाई त्यागेर विकासका दिशा निर्देशकको रूपमा अत्यन्त सम्मानित स्थान बनाएका छन् । के हामीले स्वीकारेको संसदीय व्यवस्थामा, संसद् भवनको सभाकक्षमा सभामुखको कुर्सीको मास्तिर रहेको प्रायशः खाली रहने राजगद्दी र श्रीपेचको कुनै संवैधानिक अर्थ र दायित्व छैन ? के राजा स्वयंले स्वीकारेको र हालसम्म दुहाई दिइने संसदीय व्यवस्थामा किंग इन पार्लियामेन्ट होइन र ? के राजा प्रत्यक्ष शासनमा हस्तक्षेप नगरेर पनि संविधानतः राज्य संचालनबाट पृथक् र अछुतो मानिन सक्छ र ? होइन भने नेपालमा किन राजाबाट सधैं संसदीय व्यवस्थाको मानमर्दन भइरहेको हुन्छ ? दुर्भाग्यवश हामीकहाँ स्वयं राजामा आफ्नो क्षेत्राधिकारको विस्तार कसरी गर्ने उद्यमता मात्र देखियो । पथप्रदर्शकको भूमिका देखिएन ।

नेपालमा सबै पक्षबाट सामुन्ने देखिएको परिस्थितिको तत्कालीन फाइदा उठाएर आ-आफ्नो नियोजित सोचलाई व्यवहारमा रूपान्तरित गर्ने कार्यका लागि व्यवस्थालाई दोषी देखाउने कार्य मात्र भयो । स्वयं राजाबाट पनि यसतर्फ ध्यान गएन कि वि.सं. २०५८ सालमा ५ प्रतिशतमा पुगेको मुलुकको आर्थिक वृद्धिदर २०५९ मा ३.५ प्रतिशतमा किन झरेको छ। आजसम्ममा त झन् सोही तुलनात्मक अवधिमा ४ प्रतिशतमा पुगेको कृषिको वृद्धिदर अहिले किन ३ प्रतिशतमा झरेको छ ? औद्योगिक क्षेत्रको वृद्धिदर वि.सं. २०५८ को अनुपातमा २०५९ मा ३.५ प्रतिशत बढेकै छ । तर, सोही अवधिमा सेवाक्षेत्रको वृद्धिदर ७.३ को तुलनामा २०५९ मा २.५ मा किन झरेको छ ? यस्तो किन भयो ? के साँच्चै बहुदलीय प्रजातन्त्रमा मुलुकको विकास नभएकै हो त ? यो सत्य होइन। मुलुकमा संसदीय प्रजातन्त्र लागू भएयता आर्थिक क्षेत्रमा अपेक्षा गरिएअनुसार विकास नभए पनि यस्ता अनेकौं सकारात्मक संकेत देखा परेकै हुन् । तर, वि.सं. २०५९ मा आएर किन यसमा ह्रास आयो ?

हामी सबैलाई थाहा छ, यसको कारण संसदीय व्यवस्थाको असफलता होइन, जसलाई अहिले कारण बनाउन खोजिएको छ । अपितु मुलुकको बिग्रँदो स्थितिको कारण माओवादी समस्या हो । यसमा राजाले पनि विमति जनाउने ठाउँ छैन । यस सत्यलाई स्वीकार्ने हो भने, राजाले सदैव शक्ति अधिग्रहणको आफ्नो उद्यमशीलतालाई न्यायोचित सिद्ध गर्न संसदीय व्यवस्थालाई सर्वथा अनुचित र भ्रष्टाचार जन्माउने यन्त्रशालाको रूपमा किन प्रस्तुत गर्ने ? स्वयं राजाबाट मुलुकको अवनतिको मूल कारकतत्त्वको पहिचान गरेर यसको निदानका लागि संविधानमा व्यवस्था भएअनुसार नै किन पहल हुन सकिरहेको छैन। नेपालीहरूले राजाबाट चालिएको यस कदमका पछाडि विकल्पका एजेन्डाहरू किन हेर्न पाएका छैनन् ? के विगतमा विभिन्न सरकारले गरेका राज्य संचालनका क्रममा फुटकर रूपमा दरवारले देखाउँदै आएका विमति नै राजाका एजेन्डा हुन् त ? अहिलेसम्म दरवारले राजदूतहरूको नियुक्तिमा अप्रसन्नता देखाएको छ । संवैधानिक नियुक्तिहरूमा दरवार खुसी नरहेको कुरा सुनिन्छ । कहिले बाढीपहिरो गएका बेला सरकारलाई चिठी लेखिएको सुनिन्छ । यदाकदा कुनै कानुनको निर्माणमा पनि राजाको अप्रसन्नता देखिन्छ । के अब राजदरवार र सरकारका बीचमा यिनै कुराको व्यवस्थापन गर्न सक्ने प्रविधिको निर्माण वा त्यस अनुकूलको सरकारहरू बनाउने राजालाई अधिकार हुँदा मुलुकका समस्याको समाधान मानिन्छ र ? के हामीले भोगिरहेको माओवादी समस्याको निदान यिनै कुरारुको व्यवस्थापनबाट सम्भव छ र ? होइन भने, के हो त अब राजाको रोडम्याप ? मैले राजनीतिक दलका नेताहरूसँग तत्कालै राजाको समझदारीको सम्भावना देखेको छैन ।



**कार्तिक ३०, ०५९** Nov 16,002

मैले हिजो राजासँग वर्तमान राजनीतिक गतिरोधलाई समाधान गर्ने कुनै रोडम्याप नभएको कुरा लेखेको थिएँ । कहिलेकाहीँ लाग्दछ, यो समस्या जन्माउने राजाको मनसाय त नियोजित थियो नै तर त्यसको मुहूर्तका लागि असोज १८ गतेको दिन भने विचारित थिएन ।

आज अनायास मलाई त्यस दिनको सम्झना भइरहेको छ। असोज १६ गते मन्त्रिपरिषद्को बैठकबाट तोकिएको मितिमा निर्वाचन हुन नसक्ने भएकाले अर्को मिति निर्धारण गर्न तथा यस कार्यमा आएको संवैधानिक बाधा अड्चन फुकाउन संविधानको धारा १२७ अनुसार राजासमक्ष सिफारिस गर्ने निर्णय भएको थियो । दरबारमा सिफारिस पठाउनुअघि प्रधानमन्त्रीले राजासँग कुरा गर्नुभएको थियो । त्यस आधारमा दिउँसोको ३ बजेभित्र दरबारमा सिफारिस पुग्नुपर्ने र ढिलो भए पनि राति ७ बजेको रेडियो नेपालको समाचारबाट दरबारको विज्ञप्ति आउने आशाका साथ प्रधानमन्त्रीले हाम्रा सामु आफ्नो अपेक्षा राख्नुभएको थियो। यद्यपि, मन्त्रिमण्डलका हामी केही साथीहरूले यो सिफारिस राजदरबार पस्नासाथै राजनीतिको अनिष्ट मात्र बाहिर आउने कुरामा कुनै शंका राखेका थिएनौं । विगत केही समयदेखि मन्त्रिपरिषद्का सदस्यहरूमा खुमबहादुर खड्का, बलबहादुर केसी, पूर्णबहादुर खड्का र म समेतका हामीले विभिन्न विषयमा निरन्तर रूपमा आशंका तथा कटु प्रतिक्रिया व्यक्त गर्दै आएको हुनाले सके अबको यस अन्तिम समयमा प्रधानमन्त्रीका बारेमा प्रश्नरहित नै रहौं भने मानसिकता बनाएका थियौं ।

त्यस दिन क्याबिनेटको बैठक सकिएको पनि थिएन । यही बेला राजाबाट मनोनीत राष्ट्रिय सभाका सदस्य रमेशनाथ पाण्डेको मेरो मोवाइल सेटमा फोन आयो । उनले बडो चासोका साथ सोधे : जेपी मलाई थाहा छ, तपाईंहरूको क्याबिनेटको गम्भीर बैठक चालू छ होला । कृपया मलाई यति मात्र बताउनुहोस्, १२७ अनुसारको सिफारिस भयो कि भएन ? पाण्डेसँग मेरो मित्रवत् सम्बन्ध छ । भेटघाट तथा फोनादिमा यस्तो सोधिखोजी भइरहन्थ्यो । मैले पनि सहजताका साथ भने : तपाईंको मस्यौदाअनुसार भयो, भएन थाहा छैन । तर, सिफारिसको निर्णय भयो । यो सुनेर रमेशनाथ बडो जोरले हाँसेर भने जयप्रकाशजी हामीमध्ये कसैलाई यो भ्रम नहोस् कि हामी मस्यौंदाकार हौं । वास्तवमा जो मस्यौंदाकार हुन् उनीकहाँ जस्तो मस्यौंदा पुगे पनि हुन्छ । तर, पुग्नु पर्‍यो । पाण्डे गम्भीर कुराहरू लाक्षणिकताका साथ भन्न सिपालु मानिन्छन् । मैले बुझ्ने प्रयास गरेको थिएँ, .....नरो वा कुन्जरो ....अश्वत्थामा हतोहतः । पाण्डेले मलाई आभास गराएका थिए, राजालाई त खेल्ने आधार मात्र चाहिएको

हो । न बढी न कम । सायद जानेर वा नजानेर एउटा विशेष परिबन्दमा परी सरकारले यो काम गरिसकेको थियो । त्यसपछिको काम राजाको थियो ।

सोही दिन साँझ ६.३० बजे रेडियो नेपालका महानिर्देशक शैलेन्द्रराज शर्माले मलाई फोनमा बताए : दरबारले रेडियो र टी.भी. दुवै निकायलाई कुनै पनि बेला दरबारमा आउने गरी तयार रहने खबर गरेको छ । यी निकायहरूले क्यामेरा र टेप रिकर्डरका साथ एक एकवटा टोली नै त्यही सुत्ने प्रबन्ध नै मिलाइसकेका थिए । सायद यस्तै आदेश थियो क्यार । रेडियो र टि.भी.का परिसरमा सधैं रहनेभन्दा केही माथिल्ला दर्जाका सैनिक अधिकारीहरू आइसकेका थिए । यसको साथै दरबारले दुवै विद्युतीय सञ्चारमाध्यममा काम गर्ने सम्पादकहरूको नामावली मागिसकेको थिए र राजदरबारको स्वीकृति बेगर प्रधानमन्त्री वा अन्य कुनै मन्त्री तथा सरकारको तर्फबाट जारी गरिने कुनै पनि वक्तव्य आदि प्रसारित नगर्न कडा हिदायत सम्बन्धित संस्थाका प्रमुखहरूलाई दिइसकिएको थियो । दरबारको यी सचेतताले म छक्क परेको थिएँ । यी सब तयारीले स्पष्ट संकेत गर्दथ्यो कि अब दरबारबाट विज्ञप्ति होइन, कुनै खास सम्बोधन वा कुनै विशेष कारबाहीको सूचना आउनेछ । मैले यी सब कुराको जानकारी यथासमय प्रधानमन्त्रीलाई गराएँ । तर, उहाँले यसलाई सामान्य रूपमा लिनु भयो । त्यसपछि उहाँले गर्नुपर्ने कामहरू खास केही न भएर पनि त्यसो निरपेक्ष देखिनुभयो होला । भोलिपल्ट असोज १७ गते दिनभरी नै यही स्थिति कायम रह्यो ।

असोज १८ गते साँझ ६.४५ बजे नेपाल टी.भी. र रेडियो नेपालका महानिर्देशकहरूलाई रेकर्डिङ टोली सहित तुरुन्त नारायणहिटी दरबार आउन भनियो । तर, १०.०० बजे मात्र राजाले सम्बोधन गर्ने भनिएको सन्देशको पाठले अन्तिम रूप लियो । यसबीचमा दरबारभित्र गम्भीर विचार विमर्श चलिरह्यो । त्यस दिन दरबारमा त्यहाँका पदाधिकारीहरू बाहेक श्री ५ को सरकारका मुख्यसचिव विमल कोइराला, कानुन सचिव उदय नेपाली, महान्यायाधिवक्ता, लोकेन्द्रबहादुर चन्द र रमेशनाथ पाण्डे आदिलाई विशेष रूपमा बोलाइएको थियो र यिनीहरू छलफलमा समावेश थिएँ । राति १०.०० बजे सन्देशको पूर्णपाठ तयार भएपछि राजाबाट वाचन भई त्यसको रेकर्डिङ गरियो । र, दरबारबाट स्टुडियोसम्म सँगै गएका उच्च सैनिक अधिकृतहरूको उपस्थितिमा राति ११.०० बजेको समाचारमा प्रसारण गराइयो । यतिञ्जेलसम्म सञ्चारमाध्यमका त्यहाँ रहेका कुनै पनि कर्मचारीलाई फोनबाट कतै बाहिर सम्पर्क गर्न दिइएको थिएन । त्यहाँबाट फर्केपछि एकजना कर्मचारीले मलाई बताए : अब आजपछि नेपालमा के के हुने हो थाहा छैन तर यथार्थमा मैले आज राजनीतिको कू देखें ।



वास्तवमा असोज १८ गते राजाको सन्देश आउनुभन्दा केही अघिसम्म राजा र दरबार भावी कदमका आधारमा बन्ने संरचनाका बारेमा कुनै ठोस निष्कर्षमा पुगेको जस्तो देखिएन । राजाले संवैधानिक क्षेत्रमा गम्भीर हस्तक्षेप गर्ने कुरामा दरबारभित्र कुनै मतभेद थिएन । यस कार्य लागि स्वयं राजामा कुनै पनि प्रकारको असहजता देखिएको थिएन । तर, विश्वसामु खुलारूपमा राजाबाट संविधान मिचिएको नदेखाउनका लागि र दलहरूको भूमिका समाप्त नभएको आभास दिनका लागि दरबारसित तत्काल कुनै सुविचारित रूपरेखा रहेको देखिएन । भनिन्छ, प्रधानमन्त्री शेरबहादुर देउवाले राजेच्छाअनुसार राजीनामा गर्ने कुरामा राजालाई शंका थिएन । तर, देउवासँगको अपेक्षाका विपरीत कुरा आएपछि दरबार केहीकालका लागि अन्योलमा परेको थियो । यसरी प्रधानमन्त्रीको सिफारिसलाई मौका सम्झेर तत्काल दरबारबाट चालिएको असोज १८ को कदमलाई यतिका दिन पछि अब कुन उद्देश्यका लागि खतरारहित तवरबाट अवतरण गराउने यसबारे आज पनि दरबारसँग कुनै रोडम्याप देखिदैन ।

## मंसिर २, ०५९ Nov 18, 002

हिजो चाहेर पनि केही लेख्न सकिनँ । थुनामा बस्दा कुनै अद्वितीय कुरो लिपिबद्ध गर्न होइन, बरु यसै बहानामा केही समय बितोस् भन्ने अपेक्षाका साथ केही दिनदेखि लेख्ने कार्य थालेको हुँ । थाहा छैन, यसको निरन्तरता रहन्छ कि रहन्न ।

गएको शुक्रवारका दिन सरू छोरा अनुष्कलाई लिई आएकी थिई । थुनामा अनुष्कसँग यो मेरो दोश्रो भेट थियो । शनिवारको छुट्टी सकेर स्कुल जानुपर्ने भएकाले भेट्न आएका थिए । आज मेरा सामु अनुष्क बडो स्थीर र भावविहीन थियो । थुना कोठामा ऊ मेरो सामुन्ने बसुन्जेलसम्म अन्य कुराकानीभन्दा पनि भुइँ, भित्ता, छानाका अतिरिक्त झ्यालबाट कोठा बाहिरका दृश्यहरू हेर्नमा नै प्रायशः समय बितायो । वास्तवमा आज ऊ असहज थियो । मैले उसलाई केही सहज तुल्याउने कोसिस गरेँ । तर, ऊ आफू अनुकूल नै रह्यो । कस्तो संयोग, म थुनामा पर्नुभन्दा तीन चार दिनअघि मात्र अनुष्क र म सँगै टेलिभिजनको स्टार च्यानलमा प्रसिद्ध भारतीय अभिनेत्री सिमी ग्रेवालले पाकिस्तानी पूर्व प्रधानमन्त्री र हाल निर्वासनमा रहेकी बेनजिर भुट्टोसँग लिएको अन्तर्वार्ता हेरेका थियौं । अनुष्कले बडो धैर्यका साथ त्यस वार्तालापलाई सुनेको थियो । राजनीति र समाज सेवामा लागेका व्यक्तिहरूलाई राजनीतिक असहमतिका कारणबाट कसरी मुद्दा मामिलाहरूमा फसाइन्छ र प्रताडित गरिन्छ, यसबारे बेनजिरले बताएका कुराले उसलाई प्रभावित पारेको थियो । अनुष्क पनि असमयमा यी सब कुरा बुझ्न बाध्य हुँदै गएको जस्तो मलाई लागेको छ ।

यस भेटमा मैले उसमा उमेरले ल्याउने केही स्वाभाविक परिवर्तन आएको ठम्याएँ। भर्खरै १३ वर्षमा प्रवेश गरेको छोरोमा बढेको उमेरले उत्पन्न गरेको प्रभावलाई मैले देखेँ, जुन मेरो उमेरको परिवर्तनको क्रममा मैले आफूमा अनुभव गर्न पाएको थिइँन। मेरो आफ्नो बारेमा मेरो सोच छ कि म एकैपटक हुर्के। वास्तवमा शरीरमा सुस्तरी हुने परिर्वनको मैले आफूमा सम्झना राख्ने खालका कुनै स्मरण जोगाउन पाएको छैन। तर, अनुष्कमा उमेरले ल्याउने परिवर्तन देख्दैछु। अब अनुष्क हुर्कदै बढ्दो छ, ठानेको छु। छोरा स्कुल जाने बेलामा सरू बढी चिन्तित देखिएकी छन्। तर, मेरा बारेमा अनुष्क केही बढी नै संवेदनशील भएको सोचेर होला, सरू त्यसदिन अश्रुपुरित थिई। त्यसैले होला, मैले सामान्य चासो व्यक्त गरेर अब उसको राम्रो पढाइ नै मेरो थुनावासको खानापूर्ति हो भनेर उनीहरूलाई बिदा गरेँ। सायद यसैको प्रभावमा परेर होला, उनीहरू गइसकेपछि हिजो मलाई लेख्ने काममा जाँगर आएन।

आज बिहान १० बजेतिर एकजना प्रहरी अधिकृतले हामीलाई जानकारी दिए कि माथिबाट खबर आएको छ, पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा हामीलाई भेट्न आउने भनेर। उनले हामीलाई सकभर छिट्टै खाना खाइवरी तयार हुन भने। सायद यसैले होला हाम्रो थुना परिसरमा प्रहरीहरूको सक्रियता निकै बढेको देखिन्थ्यो। तत्कालै एक दुईजना सिकारु प्रहरी जवानहरू आएर हाम्रो कोठा सफा पारी गएका थिए। यस्तो मौकामा प्रहरीहरू तत्कालै धेरै कुरा मिलाउन सिपालु हुन्छन्।

पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा हामीलाई भेट्न ११:३० बजेतिर आउनुभयो। हामी पक्राउमा परेको दिन सिंहदरबार थुनामा पुऱ्याइएको लगत्तै मोवाइलमा फोन गरी उहाँले यस घटनाबाट आफूलाई दुःख लागेको भन्नुभएको थियो। त्यसपछि हामीसँग मोवाइल फोन लिइएको थियो। हिजो नेपाली कांग्रेस (प्रजातान्त्रिक)को केन्द्रीय समितिको बैठकमा हामीलाई भेटघाट गर्न नदिई नजरबन्दमा राखिएको विरोधमा एक प्रस्ताव पास भएको समाचार आजका लगभग सबै दैनिक अखवारमा छापिएपछि उहाँले भेट्ने अनुमति पाउनुभयो होला। जे होस्, देउवाजीको आगमनबाट हामी खुसी भएका थियौं।

देउवा मुलुकको प्रजातान्त्रिक आन्दोलनको दौरान आठ वर्षभन्दा बढी समयसम्म जेलमा बस्नुभएको थियो। हामी पनि धेरथोर जेलका भुक्तभोगी थियौं नै, सम्भवतः त्यसैले होला, जेल बसाइँका अन्य पक्षहरूका बारेमा हामीबीच खास कुराकानी भएन। हामी बाहिरका राजनीतिक वातावरणबाट एक प्रकारले अनभिज्ञ थियौं र देउवाले हामीलाई केही यथार्थ घटनाक्रम तथा राजनीतिक गन्तव्यका बारेमा बताउन सक्नुहुन्छ भन्ने अपेक्षाका साथ त्यही विषयमा कुरा होस् भन्ने हाम्रो चाहना थियो। केही समयदेखि राजाले सुरु गरेको राजनीतिक



नेताहरूसँगको भेटघाटप्रति मेरो बढी चासो थियो। यसबारे के हुँदैछ ? मेरो जिज्ञासामा देउवाले भन्नुभयो- 'यस प्रकारका भेटघाट राजाका नाटक मात्र हुन्। यसले कुनै सकारात्मक परिणाम दिँदैन।' देउवाको विचारमा उनी राजासँग भेट गर्न चाहेका छैनन्, किनकि उनको र राजाको बीचमा कुनै निष्कर्ष निस्कन सक्दैन। वास्तवमा राजाको नियत बुझिसकेपछि देउवाको राजालाई भन्नु नै के छ र ? देउवाले हामीलाई प्रस्टै भन्नुभयो : राजाले हालको अवस्थामा मलाई सरकार प्रमुखमा पुनःस्थापित गर्दैनन्। र, अन्य जो कोहीलाई पनि प्रधानमन्त्री बनाएमा मैले राजाको त्यस कार्यलाई गैर संवैधानिक भन्नै पर्दछ। तर उहाँको दृढ मत थियो, गिरिजाप्रसाद कोइरालाको अडान सायद पूरा हुन्न- संसद् पुनःस्थापनाको। माधव नेपालले भनेजस्तो संविधानको धारा १२८ अनुसार पनि के होला र ? राजाले सर्वदलीय सरकार बनाउन्नन्। तर, अब हुने के त ? अथवा यस गतिरोधको अन्त्यका लागि के हुनुपर्ने त ? यसबारे उहाँले केही भन्नुभएन। मैले पनि सोधिनँ। बितेको एक महिनाभित्र मुलुकको स्थिति पूरै बिग्रेको र आउँदो ६ महिनामा अर्को कुनै ठूलो दुर्घटना हुनसक्ने उहाँको अनुमान थियो। वर्तमान परिस्थितिलाई सम्हाल्नेतर्फ राजा रत्ति पनि गम्भीर नभएकोले यस्तो संक्रमणको बेलामा बढीभन्दा बढी अधिकार आफ्नो हातमा लिनु पर्दछ भन्ने सुझाव दिने प्रतिगमनकारीहरू दरबारमा बलियो पकड बनाउने कार्यमा लागेको कुरा देउवाले भन्नुभयो।

आजको भेटमा मैले देउवामा वर्तमान परिस्थितिका बारेमा असंख्य भ्रम झागिँएको भेटे पनि राजाले मुलुकमा प्रत्यक्ष शासन गर्न नै खोजेका हुन् भने कुरामा देउवा प्रस्ट रहेको पाएँ। आज प्रथमपटक देउवाले खुलस्त रूपमा भन्नुभयो- 'असोज १८ गतेको निर्णयभन्दा पहिले नै राजाले मलाई राजीनामा गर्न भनेको हो। यसरी राजाको इच्छानुसार राजीनामा गरेपछि पुनः राजाले अर्को व्यवस्था नहुन्जेलसम्मका लागि आफूलाई नै प्रधानमन्त्रीको जिम्मेवारी दिने समेत भनेको तर यसो गर्दा संविधानउपर राजालाई हस्तक्षेप गर्ने मौका दिएको अकाट्य अर्थ लाग्ने हुँदा मैले त्यसो गर्न मानिनँ। तर, आफ्ना असहमतिका बावजुद राजाले यस्तो विकल्प रोज्लान् जस्तो लागेको थिएन।'

हामीसँगको कुराकानीमा शेरबहादुर देउवाले भन्नुभयो, हालै जुम्लामा भएको माओवादीहरूको आक्रमणअघि उहाँलाई लाग्यो कि- साथीहरूले भन्दाभन्दै पनि निर्वाचन स्थगित गरेर मैले ठूलो गल्ती गरेँ कि ? तर, अब आएर जुम्लाको आक्रमणपछि र त्यस आक्रमणका प्रकृतिको अध्ययनपश्चात् उहाँलाई लागेको छ- यदि मैले स्वयं राजाको अन्तरनिहित इच्छाका विपरीत निर्वाचन गराएको भए यहाँ कयौं ठाउँमा बडो वीभत्स प्रकारका रक्तरंजित घटना हुन्थ, निर्वाचनमा प्रत्यासी हुने प्रशस्तै उम्मेदवारहरू मारिन्थे र राजाले यसैलाई मुद्दा बनाएर

शासनसत्ता आफ्नो हातमा लिने थिए । यही आधारमा निश्चित रूपमा राजाले पावर टेक ओभर गर्ने थियो ।

यता केही दिनदेखि हामी विशेषतः यस कुरामा छलफल गरिरहेका छौं कि शेरबहादुरजीसँग राजाले राजीनामा मागेर उनले नदिएका हुन् कि अथवा राजाले राजीनामा माग्दाका बखत सरकारलाई टक्र्याउँछु भनी अश्वासन दिएर पछि नदिएका हुन् ? नत्र भने किन राजाबाट आफूले रुचाएका प्रधानमन्त्रीका खिलाफ यत्रो रिसाएर 'असक्षम' शब्द प्रयुक्त भएको ? खुमबहादुरजीको राय छ- देउवाले राजाले मागेका बखतमा राजीनामा दिन्छु भनेर नदिएको हुँदा रिसले राजाबाट 'असक्षम' भनिएको हो । भगवान जानोस् ! मेरो त यति मात्र राय छ, देउवाको नेतृत्वमा हामीले धेरै महत्त्वपूर्ण समय खेर फाल्यौं । आखिर दुर्भाग्यवश हाम्रै पालामा जनताका सम्पूर्ण अक्षुण्ण र अभेद्य भनिएका अधिकार गुमे - यस आरोपबाट त हामी मुक्त हुन सक्दैनौँ नि !

भेटघाटको यस क्रममा देउवाले हामीमाथि लगाइएको अभियोगका बारेमा केही खास कुरा भन्नुभएन ।

आज प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको सल्लाहमा श्री ५ बाट संविधानको धारा १२७ अनुसार मन्त्रिपरिषद्मा केही व्यक्तिलाई थपेर र कार्य विभाजन गरिएको समाचार आएको छ । राजाबाट भएको यो कार्य पनि संविधानको धारा १२७ अनुसार नै भएको दरबारको विज्ञप्ति आएको छ । धारा १२७ राजाका लागि गजबको मनचिन्ते झोला भएको छ ।

## मंसिर ३, ०५९ Nov 19, 002

आज बिहानको सगरमाथा एफ.एम.बाट प्रसारित समाचारमा हिजो साँझ मेरा गाउँले साथी अविनाश पन्तको घरमा अख्तियारका मानिसहरूले तलासी लिएको समाचार सुनेर छक्क परको छु । अख्तियारको यो कार्य निम्नस्तरीय पूर्वाग्रह र जसरी भए पनि दुःख दिएरै छोड्ने मनसायको पराकाष्ठा भए पनि मलाई यसको अलिक आभास थियो । यता अख्तियारले आफ्नो कार्यशैलीको केही विशेष तरिका अपनाएको छ । कुनै व्यक्तिउपर कारबाही गर्नुपर्दा फलानो व्यक्तिमाथि उजुरी परेकोले अख्तियारबाट कारबाही हुन सक्ने आसयको समाचार पहिले नै छपाउने गर्छ । यस कार्यमा केही पत्रकारहरूले अख्तियारको गोटी सरह नै कार्य गरिरहेका छन् । विगत केही दिनदेखि लगातार रूपमा केही समाचारपत्रहरूले अब चिरञ्जीवी वाग्ले पक्राउ गरिने, बलबहादुर के.सी. र शरत्सिंह भण्डारी आदिको खाता रोक्का हुने, यसरी नै प्रहरीका कल्याण तिमिल्सिना र वसन्त कुँवर जस्ता अधिकृतहरूउपर कारबाही हुने जस्ता समाचारहरू निरन्तर रूपबाट प्रकाशित गरिरहेका छन् । यसै क्रममा अविनाश



पन्तको बारेमा पनि एक दुईवटा समाचार आइसकेका छन् । मैले अवैध रूपमा कमाएको करौडौं रकम अविनाशलाई राख्न दिएको जस्ता कपोल कल्पित समाचार छापिएकोबाट अनाहकमा अब अविनाशलाई पनि दुःख दिने षडयन्त्रको मलाई आभास भएको लगत्तै आजको समाचारले मेरो आशंकालाई पुष्टि गरेको छ । आजको स्पेसटाइम दैनिकले यस समाचारलाई बडो प्रमुखताका साथ छापेको छ । अख्तियारका मानिसहरू अविनाशको घरमा पुग्दा उनीहरूसँगै स्पेस टाइमका क्यामेराम्यान तथा फोटोग्राफरहरू पनि पुगेका थिए । यसबाट पनि अख्तियार र स्पेस टाइमका पछाडि रहेका तत्त्वहरूले मेरा विरुद्धको षडयन्त्रमा कसरी सहकार्य गरिरहेका छन् यो मेरा लागि छर्लंग भएको छ ।

आज म सम्झन्छु, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त पदमा सूर्यनाथ उपाध्यायको नियुक्तिपश्चात् र अख्तियारलाई प्रभावकारी बनाउन कडा कानुन बनाउने गृहकार्य प्रारम्भ भएपछि एकजना सरकारी सहसचिवले मलाई भनेका थिए : मुलुकमा भ्रष्टाचारका बारेमा नेपालीहरूमाझ रहिआएको परपीडक (Saddist) मानसिकता र तपाईंहरूको सरकारले ल्याउन लागेको कानुनलाई विचार गर्दा त अख्तियारको प्रमुख पदमा मानिसको होइन, भगवानको नियुक्ति हुनु पर्दछ । उनले मलाई भनेका थिए, सूर्यनाथको हृदयमा वर्षौंदेखि बलिरहेको प्रतिशोधको दावाग्निबाट उनले मन नपराएका व्यक्तिहरूलाई भगवानले जोगाओस् । उनको त्यस प्रतिक्रियालाई मैले बढी भन्ठानेको थिएँ । यता आएर स्वयं हामीविरुद्ध नै अख्तियारले जे-जस्तो सोच र शैलीका साथ कारबाही थालेको छ, त्यसबाट ती महानुभावले व्यक्त गरेको प्रतिक्रियामा सन्देह व्यक्त गर्ने रति पनि ठाउँ रहेन ।

बी.पी.ले एक सन्दर्भमा (सायद हिटलर र यहुदी उपन्यासमा) लेख्नु भएको छ- "ईश्वर भनेको उत्तेजना रहित मानव हो : लिप्सामुक्त, स्पृहाबाट मुक्त व्यक्ति ।" वास्तवमा जब मानिस लिप्साको भेलले पुरिन्छ, स्पृहाको दावानलमा ओतप्रोत हुन्छ, उत्तेजनाले उन्मत्त हुन्छ, यथार्थमा त्यस व्यक्तिको रूपान्तरण आजको सन्दर्भमा सूर्यनाथको आकृतिमा हुन्छ । मलाई लाग्दछ, अन्य क्षेत्रको भन्दा शक्ति राजनीतिबाट संरक्षित व्यक्ति झन् बढी शक्तिको पिपासु बन्न पुग्दछ । यस्ता व्यक्तिले आफूबाट हुने शक्तिको निर्बाध प्रयोगमा जहिले पनि खास ठाउँबाट अनुमोदनको रक्षा कवच रहेको ठान्दछ । जब यस्ता व्यक्तिले आफूमा संहारक तथा रक्षक दुवै प्रकारको उन्मत्त भाव जन्मेको देख्दछ, त्यतिखेर न्यायकर्ताको रूपमा भन्दा बढी दण्डकर्ताको रूपमा आफ्नो औचित्य देख्न पुग्छ र स्वभावतः ऊ आफ्नो निरंकुश र नितान्त वैयक्तिक अनुसन्धानशक्तिको आधारमा दण्ड दिन सक्नेको रूपमा झन् बढी दम्भी हुन पुग्दछ । यस्ता व्यक्ति सदैव एक प्रकारको आन्तरिक उत्तेजनाबाट दुष्ट्याइँका लागि उत्प्रेरित भइरहेको हुन्छ । उत्तेजनाको

यही आन्तरिक भावले मानिसलाई आफ्नो मात्र निष्कर्षलाई नै निर्णायक मान्न कर गर्दछ । यही बिन्दुमा पुगेका व्यक्ति सदैव अरुसित बदला लिन सक्ने मान्छेमा रूपान्तरित हुन पुग्दछ, सूर्यनाथ हुन्छ । तेजिलो रापका साथ उदाउने र मलीन हुँदै अस्ताउने ।

उपर्युक्त तथ्य यस मर्त्यलोकको सूर्यनाथमा प्रयुक्त हुन्छ कि हुन्न थाहा छैन । तर, यस प्रवृत्तिको संक्रमण अहिले अख्तियारको सूर्यनाथमा भएको छ । वास्तवमा ती सहसचिवले नयाँ कानुनबाट तिखारिन लागिएको अख्तियारमा आउने व्यक्ति कस्तो गुणले युक्त हुनुपर्दछ, भन्न मात्र खोजेका हुन् । घोर आशक्तिमा चुर्लम्म डुबेका र स्पृहायुक्त उत्तेजनाको दावानलमा पोलिएका- व्यक्ति त्यस न्यायिक पदमा पुग्दा कस्तो दुष्परिणाम आउन सक्दछ- यसतर्फ मलाई संकेत गर्न खोजेका थिए । उसले संकेत गरेको विषयमा आज म स्वयंलाई नै अत्यन्त निष्पक्ष न्यायको तराजुमा राखी महसुस गर्दछु कि एउटा व्यक्तिको लिप्सा, स्पृहा आशक्ति, प्रतिशोध र उत्तेजना कसरी प्रकट हुँदो रहेछ ।

आजको नेपाली समाज वस्तुतः घोर प्रतिशोधको दावाग्निमा बलिरहेको छ । प्रतिशोधको कारणबाट एउटा व्यक्तिको सामान्य भौतिक उपस्थिति नै अरूका लागि असहृय पीडाको कारक विषय बन्दछ । सर्व साधारणहरूमा यस प्रवृत्तिको के खोजी गर्नु ? कुनै पनि सांसारिक अभावको अनुभूति नगरेको नेपालको शाहवंश स्वयंमा यसको घतलाग्दो उदाहरण भएको छ । दरबारमा देखिने शालीन शिष्टताको नेपथ्यमा पल्लवित भइरहने पक्षहरूको अध्ययन गर्दा यस सत्यलाई आत्मसात गर्नैपर्ने हुन्छ । त्यहाँ देखिएका रक्तरञ्जित वैमनस्य र विनाशकारी विग्रह र वंश समाप्तिको लीला । यसको छापबाट हाम्रो सामाजिक वर्तमान मात्र कसरी मुक्त हुने ? पृथ्वीनारायण शाहका बखत भएको राज्य निर्माणको कालमा गोरखादेखि कीर्तिपुरसम्ममा होस् अथवा मकवानपुरदेखि मैथिल प्रदेश हुँदै लिम्बुवानसम्मका रैतीहरू उपरको विजयको यात्रा नै किन नहोस्, राज्यले आफ्नो सत्ता संचयको हरेक बिन्दुमा आफ्नो सुरक्षाका लागि प्रतिशोधलाई अँगाली आएकै छ । वि.सं. २०१७ सालको कू मा बी.पी. कोइरालाको दराजमा फेला परेको भनी एक बोतल रक्सीलाई सडकमा सार्वजनिक गरेर व्यभिचारी विश्वेश्वर देखाउन खोजेको राज्यशक्ति अहिले आएर असोज १८ लाई सान्दर्भिक देखाउन हामी समेतलाई आधार बनाएकोबाटै सबै कुरा स्पष्ट भएको छ । वास्तवमा यो राज्यको मानसिकता हो । यसै कारणले हरेक कालखण्डमा हाम्रो राजनीतिमा सत्ताको अविच्छिन्नताका लागि शक्तिको निरंकुश प्रयोग गर्न दण्डाधिकारले युक्त हरेक पदमा नियुक्तिका बखत सदैव केही आज्ञाकारी व्यक्तिहरूको खोजी भई नै रह्यो । जसलाई वस्तुतः प्रतिशोधलाई कार्यरूपमा उतार्न निर्जीव यन्त्र सरह प्रयोग गर्न सकियोस् । सूर्यनाथको आविष्कार यही परिस्थितिमा भएको हो ।



यसपटक मैले बयान दिने क्रममा प्रमुख आयुक्त सूर्यनाथ उपाध्यायबाट जे जस्तो व्यवहार भोगेँ, त्यसलाई कुनै पनि हालतमा पद अनुसारको शालीन प्रस्तुति भन्न मिल्दैन । तथ्य र कानुनको व्यवस्थाभन्दा पृथक् गएर, दण्डाधिकारको उत्तेजनाबाट छटपटिएर उनको जुन प्रस्तुति मैले व्यहोर्नुपर्‍यो, जनप्रतिनिधि प्रणालीका बारेमा उनको हृदयमा घृणाको जस्तो भ्रूण मैले पाएँ (र यो क्रम समाप्त भयो कि अद्यापि छँदैछ, मलाई थाहा छैन) वास्तवमा यसको वर्णन सम्भव छैन । त्यसलाई मैले शब्दमा राख्दा सायद उनको प्रति मेरो पूर्वाग्रह भनिनेछ । आज मलाई सताउनका लागि मात्र जसरी अविनाशको घरमा छापा हाल्न लगाएको छ, यो समाचार सुनेर म सम्झी बसेको छु - ती सरकारी कर्मचारीको कुरो, अख्तियारको प्रमुखमा मानिसको होइन, भगवानको नियुक्ति हुनु पर्दछ ।

## मंसिर ५,०५९ Nov 21, 002

लामो समय सम्मको प्रताडनापश्चात् अख्तियारले अन्ततः चिरञ्जीवी वाग्लेलाई थुनामा राख्ने निर्णय गर्‍यो । एघारौं पटकसम्म बयान लिएर हिजो साँझ वाग्लेलाई अकुत सम्पत्ति कमाएको र सोको वैध स्रोतको पुष्टि गर्न नसकेको आरोपमा गिरफ्तार गरेको छ । आजका सबै अखबारले बडो प्रमुखता दिएका छन्- यस समाचारलाई ।

वाग्लेलाई अख्तियारले लामो समयसम्म बयान लिने निहुँ पारेर बडो अपमानित गरेको छ । अख्तियारको व्यवहारलाई नजिकैबाट भोगिरहेको मैले उनको व्यथालाई सजिलै बुझ्न सक्दछु । हामीलाई गिरफ्तार गरिएपछि लामो समयसम्म वाग्लेलाई अख्तियारले तारेखमा राखेको थियो । साथै उनका छोरालाई पनि । उनी लामो समयसम्म तारेख र बयानमा रहँदा उनले माथि कतै कुरा मिलाएको र अब नपक्रिइने चर्चा चलेको थियो । हामीलाई भेट्न आउनेहरूमध्ये केहीले बाहिर यस्तो आशंका गर्ने गरिएको बताउने गरेका थिए । तर, उनको गिरफ्तारीले त्यस चर्चालाई झूटो सावित गरेको छ । बरु, हिजो मात्र हामीलाई भेट्न आएका केही मित्रले सुनाएका थिएँ, सके तुरुन्तै थप ७/८ जनालाई गिरफ्तार गरिनेछ । नेपालमा यसरी चर्चामा रहेका कुरा प्रायशः सत्य देखिने गरेको छ ।

मेरो गिरफ्तारीभन्दा ५/७ दिन पहिला पञ्चायतकालका एकजना प्रधानमन्त्रीले निश्चित रूपमै म गिरफ्तार गरिने कुराको जानकारी गराएका थिए । त्यतिखेर मलाई विश्वास भएन - यस्तो हुन्छ भनेर । तर, उनको जानकारी सही देखियो ।

चिरञ्जीवी वाग्ले हाम्रा विरुद्ध सुरु गरिएको षडयन्त्रको कडीमा सबैभन्दा पहिले अगाडि सारिएको नाम हो । असोज १८ गतेको घटनाभन्दा केहीअघि मात्र अख्तियारका प्रमुख आयुक्तले प्रधानमन्त्री शेरबहादुरलाई भेटेर मन्त्री पदबाट

वाग्लेलाई राजीनामा गराउन भनेको कुरा बेल्जियमबाट फर्कनासाथै देउवाले हामी केही मन्त्रीहरू सम्मुख बताउनुभएको थियो । कुराकानीको त्यस क्रममा स्वयं वाग्ले पनि त्यहाँ थिए । देउवाले प्रस्ट रूपमा भन्नुभएको थियो, सूर्यनाथले उहाँलाई भनेछन् चिरञ्जीवीले राजीनामा नगरेमा मन्त्रीकै रूपमा उनलाई गिरफ्तार गरिनेछ भनेर । तर, चिरञ्जीवीको खिलाफमा के प्रमाण छन् त ? त्यस्तो प्रमाण भए त्यस आधारमा सोझै कारबाही नगरेर अख्तियारका प्रमुखले राजीनामाका लागि प्रधानमन्त्रीलाई किन दबाव दिइरहेको ? हाम्रो जिज्ञासामा यस आसयको प्रश्न देउवाले सूर्यनाथसँग नगरेको पनि बताउनुभएको थियो । प्रधानमन्त्री देउवा बेल्जियममा रहनुभएको अवधिभर राजधानी काठमाडौंमा प्रायशः दिनहुँ केही अखबारहरूले वाग्लेका विरुद्ध भ्रष्टाचारका समाचार लेखिरहे । पुराना मण्डलेहरू, कुवेर शर्माहरू, भरत जंगमहरू दिनहुँजसो काठमाडौंका सडकमा 'राजा आऊ भ्रष्टाचार हटाऊ, राजा आऊ देश बचाऊ'को नारा लगाउँदै स-साना जुलुसहरूको आयोजना गरीरहेका थिएँ । त्यतिञ्जेलसम्म वाग्लेलाई मात्र तारो बनाइएको थियो । आज मलाई अचम्म लागेको छ, यसरी वाग्लेलाई तारो बनाएर मन्त्रीकै रूपमा गिरफ्तार गर्न हतारिएको अख्तियारले डेड महिनाभन्दा पनि बढी समयपछि मात्र किन गिरफ्तार गऱ्यो ?

आज भेट्न आएका केही साथीले चिरञ्जीवी वाग्लेलाई पनि अब हामी थुनिएकै यही ठाउँमा राख्न ल्याउने चर्चा सुनाएकाले यहाँ आएपछि सबै कुरा विस्तारले बुझौंला भनी धैर्य राखेको छु ।

आज विजय गच्छदारमाथिको अनुमति लिएर हामीलाई भेट्न आउनुभयो । यसलाई संयोग नै भनौं, आज प्रायशः दिनभरि नै उहाँका बारेमा समाचारहरू पढ्न र सुन्न पाइएको छ । हिजोमात्र डेढ घण्टा जति उहाँले श्री ५ सँग भेट पाउनुभयो । तसर्थ आफ्ना नजिकका साथीमध्ये उहाँले राजासँग भेट्ने मौका पाएको हुनाले यस वार्तालापका कुरा जान्ने हाम्रो पनि जिज्ञासा थियो । गच्छदारले वर्तमान सन्दर्भमा आफूले राजालाई भनेका कुरा सविस्तारका साथ बताउनुभयो । यस भेटबाट उहाँ बडो प्रफुल्ल देखिनुभएको थियो । यद्यपि, उहाँ कयौंपटक राजाका कुराबाट आफू भने सन्तुष्ट नभएको आभास हामीलाई दिन चाहनुभएको थियो । तर राजाका सदासयताहरू विभिन्न पार्टीका नेताहरूले बुझ्न नसकेकोबारे यता प्रायशः स्वयं राजाले नै दिने गरेको स्पष्टोक्तिबाट गच्छदार अलिक बढी नै प्रभावित भएको भान हुन्थ्यो । राजासँगको भेटमा हामीउपर पूर्वाग्रहवश कारबाही हुन नहुने कुरा पनि उहाँले राजालाई भनेको बताउनुभयो । नेपालका राजाहरू बडो ओजस्वी हुँदारै'छन् । बहुधा व्यक्तिहरू राजालाई भेट्नासाथै सम्मोहित झैं हुने गरेको कुरा पञ्चायतकै बेलादेखि मैले अनुभव गरेको हुँ । तर, म यस्ता कुरामा कुनै सम्मोहित धारणाको चास्नीमा डुबुल्की लाउनुको साटो कुराकानीको विषयलाई नै बढी महत्त्वपूर्ण ठान्छु । गच्छदारको भेटबाट मलाई डर लागेको छ ।



उनी सोझा मानिस हुन् । अहिलेको परिस्थितिमा राजाले आफ्नो आवश्यकताका लागि उनलाई भेट्नु जरुरी नभएको कुरा जोसुकैले बुझ्न सक्दछ । तसर्थ राजासँगको यो भेट उनकै आग्रहमा भएको हुनुपर्ने कुरामा शंका रहँदैन । यसरी विजयजी किन हतारिएको मैले बुझ्न सकेको छैन । राजाका नजिक रहेका भन्ने केही रमेशनाथ पाण्डे जस्ता मानिसले आसन्न परिस्थितिको भयावहता देखाएर विजयलाई दरबारको ढोकातिर पुऱ्याएको हुनुपर्दछ । आजको भेटमा मैले यस विषयमा उनलाई होसियार गराएको छु । मधेसका राजनीतिक व्यक्तित्वहरू यसअघि दरबारको दाउपेचमा सखाप पारिएझैं गच्छदारको नोक्सानी नहोस् भन्नेबारे म अलिक डराएको छु । हामीसँग भेटेर गएपछि खुमबहादुरजीले भन्नुभयो, नेपालको दरबार ? मन्त्री पदमा रहँदा मैले पनि तीनपटक राजालाई भेट्ने मौका पाएको थिएँ । तर, मेरो भेट दर्शनभेट हुन पाएन ।

मलाई आज अमरराज कैनीको कुरा रमाइलो लाग्यो । उनी आज दोश्रोपटक हामीलाई भेट्न आएका थिए । अख्तियारका एकजना आयुक्त कृष्णबल्लभ काफ्लेसँग उनको राम्रो कुराकानी हुन्छ । कैनीकै लैनचौरस्थित घरछेउमा आयुक्त काफ्लेले आफ्नो नयाँ घर बनाउन सुरु गरेका छन् । आजभोलि काफ्ले हरेक बिहान नवनिर्मित पर्खालमा पानी छर्किन आउने गर्दछन । एक त नयाँ छिमेकी साथै पुरानो चिनजानसमेत भएकाले कैनीको उनीसँगको साख्यपन कायम छ ।

यस्तो एक भेटमा काफ्लेले हामीप्रति बडो सहानुभूति राखेको कुरा बताउँदै कैनीलाई भने रे : कार्तिक १३ गते हामीलाई गिरफ्तार गरिएको दिन अख्तियारमा बडो द्विविधा थियो । खासगरी मेरा बारेमा त अन्तिम समयसम्म थुन्ने कि नथुन्ने टुङ्गो नै थिएन रे ! प्रमुख आयुक्त तथा अन्य आयुक्तहरूका बीच थुनामा राखी कारबाही गर्ने विषयमा मतैक्य थिएन । यस विषयमा त्यस दिन बिहानदेखि नै निर्णय हुन सकेको थिएन । एकपटक त आयुक्तहरू माधवदत्त भट्ट र इन्द्रबहादुर शेरचनले आपत्ति जनाउँदै बैठकबाट बाहिर निस्केका पनि थिए रे । पछि प्रमुख आयुक्त सूर्यनाथले माथिको आदेश भन्दै बैठकमा बस्न कर लगाएका थिए र माथिको यस्तै आदेश छ भनी बाँकी सबैलाई हाम्रो गिरफ्तारीका निम्ति सहमत गराए रे । काफ्लेका अनुसार सूर्यनाथको विचार हामीलाई अझ केही महिना अनुसन्धानका लागि थुनामै राख्नुपर्ने छ । सूर्यनाथको विचारमा १/२ महिना अझ थुनामा राख्दा के नै हुने हो र ? १/२ महिना अझ थुनौं भन्ने उनको विचार छ । तर, अन्य आयुक्तहरू भने मुद्दामा खासै दम नभएकाले किन बढी समयसम्म थुन्ने भन्ने पक्षमा थिए । सुरुमा त थुन्नै पर्ने भएकाले मात्र थुनेको रे ! उनले बडो सदासयतापूर्वक कैनीलाई भनेछन् अब धेर दिन नथुन्नेतिर उनले कोसिस गर्ने छन् रे ! काफ्लेले भनेबमोजिम सूर्यनाथ विशेष अदालतका एकजना न्यायाधीश दामोदर शर्मासँग खुसी छैनन् रे । उनको विचारमा यी न्यायाधीशबाट

अख्तियारलाई सहयोग नपुग्न सक्छ । तसर्थ उनी दामोदर शर्मालाई कतै अन्त पठाउने सुर कसेका छन् रे ।

आज म बडो शान्त चित्तका साथ कैनीका यी सबै कुरा सुनी बसें । वास्तवमा मलाई काफ्लेको ती साँचाभ्रूटा कुरामा कुनै चाख नै छैन । आयुक्तका रूपमा उनी स्वयं स्वच्छ छविका होइनन् । विश्वनाथप्रसाद उपाध्याय सर्वोच्च अदालतका प्रमुख न्यायाधीश भएका बेला भ्रष्टाचार गरेको र न्यायाधीशहरूले पालन गर्ने आचारसंहिताको पालन नगरेको आरोपमा यिनलाई पनि पदबाट हटारुइएको थियो । त्यसबेला यी काफ्ले सायद दाङमा जिल्ला न्यायाधीश थिए । वि.सं. ०४८ को संसदीय निर्वाचनमा यी काफ्लेले खुमबहादुर खड्कालाई कुनै विशेष मद्दत गरेकाले तोहफा स्वरूप पछि सूर्यबहादुर थापा प्रधानमन्त्री भएका बेला खुमबहादुरले भनसुन गरेर यिनलाई कांग्रेसको कोटाबाट अख्तियारको आयुक्त बनाइएको हो । आफ्नो यस कार्यका बारेमा खुमबहादुरजी अहिले थुनामा खेद मान्दैछन् । जे होस्, तत्काल हामी रिहा हुनेबारे मलाई कुनै आशा छैन । अख्तियारसम्बन्धी कानुनको तर्जुमा गर्दा विधायिकाले अत्यन्त सावधानीका साथ बडो विवेक पुऱ्याएर कसैको पनि मानवीय गरिमा र प्रतिष्ठालाई घात नगर्ने गरी पूर्वाग्रहविहीन मनसायका साथ अख्तियारसम्बन्धी कानुन परिचालनको कल्पना गरेको थियो, यो कानुन आफ्नो यात्राको एउटा चौबाटोमा पुग्न नपाउँदै ब्याधाको सिकार हुन गयो, यस्तो अवस्थामा म आशावादी नहुनु स्वाभाविकै ठान्दछु । मेरो मनमा आएको यो भावना अंगुर अमिलो भएको कथाका जन्तु पात्रको भावसरह होइन । काफ्लेको कुरा साँचोभ्रूठो जे होस्, तर सारा मुलुकले अपेक्षा गरेको कडा कानुन लाचार प्रयोगकर्ताको हातमा परेको धारिलो हतियार भने अवश्य हुनगएको छ । अमरराज कैनीको कुराबाट फेरि एकपटक सम्भिन पुगें : अख्तियारको प्रमुख त मानिस होइन, ईश्वर पो हुनुपर्छ ।

**मंसिर ६, ०५९,** Nov 22, 002

आज हामी पक्राउ परेको २४ औं दिन हो । विशेष अदालतले हामीलाई थुनामा राख्नका लागि दिएको २५ दिनको म्याद भोलि शनिबार पूरा हुनेछ । आज शुक्रबार हो । भोलि र पर्सि  अदालत बन्द रहनेछन् । हामीले आशंका गरेअनुसार नै अख्तियारले हामीलाई आज शुक्रवार अदालतमा पेस गरेन । यसो गर्दा अख्तियारलाई फाइदा छ । हामी शनिबार र आइतबार थप दुई दिन थुनामा बस्नुपर्ने हिसाब अख्यिारजस्तो संवैधानिक अंगका लागि पौरख प्रदर्शनका साथै नाफा आर्जनको विषय हो । मैले बल्ल अख्तियारलाई चिन्न जान्न थालेको छु । अब त हामीले अख्तियारलाई चिन्न जान्न लागेकाले अखबारहरू, पुराना इष्टमित्रहरूले हामीलाई भ्रष्टाचारीभन्दा साँच्चै मलाई त दुःख लाग्दैन । आजको अख्तियारलाई चिन्न नचाहनेहरूले जब चिनेर पछुतो मान्नेछन्, त्यति बेला म



खुसी पनि हुने छैन । मलाई थाहा छ, अख्तियारले खोसेको मेरो प्रतिष्ठा अब मेरा लागि अप्राप्य भइसकेको छ । आज मलाई विलियम शेक्सपियरको एउटा लेखनीको सम्भना भएको छ :

*"Good name is man and woman, dear my lord,*
*Is the immediate jewel of their souls:*
*Who steals my purse, steals trash; it's something, nothing;*
*'was mine, it's his, and has been slave to thousands;*
*But he that filches from me my good name;*
*Robs me of that which not enriches him,*
*and makes me poor indeed'*

म मन्त्री पदमा रहेकै बेला एक दिन रेडियो नेपालका महानिर्देशक शैलेन्द्रराज शर्मा मकहाँ आएर बताए, मन्त्रीजी के भएर होला मैले थाहा पाउने कुरो होइन, तर अख्तियारका प्रमुखको मन्त्रीजीका प्रति साह्रै नराम्रो सोच रहेको छ । मलाई आज अख्तियार प्रमुखले बोलाएर आफैले भने, सञ्चारमन्त्रीको खिलाफमा म केही प्रमाणहरू खोज्दै छु । तपाईंहरूले सहयोग गर्नुपऱ्यो । मन्त्रीले गलत निर्देशन दिएको तथा कुनै गैरकानुनी काम गर्न भनेको भए भन्नुपऱ्यो । मन्त्री त आज छन्, भोलि रहन्नन् । तर, अख्तियारसँगको तपाईंहरूको सरोकार रहिरहन्छ । तसर्थ अख्तियारलाई सहयोग नगरेमा पछि आवश्यक परे अख्तियारले पनि सहयोग नगर्ने बुझ्े हुन्छ । अख्तियार प्रमुखको यो कुरा सुनेर भ्रसङ्ग भई उनले मकहाँ आई सो कुरा मलाई सविस्तार बताएका थिए ।

भएको के थियो भने, रेडियो नेपालको संवाददाता तहको एउटा जाँचको उत्तरपुस्तिका जाँच गर्दा त्यहींका कर्मचारी रहेका एक परीक्षकले कुनै एकजनाको कपीमा केरमेट गरी उनलाई पास गराएका थिए । यस विषयमा अख्तियारसमक्ष उजुरी परेको थियो । कपी जाँच्ने परीक्षकले अख्तियारमा रेडियो नेपालका कुनै उच्च पदाधिकारीको निर्देशनमा आफूले त्यसो गरेको पोल लाएछन् । बस् यही विषयमा अख्तियार प्रमुखले त्यहाँका सम्बद्ध कर्मचारीलाई बोलाएर आफूले यी सब काम सञ्चारमन्त्री जयप्रकाश गुप्ताको करकापमा गरेको लिखित बयान दिन भनेछन् । यसो नगरेमा भ्रष्टाचारको अनुसन्धानका नाममा ६ महिनासम्म थुनिदिने धम्कीसमेत दिए । तर, उनले त्यसो गर्न मानेनन् । पछि उनलाई तारेखमा रिहा गरियो । यही क्रममा रेडियोका महानिर्देशकलाई पनि बोलाएर उपर्युक्त कुरा भनिएको रहेछ ।

हिजो अविनाश पन्तसँग अख्तियारमा बयान लिइयो । उनी कुनै सरकारी कर्मचारी होइनन् । उनी म मन्त्री भएको बखत नेपाल दूरसञ्चार प्राधिकरणमा अवैतनिक सदस्यमा नियुक्त भएका हुन् । उनी खुला प्रतिस्पर्धाबाट त्यस पदमा आएका हुन् । विनापारिश्रमिकको त्यस पदमा आएपछि कुनै पनि निर्णयमा उनको सहभागिता छैन तथापि उनलाई सार्वजनिक पद धारण गरेको मानिस भनेर अख्तियारले कारबाही थालेको छ । अख्तियारले आफ्नो मनसायको परिपूर्तिका लागि जे पनि गर्न पाउने भएको छ। आज अख्तियारकै एकजना कर्मचारीले बताए : प्रमुख आयुक्तले मुखै फोरेर अविनाशलाई भने रे, जयप्रकाशको पैसा तिमीलाई राख्न दिएको भनी बयान दिएमा दुःख नपाउने रे ! अन्यथा अनिश्चित कालका लागि सबै श्रीसम्पति रोक्का राखिने भनी धम्की दिइयो । मैले बुझ्न सकेको छैन, अख्तियारले भन्दैमा कुनै पनि व्यक्तिले आफूले आर्जन गरेको सम्पति अरूको हो भनेर कसरी भन्न सक्छन् ?

अख्तियारले मलाई फसाउन सिकारहरूको खोजी गरिरहेको निकै उदाहरण भइसकेको छ । कस्तो विडम्बना ! सञ्चार मन्त्रालयमा एकजना युवा इन्जिनियर छन् । रमेश अधिकारी - यिनीहरू मन्त्रालयका रैथानेहरू हुन् । जागिर खाएदेखि एकै मन्त्रालयमा नै रहेका छन् । मन्त्रालयका सहसचिव प्रभाकर अधिकारी र स्पेस टाइमका मालिक जमिम शाहका बीचको कथित चर्चित टेप रिकर्ड प्रकरणमा यिनको पनि नाउँ आयो । संसद्को लेखासमितिमा यस कथित घूस प्रकरणमा यिनको पनि चर्चा भयो । अख्तियारले यी रमेशलाई पनि प्रभाकरसँगै बयानका लागि चिट्ठी काट्यो । मैले मन्त्रालयमा सबैसँग सल्लाह गरेँ - यस विवादमा परेकाहरू सबैलाई अन्यत्र सरुवा गर्नुपर्ने राय आयो । यसै अनुसार प्रभाकर अधिकारीको सामान्य प्रशासन मन्त्रालयमा सरुवा भयो । एकजना अर्का प्राविधिक उपसचिवलाई तत्कालका लागि मन्त्रालय मातहतकै रेडियो नेपालमा काज सरुवा भयो - पछि यिनी अख्तियारमा निवेदन दिई मेरा विरुद्ध सहयोग गर्ने भनेर अख्तियारको पत्रबाट पुनः मन्त्रालयमा फर्केछन् । तर, ती रमेश अधिकारी भने अख्तियारको डरले भागेर एक महिनाका लागि जापान गए । पछि जागिर नै जाला भन्ने डरले फर्की आएछन् । यसैबीच मन्त्रालयका सचिवले यिनलाई काजमा मन्त्रालय मातहतकै मुद्रण विभागमा पठाए । मैले पछि थाहा पाएँ, उनको जमिम शाहसँग राम्रो सम्बन्ध रहेछ र जमिम शाहकै सिफारिसमा यी व्यक्ति मेरा खिलाफ उपयोगी हुने भनेर अख्तियारले संचार मन्त्रालयबाट माग गरी काजमा आफूकहाँ लगेछन् । आजका मितिसम्म यिनी अख्तियारकै काजमा रही विशेषज्ञको रूपमा स्वयंकै हस्ताक्षरबाट मन्त्रालयमा लेखापढी गरिरहेका छन् । स्वयं उनी उपर अख्तियारले सुरु गरेको छानबिनको के भयो थाहा छैन ।

मन्त्रालयमै अर्को एकजना सहसचिव थिए, केदारजंग थापा । उनी बडो बदनाम थिए । पैसाविना कुनै पनि काम नगर्ने रे । मन्त्रालयसँगका प्रायः सबै



सरोकारवालाहरूको राय थियो- यिनको छवि राम्रो नभएकाले यिनको सरुवा होस् । मैले पछि यिनको सरुवा गराएको थिएँ । अहिले यिनी स्पेसटाइममा सेवारत छन् । मन्त्रालयका विभिन्न फाइलका निर्णयका कपीहरू यिनले चोरेर जमिम शाहलाई दिएका थिए । यो कुरा मन्त्रालयका तत्कालीन सचिव श्रीराम पौडेलले स्वयम् मलाई बताएका थिए । मन्त्रालयको एउटा फायल चोरी भई त्यसमाथि स्वयं सचिवकै नेतृत्वमा छानबिन हुँदा उनी दोषी भेटिएका हुन् । अहिले मेरो मुद्दामा अख्तियारले यिनै केदारजंग थापालाई प्राविधिक भनी सहयोग लिइरहेको छ ।

राजविराजको पनि एउटा घटना स्मरण भयो - म मन्त्री पदमा रहँदै भाद्र महिनातिर एउटा कार्यक्रमका लागि तत्कालीन जलस्रोत मन्त्री विजय गच्छदारसँगै राजविराज गएको थिएँ । त्यहाँ स्थानीय जन्डौल स्कुलको सञ्चालक समितिका गठनका बारेमा जिल्ला शिक्षा अधिकारीसँग ने.वि.संघका भाइहरूको केही कालदेखि विवाद चल्दै आएको थियो । हामी गएपछि गाउँलेहरू समेतले एकपटक शिक्षा अधिकारीलाई बोलाएर समस्या समाधानका लागि अनुरोध गरिदिन हामीलाई भनियो । हामीले शिक्षा अधिकारीलाई बोलाएर भन्यौं । उनी मूलघर गोरखाका, बडो एकलकाँटे र अव्यावहारिकजस्तो व्यक्ति भएको ठानेँ । कुरै नबुझ्ने, सामाजिक सरोकारहरू नै नबुझ्ने । हामीले भइगयो त, जानुस् भन्यौं । उनी हामी बसेको गेस्ट हाउस बाहिर गएर ने.वि.संघका उत्तेजित भाइहरूका अगाडि म कसैको दबाव मान्दिनँ, बरु जागिर छोड्छु आदि फलाक्दै गर्दा फेरि भाइहरूसँग विवाद भयो । त्यहाँ दुवै पक्षका बीच संगत असंगत व्यवहार पनि भयो ।

हामीले त्यस घटनालाई धेरै गम्भीरताका साथ लिएनौं । शिक्षा अधिकारीलाई पनि विद्यार्थीहरूसँग डिल गर्दा यस्तै हुन्छ भनी सम्झाएर बिदा गऱ्यौं । यसको केही सातापछि थाहा भयो । सप्तरीका प्रहरी एस.पी. नवीन अधिकारीले मलाई बताए : शिक्षा अधिकारी देवकोटाको विषयमा त अख्तियारको प्रमुखले आगो भई उनलाई फोन गरी तुरुन्त कारबाही गर्न धम्काएका थिए । केटाहरू उपर मुद्दा नचलाए एस.पी.लाई नै ठेगान लगाउने रे । फेरि यो सबै काम मेरो निर्देशनमा भयो रे तसर्थ उनले मलाई पनि पूरै ठेगान नलगाई कुनै हालतमा चुप नबस्ने रे । बडो डराएर एस.पी नवीनले मलाई फोनमा भने - विचार गर्नुहोला है मन्त्रीजी, यिनी देवकोटा त अख्तियार प्रमुखका नजिकका पो रहेछन् । पछि पो मैले थाहा पाएँ - देवकोटा गोरखाको, सूर्यनाथ लमजुङको ! वास्तवमा दुवैका बीच कुनै पारिवारिक नाता सम्बन्ध पनि होला ।

मेरो बयानकै क्रममा अख्तियारका एकजना कर्मचारीले बडो सहृदयताका साथ मलाई सोधेका थिएँ, ए हजुर - रेडियो नेपालका राजेन्द्र शर्माको पदोन्नति

किन भएन हैं ? रेडियो नेपालका कर्मचारी राजेन्द्र शर्मा बडो प्रभावशाली अंग्रेजी समाचार वाचक र राम्रो गायकका रूपमा समेत लोकप्रिय व्यक्ति हुन् । उनी मलाई व्यक्तिगतरूपमा मन पर्ने व्यक्ति पनि हुन् । एकपटक निरास भएर मसमक्ष आएका थिए । उनलाई राम्रो हेरचार तथा निष्पक्ष व्यवहार नगरेकोमा रेडियो नेपालका कार्यकारी महानिर्देशकका बारेमा गुनासो गर्दै भनेका थिएँ : बरु क्याम्पसकै पढाउने जागिर कायम राख्छु । रेडियोबाट राजीनामा दिन्छु । मैले त्यसो नगर्न सुझाव दिएँ । पछि मैले महानिर्देशकलाई सम्झाएको थिएँ । तर, वास्तवमा उनको पदोन्नति किन भएन मलाई केही थाहा थिएन । उनले त्यस बारेमा मलाई केही भनेको सम्झना पनि छैन अख्तियारका ती विचरा कर्मचारीले भनेपछि पो थाहा भयो । रेडियो नेपालमा उनको सट्टा अरू कसैको बढुवा भयो रे । नेपालमा सधैं भन्ने गरिएको 'माथिको आदेशबाट' भएको भनी मलाई देखायो रे । यसैमा उनी मसँग रिसाए । संयोग हेरौं, अख्तियारको तत्कालीन सचिव उनको नजिकैको नाता पर्ने- कुनै खेमराज कि के नेपाल थर भएका हुन् ! ती सहृदयी कर्मचारी मित्रले भने - मन्त्रीजी तपाईंले पाएको दुःखको यो पनि एउटा कारण हो ।

आज फुर्सद छ । थुनामा यी फुटकर स्मृतिपक्षका तर सत्यझैं आभास हुने कुरा स्मरण गरिरहेको छु । नेपालमा भ्रष्टाचार निर्मूल पार्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोग- यो संवैधानिक अंगको प्रभावकारिताका बारेमा एक्लै सोच्दै छु । म सप्तरीको मानिस, कहाँ जोडिन पुगेछु : लमजुङको सूर्यनाथ, गोरखाको देवकोटा, रेडियोको राजेन्द्र र अख्तियारको कुनि के नेपाल । म मधिसे के खान मन्त्री हुन पुगें । 'सादा खाना बाराणसी रहना' यत्तिकै नभनिएको होला ।

**मंसिर ७, ०५९** Nov 23, 002

विशेष अदालतले हामीलाई थुन्न अनुमति दिएको २५ दिनको म्याद आज सकियो । आज शनिबार र भोलि आइतबार यो दुई दिन सरकारी बिदा भएकाले अख्तियारलाई हाम्रो दुई दिनको कष्ट नाफा भएको छ । हामी सबै इज्जत प्रतिष्ठा गुमाएर पनि अख्तियारलाई सन्तोष दिनसक्ने रहेछौं । यो सम्झिँदा मलाई खुसी नै लागेको छ । खुमबहादुरजी र मैले लगभग एक सातादेखि निश्चित मनःस्थिति बनाएका छौं । अख्तियारले पुनः हाम्रो थुनाको म्याद थप गर्न माग गर्छ भनेर । यहाँ आउने केही मित्रले यसो गर्दा अख्तियारको नियतउपर प्रश्न उठ्न सक्छ, तसर्थ थुनाका लागि थप म्याद माग्नुको साटो मुद्दा नै पेस गर्ने बताउँछन् । वास्तवमा ती मित्रले आजको अख्तियार र राज्य सत्ता बुझेकै छैनन् ।

हामी थुनाका परेका कारणका बारेमा यस २५ दिनभित्र खुमबहादुरजीको विचारमा मैले एक प्रकारको निरन्तरता पाएको छु । यी सबै कार्य राजनीतिक पूर्वाग्रहका कारणबाट भएको हो भन्नेमा उहाँ स्पष्ट हुनुहन्छ । उहाँलाई पनि



लागेको छ, हामीलाई भरशक्य लामो समयसम्म थुन्नेछन् । उहाँलाई बयानपूर्व नै वरिष्ठ अधिवक्ता गणेशराज शर्मा तथा पूर्व प्रधानन्यायाधीश विश्वनाथप्रसाद उपाध्यायले भनेका थिए - यी सबै कार्य राजाको असोज १८ गतेको कदमलाई सही ठहऱ्याउन भइरहेको छ । तपाईंलाई पक्कै थुन्नेछन् । राजनीतिक मानिसले यस्ता परिस्थितिको सामना गर्नुपर्छ भन्ने उहाँहरूको सुझाव थियो ।

आजसम्म फाटफुट रूपमा हामीलाई आएको जानकारीअनुसार अख्तियारले म्याद थपकै माग गर्ने निश्चित देखियो - अब हामी न्याय निरुपणको सन्दर्भमा कोप्रति, कतिसम्म आशावादी हुने ? यसैबारे गन्थन-मन्थन गर्न थालेका छौं । म सोच्दछु- हाम्रो शासन संरचनामा के भएको होला ? मुलुकले प्रजातन्त्र अभ्यास गरेको यस १२ वर्षपछि पनि किन कानुनले परिकल्पना गरेका व्यक्तिहरू उदाउन नसकेको ? हाम्रा ऐनकानुनले न्यायिक रूपमा कर्तव्य पालनाका लागि यथेष्ट आधारहरू दिँदा दिँदै पनि कर्तव्यको निर्बाध पालनको साटो निर्देशित काममात्र गर्ने मानसिकताको यो कस्तो अभिमुखीकरण सुरु भएको छ, हाम्रो समाजमा । म सदैव यस मान्यतामा रहे - हामी सत्तामा रहे पनि, जति नै सुरक्षाको आवरणमा रहे पनि नियम संगत प्रक्रियाहरू तथा ऐननियमको परिपालन निर्बाध रूपमा हुनुपर्दछ । वास्तवमा कानुनको शासन, वा भनौं प्रजातन्त्र एउटा व्यक्तिका लागि ऊ अत्यन्त असहाय भएका बेलामा पनि रक्षा कवच सरह हुनुपर्दछ । यथार्थमा एउटा मानिसको लागि कानुनी मनयुक्त समाजको आवश्यकता आफू सत्तामा रहँदाको बखतमा होइन, सत्ताबाट हटिसकेपछि चाहिन्छ । आज म छक्क परेको छु । मुलुकमा एउटा परिवर्तन हुनासाथै प्रजातन्त्र छ है - मैले संविधान नै त खाएको छैन भनी स्वयं राजाले भन्दाभन्दै पनि कुनै पनि निकायले शाश्वत नियम कानुनको परिपालनका लागि थोरै भए पनि पहल गर्नुको साटो एकपछि एक गरी कसरी कानुनी र संवैधानिक अधिकारहरू बुझाउँदै जाने यस होडबाजीमा लागी परेका छन् । सबै संवैधानिक निकायहरू, राज्यका सबै अंगहरू, कार्यपालिकाको त कुरै भएन सबैका सबै आ-आफ्नो मर्यादा स्खलनको अभियानमा निर्लज्ज रूपबाट लागी परेका छन् ।

आज म थुनामा परेको कारणबाट होइन, यस पीडाबाट कसरी उम्कन सकिन्छ भने अनुकूलित सोचबाट पनि होइन- यथार्थमा कानुन प्रयोगको सार्वभौम आधार एवं मान्यताहरू तथा नियोजित अभिप्रायका लागि यसको दुरुपयोगको सम्भावनालाई कम पार्ने दृष्टिकोणबाट विचार गर्दा पनि हामीबाट भ्रष्टाचारसम्बन्धी ऐनमा केही गम्भीर त्रुटि भएको मलाई लागेको छ ।

आज मात्र एक दैनिक पत्रिकामा एउटा गम्भीर लेख प्रकाशित भएको छ । यस लेखमा विशेष अदालतको भूमिकाका बारेमा केही कुरा भनिएको छ । यसबीच अख्तियारले अन्धाधुन्ध तवरमा कयौं व्यक्तिलाई पक्राउ गरेको छ ।

अख्तियारले ती सबैलाई कम्तीमा ३० दिनसम्म थुन्ने म्याद मागेर विशेष अदालतमा पेस गरेको छ र अदालतले प्रायः सबैलाई मागबमोजिम नै थुनामा राख्ने म्याद दिएको छ। पछि-पछि पुनः थप म्याद माग्दा पनि धेरथोर म्याद दिइएको छ। यसरी कतिपय व्यक्तिको हकमा निजले गम्भीर प्रकृतिको अपराध गरेको, छुट्नासाथै सबै प्रमाण नष्ट गर्ने भनी अख्तियारले अदालतसमक्ष जिकिर लिएका व्यक्तिहरूलाई स्वयं अख्तियारले अदालतबाट पाएको म्यादसमेत नसकिँदै फेरि सामान्य तारेखमा र व्यक्तिपिच्छेका फरक-फरक आधारमा छोडेको छ। अदालतको प्रयोग अख्तियारले व्यक्तिहरूलाई थुन्ने प्रयोजनका लागि गर्ने गरेकोतर्फ त्यस लेखमा चर्चा गरिएको छ।

स्वयं खुमबहादुरजी नै गृहमन्त्री भएका बेला यो कानुन संसद्बाट पारित भएको थियो। यस कानुनमा देखापरेका कतिपय मूलभूत त्रुटिहरूप्रति किन ध्यान पुऱ्याइएन ? यस्ता कानुनको राजनीतिक प्रयोजन तथा व्यक्तिहरूप्रतिको आसक्ति, स्पृहा, उत्तेजना र प्रतिशोधका लागि हुनसक्ने प्रयोगबारे हामीले किन विचार पुऱ्याएनौं भनेर पटक-पटक खुमबहादुरजीसँग छलफल गर्दछु। कतिपय गम्भीर विषयहरूप्रति विचार नपुऱ्याइएको कुरा उहाँ स्वीकार्नुहुन्छ।

वास्तवमा यस कानुनको निर्माण बडो विषम बेलामा भएको हो। भ्रष्टाचारलाई समाप्त पार्न उपयुक्त एवं आवश्यक कानुन नबनाई दिएर सरकारले सहयोग नगरिरहेको प्रलयमय कोलाहलको वातावरण अख्तियारले तयार पारेको थियो। संसद्का सबै प्रतिपक्षीहरू न्यायिक गम्भीरता तथा यसको प्रयोगको संवेदनशीलताका बारेमा विचार गर्नुभन्दा पनि नियोजित रूपबाट सिर्जित एक प्रकारको होडका पछाडि उत्ताउलो रूपमा लागेका थिए। सत्तापक्ष नेपाली कांग्रेस दुई फ्याकमा विभाजित थियो। गिरिजाबाबु, खासगरी सुशील कोइरालाबाट उत्प्रेरित पक्ष भने भविष्यलाई विचार गरी एक सर्वकालिक कानुन बनाउनुभन्दा पनि तत्कालको देउवा सरकारलाई नै तुरुन्त अभियुक्त बनाइहाल्ने हतारोले गर्दा झन् बढी उत्ताउलो भएको थियो। मुलुकको सत्ता समीकरणको सन्दर्भमा बृहत् प्रजातान्त्रिक एकताको नाममा माधव नेपाल तथा गिरिजाबाबुका बीच पहिले नै विभिन्न मुद्दामा समझदारी भइसकेको थियो। मुलुकको बिग्रिएको अवस्थालाई सही बाटोमा ल्याउन बृहत् प्रजातान्त्रिक एकताको उद्देश्य अरू जे भए पनि तत्कालको उद्देश्य शेरबहादुरलाई सत्ताबाट हटाउनु त छँदै थियो।

यही तानाबानाका बेला प्रधानमन्त्री देउवाले प्रतिनिधिसभामा 'संकटकाल'लाई अनुमोदन गरिदिन प्रस्ताव पेस गर्नुभएको थियो। यस प्रस्तावमाथि छलफलको क्रममा स्वयं सत्तारूढ दलको सभापति गिरिजाप्रसाद कोइरालाले आफ्नै सरकारको प्रस्तावलाई पास गराउने सर्तका रूपमा अख्तियारसम्बन्धी प्रस्तावित विधेयकलाई पारित गर्नुपर्ने (यस सम्बन्धमा कानुन



मन्त्रालयबाट सरकारी पक्षको मस्यौदा तयार गरिएको थियो। यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि एउटा छुट्टै मस्यौदा पठाएको थियो। अख्तियारको मस्यौदामा अनुसन्धानका लागि कुनै पनि व्यक्तिलाई एक वर्षसम्म थुन्न पाउने र भ्रष्टाचारसम्बन्धी मुद्दा चल्ने विशेष अदालतको न्यायाधीशको नियुक्ति अख्तियारको सिफारिसमा हुनुपर्ने र यस्ता न्यायाधीशमा न्याय सेवाभन्दा बाहिरका अन्य सेवा निवृत्त व्यक्तिहरूलाई समेत सिफारिस गर्न पाउने प्रस्ताव थियो), सार्वजनिक पद धारण गरेका सबै व्यक्तिहरूको सम्पत्तिको छानबिन गर्नका लागि सम्पत्ति न्यायिक जाँचबुझ आयोग गठन गरिनुपर्ने र प्रतिनिधिसभामा तत्कालै संविधान संशोधनसम्बन्धी विधेयक प्रस्तुत गरिनुपर्नेजस्ता सर्तहरू राख्नुभएको थियो। प्रतिनिधिसभाको सोही बैठकमा श्री कोइरालाको मन्तव्यको लगत्तै प्रमुख प्रतिपक्षी दलका नेता माधव नेपालले पनि अक्षरशः कोइरालाकै सर्तहरू दोहोऱ्याउँदै उक्त कुरा पूरा गर्नेबारे स्पष्ट रूपमा प्रधानमन्त्रीले आफ्नो प्रतिबद्धता व्यक्त गरेपछिमात्र संकटकालको प्रस्तावलाई अनुमोदन गर्ने सर्त तेर्स्याएका थिए।

म अहिले सम्झेको छु - त्यसबेला यी कुरा प्रधानमन्त्री शेरबहादुरका लागि बडो गम्भीर विषय भएको थियो। हामी सबैले जानेका थियौं कि कोइराला र माधव नेपालका यी सर्त देउवालाई घेर्ने सहमतिको रूप थियो। मलाई लाग्दछ, नेपालका लागि मात्र होइन अपितु विश्वभरिकै संसदीय प्रणालीका अध्येताहरूका लागि यो बडो उदेकलाग्दो क्षण थियो होला, जहाँ आफ्नै पार्टीका प्रधानमन्त्रीले पार्टीकै सरकारको रक्षाका लागि संसद्मा सोही पार्टीका सभापति र विपक्षी दलको नेताको गठबन्धनका अगाडि सरकारको रक्षाका निम्ति असहाय भावले बिन्ती गरेको होस्। त्यस दिन प्रतिनिधिसभामा यस्तै भएको थियो।

प्रधानमन्त्री विकल्पहीन थिए। कुनै पनि सरकारको लागि संसद्मा प्रस्तुत यस प्रवृत्तिका प्रस्ताव असफल हुनुको अर्थ कोइरालालाई थाहा नभएको होइन। वि.सं. २०५१ सालमा स्वयं गिरिजाप्रसाद कोइराला नै प्रधानमन्त्री भएका बखत सरकारले संसद्मा प्रस्तुत गरेको धन्यवादको प्रस्ताव फेल गराइँदा कोइरालाकै निर्णयबाट राष्ट्रले प्रथम मध्यावधि निर्वाचन व्यहोर्नुपरेको अभ्यास कोइरालाले त्यतिखेर नसम्झेको मानिन्न। तैपनि, कोइरालाले सर्वथा गलत संसदीय अभ्यासको पुनरावृत्ति शेरबहादुरबाट गराउनका लागि उद्यत हुनुको खास अर्थ नै संकटकालको अवस्थामा संसद् भंग गराई शेरबहादुरको निर्णयबाट यस्तो निर्वाचनको घोषणा होस्, जुन एउटा वैध सरकारले उत्पन्न परिस्थितिका कारणबाट गर्न नसकोस्, यस्तो परिस्थितिको जन्म दिनु नै त्यस दिन खेलिएको खेलको उद्देश्य थियो।

संसद्मा रमाइलो दृश्य उपस्थित भएको थियो । सरकारका तर्फबाट प्रधानमन्त्रीले संकटकालको प्रस्तावलाई एक अवधिको लागि अनुमोदन गरी दिने प्रस्ताव राखेका थिए । स्वयं सत्तारुढ दलका सभापतिको निर्देशनमा सरकारी पक्षका सांसदहरू प्रस्तावको विपक्षमा खुलेर बोलिरहेका थिए । संसद्मा प्रमुख प्रतिपक्षी दलका नेताको भाषा र माग सत्तारुढ दलका सभापतिसँग पूरै मिलेको मात्र होइन दुवैले खुलेर एक-अर्काको समर्थन गरिरहेका थिए । संसद्मा प्रस्तावको उपर मतदानको बेला आइसकेको थियो । सभामुख त्यसका निम्ति तम्तयार थिए । र, सरकार पूरै किंकर्तव्यविमूढ । यस्तो बेलामा सभामुखलाई आग्रह गरेर हामीले केहीबेरका लागि प्रतिनिधिसभा स्थगित गराएका थियौं । हामी तत्काल प्रधानमन्त्रीको कार्यालय पुग्यौं । प्रधानमन्त्रीको कार्यालयमा पहिलेदेखि नै उच्चपदस्थ सैनिक अधिकृतहरूको दबावमूलक उपस्थिति थियो । उनीहरूले आफ्ना कुरा बडो स्पष्टताका साथ राखेका थिए : उनीहरूको खरो भनाइ थियो, राजनीति मिलाउने काम राजनेताहरूको हो । युद्धको मैदानमा गएको सेना विनापरिणाम फर्कन सक्दैन । तसर्थ संकटकालको अनुमोदन हुनुपर्दछ । कुनै पनि सर्तमा यसको म्याद बढाइनुपर्दछ ।

त्यहाँ हामीहरू मन्त्रिपरिषद्का धेरै साथीहरू थियौं, पार्टीका नेताहरूमा रामचन्द्र पौडेलहरू पनि । परिस्थिति स्पष्ट थियो । माथि उल्लेख गरिएका मागहरू पूरा गर्नुपर्ने बारेमा संसद्मा प्रधानमन्त्रीको लिखित प्रतिबद्धताबाहेक गिरिजाप्रसाद कोइराला र माधव नेपालले कुनै पनि हालतमा प्रस्तावलाई अनुमोदन नगर्ने । प्रधानमन्त्रीले उक्त आसयको वचनवद्धता दिन नसक्ने । परिणामतः सरकारको प्रस्ताव असफल हुँदा संसद् विघटनको के विकल्प छ र ? प्रधानमन्त्री शेरबहादुर देउवाको स्पष्ट संकेत हामीले बुझेका थियौं र आसन्न राजनीतिक दुर्घटनाको भयले आक्रान्त थियौं । वास्तवमा त्यस दिन मैले यस विषयमा देउवाजीमा कुनै द्विविधा देखिनँ ।

शेरबहादुरजीले संविधान संशोधनको बारेमा कुनै वचन दिन चाहनुभएको थिएन । उहाँले दरबारमा सोध्नुभयो - के गर्ने भनेर ! दुई तीनपटक दरबारका प्रमुख सचिव पशुपतिभक्त महर्जनसँग फोनमा लामो लामो वार्ता भयो । संविधान संशोधनविना यिनीहरू कुनै पनि हालतमा नमान्ने भनी प्र.म.ले संसद्भित्रको स्थिति श्री ५ मा जाहेर गर्न अनुरोध गरेको कुरा हामी सुनेर बसेका थियौं । देउवाले हामीलाई भन्नुभयो : म त तयार छु । तर, दरबारले कुनै पनि हालतमा संविधानको संशोधन मान्नु हुँदैन भनेको छ । अब मैले के गर्ने ? प्रधानमन्त्रीले निःसंकोच आफ्नो विचार राख्नुभयो : म त दरबारले भनेको नै मान्छु । अहिले मुलुकमा दुईवटा सेनाको प्रत्यक्ष उपस्थिति छ । प्रचण्डको माओवादी सेना र राजाको शाही सेना । वर्तमानमा यी दुई सेनाका बीचका प्रत्यक्ष लडाइँ भइरहेको



छ । हामी कहीँ पनि छैनौं । अब हामी कोसँग बस्ने ? हाम्रो राजासँगै बस्नुपर्ने बाध्यता छ । तसर्थ म राजाले भनेकै गर्छु ।

देउवाले भन्नुभयो, मैले स्वयं राजाको हितका लागि पनि राजनीतिक दलहरूलाई मिलाउन सकिनँ । यदि अरू पार्टीहरूतिर, अन्य दलका नेताहरूमा दरबारको लगानी र प्रभाव छ भन्ने उतैको संकेतबाट कुरा मिल्छ । यसको लगत्तै देउवा आफ्नो प्रत्युत्तर तयार गरी संसद्पट्टि लाग्नुभयो । अख्तियार र भ्रष्टाचारबारे प्रस्तुत विधेयक तत्कालै पास गरिने, उच्चस्तरीय सम्पत्ति छानबिन आयोग एक साताभित्रै घोषणा हुने र संविधान संशोधनका बारेमा सबैसँग छलफल गरिने अस्पष्ट आसयको उहाँले वक्तव्य दिनुभयो । अचानक सबै कुरा मिल्यो । माधव नेपालले चुपचाप भोट हाले । म आज पनि देउवाको कुरा सम्झिरहेको छु । "यदि अरू पार्टीहरू तिर, अन्य दलका नेताहरूमा दरबारको प्रभाव छ भने त्यतिको संकेतबाट कुरा मिल्छ.... ।"

वास्तवमा यस्तो प्रलयमय वातावरणको पृष्ठभूमिमा केही समयपछि भ्रष्टाचार तथा अख्तियारसम्बन्धी कानुन बनेको थियो । अहिले खुमबहादुरजी भन्नुहुन्छ, यतिमात्र कहाँ हो र ? अख्तियारका प्रमुख सूर्यनाथको बडो दबाव थियो- अदालतका न्यायाधीशहरूमाथि पनि अख्तियारले कारबाही गर्न पाउनुपर्छ भनेर । उनले अख्तियारले गर्ने कारबाहीको क्षेत्राधिकारमा न्यायालय तथा न्यायाधीशलाई पार्ने र अनुसन्धान गरी अख्तियारबाट दण्ड सजायको कारबाही भइसकेपछि मात्र अदालतले पुनरावेदन सुन्न पाउने खालको कानुन बनाउनुपर्ने उनको सोच थियो । अख्तियारको यस प्रयोजनमा ने.क.पा. एमालेले समर्थन जनाएको थियो । राज्य व्यवस्था समितिका सभापति होमनाथ दाहालले अख्तियारको मनसाय र आसय बुझेका थिए । उनी सूर्यनाथको लबिङसँग सहमत हुन सकेनन् र पछि नमानेकै कारणबाट समितिको सभापति पदबाट राजीनामा दिए । सार्वजनिक रूपमा जे-जस्तो कुरो बाहिर आए पनि यथार्थमा एउटा भयावह परिस्थितिबाट न्यापालिकालाई जोगाउनका लागि नै राज्यव्यवस्था समितिका तत्कालीन सभापति होमनाथ दाहालले पद छोडेकै हो । खुमबहादुर स्वयं पनि यस पक्षमा रहनुभएको थिएन । यस विषयमा निकै समयसम्म गतिरोध रहेपछि राज्य व्यवस्था समितिमा एउटा समझदारी भयो र आजको रूपमा विधेयक पास भयो । तसर्थ यस कुरामा कसैले पनि दुईमत राख्नु हुन्न कि अख्तियारले वर्तमानमा पाएको अधिकार सूर्यनाथ, सुशील कोइराला तथा एमालेबीचको समझदारीको उपज हो । आज यहाँ थुनामा, खुमबहादुरजी लगभग यस निष्कर्षमा पुग्नुभएको छ कि, उहाँ थुना पर्नुको एक मुख्य कारण सूर्यनाथले चाहेको जस्तो कानुनको मस्यौदालाई पास गराउन विभागीय मन्त्रीको रूपमा सहयोग नगर्नु नै हो ।

हाम्रो मुलुकको न्यायपालिकामा अपेक्षित स्वच्छताका बारेमा स्वयं न्यायाधीशहरू तथा बारको बीच गम्भीर आरोप-प्रत्यारोपहरू नभएको होइन । यो बहस अद्यावधि पनि छँदैछ । तर, न्यायालयभित्रका यस्ता विषय वस्तुको टुङ्गो लगाउने जिम्मा अख्तियारजस्तो निकायले खोज्नु र दिनु वास्तवमा लोकप्रिय नाराको आडमा समग्र न्यायपालिकालाई खटनपटनमा राख्न खोज्नुबाहेक केही हुने थिएन । न्यायालयभित्रका भ्रष्टाचार, नियुक्ति, सरुवाजस्ता विषयलाई नियमित गर्न र आवश्यक कारबाही हेर्न अमेरिकामा पनि न्यायपालिकाको 'कोलेजियम' छ । यसैले मात्र यस्ता विषयमा कारबाही सुन्ने र फैसला दिने कार्य गर्दछ । भारतमा समेत 'साथी न्यायाधीशहरूको समिति' अर्थात् पियर्स कमिटी गठन गर्ने चर्चा हाल पनि चलिरहेको सन्दर्भमा नेपालमा अख्तियारले झन्डै लिई नै सकेको यो छलाङले उत्पन्न गर्नसक्ने भयावहताको - अहिले थुनाकोठामा बन्दी भएर तत्कालीन अवस्थामा कानुन पेस गर्ने खुमबहादुरजी र त्यही मन्त्रिमण्डलको एक सदस्य मैले अनुभव गरिरहेको छु । थाहा छैन, हिजो अख्तियारले खेस्रा गरेको न्यायालयलाई दास बनाउने मनसायलाई भविष्यमा अदालतहरूले कसरी बुझ्ने हुन् ।

**मंसिर ८, ०५९,** Nov 24, 002

आज डा. खालिल आजादको निधन भएको समाचार सुनेर मन दुःखी भएको छ । गिरिजाबाबुहरूले शोक सन्देश दिनुभएको छ । उहाँ सुनसरी जिल्लाको मुस्लिम समाजबाट अगाडि आउनुभएको नेपाली कांग्रेसका बडो आदरणीय नेता हुनुहुन्थ्यो । केही पहिलेसम्म डा. खलिल मधेसतिरबाट राष्ट्रिय राजनीतिमा एक प्रतिकात्मक नेतृत्व मानिनुहुन्थ्यो । केही दशक अघिसम्म राजनीतिमा आउने व्यक्तित्वहरूको सामाजिक सुधारको पृष्ठभूमि बडो प्रखर हुने गर्थ्यो । सायद सोझै राजनीतिमा सक्रियता सम्भव नभएर पनि होला बहुधा मानिसहरू सामाजिक सुधारका पृष्ठभूमिबाट राजनीतिमा आएका हुन्थे, अथवा राजनीतिलाई एउटा निश्चित गन्तव्यतिर पुऱ्याउनका लागि प्रेरक विषयका रूपमा सामाजिक दायित्वसँग आबद्ध भएका हुन्थे । भारतमा त यस्ता व्यक्तित्वहरूको लामो शृङ्खला रहेको छ । भारतीय स्वाधीनता आन्दोलनका प्रखर क्रान्तिकारी अरविन्द घोष, वनारस हिन्दु विश्वविद्यालयका जनक पं. मदनमोहन मालवीय, अलिगढ मुस्लिम विश्वविद्यालयका संस्थापक सर सैयद अहमद खान, फ्रन्टियर गान्धी, खान अब्दुल गफार खान, सर्वपल्ली राधाकृष्णजस्ता अनेकौं प्रख्यात नामहरूको लामो शृङ्खला छ भारतमा, जसले राजनीतिमा आउनुअगाडि सामाजिक चेतनाको फाँटमा निकै प्रसिद्धि पाइसकेका थिए । नेपालको राजनीतिमा यस्ता उदाहरणहरू विरलै पाइन्छ । नेपालमा राजनीतिमा अन्य परिवेशहरूबाट प्रवेश देखिन्छ । डा. आजाद यसभन्दा भिन्न हुनुहुन्थ्यो । हामी सप्तरी, सुनसरी



तथा मोरङतिरका मानिसहरूलाई थाहा छ : डा. खलिल आजाद त्यस्तै असल व्यक्ति हुनुहुन्थ्यो । गिरिजाबाबु बराबर उल्लेख गर्नुहुन्छ : वि.सं. २००७ सालताका जब धार्मिक विभेदका कारणले गाउँघरमा खानका लागि हिन्दु पानी र मुस्लिम पानी छुट्याएर राखिन्थ्यो डा. खलिल त्यस बेला नै प्रजातन्त्रप्रतिको आफ्नो आस्थाका कारणबाट धेरै हिन्दुहरूको मान्य नेता भइसक्नुभएको थियो ।

पछि उहाँसँग एउटा ऐतिहासिक प्रसङ्ग पनि जोडियो । वि.सं. २०४८ सालमा प्रजातन्त्रको पुनःस्थापनापछि गठित पहिलो प्रतिनिधिसभामा सदस्यहरूमध्येबाट उमेरमा सबैभन्दा जेठो भएको कारणबाट प्रथम अधिवेशनको पहिलो बैठकको उहाँले नै अध्यक्षता गर्नुभएको थियो । तर, बडो दुःखको कुरो हो कि डा. खलिल आजादजस्तो व्यक्तिको आज मुलुकमा गुमनाम मृत्यु भयो । सायद गिरिजाबाबुले थाहा नपाएर शोक सन्देश नदिनुभएको भए मैले पनि थाहा पाउने थिइन होला । वास्तवमा नेपालको प्रजातान्त्रिक आन्दोलनमा मधेस क्षेत्रबाट जीवन उत्सर्ग गर्नेहरूको लामो सूची छ । झापाका तुरसा हेमरम, सुनसरीका नकछेदी महतो, सप्तरीका रामेश्वरप्रसाद सिंह, रघुनन्दन गुप्ताहरू, सिरहाका देवनाथ, सूर्यनाथ यादवहरू, धनुषा, महोत्तरीका महेन्द्रनारायण निधि, रामनारायण मिश्र, बारा पर्साका भागवत यादव, पर्साका ...तिवारीहरू, रौतहटका शेख इद्रिस, रूपन्देहीका काशीनाथ श्रीवास्तव, बर्दियाका राधाकृष्ण थारू यी र यस्ता ज्ञात अज्ञात कयौं शिखर पुरुषहरू मधेसबाट राष्ट्रिय राजनीतिमा आए जसले मुलुकको प्रजातन्त्रका लागि मात्र होइन्, यस राष्ट्रको राष्ट्रियताको प्रवर्द्धन एवं एकताका लागि पनि महत्त्वपूर्ण योगदान दिए । तर, दुर्भाग्य आज यी सबै व्यक्तित्वहरू स्मरणीय व्यक्तित्वहरूको शृङ्खलामा पनि दुई नम्बरका नागरिक सरह हुनुपरेको छ । यस मुलुकका सबै भाग्य विधाताहरू आ-आफ्ना महान् परिजनहरूको स्मृतिमा प्रतिष्ठानहरू चलाउनमा लागेका छन्, विचरा यी मधिसे महापुरुषहरूलाई कसले स्मरण गर्ने ? जे होस्, डा. खालिल आजादको निधन वस्तुतः हाम्रो क्षति हो - डा. साहेबप्रति मेरो हार्दिक नमन/श्रद्धाञ्जली !

**मंसिर ११, ०५९,** Nov 27, 002

आज अप्रत्यासित रूपमा अख्तियारका मानिसहरूले मलाई मेरो सिनामंगलस्थित घरमा लिएर गए । मेरो घर र जग्गाको मूल्यांकन गर्ने क्रममा मलाई हिरासतबाट लगिएको थियो । हिरासतबाट लग्दा कहाँ लगिने हो ? मैले कानुनअनुसारको पुर्जी मागेको थिएँ, जुन दिइएन । म मेरो घर पुग्नुभन्दा पहिला नै सात आठजना जति अख्तियारले खटाएका सरकारी कर्मचारीहरू त्यहाँ पुगेर आफूखुसी नापजोख गरिरहेका थिए । उनीहरूले इच्छाखुसी नापजोख गरे । इच्छा लागेका सामग्रीहरूको फोटो खिचे । मैले कुनै विरोध गरिनँ । यी सब कार्य गर्न कानुनअनुसारको कुनै पुर्जी भए दिन माग गरेको थिएँ, उनीहरूले दिएनन् । जाने

बेलामा मेरो उपस्थितिमा सबै कामहरू भएको मुचुल्का बनाएर मलाई हस्ताक्षर गर्न भनियो । मैले सहर्ष गरें । जे होस्, म केही बेरकै लागि भए पनि घर आउन पाएको थिएँ । यसले गर्दा मेरो परिवारमा, मेरा परिवार सरह नै बसेका मेरा गाउँले भाइहरू ध्रुव कार्की, डम्बर खड्का र कर्ण राईहरूमा अब केही दिनभित्रै म थुनाबाट फर्किआउने कुरामा भरोसा जागेको देखें । म त्यहाँ करिब १ घण्टा बसी फर्केको थिएँ ।

यसबाट अब अख्तियारले ममाथि अकुत सम्पति कमाएको मुद्दा चलाउने निश्चित भएको ठानेको छु। अख्तियारले मसँग कार्तिक २२ गते प्रथमपटक बयान लिँदा चलचित्र विकास बोर्डको बारेमा सोधेको थियो । यस बोर्डको गठन गर्नुबाहेक मन्त्रीको कुनै भूमिका हुँदैन । मेरा जवाफहरूबाट मेराविरुद्ध कुनै मुद्दा चल्न नसक्ने देखेर प्रमुख आयुक्त निरास भएका थिए । कानुनी रूपमा मेरा विरुद्ध ठोस मुद्दा चल्न नसक्ने कुराको निर्क्योल गरेर उनीहरू मोबाइल फोन सेटको आयातमा भ्रष्टाचार भएको विषयमा अर्को अनुसन्धान प्रारम्भ गरें । यस विषयमा स्पेस टाइम पत्रिकाले जे जे अनर्गल कुरा छापेको छ हुबहु सोही कुरालाई प्रश्न बनाएर अख्तियारले मसँग बयान लियो । मोबाइल सेटको विषयलाई दशककै सबभन्दा ठूलो भ्रष्टाचार भनेर जति नै प्रचार गरिए पनि वास्तवमा यसमा मबाट कुनै अनुचित काम नभएकाले मुद्दा चल्न नसक्ने मेरो विश्वास छ। नेपाल अधिराज्यमा सर्वप्रथम मोबाइल फोनको सेट बिक्रीवितरण गर्ने इजाजत नेकपा एमालेका नेता राधाकृष्ण मैनाली सञ्चारमन्त्री भएको बेला दिइएको थियो । सोही कुराको निरन्तरतामा मेरो समयमा थप इजाजतहरू दिइएको थियो । विदेशबाट आयात हुने कुनै पनि वस्तुका लागि वाणिज्य विभागबाट छुट्टै इजाजत लिनुपर्ने प्रावधान छ। संचार मन्त्रालयले बिक्रीवितरणका लागि पसलेहरूलाई इजाजत मात्र दिने हो । यस विषयमा अख्तियारले प्रथमपटक मसँग बयान लिइएकै दिनमा राधाकृष्ण मैनालीसँग पनि बयान लिइएको थियो । तर, सोही विषयमा मसँग बयान लिएर अख्तियारले मलाई तारेखमा राख्यो तर राधाकृष्ण मैनालीलाई खोजिएको बखतमा हाजिर हुने गरी मुक्त गरियो । यस विषयमा खिस्सी गर्दै तत्कालै अख्तियारका केही कर्मचारीहरूले मलाई भनेका थिए : धन्दा नमान्नोस्, सूर्यनाथले कमसेकम राधाकृष्ण मैनालीमाथि मुद्दा चलाउँदैनन् । तसर्थ तपाईंमाथि पनि चलाउन मिलेन नि ।

यसपछि पुनः मसँग कान्तिपुर समूहलाई टी.भी. प्रसारणको इजाजत दिइएकोमा बयान लिन थालियो। कुनै गम्भीर कानुनी त्रुटिभन्दा पनि कान्तिपुरलाई नै किन इजाजत दिइयो ? त्यस संस्थासँगको विशेष पूर्वाग्रह राखेर अख्तियार एउटा संवैधानिक निकायभन्दा पनि कान्तिपुरको कुनै प्रतिस्पर्धी



प्रकाशन प्रसारण संस्थाको हित संवर्द्धकको जस्तो भाव भङ्गिमाका साथ मसँग सोधपुछ गर्दै बयान लिइयो । यस विषयमा म स्वयं चकित छु कि मेरा विरुद्ध के मुद्दा चलाउने ? तर, मेरा कानुन व्यवसायी मित्रहरूको राय छ : तथ्य र विषय जे होस्, अख्तियारलाई मुद्दा चलाउनबाट कसले रोक्न सक्छ र ?

उपर्युक्त पृष्ठभूमिमा अख्तियारलाई मेरा विरुद्धमा नुनको सोझो गर्न भनौं वा अन्य सबै प्रयोजनका लागि एउटा दरो मुद्दा नचलाई नहुने भएकाले अकुत सम्पत्तिसम्बन्धी मुद्दाको तयारीका लागि अब षड्यन्त्रको नयाँ कार्यशाला खोलेको मेरो आशंका बलियो हुँदै गएको छ ।

अंग्रेजी क्यालेन्डरअनुसार आज नोभेम्बरको २७ तारेख हो । आजको रेडियो तथा अखबारहरूका अन्तर्राष्ट्रिय समाचारमा श्रीलंकाको तमिल समस्याको बडो चर्चा छ । त्यहाँ दुई दशकको जातीय हिंसा र लगभग ६५ हजार मानिसको मृत्युपछि नर्वे सरकारका प्रतिनिधिहरूको मध्यस्थतामा यसै वर्ष पहिलो पटक आसलाग्दो शान्तिवार्ता सुरु भएको छ । यसै परिप्रेक्ष्यमा आज २७ गतेको दिनलाई तमिल विद्रोहीहरूले खुलारूपमा सहिद दिवस भनी मनाइरहेकाले मुख्य अन्तर्राष्ट्रिय समाचार नै बनेको छ । यस युद्धमा १७ हजार ५ सय जति तमिलको पनि हत्या भइसकेको छ । श्रीलंकाको यो शान्ति अभियान नेपाल जस्तो हिंसाग्रस्त मुलुकको लागि पनि उपयोगी पाठ हुन सक्दछ । तर, यसभन्दा पनि उपयोगी पाठ त श्रीलंकामा कसरी यसको सुरुवात भयो, यसलाई बुझ्नु हुनेछ ।

सन् १९४८ मा बेलायती उपनिवेशबाट मुक्त भएपछि श्रीलंकाका सिंहाली बाहुल्य राजनीतिले मुलुकको शासनबाट अल्पसंख्यक हिन्दु तमिलहरूलाई छुट्याउने काम गरे । स्वतन्त्रताकै पहिलो वर्षमा बनेको नागरिकता कानुनले त्यहाँ दुई शताब्दीदेखि रहिआएका तमिलहरूलाई नागरिकताको अधिकारबाट वञ्चित गरेर राजनीतिको मूलधारबाट अलग्याउने काम भयो । यसको एक वर्षपछि नै नागरिकताको प्रमाणपत्र नहुनेहरूलाई मतदानको अधिकारबाट वञ्चित गर्ने अर्को पृथकतावादी चिन्तनलाई बढाउने काम भयो । यसको परिणाम स्वरूप सन् १९४७ सम्ममा जहाँ संसद्मा आठजनासम्म तमिलहरू निर्वाचित हुन्थे, सन् १९५२ मा पुगेर एकजनालाई पनि निर्वाचित गराउन नसक्ने अवस्था उत्पन्न भयो । यहीबाट श्रीलंकामा समानान्तर रूपमा दुईवटा यात्रा प्रारम्भ भयो, एउटै भाषा एउटै भेष र एउटै धर्मको राष्ट्र बनाउने सिंहालीहरूको पथ र अर्को शान्तिपूर्ण बाटोबाट अधिकार पाइन्न भन्ने निष्कर्षमा पुगेका तमिलहरूको स्वतन्त्र राज्यको गन्तव्य । नेपाल जस्तो बहुभाषिक एवं बहुसांस्कृतिक मुलुकमा हालसम्म

गराइरहिएको नेपाली राष्ट्रवादको विकासको यात्रालाई कुनै न कुनै रूपमा श्रीलंकाको अनुभवसँग जोडेर हेर्नु समीचीन हुन्छ ।

**मंसिर १२, ०५९, Nov 28, 002**

बितेको एक दुई दिनभित्र लेख्ने काममा निरन्तरता रहेन । आज पुनः केही कुरा लेख्न मन लागेको छ । गएको सोमबार, मंगलबार र बुधबारका दिनहरू पूरै विशेष अदालतमा बितेको छ । हाम्रो थुनामा रहनुपर्ने २५ दिनको पहिलो म्याद सकिएर सोमबारका दिन अख्तियारले थप ३० दिन थुनामा राख्ने अनुमतिका लागि हामीलाई अदालतमा पेस गरियो । यस तीन दिनसम्ममा अदालतमा बडो प्रभावशाली ढङ्गबाट बहस भयो । गत २५ दिनको थुनाको अवधिमा अख्तियारले कुनै पनि सन्तोषजनक अनुसन्धान नगरेकाले हामीलाई बढीसेबढी समयसम्म थुनामा राख्ने अनुमति दिएर अख्तियारको दुःख दिने ख्वाहिस पूरा गर्ने काममात्र नहोस् भन्ने जिकिर हाम्रा वकिलहरूले लिएका थिए । तर, मलाई भने हाम्रो वकिलहरूको मागअनुसार साधारण तारेखमा छोडिने कुरामा रत्ति पनि विश्वास थिएन । लगातार तीन दिनको बहसपछि अदालतले थुनामा राख्नका लागि थप १५ दिनको मात्र म्याद दिएको छ । अदालतको यस निर्णयले अख्तियारलाई केही हदसम्म सेन्सर गरेको ठानेको छु ।

मंगलबार १० गतेका दिन अदालतबाट निस्कने क्रममा मैले प्रेससँग भने : मेरो राजनीतिक चरित्र हत्या गर्न एउटा आपराधिक गिरोह व्यापक रूपमा आफ्नो साधन र स्रोत खर्च गरिरहेको छ । र, त्यही गिरोहले हाल मेरा कानुन व्यवसायीहरू तथा मेरा साथीहरूलाई फोन गरी धम्क्याउने कार्य समेत गरिरहेका छन् । उपयुक्त समय आएपछि त्यस आपराधिक गिरोहका बारेमा सार्वजनिक गरुँला भनेको थिएँ । हिजो प्रकाशित कतिपय समाचार पत्रहरूले मेरो त्यस प्रतिक्रियालाई प्रमुखताका साथ छापेका छन् । यथार्थमा मैले स्पेस टाइमको जमिम शाहलाई नै संकेत गरेर उक्त कुरा भनेको हुँ । यस सत्यलाई सबै पत्रकारहरूले पनि बुझेका छन् । भर्खरै यही थुनामा जमिम शाहको समाचारपत्रबाट हालै राजीनामा दिएका एकजना पत्रकार मलाई भेट्न आएका थिए । उनको जानकारीअनुसार अख्तियारमा मेरा विरुद्धमा स्पेस टाइमकै पत्रकार केदार कोइरालाबाट उजुरी दिन लगाइएको हो । सुरुमा केदार कोइरालाले नमानेपछि उनलाई च्यानल नेपालको समाचार प्रसारणका लागि राम्रो पैसा र भत्ता दिएर बैंकक पठाइने निर्णय भयो । यसपछि उनी सहमत भएका छन् । यसैगरी स्पेस टाइमका वित्तीय सहलगानीकर्ता बहादुरकृष्ण ताम्राकारले मेरा विरुद्ध कारबाही गराउनका लागि दरबारको कुनै शक्तिशाली पदाधिकारीसँग कुरा गरी वर्तमान परिस्थितिमा स्पेस टाइमका सबै माध्यमहरूबाट राजाको कदमलाई समर्थन गर्ने व्यवस्था मिलाएका छन् । भनिन्छ, बहादुरको दरबारसँग राम्रो



सम्बन्ध छ । धीरेन्द्र शाहकी श्रीमती प्रेक्षा शाह र यिनको साझेदारीमा कतिपय व्यापारिक कारोवारहरू पनि चलिरहेका छन् । यसै क्रममा जमिम शाहले अख्तियारका प्रमुख आयुक्त सूर्यनाथ उपाध्यायलाई मेरा विरुद्ध कारबाही गरी कुनै पनि हालतमा थुनामा राख्नका लागि रु. दुई करोड नगद दिएको पनि उनले बताए । यस कुरामा मलाई कुनै आशंका नगर्न भन्दै उनले यो सत्य नै हो भनेका थिए । यसै क्रममा जमिम शाहले मेरा विरुद्ध अख्तियारलाई सहयोग गर्नसक्ने कर्मचारीको नामावली उपलब्ध गराएर त्यस्ता कर्मचारीलाई अख्तियारका काजमा ल्याउन लगाएका हुन् । यी सब जानकारीबाट म अचम्भित भएको छु ।

अदालतमा भएको बहसका दौरान मेरा वकिल रामकृष्ण निरालाले हाल अख्तियारमा काजमा रहेका रमेश अधिकारीको घरको फोन नं. देखाउँदै निज रमेशले उनको मोबाइल फोनमा कल गरी धम्क्याएको कुरा बताएका थिए । यसैगरी उनै रमेश अधिकारीले मेरा साथी उज्ज्वल शर्मालाई पनि धाकधम्की दिएका थिए । निरालाजीको मोबाइल फोन सेटमा उनैको फोन नम्बर रेकर्ड भएको छ ! यसबीच भएका र देखिएका कतिपय घटनाले जमिम शाह तथा अख्तियार खास गरी सूर्यनाथ उपाध्यायका बीचको गठबन्धनलाई प्रमाणिक रूपबाट सिद्ध गरेको छ । वास्तवमा यिनै सन्दर्भहरूको आधारमा मैले भनेको थिएँ कि मेरो राजनीतिक चरित्र हत्याका लागि एउटा आपराधिक गिरोह लागी परेको छ । जे होस्, उनीहरू यस कार्यमा सफल भएका छन् ।

अब फेरि केही दिन सम्भवतः यही, यसै थुनामा बस्नुपर्ने भएको छ । आजभोलि ढिलो गरी सूर्योदय हुनथालेको छ । जाडो तीव्रतर रूपमा बढी सक्यो । हाम्रो थुनाको घरलाई पश्चिमतिरबाट छेकेको रानीवनको टाकुराको यस खोंचलाई बिहान १० बजेसम्म बाक्लो कुहिरोले ढाकेको हुन्छ । वास्तवमा कुहिरोले हाम्रो वरिपरिको क्षितिजलाई साँगुरो पारेको छ । कुहिरोको छाना, कुहिरोकै पर्खाल र घेराभित्र थुनिएझैं भएका छौं । यहाँबाट रानीवनको केही भाग देखिन्छ । कुनै बेला बाक्लो रह्यो होला यो वन । अहिले त दिउँसो घाम छिर्न नसक्ने, बल्लबल्ल चन्द्रागिरीलाई नाघेर उपत्यका पस्न सकेको वायुलाई अन्तै फर्काउन सामर्थ्यवान यस वनका पाखाहरूले हाम्रो थुनाको खाल्टोलाई यस कठ्यांग्रिने जाडोमा बेमज्जाका साथ गुम्साएको छ । उपत्यकाकी रानीहरूलाई विरलै आनन्द दिने - यसको नाम किन रानीवन रह्यो होला ? कसैलाई सोधुँला, कुनै दिन ।

हिजो साँझ अदालतबाट फर्केपछि सरू आएकी थिइन्, सँगै मेरो भतिज अंकित पनि । हिजो सरूमा मैले एक प्रकारको भरोसाको झलक पाएँ । सायद हामीलाई अदालतले थुनामा रहन सानो म्याद दिएकाले होला । घरबाट यदाकदा सरस्वती आउँदा प्रायः म सबैका बारेमा सोधीखोजी गरे पनि छपकु (आर्गस) का

बारेमा सोध्न बिसर्न्छु । ऊ जन्मेपछि केही पटकमात्र मैले उनलाई हेरेको छु । वास्तवमा उनको निर्बोध र भावहीन आँखासँग मेरो आँखा जुधेकै छैन ।

अस्ति झण्डै मध्यराततिर अचानक यस सशस्त्र प्रहरीगणका एस.पी. छत्रपति श्रेष्ठ गार्डहरूलाई हाटहुट गर्दै हाम्रा कोठामा अप्रत्याशित रूपबाट प्रवेश गरे । यस प्रकारबाट उनको आगमन हाम्रो लागि अस्वाभाविक थियो । प्रायशः अघि अघि थुना बसिसकेकाहरूले यसरी रातिको बेला हाकिमहरू थुनुवालाई भेट्न आउनुलाई अनिष्टको रूपमा हेर्ने गर्दछन् । थुनाबाट सार्न, कतै अन्त लैजान, बहु प्रचलित मुठभेडको पात्र बनाउन वा अरु नै प्रयोजनहरूका लान लागेका हुन् कि ? यस्ता अनेक प्रश्नहरू उब्जिन्छ- यस्ता बेलामा । यद्यपि, यसको अर्कै प्रयोजन थियो । हामीले पछि मात्र थाहा पायौं, गत वर्ष सोही दिन माओवादीहरूले वार्ता प्रक्रियाबाट पलायन भई अप्रत्याशित रूपमा दाङमा आक्रमण गरेका थिए । यसको वर्षगाँठ मनाउने नाममा माओवादीहरूले यस गणमा हान्न सक्छन् भनी सतर्क गराउन मध्य रातमा एस.पी. आएका रहेछन् ।

असोज १८ को राजाको कदमपछि पुनः राजा तथा माओवादीका बीचमा शान्तिवार्ता हुने चर्चा यता फेरि सुरु भएको छ । गत वर्ष यही समयमा देउवा सरकारको माओवादीसँगको शान्तिवार्ता भङ्ग भएको थियो । र माओवादीहरूले दाङको सैनिक ब्यारेकमा भीषण आक्रमण गरी युद्ध सुरु गरेका थिए । यसै क्रममा सत्तारूढ दल नेपाली कांग्रेस र प्रमुख प्रतिपक्ष एमाले समेतले सरकारलाई उपयुक्त संवैधानिक कदम चाल्न भनेका थिए । सेनाको भित्री चाहना, मुलुकमा संकटकालीन स्थितिको घोषणा हुनुपर्ने यही बेला सार्वजनिक रूपमा प्रकट भएको थियो । सरकारसमक्ष सेना परिचालनबाहेक राज्यको उपस्थितिको आभास गराउने अन्य कुनै विकल्प नरहेकाले सेनाको इच्छाअनुसार मिति २०५८ मंसिर ११ गतेका दिन संकटकालको घोषणा गरिएको थियो । यसअघि राजाबाट भनिने गरिएका सेना परिचालन पूर्व अपनाउनुपर्ने सबै सर्तहरूको कुरा बिर्सिएर शाही सेना परिचालनका निम्ति सहमति प्राप्त भएको थियो । यसअघि यो संवैधानिक कार्य प्रमहरू सूर्यबहादुर थापा र गिरिजाप्रसाद कोइरालाले गराउन सकेका थिएनन् ।

त्यस बेला म सञ्चारमन्त्रीका रूपमा चीन सरकारको निम्तोमा चीन गएको थिएँ । फर्कने क्रममा हङकङ आइपुग्दा मुलुकमा संकटकालको घोषणा भएको थाहा पाएँ । म स्वयं यस नाटकीय घटनाक्रमका बारेमा बुझ्न कौतुहल थिएँ । संसद् रहँदै, संसदीय प्रजातन्त्र यथावत् नै रहेर यो संकटकाल कसरी प्रयोगमा आउने होला, बुझ्न सकिरहेको थिइनँ । म स्वयं विदेश भ्रमणमा जाँदा सबै कुरा लगभग एक प्रकारको र फर्केर मुलुक टेक्दा मुलुकको माटोमा संकटकाल लागेको, सरकारको प्रवक्तका रूपमा यस परिस्थितिलाई कसरी ग्रहण गर्ने र प्रेसमा के प्रतिक्रिया दिने, यी सब विषयमा अन्यमनस्क भावमा थिएँ ।



सूर्यबहादुर थापाको पछिल्लो प्रधानमन्त्रित्वकालमा म केही महिना ( कांग्रेस+फुटेको राप्रपाको संयुक्त सरकार) संचारराज्यमन्त्री पदमा थिएँ । त्यतिबेला माओवादीहरूको प्रभाव देशव्यापी थिएन । सुदूरपश्चिम, मध्यपश्चिम तथा मध्यमाञ्चलका लगभग १४/१५ जिल्लाहरू प्रहरीको भाषामा 'क' श्रेणीको माओवादी आतंक प्रभावित जिल्ला थिए । त्यसबेला सूर्यबहादुर थापाको मन्त्रिपरिषद्ले अब सेना परिचालन नगरे परिस्थिति नियन्त्रणभन्दा बाहिर जाने ठहर गरी सुरक्षापरिषद्को निर्णयका साथ श्री ५ मा जाहेर गरिएको थियो । मन्त्रिपरिषद्ले माओवादी प्रभावित जिल्लाहरूमा मात्र सेना परिचालन गर्ने भनेकोमा सेनाको गम्भीर असहमति थियो । उनीहरूको विचारमा सेना परिचालन भए अधिराज्यका सबै गा.वि.स.हरूमा हुनुपर्ने । यसलाई तत्कालीन सरकारले 'असमयको असान्दर्भिक सैनिकीकरण' हुने ठानेर सहमत हुन सकेन । यसरी मुलुकमा संविधानअनुसार निर्वाचित सरकारको सिफारिस प्रथमपटक शाही नेपाली सेनाको परिचालन राजाबाट अमान्य भएको थियो ।

गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएपछि पुनः माओवादीलाई दमन गर्ने प्रयोजनका लागि सैनिक परिचालनको विषय पटक-पटक उठिरह्यो । मलाई आज सम्झना भइरहेको छ, त्यसबेला मन्त्रीको रूपमा जहाँ गए पनि आर्मी अफिसर्सहरूको यौटै दलिल हुन्थ्यो : सरकारले ढिलो नगरी आर्मी परिचालन गर्नुपर्‍यो भनेर । एकदिन मलाई पनि याक एन्ड यती होटेलमा आर्मीहरूको बाहुल्य भएको एउटा कार्यक्रममा जाने मौका मिलेको थियो । त्यहाँ बडो सजधजका साथ आर्मीका ठूला अफिसरहरू राति अबेरसम्म हातमा विभिन्न पेय लिएर फूर्ति र चहकका साथ कुरा गरिरहेका देखिन्थे । जर्नेलहरूको तर्क थियो, हामी पनि डेमोक्रेट हौं । विश्वका राम्रा राम्रा विश्वविद्यालयहरूबाट पढेका छौं । प्रजातन्त्र बुझेका छौं । तर, वर्तमान प्र.म. गिरिजाले हामीलाई पत्याएनन् । आफ्नै देशको राष्ट्रिय सेना परिचालित भएमा प्रजातन्त्रलाई नोक्सानी हुन सक्ने गलत सोच र आशंका प्र.म.मा भएकै कारणले गर्दा स्थिति अब सरकारको हातबाट बाहिरिँदै गएको भनी उनीहरूका रोषपूर्ण तर्कहरू त्यहाँ जताततै पोखिएका थिए । त्यस दिन मैले चिनेका एकसे एक तेजतर्रार अफिसहरू आर्मीको सर्तमा आर्मी परिचालन हुनुपर्ने कुरा खुलेर गरिरहेका थिए - राति अबेरसम्म । ती कुराबाट म बडो प्रभावित पनि भएको थिएँ । तर, मलाई थाहा थिया, सेना परिचालनका लागि प्रधानमन्त्रीका सबै प्रयासहरू असफल भइसकेको थियो ।

दुनै काण्ड (वि.सं २०५७ को असोजमा डोल्पाको सदरमुकाममा भएको माओवादी आक्रमण)पछि गृहमन्त्री गोविन्दराज जोशीले सेनाप्रति सार्वजनिक रूपमा कडा रोष व्यक्त गरेका थिए । दुनैमा नेपाल प्रहरीमाथि आक्रमण हुँदा नजिकै रहेको सेना सहयोगका लागि आएन । आक्रमणको भोलिपल्टै बिहान राजा वीरेन्द्रको उपस्थितिमा प्रधानमन्त्री र प्रधान सेनापतिका बीच छलफल भयो ।

सेनाले तुरुन्त घेराबन्दी गर्ने र लुटिएका हतियारहरू खोस्ने कुरा तय भयो । तर, आक्रमण गरी आरामका साथ फर्केका माओवादीलाई रोक्ने र चेक गर्ने काममा सेना लागेन । प्रधानमन्त्री कोइरालाले हामीलाई सुनाउनुभएको थियो : तत्कालीन राजा वीरेन्द्रले प्र.म.कै सामुन्ने दरबारमा सेना प्रमुखलाई हुकुम भएको थियो - सेनाको पूर्ण परिचालनको विषयमा पछि कुरा गरौंला, अहिले तत्काल माओवादीहरूलाई घेरेर निःशस्त्र गर्ने काममा लाग्नुपर्‍यो । पछि हामीले थाहा पायौं, गोविन्दराज जोशीलाई कम्फोर्टेबल मानिएको छैन। तसर्थ उनी हुन्जेलसम्म यी कार्य हुन्नन्। पछि प्रधानमन्त्री गिरिजाबाबुले आफ्ना प्रिय गृहमन्त्री जोशीसँग राजीनामा माग्नुभयो । मेरो सामुन्नेमा आफ्नै कार्यकक्षमा प्र.म.ले जोशीसँग दरबारको निर्देशन यस्तै छ, तपाईंले दुःख नमानी राजीनामा गरिदिनु पर्‍यो भन्नुभयो । सोही दिन जोशीले गृहमन्त्रीबाट राजीनामा गरे र सेनाको असहयोगका बारेमा बढी खुलस्त रूपमा प्रेसका सामु उपस्थित भए । यसको लगत्तै जोशीका प्रियपात्र प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलले पनि राजीनामा गर्नुपर्‍यो । वास्तवमा दुनैको निहुँमा, शान्तिसुरक्षाको सवालमा प्र.म. कमजोर देखिएको बेलामा दरबारले नरुचाएका यी दुवैलाई पन्छाउने राम्रो मौका पाएको थियो। तर, जोशीको त्यस बेलाको खुलस्त भनाइबाट उनले सर्वसाधारणबाट राम्रै प्रशंसा पाएका थिए । र, मुलुकमा सेनाको परिचालनको बारेमा नयाँ रूपबाट बहस पनि सुरु भयो ।

यसपछि सेनाको भूमिकाका बारेमा नागरिक समाजमा गम्भीर चर्चा परिचर्चा हुन थाल्यो। दरबारले पनि सेना परिचालनको विषयलाई केही पूर्वाधारहरूसँग जोड्न खोज्यो। मलाई अहिले तिथिमितिको सम्झना भएन। गोविन्दराज जोशीको स्थानमा रामचन्द्र पौडेल गृहमन्त्रीमा आइसकेका थिए । यिनै सेरोफेरोमा दरबारमा सेना परिचालनका बारेमा एउटा ब्रिफिङ कार्यक्रम राखियो । सेना, प्रहरी सबैका प्रमुखहरू त्यहाँ उपस्थित थिएँ। मन्त्रिपरिषद्बाट गृहमन्त्री रामचन्द्र पौडेल, महेश आचार्य, डा. रामशरण महतहरूलाई लिएर प्रधानमन्त्री दरबार जानुभएको थियो। त्यस दिन राजा वीरेन्द्रबाट स्पष्ट रूपमा सेना परिचालनको सम्बन्धमा ४/५ वटा सर्त राखिएको थियो । सेना परिचालनको पूर्व सरकारले माओवादीसँग कम्तीमा एकपटक भए पनि वार्ता प्रारम्भ गर्नुपर्ने, सेना परिचालनका लागि एमाले सहितका संसद्मा रहेका राष्ट्रिय दलहरूको सहमति हुनुपर्ने, सेना परिचालन भइसकेपछि अनिवार्य रूपमा आवश्यक पर्ने ठूलो धन राशि व्यहोर्न तत्काल बजेटको पुनर्संरचना हुनुपर्ने, एकपटक सेना परिचालित भइसकेपछि तोकिएको कार्यादेश पूरा नहुँदै बीचमै सेना फिर्ताको निर्णय सरकारबाट गर्न नहुने र लामो अवधिसम्म सेना परिचालित भइरहनुपर्ने सम्भाव्य परिस्थितिको सन्दर्भमा बीचमै संसदीय निर्वाचन हुन गई अर्को संसद् र सरकार



गठन भए पनि सेना परिचालनको विषयमा सर्वदलीय सहमतिको आधारमा नीतिगत निरन्तरता हुनुपर्ने विषयमा तत्काल राजनीतिक दलहरूका बीच सहमति अनिवार्य भएको सर्त स्वयं राजाबाटै अगाडि सारिएको थियो ।

उपर्युक्त सर्त एवं पूर्वाधारहरू पूरा गर्नका लागि संसद्मा प्रतिनिधित्व गर्ने राष्ट्रिय दलहरूका बीच सहमति हुनु अपरिहार्य थियो, जुन स्वयं प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाकै राजीनामा मागेर आन्दोलन गरिरहेका दलहरूबाट त्यस्तो सहमति कुनै पनि हालतमा सम्भव थिएन । यथार्थमा प्र.मं. गिरिजाप्रसाद कोइराला तत्काल सेना परिचालनका पक्षमा रहनुभएको थियो। तर, सेनाको परिचालनका बारेमा संविधानमा व्यवस्था भएको स्पष्ट प्रावधानहरूको उल्लंघन नहोस् । तसर्थ, सेनाको परिचालन सरकारको संविधानप्रदत्त विषय भएकाले यो अन्य बाहिरी सर्तबाट मुक्त हुनुपर्दछ र यसमा दरबारको कुनै अर्घेल्याइ रहनुहुँदैन भन्नेमा प्रधानमन्त्री कोइराला दृढ थिएँ। सेना परिचालनका बारेमा राजदरबारले राजा वीरेन्द्रको पालामा बनाएको यस सोचमा नयाँ राजाको आगमनपछि पनि कुनै परिवर्तन आएन । सम्भवतः यसै कारणले होला पछि 'होलेरी काण्ड'मा उही प्र.मं. कोइरालालाई सबक सिकाएर राजीनामा दिन बाध्य गराइएको थियो ।

मलाई लाग्दछ, माओवादी समस्या चर्कंदै गएपछि यताको ६/७ वर्षको अवधिमा दरबार र निर्वाचित सरकारहरूका बीच अनपेक्षित रूपमा दूरी बढ्नुको एक प्रमुख कारण भने सरकारहरूले संविधानप्रदत्त रूपमा सेनाको प्रयोग गर्न नपाउनु नै हो । यसको साथै यस विवादले मुलुकको शासनलाई समेत अस्थिर गरेको छ। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको राजीनामा, माओवादी प्रदत्त अशान्तिको नाममा प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको असमयको राजीनामा, गृहमन्त्री पदबाट गोविन्दराज जोशीको राजीनामा, उपप्रधानमन्त्री तथा गृहमन्त्री पदबाट रामचन्द्र पौडेलको राजीनामा, यी सबैका पछाडि सेनाको प्रयोगको विषय कुनै न कुनै रूपमा कारक रहेको छ। आखिर किन यस्तो परिस्थितिको निर्माण गराइँदैछ। हुनसक्छ, यस समस्याको समाधान गर्न नसकेको नाममा हरेक जन निर्वाचित सरकारहरू क्रमशः असफल हुँदै गएपछि अन्ततः राजा स्वयंले इच्छाएको बेलामा माओवादी समस्यालाई समाधान गर्ने जडीको रूपमा सेनालाई प्रयोग गर्ने मनसाय रहेको होला। तर, प्रधानमन्त्री देउवाको अन्तिम समयतिर सेनाले एक प्रकारबाट प्राधिकार नै पाए पनि समस्याको पूर्ण समाधानको त कुरै छाडौं, माओवादीलाई उल्लेखनीय हदसम्म नियन्त्रण गर्न पनि सेना असफल नै देखिएको छ ।

जे होस्, मुलुकमा सेनाको परिचालन भएको एक वर्ष पूरा भएको छ । पहिले सूर्यबहादुर थापा, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला सबै प्रधानमन्त्रीहरूले संकटकालको अनुपस्थितिमा सेनाको परिचालन गर्न चाहेका

थिए । शेरबहादुर देउवाको समयमा संकटकालको घोषणाका साथ सेनाको परिचालन भयो । प्रधानमन्त्रीको रूपमा भलै जुनसुकै अन्तरनिहित कारणले नै किन नहोस्, देउवाले संकटकालको संविधानसम्मत विधिको प्रक्रियाभित्र सेनाको परिचालनलाई समावेश गराएका थिए । यही संवैधानिक विधिको अनुमोदनका लागि देउवाले संसद् तथा संसदीय कार्यविधिलाई आधार बनाएका थिए । यदि प्रधानमन्त्रीको प्रस्तावअनुसार प्रतिनिधिसभाबाट संकटकालको अनुमोदन भएको भए सेना परिचालनको क्रममा उठ्ने सबै विषय स्वभावतः संसदीय छानबिनको क्षेत्राधिकारमा पर्दथ्यो र सेना श्री ५ को सरकारका माध्यमले संसद्प्रति दायित्वपूर्ण पनि रहनुपर्थ्यो र सेनाको क्रमशः अकाशिदै गएको संख्यात्मक विस्तार र खर्चको सीमा पनि संसद्बाट पारित हुने आर्थिक अनुशासनभित्र नै रहन बाध्य हुनुपर्थ्यो । आज भिनो रूपमा नै भए पनि मुलुकमा सैनिकीकरणको चर्चा सुरु भएको छ । केही विद्वान्हरूले यसबारे बडो गम्भीर रूपमा चर्चा गरिरहेका छन् । यो विषय सजिलै संसद्को विषय बन्ने थियो । तर, यसो हुन सकेन । हिजो संविधानअनुसार सेनाको परिचालनलाई हामीले मानेनौं र आज त्यो अवधिभन्दा कयौं गुणा बढी र भयावह हुँदै गएको सैनिकीकरणलाई अकर्मण्य भई मान्न बाध्य भएका छौं ।

यो प्रवृत्ति हाम्रो दुर्भाग्य हो । औसतभन्दा सानो राजनीतिक कद र पुड्को सोचका नेतृत्वकै कारणबाट वास्तवमा यस्तो भएको हो । हामीले झगडा गर्‍यौं, विमतिलाई बढायौं तर यस कुरालाई बुझ्न सकेनौं कि यो झगडा र विमतिको विस्तार केका लागि गरिइँदैछ ? मुलुकमा प्रजातन्त्र रहँदा, प्रजातन्त्रको नाममा प्रजातन्त्रले दिन सक्ने न्यूनतम अवसरहरूको उपयोगमा समेत वस्तुनिष्ठ दृष्टि पुर्‍याउन नसकेर आज प्रजातन्त्रको माग गरिरहेका छौं । हालै यही थुनामा बर्माकी प्रजातन्त्रवादी नेतृ आङ सान सु कीको जीवनी पढेको थिएँ । त्यस पुस्तकमा सु कीको अमेरिकी कांग्रेसका सदस्य बिल रिर्चडसनसँग थुनामा भेट भएको चर्चा छ । अक्टुबर १९९४ मा थुनामै उनलाई भेट्न आएका अमेरिकी कांग्रेसका सदस्य बिल रिर्चडसनसँगलाई उनले भनेको कुरामा मेरो आँखा अडेको थियो :

*"Democracy is just a beginning. I subscribe to the view that democracy is not perfect but it does happen to be better than other system. One of the best things about democracy is that practicing liberal democracies always think of talking first and fighting as the last resort. Where as in a lot of cases talking is the last resort, when they've fought themselves to exhausting and there's nothing else they can do, then they talk ."*

**मंसिर १३, ०५९,** Nov 29, 002

हाम्रो थुनाको दिनचर्या आज पुनः बिथोलियो । यता केही दिनदेखि विभिन्न कारणले गर्दा पूर्वनिर्धारित कार्यहरूको निर्बाध सम्पादनमा केही अवरोधको अनुभव गरिरहेको छु। पढ्ने काम पनि राम्रो भएको छैन। आज दिनभरि नै, सायद भेटघाटलाई केही खुकुलो गरिएकोले होला, प्रशस्त साथीहरू आएका थिए। भेटघाट गर्न आएकामध्ये लगभग सबैजसो खुमबहादुरजीलाई भेट्न आउने गर्दछन्। आज नै उपत्यकाका लागि प्रहरीको डी.आई.जी. फेरिएका छन् । सम्भवतः नयाँ हाकिमको नयाँ निर्देशन आई नसकेकोले होला, भेटघाट अलिक खुकुलो भएको हुन सक्छ।

आजै दिउँसो प्रहरीका अधिकृतहरूले खबर ल्याए, सिंहदरबार प्रहरी थानामा थुनिएका चिरञ्जीवी वाग्लेलाई पनि आज यही ल्याउने रे। हामीमध्ये सबैका आ-आफ्ना दुःख छन्। अब अर्को एउटा दुःखी साथी थपिने भएको सम्झेर पनि सँगै बस्न पाउने भनी खुसी भएका छौं। आज साँझपख हामीमा उत्साह देखिएको थियो। हामी बसेको यो कोठा साँगुरो भए पनि वाग्लेका लागि उपयुक्त ठाउँ बनायौं। वास्तवमा ठाउँ बनाउनु भनेकै आ-आफ्नो खाटलाई अलिक सारेर एउटा थप खाट थप्नु हो। साँझ झिसमिस अँध्यारो हुन लागेको बेलातिर हाम्रो गृहस्थीभित्र उनको पनि प्रवेश भयो। बाँधिएको गुन्टा, प्लास्टिकको एउटा बाल्टी र त्यसभित्र नित्यकर्मका केही सामानहरू, एउटा झोलामा एक दुईवटा पुस्तकहरू र केही फलफूलहरूका साथ प्रसन्नता सहित उनी एक हूल प्रहरीसँगै आएका थिए। वाग्लेको आगमनपछि आज साँझदेखि हामी नयाँ परिवेशको अनुभव गरिरहेका छौं। वास्तवमा यहाँ म र खुमबहादुरजी दुईजना मात्र भएकाले हाम्रो बसाइ विस्तारै एक प्रकारको टाइप्ड जस्तो हुँदै गएको थियो।

**मंसिर १४, ०५९,** Nov 30, 002

हिजो अस्तिको दिनचर्याको विग्रहलाई पुनः व्यवस्थित गर्न रोसा पार्कका बारेमा लेखिएको पुस्तक "Mine eyes have seen glory" पढ्न सुरु गरेको छु। धेरै अघिदेखि रोसा पार्कको बारेमा पढने इच्छा थियो। उनी अमेरिकाको नागरिक अधिकारसम्बन्धी आन्दोलन (Civil Rights

Movement) का अग्रणी व्यक्तित्व हुन् । यथार्थमा रोसा पार्कहरूले अमेरिकाभित्र चलाएको रंगभेदविरोधी आन्दोलनको उपज नै मार्टिन लुथर किंग जुनियर हुन् भन्नुमा अत्युक्ति नहोला । यो पुस्तक पढ्दै जाँदा रमाइलो लागेको छ । यसका बारेमा पछि केही लेखौंला ।

आज बिहान दोस्रोपटक हामीलाई भेट्न देउवाजी आउनुभयो । थुना परेपछि खासगरी चिरञ्जीवी वाग्लेसँग उहाँको भेट नभएकाले आउनुभएको थियो । आज उहाँ धेरै बेर बसेर जानुभयो । यस भेटको क्रममा उहाँको खुमबहादुर र वाग्लेजीसँग मेरो अपेक्षा अनुरूपमा खासै संवाद भए जस्तो लागेन । एकदुई कुरा भने रमाइला रहे । उनको विचार थियो :"मैले असोज १८ अघि उत्पन्न हुँदै गएको घटनाक्रमलाई बुझ्न सकिनँ । राजाबाट मलाई ठूलो धोका दिइयो । वास्तवमा वर्तमान राजालाई गद्दीनसीन भएकै बेलादेखि राज्यको कार्यकारी अधिकार चाहिएको थियो । जनतासँग घात गरेर राजालाई चाहिएको अधिकार दिन र त्यसबापत प्र.म.को कुर्सीलाई सुरक्षित राख्न मैले 'कम्प्रोमाइज' गर्न नसकेकोले नै मलाई राजाले अपमानजनक रूपमा हटाए । राजाका लागि सकेसम्म त्याग गरेर पनि विश्वास जित्न सकिएन । राजाको सत्ता हत्याउने सुर नभएको भए अन्य कारणबाट यस प्रकारको असमझदारी उत्पन्न हुने थिएन ।"

भर्खरैको देउवाकै नजिक मानिने तरुण साप्ताहिकमा राजाले गिरिजाप्रसाद कोइरालालाई भ्रष्टाचारको आरोपमा थुन्नका लागि देउवालाई दबाव दिएको, तर उनले असहमति जनाएकोबारे प्रकाशित समाचारप्रति हामीले निकै बेर चर्चा गरेका थियौं । देउवाले यस्ता भित्री कुरा अब प्रेसमार्फत सार्वजनिक गर्न थाल्नुभएको छ । के साँच्चै देउवा अब एउटा छुट्टै छविका साथ भोलिको राजनीतिमा अगाडि बढ्ने सोच बनाउनुभएको हो कि ? भन्ने मेरो जिज्ञासा थियो । मैले भनें, के हो प्रधानमन्त्रीजी विस्तारै राजाको बारेमा कटु हुँदै जानुभएको छ नि ? यसै प्रसंगमा देउवाले भन्नुभयो : केही अघिको चीनको भ्रमणबाट फर्केपछि राजाले उनलाई गिरिजाप्रसाद कोइराला तथा छोरी सुजाता कोइरालालाई विभिन्न भ्रष्टाचारको मुद्दा खडा गरी थुन्न भनेको तर आफूले राजालाई यो अत्यन्त अलोकप्रिय राजनीतिक मुद्दा बन्न सक्ने भएकोले बिन्ती गर्दै त्यसो गर्न नमानेको बताउनुभयो । "मेरो यस जवाफलाई राजाले राम्रो मानिबक्सेन ।" आज मैले देउवामा राजाका प्रति घोर असन्तुष्टि देखें । बदलिएको परिस्थितिमा खिन्न, प्रशस्त पश्चात्ताप बोकेको, धेरै समय खेरै बिताएको आभासका साथ समयको उपयोग गर्न नसकेकोमा क्षुब्ध र शक्तिहीन जस्तो लाग्यो - आजको देउवा ।

असोज १८ को शाही कदमको भोलिपल्ट १९ गतेका दिन देउवालाई भेटका न्युयोर्क टाइम्समा एकजना पत्रकारले त्यस पत्रिकामा लेखेका थिए :



"काठमाडौंमा नेपाली जनताको ५० वर्षको अनवरत संघर्षपछि १२ वर्षअघि पुनःस्थापित प्रजातन्त्र राजाबाट खोसिएको थियो । तर, राजधानीमा कतै कुनै प्रतिरोध देखिएन, विभिन्न चौक चौराहामा स-साना समूहमा मानिस देखिन्थे र वर्तमान राजनीतिका बारेमा चर्चा गरेका हुन्थे । प्रायशः एसियाली मुलुकहरूमा देखिने जस्तो स्वतःस्फूर्त प्रकारको कडा विरोधको जस्ता कुनै माहोल थिएन, काठमाडौंमा । एक दिन पहिले मात्र पदमुक्त प्र.म. देउवालाई भेट्दा उनी परिस्थितिको मूल्यांकन गर्न पनि सकेका थिएनन् । अब के गर्ने ? कुनै स्पष्ट दिशाबोध देखिदैनथ्यो - उनको कुराकानीमा । उनी आफ्नो दायाँ हातका औंलामा लगाएका स्वयंवरको औठी (Engagement Ring) लाई बायाँ हातको औलाले घुमाउँदै, पसाउँदै फेरि औंलाबाट निकाल्दै - लाउँदै गरी मात्र बसेका थिए ।" आज मलाई देउवासँगको भेटका बखत त्यस पत्रिकाको रिपोर्टलाई सम्झेर रमाइलो लागिरहेको थियो- हामीसँग बसुञ्जेल देउवा हुबहु त्यही मुद्रामा थिए । किंकर्तव्यविमूढ - हारेका जुवाडी जस्ता ! स्वयंवरको औठी औंलाबाट निकाल्दै, फेरि पसाउँदै गरेको पुरानै मुद्रामा ।

देउवाको मन्त्रिपरिषद्का सदस्यकै रूपमा रहँदा पनि असोज १८ गतेअघि करिब ४/५ महिनासम्म उनीसँग हाम्रो मेरो, पूर्णबहादुर खड्काको, बलबहादुर के.सी.को र खुमबहादुर खड्काको लगभग राम्रो संवाद थिएन । उनको विस्तारै दरबारप्रति झुकाउ बढ्दै गएको र दरबारको योजनामा सरकारको क्षमतालाई अकर्मण्य बनाउँदै लगेकोमा हाम्रो गम्भीर आपत्ति रहेको थियो । एकदिन त बलबहादुरले प्र.म.माथि विनासंकोच चुनाव गराउनेतर्फ शिथिलता देखाएर प्रजातन्त्र दरबारमा बुझाउन लागेको आरोप समेत लगाएका थिए । लगभग, यही सेरोफेरोमा खुमबहादुरजीसँग मेरो सल्लाह भएको थियो । हामी नराम्रोसँग फस्यौं, अब मौका मिलाएर मन्त्रीपदबाट राजीनामा दिएर यस सरकारबाट बाहिरिनु नै उपयुक्त हुने भनेको थिएँ । खुमबहादुरजीले त्यस प्रस्तावमा सहमति जनाउनुभएको थियो । दुर्भाग्यवश, हतार हतारमा बदलिएको सन्दर्भले त्यतापट्टि जान सकिएन ।

हठात् गरिएको प्रतिनिधिसभाको विघटन तथा नयाँ निर्वाचनको तिथिको घोषणापछि म उनमा कहिल्यै गम्भीरता देखिनँ । स्वयं मन्त्रीहरूमा तथा सर्वसाधारणमा चुनाव हुनसक्छ भन्ने कुरामा कतै विश्वास गर्ने वातावरण देखिदैनथ्यो । एकपटक टि.भी.को एउटा अन्तर्वार्तामा मैले भनेको थिएँ- चामत्कारिक ढंगबाट निर्वाचन हुन्छ भनेर । सरकारको प्रवक्ताको रूपमा मैले उक्त कुरा बोलेपछि सर्वत्र हाँसोको पात्र बन्न पुगेको थिएँ । कतिपय गम्भीर प्रकृतिका व्यक्तिहरूले त कुनै पनि हालतमा निर्वाचन नै हुन नसक्ने अवस्थामा निर्वाचन हुन्छ नै भन्ने मेरो अभिव्यक्तिको दृढतालाई आधार बनाएर देउवा

सरकारले सेनाको मद्दतबाट पाकिस्तानको सैनिक प्रशासक जनरल मुसर्रफले गराएको जस्तो निर्वाचनको गराउने आशंका समेत गरेका थिए । नेपाल विद्यार्थी संघको एउटा कार्यक्रममा त यस विषयमा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले गम्भीर आसयको प्रतिक्रिया समेत व्यक्त गर्नुभएको थियो ।

त्यसबेला मुलुकभर नै माओवादीको आक्रमणहरूमा दिनानुदिन बढोत्तरी हुँदै गएको थियो । केही अघिसम्म माओवादीहरूलाई छेउ लाउँदै गएको शाही सेना अपत्यारिलो किसिमले प्रभावहीन हुँदैं गएको देखिन्थ्यो । सेनाका उच्च हाकिमहरूको जवाफमा आफ्ना उपलब्धिहरूको चर्चा गर्नुको साटो अस्वाभाविक र असान्दर्भिक रूपमा सरकारप्रति गुनासाहरू सुनिन थालिएको थियो । वास्तवमा विभिन्न प्रकारका गतिविधि तथा आशंकाका कारणले निर्वाचन हुन नसक्ने दिशामा मुलुकको मानसिकता प्रबलतम हुँदै गएको थियो ।

निर्वाचनको चरणबद्ध कार्यक्रमको घोषणा भइसकेको थियो । निर्वाचनको प्रथम चरणको कार्यक्रम सुरु हुन अब केही दिन मात्र बाँकी थियो । तर, निर्वाचन आयोगले गर्नुपर्ने अत्यावश्यक वस्तुको आपूर्तिसम्म गरिएको थिएन । निर्वाचन आयोगले त खाँचो पर्न सक्ने अनुमानको आधारमा मतदाता नामावलीको फोटोकपीसम्म तयार नगरेको कुरा स्वयं एक आयुक्तले मलाई बताएका थिए । निर्वाचन क्षेत्रहरूका लागि निर्वाचन अधिकृत तोकिइसकिएको थियो तर धेरै जिल्लामा उनीहरू पुग्न सकेका थिएनन् । न त आयोगबाट न त सरकारबाट नै यसको कुनै अनुगमन भएको थियो । सामान्य अवस्थामा समेत निर्वाचन हुँदा राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रहरूबाट पर्यवेक्षकहरू निम्त्याउने र तत्सम्बन्धी विषयमा हुने नियमित कार्य समेत आयोगले गरिरहेको थिएन । संक्षेपमा भन्नुपर्दा तोकिएको समयमा निर्वाचन हुन नसक्ने कुरामा आयोग स्वयंले वातावरण बनाएको झै देखिन्थ्यो । निर्वाचन आयोगको मानसिकता भने सम्पादन नै हुन नसक्ने कामको लागि किन मेहनत गर्ने भन्ने खालको थियो ।

वास्तवमा निर्वाचन आयोग सरकारलाई सहयोग गर्ने र आफ्नो कर्तव्य पालन गर्ने मनःस्थितिमा थिएन । खासगरी प्रमुख निर्वाचन आयुक्तको प्रधानमन्त्रीसँग ठूलो गुनासो थियो । नेपाली कांग्रेसको विभाजनपछि रूख चुनाव चिन्ह कुन पक्षले पाउने विषयको मुद्दा निर्वाचन आयोगमा विचाराधीन थियो । प्रधानमन्त्री लगायत सबैलाई थाहा थियो कि नेपाली कांग्रेसको जुन पक्षले रूख चिन्ह पाउँछ, त्यस पक्षको मान्यता वास्तविक कांग्रेसको रूपमा हुनेछ । खासगरी प्रधानमन्त्री पक्षको लागि यो जीवनमरणको विषय भइसकेको थियो । प्रधानमन्त्रीले यस विषयमा केही खास सोच बनाउनुभएको थियो । यस कार्यमा दरबारको एकपक्षले सहयोग गर्ने विश्वास गरिएको थियो । अर्कोतर्फ प्रमुख निर्वाचन



आयुक्तसँग कुनै तारतम्य मिलाइएको थियो । जुन पूरा हुन नसकेकाले प्रमुख निर्वाचन आयुक्तले प्रधानमन्त्रीलाई अविश्वसनीय भनी असन्तुष्टि व्यक्त गरिरहेका थिए । तर, निर्वाचनको तयारीमा आयोगको निष्क्रियताको यो नै प्रमुख कारण थिएन । मुख्य कारण त राजनीतिक थियो ।

समयमै निर्वाचन गराउन मन्त्रिपरिषद्का साथीहरूको दबावको बावजुद पनि प्रधानमन्त्रीले यस दिशामा एकदिन पनि सेना वा सम्बद्ध सुरक्षानिकायसँग परिस्थितिको आँकलन गर्ने काम गरेको देखिएन । मैले सम्झेअनुसार सायद त्यस अवधिमा एकपटक पनि प्रधानमन्त्री, मन्त्रीहरू र श्री ५ को सरकारका सचिवहरूसँग निर्वाचन आयोगका सदस्यहरू तथा पदाधिकारीहरूसँग छलफल भएन । प्रायशः हरेक निर्वाचनताका अनिवार्य रूपमा बस्ने गरेको निर्वाचन आचारसंहिता सम्बन्धी सरकार र राजनीतिक दलहरूको बैठक बसेन । मन्त्रिपरिषद्का बैठकहरूमा गृहमन्त्री खुमबहादुर खड्काले निरन्तर रूपमा स्थितिमा आमूल सुधार ल्याउन नसकिएमा कुनै पनि सर्तमा निर्वाचन हुन नसक्ने तथ्य बारम्बार उठाउने गर्थे । निर्वाचन आयोगले औपचारिकतावश बोलाएको एउटा बैठकमा जनपद प्रहरीका महानिरीक्षकले कार्तिकमा कुनै पनि हालतमा निर्वाचन हुन नसक्ने कुरा सार्वजनिक रूपमा बताएर ठूलो विवाद खडा गरेका थिए । यसका बावजुद पनि निर्वाचनलाई सम्पन्न गराउनेतर्फ चाल्नुपर्ने कदमका बारेमा प्रधानमन्त्रीमा कुनै जागरुकता देखिदैनथ्यो । लाग्दथ्यो, देउवालाई थाहा छ-निर्वाचन हुनै सक्दैन । तर, केही अदृश्य बाध्यताहरूका कारण उनी किंकर्तव्यविमूढ रहन बाध्य थिए ।

यद्यपि, यस कार्यमा राजनीतिक दलहरूको भूमिका पनि दोषमुक्त छैन । प्रथम चरणको निर्वाचनका लागि असोजको २० गते उम्मेदवारहरूको मनोनयनपत्र दाखिला गर्ने कार्यक्रम तय भएको थियो । तर, असोज १८ गतेको राजाको घोषणा हुँदाको बखतसम्म पनि कुनै पनि राजनीतिक दलहरूले आफ्नो पार्टीको विधानअनुसार उम्मेदवारहरू तय गरेका थिएनन्, निर्वाचनको सिफारिस गर्ने प्रधानमन्त्रीको पार्टी, कोइरालाको कांग्रेस, एमाले, राप्रपा, सद्भावना, नेमकिपा कसैले पनि । निर्वाचन नहुने कुरामा वा भए सहभागी नहुने कुरामा वा हुनै नै भए हुन नदिने कुरामा सबै राजनीतिक दलले पूर्वनिर्धारित मनःस्थिति बनाइसकेका थिए ।

सबैभन्दा हास्यास्पद तथा बेढंगको काम त प्रधानमन्त्रीले बोलाएको सर्वदलीय बैठकबाट भयो । मलाई अहिले त्यस बैठकको तिथिमितिको स्मरण भएन । निर्वाचनका सम्बन्धमा प्रधानमन्त्री देउवाले आफ्नो सरकारी निवासमा सर्वदलीय बैठक बोलाउनुभयो । यस बैठकको बारेमा मन्त्रिपरिषद्मा कुनै चर्चा गरिएन । यस बैठकमा प्रधानमन्त्रीले शान्तिपूर्ण तवरमा कसरी निर्वाचन सम्पन्न

गर्न सकिन्छ भन्ने विधिवत् प्रस्ताव प्रस्तुत गर्नुभयो । यस बैठकमा सरकार पक्षबाट चिरञ्जीवी वाग्ले, खुमबहादुर खड्का, विजय गच्छदार र पूर्णबहादुर खड्का सहभागी थिए । पार्टीहरूबाट नेपाली कांग्रेस, नेकपा एमाले, रा.प्र.पा., नेपाल सद्भावना पार्टी तथा ने.म.कि.पा. आदि सहभागी थिए । यस बैठकपूर्व दलहरूले आपसमा छुट्टै बैठक गरी निर्वाचन सार्न प्रस्ताव गर्ने निधो गरिसकेका थिए । दलहरूको यही सहमतिअनुसार उनीहरूले आफ्नो प्रस्ताव राखे र स्वयं प्रधानमन्त्री आफैले निर्वाचनलाई कसरी निर्विघ्न रूपमा सम्पन्न गराउन सकिन्छ भनी बोलाएको बैठकमा अपत्यारिलो ढंगबाट विभिन्न कारणबाट तोकिएको मितिमा निर्वाचन हुन नसक्ने भएकाले निर्वाचनलाई केही पर सार्न र यसका लागि उपयुक्त संवैधानिक विकल्प अपनाउन प्रधानमन्त्रीले प्रयत्न गर्नुपर्ने अन्य दलहरूको सुझाव तथा मागमा देउवा स्वयं आफैले हस्ताक्षर गरे । गृहमन्त्री खुमबहादुर खड्का त्यो बैठक छोडेर हिँडे । उनको यो अघोषित बहिष्कार थियो । म अहिले पनि सोच्छु कि राजनीतिक आत्महत्याको योभन्दा नृशंस तरिका अरु के हुन सक्दछ ?

देउवाले निर्वाचन सम्पन्न गर्ने सन्दर्भमा विभिन्न दलका के कस्तो धारणा छन्, के कस्ता सुझाव छन्, यसका बारेमा सर्वदलीय बैठक बोलाउनु ठिकै हो । यस बैठकमा दलहरूका तर्फबाट सरकारका लागि कुनै अप्रत्यासित प्रस्ताव आउनुलाई पनि स्वाभाविक मान्न सकिन्छ । दलहरूको विचार पनि आयो । सबैको निष्कर्ष थियो - "अहिलेको अवस्थामा चुनाव हुन सक्दैन । तसर्थ संविधानमा प्रावधान गरिएको बाधा अड्चन फुकाउने धारा १२७ प्रयोग गरेर निर्वाचनको अर्को मिति सार्नुपर्‍यो ।" यहाँसम्म ठिक नै थियो । तर, दलहरूको सुझाव दिने अधिकार एवं कार्यलाई सरकारले सुझावको रूपमा मात्र लिनुपर्थ्यो । यस सुझावलाई प्रधानमन्त्रीले पछि मन्त्रिपरिषद्को बैठकमा छलफल गर्नुपर्थ्यो । जब कि प्रधानमन्त्रीले, स्वयं आफू निर्णयकर्ता भएर पनि आफू फेरि सुझावकर्ताको रूपमा त्यस विज्ञप्तिमा हस्ताक्षर गरेर मुलुकको संसदीय अभ्यासमा हदै दर्जाको असंसदीय कार्य गर्नुभएको थियो । मेरो विचारमा प्र.म.को त्यस कार्यबाट संसदीय प्रणालीभित्रको प्रधानमन्त्रीय पद्धतिमा गम्भीर त्रुटि भएको हो । मैले सम्भवत: भोलिपल्टै बसेको मन्त्रिपरिषद्को बैठकमा गम्भीरतापूर्वक यसतर्फ प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको थिएँ । तर, निष्काम ! पछि यसैलाई टेकेर संविधानको धारा १२७ अनुसार श्री ५ समक्ष सिफारिस भयो ।

**मंसिर १५, ०५९,** Dec 1, 002

आज आइतबारको बिदा भएकोले थुनामा खुमबहादुर खड्का तथा वाग्लेजीलाई भेट्न आनेहरूको ताँती लागेको छ । हाम्रो थुना कोठामा दक्षिणबाट उत्तर गरी समानान्तर रूपमा तीनवटा खाट राखिएका छन् । हाम्रो मधेसमा खाट



भनेको खटिया हो, जुट वा साबेको डोरीले बुनिएको तर नेपाली भाषामा भनिने खाट हाम्रो चौकी हो । मेरो चौकी बीचमा छ । मेरो बायाँतिर खुमबहादुरजीको र मेरो दायाँतिर चिरञ्जीवी वाग्लेजीको । कोठामा एउटा सानो दुईजना बस्ने सोफाबाहेक अरू कुनै बस्ने व्यवस्था छैन । तसर्थ मेरा दुवैजना नेताहरूलाई भेट्न आउने सयौं साथीहरू पालो पर्खेर मेरो चौकीलाई उपयोग गर्ने गरेका छन् । म मेरो चौकीको ठिक बीच भागमा उत्तानो परी सुतेको वा सुविधाअनुसार बसेको हुन्छु र मेरो चौकीको बायाँतिर खड्काजीलाई तथा दायाँतिर वाग्लेजीलाई भेट्ने साथीहरू जोडिएर बसेका हुन्छन् । यसबाट मलाई अलिक असुविधा त हुन्छ नै, तर एउटा फायदा भएको छ । कोठामा दक्षिणतिरबाट छिर्ने लुरे घामले तताउन नसकेको मेरो ओछ्यान र मेरो जीउ प्रायश: दिनभरी नै तातो रहने गरेको छ । सोच्दछु, रातिको समयमा पनि यो भेटघाट चल्ने भए, मलाई चिसोबाट राहत हुने थियो ।

कोठाको यस्तो माहोलमा पढ्न त ठिकै छ तर लेख्न सकिन्न । आज राजविराजबाट कुनै साथीले एक पोको त्यहाँका स्थानीय अखवारहरू पठाइदिएका छन् । बिचरा लिई आउने साथीले भने मलाई भेट्न पाएनन् । यत्रो हूलमा पनि भेट्न पाएनन् । कोही होलान्, कमजोर बोली भएको । यी पत्रिकाहरूबाट जिल्लाका धेरै हाल खबर बुझ्ने मौका पाएँ । जिल्लाका कार्यक्रममा डुलेर मन्त्री कुबेर शर्माले मलाई निकै गाली गलौज गरेका छन् । प्रायश: सबै कार्यक्रममा उनले मलाई तारो बनाएको देखिन्छ । उनको लागि यो राम्रो मौका हुनुपर्छ । यस वर्ष हालसालै सप्तरीका साहित्य अनुरागीहरूले बडो भव्यताका साथ विद्यापति दिवस मनाएका छन् । नेपालमा नेपाली भाषाका बाहेक अन्य भाषाका साहित्यिक कार्यक्रममा सरकारको कुनै योगदान रहँदैन । मधेसतिरका भाषाहरूको त सरकारी स्तरमा झन् कुनै स्मरण र उल्लेख नै हुँदैन । यस्तो अवस्थामा पनि राजविराजमा विद्यापतिको कार्यक्रम भव्यरूपमा सम्पन्न भयो ।

हाम्रो भाषा सम्पदाको फाँटमा नेपाली जस्तै मैथिली पनि आर्यभाषाको शृङ्खलामा पर्दछ । मैथिली आर्यभाषाहरू मध्येको एक प्राचीन भाषा हो । नेपालमा शाहवंशको विस्तारभन्दा पूर्व यस भाषाले एक समयमा राजकीय मान्यता पनि पाएको थियो तर पछि यसका साथै अन्य भाषाहरूलाई छेउकिनार लगाउने क्रममा यस भाषालाई पनि दरकिनार गरियो । महाकवि विद्यापति मैथिलीका महान् हस्ती हुन् । लगभग पाँच शताब्दीदेखि विद्यापतिले रचना गरेका काव्यधाराले मैथिली समाजलाई सरस बनाएको छ । भारतको पूर्वाञ्चलका क्षेत्रहरू, बंगाल, उडिसा, आसाम तथा नेपालको मिथिला क्षेत्रमा विद्यापतिका गीत तथा अन्य रचनाहरूको बडो प्रभाव रहेको छ । उनको जन्मबारे यकिन किटान छैन । तर, उनको मृत्यृको जानकरी एउटा गीतबाट पाइन्छ :

*विद्यापतिक आयु अवसान ।*

*कातिक धवल त्रयोदशी जान ॥*

यसै आधारमा हालै उनको जयन्ती मनाइयो, कार्तिकको धवल त्रयोदशीको दिन पारेर । विश्वका समुन्नत बहुभाषिक तथा बहुसांस्कृतिक परिवेशका मुलुकहरूमा त्यस मुलुकका सबै प्रचलित भाषा तथा साहित्यका प्रख्यात व्यक्तित्वहरूलाई राष्ट्रको एकताको सबल आधारको रूपमा पहिचान गराइन्छ । यसबाट मुलुकमा दरो प्रकारको एकताको भावनालाई बल पुग्छ तर हाम्रो मुलुकमा यस्तो विचारको कुनै स्थान छैन । राज्यले चाहेमा विद्यापतिलाई मात्र होइन, नेपालका अन्य सबै भाषाका कवि तथा साहित्यकारको अनुशंसाको नाममा राष्ट्रको एकताको आधारलाई दीर्घजीवी बनाउन सक्छ तर गर्दैन । नारी सौन्दर्यका बारेमा विद्यापतिले लेखेका केही पंक्तिको सम्झना हुन्छ..........

*चान्दन तिलक बाङ्क करु गोरी ।*

*हर मन भेल चान्द गेल चोरी ॥*

*चान्दक भरमे कएल हर दन्दा ।*

*किए मोर गउरि चोराओल चन्दा ॥*

*हे हर ! हे शिव ! बुझिअ बिसेखि ।*

*चान्द न थिक इ चान्द केर रेखी ॥*

*गउरि मुख हास उदय जनि भेला ।*

*हर मन भेल चान्द उगि गेला ॥*

*भनइ विद्यापति हर परिहासे ।*

*भगत जनक पूरथु सबे आसे ॥*

**मंसिर १७, ०५९,** Dec3, 002

अब दिनैपिच्छे लेख्ने कुरामा नियमितता नरहेकोमा आफूप्रति गुनासो रहेन । स्वाभाविक नै हो, थुनामा अब हामी तीनजना भयौं, यसको प्रभाव पर्नु स्वाभाविक नै हो ।

आज बालाचतुर्दशी हो, मेरो बस्ने ठाउँ सिनामंगलतिर बडो घुइँचो होला मानिसहरूको । खासगरी आजको दिन पशुपतिमा भक्तजनहरूले सद्वीज छर्ने गर्छन् । आफ्ना स्वजनहरूको मृतात्माको मोक्ष प्राप्तिका लागि सद्वीज छर्ने परम्परा रहेको छ । सद्वीज (सत्वीज वा सप्तवीज) भन्नाले विभ (लामा), साबाँ



(फूल), भटमास, मास, फलफूल, सरस्यु, तोरी, कालो तिल, जौं, गेडागुडी, सखरखण्ड, धान, पिंडालु भन्ने बुझिन्छ । मलाई यस्ता धार्मिक रिवाजहरूको विषयमा धेरै ज्ञान छैन । तर, थुनामा बस्दा यस्ता कुराबारे पनि जान्न मन लागेको छ ।

खासगरी काठमाडौं उपत्यकामा बालाचतुर्दशीको चाखलाग्दो श्रुति परम्परा रहेको छ । भनिन्छ, शताब्दिऔं पहिला पशुपतिको आसपासमा बाला नामका एकजना जोगी बस्ने गरेका थिए । उनले त्यहाँ दाह संस्कार गर्न ल्याइने मुर्दा खान थालेछन् । उनको यस कृत्यबाट त्यहाँ छरछिमेकका मानिसहरू डराउने भए । मानिसहरूमा डर भयो कि अब बालाले ज्यूँदा मानिसलाई पनि खान बेर मान्दैनन् । यसै क्रममा बालाबाट मुक्तिका लागि मानिसहरूले एउटा जुक्ति गरे । केही मानिसहरू मिली 'नाई'लाई बोलाएर बालाको दाह्री बिग्रेको छ, अनुहार विरूप छ भनी कपाल दाह्री काटी सफा सुग्घर पारिदिने नाममा ती बाला नामक मानिसलाई 'नाई'बाट मार्न लगाएछन् । पछि बुझ्दै जाँदा ती नाई भने बालाकै साथी रहेछन् । यसरी नाईलाई धोकामा परी आफ्नै साथीलाई मारेकोमा घोर पश्चात्ताप भएछ र यही पश्चात्तापबाट मुक्तिका लागि उनले पशुपतिमा सत्वीज छर्न थालेछन् र सोपछि नै सत्वीज छर्ने परम्परा चलेको भनिन्छ ।

यसपटक थुनामा बसिएको यस अवधिमा धेरै महत्त्वपूर्ण सांस्कृतिक पर्व त्यौहारहरू बितेको छ । भाइटीका, पवित्र छठ, समाचकेवा, बालाचतुर्दशी आदि । वास्तवमा नेपालका विभिन्न जातीय समुदायमा यस्ता पर्व एवं अवसरको धार्मिक तथा सांस्कृतिक महत्त्व त छँदै छ साथै, जातीय एवं क्षेत्रीय सद्भाव तथा एकताका लागि पनि यी त्यौहारको विस्तारित महत्त्व छ । यता केही वर्षदेखि विभिन्न जातीय समुदायका व्यक्ति तथा संस्थाले सामाजिक राजनीतिक जागरणका लागि यस अवसरलाई चतुऱ्याइँका साथ उपयोग गरेको देखिन्छ । काठमाडौंका नेवारहरूले तिहारमा बर्सेनि आयोजन गर्ने भिन्तुना अब उनीहरूको राजनीतिक आकांक्षालाई प्रतिबिम्बित गर्ने सशक्त माध्यम भएको छ । शेर्पा तथा तामाङहरूको लोसार, राईहरूको साकेला, सुदूर पश्चिमेलीहरूको देउडा । यी सांस्कृतिक चाडवाडहरू मुलुकको हिमाल र महाभारतशिला खण्डलाई पार गरेर बर्सेनि टुँडिखेलमा अवतरण गर्न थालेका छन् । यस्ता गतिविधिले एउटै भाषा एउटै भेषवाला मनोविज्ञानलाई राम्रैगरी धक्का दिएको छ । यस्ता आयोजनाले मुलुकका विभिन्न समुदायमा जागरणको नयाँ लहर ल्याएको छ ।

तर नेपालका तराई क्षेत्रका मधेसी समुदायमा भने अझै आफ्नो पृथक् सांस्कृतिक पहिचानका लागि क्रियाशील सचेतता रहेको देखिँदैन । वास्तवमा नेपालमा तराई जागरणको आन्दोलन कमजोर छ । मेरो विचारमा यस आन्दोलनको गर्भबाट हालसम्म केही प्रशासनिक र राजनीतिक मुद्दालाई मात्र

अगाडि बढाइँदैछ । खासगरी मधेसीहरूको सबै अपेक्षा मूलतः केही राजनीतिक मागहरूमा मात्र केन्द्रित रहेको छ । मधेसीहरूको अपेक्षाहरूको प्राप्तिका लागि ठोस र व्यापक जनलगाव भएको भाषिक र सांस्कृतिक सरोकारका विषयहरूले एउटा आन्दोलनको रूप लिन नसकेकाले पनि यो आन्दोलन एकांकी एवं कमजोर भएको हो ।

पूर्वको झापा जिल्लादेखि सुदूर पश्चिमको कैलाली र कञ्चनपुरसम्म लम्पसार फैलिएको तराईको मधेसी सांस्कृतिक क्षेत्रमामा बहुभाषा, बहुसंस्कृति प्रकारको विविधता रहेको छ । केही खास क्षेत्रहरू र केही विशेष जाति बाहेक प्रायशः पूर्वदेखि पश्चिमसम्मका तराईवासीहरूका बीच आपसमा गहिरो लगावको समन्वयात्मक जग बन्न सकिने खालका भाषिक, सांस्कृतिक कडीको अभाव रहनु नै मेरो विचारमा तराईमा आन्दोलनको भावधारालाई कमजोर तुल्याएको छ । यसैको अभावमा एकीकृत मधेसी आन्दोलनको आधारशिला बलियो हुन सकेको छैन । यस दिशामा खासगरी तराईका मुद्दालाई अगाडि सारेर राजनीति गर्नेहरूको ध्यान पुगेको देखिदैन ।

तराई क्षेत्रका भाषिक-सांस्कृतिक समूहको चर्चा गर्दा स-साना भौगोलिक दूरीमा बसेका जाति तथा समूहमा देखिने विभिन्नतालाई विचार गर्नुपर्ने हुन्छ । झापाका राजवंशी, सतार र ताजपुरियाहरूको, मोरङ र सुनसरीका सोही जाति समूहका बीच एकहदसम्मको एकरूपता देखिन्छ । मोरङ र सुनसरीका लम्पुछिया थारूहरूका बीच एकापसमा धेरै समानता छन् । तर, यिनै लम्पुछिया थारूहरूको सप्तरी र सिरहाका थारूसँग केही अपवादहरू बाहेक सांस्कृतिक एवं भाषिक समानता छैन । तर, सप्तरी र सिरहाका थारूहरूका बीच सबै विषयमा एकरूपता रहेको छ । यसैगरी सुनसरी, सप्तरी र सिरहाका यादवहरू भाषिक तथा सांस्कृतिक रूपमा धनुषा, महोत्तरी, सर्लाही र रौतहटका सोही जाति समूहसँग सामीप्य राख्दछन् । तर, रूपन्देही, नवलपरासी, कपिलवस्तु र दाङका यादवहरूको सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, बारा र रौतहटका यादवहरूका बीच ठूलो फरक छ । यसै प्रकारले बारा, पर्सा जस्ता भोजपुरी भाषा प्रभावित क्षेत्रका बासिन्दाहरूको मिथिला क्षेत्रका बासिन्दाहरूसँग भाषिक एवं सांस्कृतिक रूपमा ठूलो विभेद छ । नारायणी नदी पूर्वका मधेस क्षेत्रका जाति तथा समूहको नारायणी नदी पश्चिमका चितवन, नवलपरासी, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जस्ता अवधि र भिन्नाभिन्नै थारू भाषा-संस्कृति प्रभावित क्षेत्रका जात समूहहरूका बीच पृथक् पृथक् प्रकारका जातीय सहकार्य र समानता रहेको छ ।

म स्वयं आफ्नै परिवेशलाई सम्झन्छु, मेरो मातृक्षेत्र पूर्णरूपेण थारू क्षेत्र होइन । यस क्षेत्रको जातीय संस्कार बढी मिथिला परम्परासँग प्रभावित छ । यस



क्षेत्रका पर्व त्यौहारहरू मोरङ र सुनसरीका थारूहरूको पर्व र त्यौहार तथा रीतिथीतिसँग समानता राख्दैन । तर, मैले नजिकैबाट अनुभव गरेको छु, हाम्रो घरपरिवारमा परम्परादेखि मनाउँदै आइएको जुडशीतल पर्व सोही हर्ष एवं आस्थाका साथ मोरङ तथा सुनसरीका थारू समुदायले पनि मनाउने गरेको छ । सुनसरी, सप्तरी तथा सिरहाका गैरथारू समाजमा अपवादबाहेक समाचकेवा पर्व मनाइँदैन । तर, मोरङ र सुनसरीका थारू समाजमा बडो उत्साहका साथ मनाइने समाचकेवा पर्व धनुषा, महोत्तरी, सर्लाही र रौतहट जस्ता जिल्लाका स्वर्ण जातिहरूको बीच पनि समान आस्थाका साथ मनाइन्छ । जुन आस्था र धार्मिक भावका साथ आफूलाई आदिवासी भन्ने मोरङ र सुनसरीका थारूले समाचकेवा पर्व मनाउने गर्छन्, सोही आस्था र भावका साथ धनुषा र महोत्तरीतिरका कायस्थ, मैथिल ब्राह्मण र वैश्य जातीय समूहले समेत मनाउने गरेका छन् । वास्तवमा मधेसका विभिन्न जाति तथा जातीय समूहलाई एकसूत्रमा जोड्न सक्ने यस्ता विषय नेपथ्यमा रहेका छन् । तसर्थ तराई जागरणको सन्दर्भमा जबसम्म यस प्रकारका ऐक्यभाव र समदृष्टि जागृत गर्ने आस्थासँग सरोकार राख्ने यस्ता विषयलाई उजागर गरिन्न, तबसम्म मधेसले एउटै समर्पणका साथ एकीकृत भावधाराको स्वरूप ग्रहण गर्न सक्दैन ।

यसरी पूर्वको झापादेखि सुदूर पश्चिमको कञ्चनपुरसम्मको सम्पूर्ण क्षेत्र तराई हो । यी पूरै क्षेत्रका पुराना मानिसहरूको मातृभाषा नेपाली होइन । यो सम्पूर्ण क्षेत्र गैर नेपाली र गैर तिब्बतबर्मेली भाषा समूहका मानिसहरू बसोबास गर्ने क्षेत्र हो । यथार्थतः यो नै नेपालको मधेस क्षेत्र हो । यो क्षेत्र नै पृथ्वीनारायण शाहबाट नेपालको एकीकरण भएपछि आजसम्म राजनीतिका अतिरिक्त पनि जातजाति तथा भाषा र संस्कृतिको सन्दर्भमा गम्भीर विभेदको सिकार भएको छ । तसर्थ यस क्षेत्रका रैथाने भाषा र संस्कृति अँगाली आएका मधेसवासीहरूका बीचमा हामी एउटै जातीय समूहका मानिस हौं भन्ने भावनाका साथ जबसम्म गहिरो ऐक्यभाव तथा लगावको निर्माण हुन्न तबसम्म तराईको आन्दोलनलाई आन्तरिक रूपमा ऊर्जा प्राप्त हुँदैन । र, यस अभावले आसन्न आन्दोलनलाई सदैव हतोत्साहित गरिरहनेछ ।

### मंसिर १८, ०५९, Dec 4, 002

हाम्रो पूर्वनिर्धारित दिनचर्चामा आजभोलि भेट्न आउने साथीको दबाव अलिक बढेको छ । कहिलेकाहीँ त हामीबीच दिनभर नै आपसमा कुराकानी हुन सक्दैन । यसको विकल्पमा हामीबीच रातिको समयमा कुराकानी गर्ने प्रवृत्ति बढ्दै छ । हिजो राति यस्तै भयो । खुमबहादुरजी तथा वाग्लेजीसँग राति निकै अबेरसम्म विभिन्न विषयमा चर्चा भयो । कतिपय विषयलाई स्मरण गरियो ।

प्र.मं.शेरबहादुर देउवाले प्रतिनिधिसभाको विघटनका लागि राजालाई सिफारिस गर्दा यसका पूर्व जानकारहरू को को थिए भन्ने विषयमा हामी तीनजनाले निकै खोजतलास गऱ्यौं। वास्तवमा मलाई त यसको कुनै जानकारी थिएन। तर, यसअघि हामी तीनैजनालाई लागेको थियो कि अर्कोलाई भने यसको जानकारी अवश्य नै हुनु पर्दछ।

प्रधानमन्त्रीको सिफारिसमा संसद्को विघटन र कार्तिक २७ गतेका दिन नयाँ निर्वाचन गरिनेबारे दरबारको विज्ञप्ति राति ११:०० बजेको रेडियो नेपालको समाचारमा प्रसारित भएको थियो। झण्डै मध्य रातको यस निर्णयलाई धेरै नेताहरूले समेत राति सुन्नै पाएनन्। धेरैले यस समाचारलाई कि त ६ बजे बिहानका एफ.एम.हरूबाट कि बिहान ७ बजेको रेडियो नेपालको समाचारबाट मात्र थाहा पाएका थिए।

कस्तो रमाइलो भने, देउवा मन्त्रिमण्डलका दोस्रो वरिष्ठता क्रमका मन्त्री चिरञ्जीवी वाग्लेले बिहान ७ बजेको समाचारबाट मात्र आफूले सो समाचार सुनेको कुरा यहाँ थुनामा हामीलाई बताउनुभयो। यो सत्य हो वा होइन, उनैले जानून्। तर, स्वयं उहाँको विचारमा मलाई भने अवश्य नै यसको पूर्व जानकारी थियो। वास्तवमा लगभग मुलुकभरकै मानिसहरूले बिहान सात बजेको रेडियो बुलेटिनबाट यो समाचार सुन्ने क्रममै श्री ५ को सरकारको प्रवक्ताको रूपमा त्यस निर्णयको औचित्यमाथि प्रकाश पार्दै मेरो प्रतिक्रिया पनि प्रसारित भएको धेरैले सुनेका थिए। साथै मूल समाचारपछिको 'परिवेश' कार्यक्रममा मेरो विस्तृत रेडियो अन्तर्वार्ता नै प्रसारित भएको थियो। राति ११ बजेपछि केही पत्रकारले भने सो समाचार सुनेर मेरो प्रतिक्रिया समेत लिन भ्याएका थिए, जुन बिहानका एकदुईवटा अखवारमा प्रकाशित भएर त्यसलाई एफ.एम.हरूले पनि प्रसारण गर्न भ्याएका थिए। यसै आधारमा वाग्लेजीले पनि मन बनाएका रै'छन्। उनलाई लागेको थियो कि संसद्को विघटन गर्ने कुरो पक्कै जयप्रकाशलाई थाहा थियो। तर, यो यथार्थ होइन। मलाई त कुनै जानकारी छँदै थिएन। अझ मेरो विश्वास त के थियो भने वाग्ले, खुमबहादुरजी र विजय गच्छदारलाई पूर्व जानकारी थियो नै। यही धारणावश हिजो राति वाग्लेजीले मलाई भन्नुभयो, 'तपाईंलाई त पक्कै थाहा थियो।' यथार्थमा हामी तीनैजना भ्रममा रहेका थियौं। हिजोको हाम्रो छलफलपछि स्पष्ट भयो, प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद्का हामी सबैजना वरिष्ठ मन्त्रीहरूलाई संसद् विघटन गर्ने निर्णयका सम्बन्धमा अन्धकारमा नै राखेका रहेछन्।

प्र.मं. देउवा संयुक्त राष्ट्रसंघको साधारण सभामा भाग लिन अमेरिका जानुअघि संकटकाललाई अर्को तीन महिनाका लागि नलम्ब्याउने धारणा स्पष्ट रूपमा राख्नुभएको थियो। प्र.म.ले शाही सेनाका तत्कालीन प्रधान सेनापतिलाई



पनि सोहीअनुरूप मनःस्थिति बनाउन अऱ्हाउनुभएको थियो। वास्तवमा सरकार यस विषयमा बडो अनिश्चयमा रहेको थियो। तर समय रहँदै यस विषयमा एउटा निष्कर्षमा पुग्नु जरुरी थियो। तसर्थ प्र.मं. अमेरिका जानु ठिकअघिको मन्त्रिपरिषद्को बैठकमा मैले प्र.मं.लाई भनेको थिएँ : "तपाईं अमेरिका जाँदैं हुनुहुन्छ। फर्की आउन्जेलसम्म संकटकालको म्याद लगभग सकिने हुन्छ। त्यतिखेर निर्णय गरेर म्याद थपका लागि संसद्को अधिवेशन बोलाउने हो भने नभ्याइन सक्छ। तसर्थ प्रकारान्तरका प्रभावलाई पन्छाउन नसकेर अन्ततः म्याद थप नै गर्ने हो भने बरु प्र.म. को अनुपस्थितिमा यस विषयमा पहल गर्नका लागि कुनै एक वरिष्ठ मन्त्रीलाई तोकियो भने पछि प्रतिपक्षहरूसँग निचोडमा पुग्न सजिलो हुन्छ।"

तर, प्र.मं. देउवाले भने संकटकालको म्याद बढाउने नाममा एमाले जस्ता घटिया पार्टीका घटिया नेताहरूको निर्लज्ज सर्तहरू मान्नुभन्दा बरु संकटकाललाई नलम्ब्याउनु नै बेस ठानेको बताउनुभएको थियो। यस विषयमा एमालेको रकमी व्यवहारबाट प्र.मं.लाई बडो तितो अनुभव भएको थियो। यसअघि पहिलोचोटि नै प्रतिनिधिसभाबाट संकटकाल अनुमोदन गराउने बखतमा एमालेले र आफ्नै पार्टीका सभापति स्वयं गिरिजाप्रसाद कोइरालाले तेर्स्याएका सर्तहरूबाट देउवा दिक्दार र खिन्न थिए। त्यसैको प्रतिबिम्ब उहाँको त्यस जवाफमा आएको थियो। त्यतिखेर उहाँ यस विषयलाई अनिर्णित नै राखेर अमेरिका जानुभयो। पछि प्र.म. अमेरिकाबाट फर्कनासाथै विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै संकटकालको म्याद नबढाउने कुरा बताउनुभएको थियो। तर, यसको एकदुई दिनपछि मात्र कुन्नि किन हो, प्र.म.को धारणा फेरियो। मलाई लाग्दछ, सेनाको तर्फबाट बढेको कडा दबाबका कारणले नै यसो भएको होला। सायद राजदरबारबाट पनि त्यस्तै संकेत आएको हुनुपर्छ।

यसै क्रममा प्र.मं. देउवाले संकटकालको म्याद बढाउने अभिप्रायबाट आफ्नो कार्यालयमा सर्वदलीय बैठक बोलाउनुभएको थियो। त्यस बैठकमा सरकारको तर्फबाट म पनि सहभागी थिएँ। यो सर्वदलीय बैठक यसअघिका सबै बैठकहरूभन्दा यस कारणले पनि भिन्न थियो कि, यस बैठकमा विभिन्न दलका प्रतिनिधिहरूका साथै सेना र प्रहरी लगायत सबै सुरक्षानिकायका प्रमुखहरूको संयुक्त उपस्थिति थियो। यस बैठकमा संकटकालको अवधिमा सरकारलाई के कस्ता उपलब्धि प्राप्त भए? जुन अब संकटकालको म्याद नलम्ब्याई सेना परिचालन गर्दा प्राप्त हुँदैन, यस विषयमा गम्भीर चर्चा भएको थियो। बैठकमा कुनै पनि दलका प्रतिनिधिहरूले खुलेर संकटकालको म्याद बढाउनु हुँदैन भनेनन्। सेनाका अधिकारीहरूले पनि संकटकालको अवस्थाविना सेना परिचालन किन र के कारणबाट हुन सक्दैन, यसलाई स्पष्ट गर्न सकेनन्। म आज पनि सम्झन्छु,

त्यस बैठकमा तत्कालीन सेनाप्रमुखले स्पष्टतः धम्कीका भाषामा भनेका थिए - अहिलेको अवस्थामा राष्ट्रिय सुरक्षालाई ध्यानमा राखेर राजनेताहरूले निर्णय लिनु पर्दछ । तर, राजनीतिक दलहरू राष्ट्रिय सुरक्षाका गम्भीर विषयबारे असंवेदनशील छन् । आजको जरुरत राष्ट्रिय सुरक्षाको विषयमा सहमति बनाउनु हो र त्यसको लागि संकटकालको म्याद थप हुनु जरुरी छ भनेर ।

सेनाप्रमुखको यस भनाइपछि बैठकमा खासै चर्चा भएन । कुनै पनि दलका प्रतिनिधिहरूले खुलेर स्पष्ट रूपमा विरोध गरेनन् र त्यसको १/२ घण्टापछि अपर्झट बसेको मन्त्रिपरिषद्को बैठकले एक साताको अल्पकालीन सूचना दिएर प्रतिनिधिसभाको अधिवेशन आह्वान गर्ने निर्णय गर्‍यो । सरकारको यस निर्णयका बारेमा सभामुखसँग सल्लाह भएको थिएन । कथंकदाचित् दरबारले परामर्शको नाममा संसद् समाह्वानको सूचना प्रकाशित गर्न ढिलो गरेमा अर्को अनिष्ट हुनेतर्फ मैले नै प्रधानमन्त्रीको ध्यानाकर्षण गराउँदा उहाँले पूर्ण विश्वासका साथ भन्नुभएको थियो- 'आज ३ बजे दरबारबाट संसद् समाह्वानको विज्ञप्ति आउँछ ।' प्रधानमन्त्रीको विश्वासअनुरूप नै साँझ कार्यालय बन्द हुनुअगावै दरबारको सूचना आयो र सोही साँझ समय भ्याउने गरी संसद् सचिवालयमा संकटकालको म्याद थप गर्ने सरकारको प्रस्ताव दर्ता भएर वस्तुतः नेपाली कांग्रेसको विधिवत् विभाजनको विजारोपण भयो ।

यहाँनेर मलाई एउटा सन्दर्भ बडो रमाइलो लागेको छ। त्यो हो, सरकारका तर्फबाट दरबारमा जाने सिफारिस र दरबारबाट हुने त्यसको रेसपोन्सको बीचको समय । विभिन्न सन्दर्भहरूले के देखाउँछ भने दरबारलाई अनुकूल हुने वा भनौं दरबारको कार्य योजनामा मद्दत हुने खालका श्री ५ को सरकारका सिफारिसहरू मध्यरातमै भए पनि स्वीकृत हुने र त्यसविपरीत जाने सिफारिसहरू परामर्शको बाटो समाउने गरेको छ। मैले चर्चा गरेको यस घटनामा पनि ठिक यस्तै भयो ।

संकटकाललाई अनुमोदन गराउने प्रक्रियाका दौरान देखिएका यी घटनाक्रमहरू हाम्रा सामु घटेका हुन् । तर, यसको परिणामले संसद्को विघटनलाई निम्त्याउनेछ, यो मेरो अनुमानको विषय थिएन । अघिल्लो दिन साँझपख प्र.मं. शेरबहादुरजीले मन्त्रिपरिषद्बाट संकटकालको म्याद थप गर्ने निर्णय गराएर दरबार पठाएको सिफारिस सोही साँझ स्वीकृत भई संसद्को अधिवेशनको आह्वान भयो । संसद् अधिवेशनको आह्वान हुनासाथै संसद् सचिवालयमा सरकारको प्रस्ताव दर्ता गर्न भ्याइयो । वास्तवमा संसद् सचिवालयमा दर्ता गरिने प्रस्तावलाई मन्त्रिपरिषद्को बैठकमा कसैले हेर्न पनि पाएनन् । म त सरकारको प्रवक्ता, मैले त साँझ ७ बजेको रेडियो नेपालको समाचारबाट थाहा पाएँ ।



उता पार्टीतिर फेरि अर्को ज्वालामुखीको गर्भधारण भइरहेको थियो । प्रधानमन्त्रीले बोलाएको सर्वदलीय बैठकमा संकटकालको म्याद थप्ने सरकारको प्रस्तावलाई सहमति जनाएर हिँडेको सत्तारूढ पार्टीका नेताहरूले कति बेला दरबारबाट विज्ञप्ति आउने हो, यसको प्रतीक्षा गरेर बसे । विज्ञप्ति आयो । संसद्मा प्रस्ताव पनि दर्ता भयो । तर, यसबीच आसन्न संकटको आभास भएर पनि यसलाई पन्छाउन कतैबाट संवाद भएन । पार्टी कार्यालयमा रातारात प्रधानमन्त्रीलाई सोधिने कडा स्पष्टीकरणको मस्यौदा तयार भयो र भोलिपल्ट ठिक १० बजे प्रधानमन्त्री कार्यालयमा प्र.मं.लाई सम्बोधन गरेर निजको नेपाली कांग्रेस पार्टीको साधारण सदस्यतासमेतलाई निलम्बन गरी अनि २४ घण्टाभित्र चित्तबुझ्दो स्पष्टीकरण दिन पत्र लेखियो । नेपाली कांग्रेस पार्टीका महामन्त्री सुशील कोइरालाले हस्ताक्षर गरेर उक्त पत्र पठाएका थिए । देउवा, जो पार्टीमा केन्द्रीय समितिका पदेन सदस्य थिए, पार्टीका तर्फबाट मुलुकको प्रधानमन्त्री पनि । यस्तो व्यक्तिलाई पार्टीको सदस्यताबाट समेत पहिले निलम्बन गरेर अनि २४ घण्टाभित्र सन्तोषजनक जवाफ दिन स्पष्टीकरण मागियो । सवाल सानो होइन, पचास वर्ष लामो प्रजातान्त्रिक पार्टीमा सारा संवादको सम्भावनालाई लत्याएर शत्रुवत् व्यवहारका साथ देउवालाई निकाल्न तम्सेका सुशील कोइरालाहरूको चित्तलाई सन्तोषजनक ढंगबाट देउवाले कसरी भर्ने ? यो सम्भव नै थिएन । पत्र पाउनासाथै देउवाले हामी सबैलाई यसबारे जानकारी गराउनुभएको थियो । पछि २४ घण्टा नबित्दै प्र.मं.ले आफूले गरेको कार्य प्रधानमन्त्रीको पदीय दायित्वभित्रका कार्य भनी पार्टी कारबाहीको आलोचना गरेर स्पष्टीकरण दिनुभयो । तर, दुर्भाग्य । खग्रासले निस्तब्ध एवं निरव बनाउँदै लगेको रात्रिमा आशाको दियो बल्नै सकेन ।

### **मंसिर १९, ०५९,** Dec 5, 002

हिजो मैले लेख्दै जाँदा ऐतिहासिक पार्टी नेपाली कांग्रेसको दुःखद विभाजनका समयका केही घटनाक्रमहरूको जिकिर गरेको थिएँ । आज पुनः केही कुराहरू सम्झिन चाहन्छु । वास्तवमा यस पतनलाई रोक्न कतैबाट कुनै सार्थक प्रयासहरू भएन । लाग्दथ्यो, सबैले यही  चाहेका छन् कि बिना चालकको यो जलयान वायुकै वेग र गतिबाट छेउ लागोस् । यही  घटनामा नै पार्टी विभाजनको बहुप्रतिक्षित चाहनाले सोपान पाओस, यस दिशापट्टी कोइराला पक्षधरहरू बढिसे-बढी उद्यत थिएँ । प्रधानमन्त्रीका तर्फ पनि पार्टी मिल्नैपर्ने कुरामा चर्चा गर्नेहरूको मनोबल उचो थिएन । तर, पनि विभाजनको नजिकिँदै गएको अनिष्टलाई रोक्न भने केही प्रयासहरू भइरहेका थिए । पार्टी एकताका

केही सामान्य प्रयासहरूलाई केही साथीहरूले अगाडि बढाइरहेका थिए । यसैबीच स्वयं देउवाले मलाई भन्नुभएको थियो, अब मैले पार्टीको केन्द्रीय समितिमा एउटा पत्र पढ्नुपर्ने भएको छ । यसको व्यहोरामा मैले पार्टीको निर्णय नमानेकोमा दुःख व्यक्त गर्दै भविष्यमा पार्टीका निर्णयहरू आफूलाई मान्य हुने र पार्टीले वर्तमानको परिस्थितिलाई विचार गरी प्रधानमन्त्रीको अनुरोधअनुसार थप एक अवधिका लागि मात्र सरकारद्वारा संसद्मा प्रस्तुत प्रस्तावलाई अनुमोदन गरिदिने कुरामा सहमति भएको बताउनुभयो । गिरिजा बाबुका भतिज डा. शेखर कोइरालासँग पटकपटक छलफल गरी यस आसयका आधारमा तयार पारिएको टाइप गरिएको एउटा मस्यौदा प्र.म. ले मलाई पढ्न दिनुभएको थियो । म थुना पर्नुभन्दा अघिसम्म त्यस मस्यौदालाई मैले सुरक्षित राखेको थिएँ । अहिले सुरक्षित छ, छैन थाहा भएन । पछि थाहा पाएँ, डा.शेखरले यस मस्यौदालाई स्वयं पार्टी सभापतिबाट अनुमोदन गराइसकेका थिए । तर, गिरिजा बाबुका साथ रहेका केही व्यक्तिहरू भने कुनै पनि सर्तमा सुलह-सम्झौताका पक्षमा थिएनन् ।

यिनै परिस्थितिमा ने.का. केन्द्रीय समितिको बैठक बस्ने भयो । त्यस बैठकमा प्र.म. देउवालाई पनि बोलाइने खबरलाई हामी धेरैले सकारात्मक मानेका थियौं । पार्टीबाट एउटा कदम चालिइसकिएपछि पनि देउवालाई बैठकमा बोलाउनु सकारात्मक नै थियो । केन्द्रीय समितिको यस बैठकलाई धेरैले निकासका रूपमा लिएका थिए । भोलिपल्ट बिहान ९ बजे टेकुमा सो बैठक बस्ने निधो भयो । बैठकको अघिल्लो राति ९ बजे रामचन्द्र पौडेलहरू गिरिजा बाबुलाई भेटेर फर्कदा सहमतिका विषयहरूमा उहाँ सकारात्मक नै रहेको बताउनुभएको थियो । हामी बडो आशावादी थियौं, म त झन् बढी । तर, भर्खरैमात्र आफूलाई पार्टीबाट गरिएको निष्काशनको परिस्थितिलाई सम्झेर कति खेर अनिष्टको वायुले आशाका सबै आधारहरूलाई भताभुङ्ग पार्ने हुन् - यो भयानक शंकाबाट भने म कदापि पनि मुक्त थिइन ।

दुर्भाग्यवश, त्यस्तै भयो । भोलिपल्ट बिहान बसेको केन्द्रीय समितिको बैठकमा पूर्व संयोजित सोच अनुरूप केही पनि भएन । पार्टी सभापतिले आफूलाई सम्झौताहीन व्यक्तिका रूपमा उभ्याएर पार्टीको निर्णयबमोजिम अर्को दिन नै बस्ने संसद्को अधिवेशनबाट संकटकालको म्याद बढाउने प्रस्ताव निःसर्त फिर्ता लिनुपर्ने निर्णय सुनाउनुभयो । स्वाभाविक नै थियो, देउवाले पार्टीको यस निर्णयलाई मान्नु भएन । केन्द्रीय समितिका सदस्यहरू चिरञ्जीवी वाग्ले, खुमबहादुर खड्का, विजय गच्छदार, रामचन्द्र पौडेल, प्रदीप गिरी, प्रकाशमान सिंह, विमलेन्द्र निधी र रामशरण महतहरूले गिरिजाप्रसाद कोइरालाको यस निर्णयमा आपत्ति जनाउँदै 'नोट अफ डिसेन्ट' लेखेर फर्के ।



केन्द्रीय समितिको बैठक हुञ्जेलसम्म हामीहरू प्र.म. निवास बालुवाटारमै पर्खेका थियौं । दिउँसो १२ बजेतिर केन्द्रीय समितिको बैठकबाट फर्केर एकपछि अर्को गरी सबै जना बालुवाटार आए । अब पार्टी फुटने नै भयो भन्ने भय, कसैमा अब सरकारको बलबाट कोइराला पक्षलाई पेलेर जाने उत्साह, कोही अब सबै खतम भयो भनी हारेका जुवाडेको भावमा त्यहाँ जम्मा हुँदै गए । प्र.मं. देउवाले मतिर हेरेर भन्नुभएको थियो : "मैले केन्द्रीय समितिमा रोएर अनुनय गरें । तर, पार्टीले, गिरिजा बाबुले मानेनन् । अब त म विकल्पहीन भएँ । "निराश देखिएका प्रधानमन्त्रीसँग मैले त्यति खेर सोधिन- अब तपाईंका सामु के हो त विकल्प ?

भोलिपल्ट संसद्को अधिवेशन बोलाइएको हुँदा दलको प्रचलनअनुसार एक दिनअघि अर्थात् सोही दिन दिउँसो नेपाली काँग्रेस संसदीय दलको बैठक त्यही प्र.म. निवासमा बोलाइएको थियो । बैठकमा भाग लिन क्रमशः सांसदहरूको आउने क्रम बढ्दै थियो । अब के हुने हो ? प्रयासः सबैले जान्न चाहेको यस प्रश्नको कतैबाट जवाफ आइरहेको थिएन । प्र.म. देउवा आफ्नो माथिल्लो कक्षमा लामो समयसम्म फोनमा व्यस्त रहनुभएको थियो ।

लगभग ४/५ बजेतिर संसदीय दलको बैठक प्रारम्भ भयो । यस बैठकमा गिरिजाप्रसाद कोइराला आउनु भएन । सुशील कोइराला थिए । वास्तवमा प्र.म. देउवाले त्यस बैठकमा साऱ्है मर्मस्पर्शी र प्रभावशाली वक्तव्य दिएका थिए । उनले मुलुकको सम्पूर्ण परिस्थितिलाई सविस्तारका साथ राखेका थिए । तर, त्यतिखेरको मूल प्रश्न संसद्मा दर्ता गरिएको संकटकाललाई बढाउने प्रस्तावबारे भोलि बस्ने अधिवेशनमा के हुने हो ? के सरकारले यस प्रस्तावलाई फिर्ता लिन्छ त ? यस प्रश्नका बारेमा देउवाले केही पनि बोल्नुभएन । त्यस बैठकमा देउवा रुनु भयो । पूरै समय अश्रुपुरित थिए, भारी देखिन्थे । लाग्दथ्यो, यिनले केही विचार बनाइसकेका छन् ।

दिउँसो केही बेरका लागि अमेरिकीहरूको एक टोली प्र.मं. निवास आएको थियो । नेपालमा हुन लागेका घटनाहरूबाट बेखवर ती अमेरिकीहरूले हामी केही मन्त्रीहरूलाई पेरुमा अमेरिकाको सहयोगबाट गोन्जालेजको साइनिङ पाथलाई कसरी नियन्त्रण गर्न सफलता प्राप्त भयो यसबारे निकै लामो अनुभव सुनाएका थिए । मलाई लाग्दछ, भोलिपल्ट नेपालको राजनीतिमा आएको भुइँचालोको समाचार सुनेर उनीहरू जिल्लिएका होलान् । प्रधानमन्त्रीले उनीहरूलाई धेरै समय दिनुभएन । उनीहरू गए ।

प्र.म. निवासको क्याविनेट बैठकमा सांसदहरू भरिभराउ थिए । संसदीय दलको बैठकपछि कोइराला पक्षका सांसद्हरू गइसकेका थिए । तर, त्यहाँ उपस्थित सांसदहरूको संख्यालाई विचार गर्दा स्पष्ट आभास हुन्थ्यो कि अद्यावधि

संसदीय दलमा प्रधानमन्त्री देउवाको स्पष्ट बहुमत छ । यद्यपि राजनीतिज्ञहरूले सदैव विचार गर्नुपर्ने यस पक्षका बारेमा देउवाले भने सरोकार राखेको देखिंदैनथ्यो । उहाँ अर्को कोठामा बस्नुभएको थियो । मैले सम्भ्केसम्म उहाँले त्यतिखेर बाहिर जानलागेका गृहमन्त्री खुमबहादुरलाई बोलाएर केही कुरा गर्नुभयो । खुमबहादुर लगतै बाहिर गए । त्यसपछि पहिल्यैदेखि साथै रहेका विजय गच्छदारकै उपस्थितिमा चिरञ्जीवी वाग्लेसँग केही क्षण कुरा गर्नुभयो । वाग्ले पनि तत्कालै बाहिर गए । त्यसपछि उहाँले मलाई बोलाउनुभयो । प्र.म.सँग विजय गच्छदार लगभग मौन उभिएका थिए । मैले उहाँलाई भने : राजनीतिमा यस्ता क्षणहरू आइरहन्छन् । मुलुकको शान्तिसुरक्षाका लागि तपाईंले गरेको प्रयासको अवश्य पनि मूल्यांकन हुनेछ । पार्टी (ने.का.) ले संसद्मा प्रस्तुत गरिएको प्रस्तावलाई फिर्ता लिन निर्णय गरिसकेपछि, अब सरकारले फिर्ता लिनु नै श्रेयस्कर हुनेछ । तर, फिर्ता लिनुअघि हामीले प्रस्तावको सान्दर्भिकतालाई पुष्टि गर्नका लागि संसद्को बैठकलाई प्रभावकारी ढंगबाट उपयोग गर्न सक्छौं । तसर्थ भोलिको बैठकमा प्र.मं.ले प्रभावकारी ढङ्गबाट सविस्तार सबै कुराहरू राख्ने, सबै दलका सदस्यहरूको अभिमत रेकर्ड गराउने अभिप्रायले छलफल चलाउने, १/२ दिनको छलफलपछि प्र.म.ले प्रस्ताव फिर्ता लिनेजस्ता सुझावहरू मैले त्यतिखेर विजय गच्छदारकै सामुन्ने प्र.म.समक्ष राखेको थिएँ । उहाँले धैर्यका साथ मेरा कुराहरू सुनेर यतिमात्र भन्नुभयो, अब ढिलो भइसक्यो । सबै कुरा बिग्रिसक्यो । म पनि बिदा लिन चाहेको थिएँ र भोलि बिहानको मन्त्रिपरिषद्को बैठकमा कुरा गरौंला भनें । देउवाले भन्नुभयो अहिले मलाई पनि 'डिनर' मा एक ठाउँ जानुछ । म त्यहीं रहँदै उहाँ बाहिर कतै जानुभयो ।

म घर आइसकेको थिएँ । राति करिब १०:३० बजेतिर रेडियो नेपालका महानिर्देशकले फोन गरेर दरबारबाट कुनै महत्त्वपूर्ण विज्ञप्ति आउने खबर आएको जानकारी गराए । यसको लगत्तै पछि प्र.म. ले आफ्नै निवासबाट फोन गरेर दरबारबाट एउटा महत्त्वपूर्ण विज्ञप्ति आउँदैछ । रेडियो तथा टिभीबाट प्रमुखताका साथ त्यसको प्रसारण गराउनुपर्ने निर्देशन दिनुभयो । वास्तवमा त्यस विज्ञप्तिबारे मलाई थाहा थिएन । तर, संसद्को विघटनको सम्भावनाबारे त्यस दिन दिनभर नै चर्चा चलिरहेको थियो । यही हुनसक्छ भन्ने प्रशस्त आशंका मेरो मनमा उठिरहेको थियो । लगभग त्यही बेला ११ बज्न १० मिनेट बाँकी रहँदा पुनः रेडियो नेपालका महानिर्देशकले फोनमा जानकारी गराए, प्रतिनिधिसभा विघटन गरिएको र कार्तिक २७ गते नयाँ निर्वाचन गरिने राजदरबारको विज्ञप्ति आएको छ भनेर । मलाई पहिल्यैदेखि नै थाहा छ भन्ने आभास दिएर भनें : ठिक छ, राम्ररी प्रसारण गराउनु होला । पलपल बिताउन कठिन थियो । यो के उत्पात हुन लाग्यो ? अहिले ११ बजेको समाचार सुनौं भनी एक-दुईजना मित्रहरूलाई



फोन गरेर जानकारी पनि गराएँ । यसैबीच रेडियोबाट प्रतिनिधिसभा विघटन भएको समाचार आयो ।

समाचार बुलेटिन पूरा नसकिंदै पुनः प्र.म.को फोन आयो । प्र.मं.ले यो निर्णय सरकारले अत्यन्त विषम परिस्थितिमा लिएको र माओवादी समस्यालाई निकट भविष्यमा एउटा टुंगोमा पुऱ्याउनका लागि यस निर्णयको अर्को कुनै विकल्प नरहेको भनी सरकार प्रवक्ताका रूपमा प्रेसहरूलाई ब्रिफ गर्न निर्देशन पाएँ ।

तर, म आफू स्वयं भने यो कस्तो अनर्थ भयो ? बुझ्न दिउँसोभरि नै प्र.म.का सँगै रहेका विजय गच्छदारलाई फोन लाउँदालाउँदै संयोगवश उनैले फोन गरे । विजयजी बडो प्रफुल्ल थिए । एउटा आश्चर्यजनक समाचार अप्रत्यासितरूपमा सुनेर म जिल्लिएकोमा उनी एक प्रकारले अट्टहास नै गरे । यो निर्णय हुने कुरा उहाँलाई पहिलेदेखि नै थाहा रहेको, अझ यस निर्णयको विचार विमर्शमा समेत उनी देउवासँगै रहेको भन्दै, संसद् विघटनको यस निर्णयको जानकारी उहाँले मौका नमिलेका कारणबाट अलिक पहिल्यै मलाई बताउन नसकेकोमा आफ्नोतर्फबाट दुःख पनि व्यक्त गर्नुभयो । म स्तब्ध भई फोनमा प्रायशः लामो र सविस्तारका साथ कुरा गर्ने उनका कुराहरू एकनासले सुनिरहें । प्रधानमन्त्रीको यस निर्णयबाट कांग्रेसी राजनीतिको एउटा झन्झट समाप्त भएको र अब अर्को नयाँ अध्याय प्रारम्भ भएकोमा उनी एक प्रकारले प्रसन्न थिए ।

यहाँ थुनामा हामीहरू प्रधानमन्त्रीको त्यस निर्णयको गर्भस्थ कुराहरूको बारेमा खोजिनीति गरिरहेका छौं । खुमबहादुरजीले यहाँ मलाई भन्नुभयो : सोही राति प्र.मं. निवास बालुवाटारबाट हिंड्ने बेलामा, प्र.मं. देउवाले अब के गर्ने भनी सोध्दा आफूले पार्टीले भनिसकेपछि संसद्मा दर्ता गरिएको प्रस्ताव फिर्ता लिनै पऱ्यो । अरू कुराका बारेमा साथीहरूसँग सल्लाह गरौं भनेको बताउनुभयो । तर, चिरञ्जीवी वाग्लेले भने आफूलाई संसद् विघटन गर्दा के हुन्छ भनी प्र.म.ले सोही बेला सोधेको र जवाफमा आफूले यसो गर्नु कदापि पनि हितकर नहुने र हाम्रो सरकारले हालको अवस्थामा निर्वाचन गराउन पनि नसक्ने कुरा प्र.मं.लाई भनेको बताउनुभयो । मलाई पूरा विश्वास छ, वास्तवमा प्र.म. ले आफूले लिएका यस निर्णयमा कसैसँग पनि सल्लाह गर्नुभएको थिएन । यो निर्णय राजासँगको परामर्शको आधारमा नै लिइएको हो । मैले त पछि मात्र थाहा पाएँ संसद् विघटन गरिएको राति प्र.मं. कतै डिनरमा जानु भनेकै दरबार जानुभएको हो ।

जे होस्, सो रात ११:०० बजेको रेडियोको समाचारपछि कतिपय प्रेसका मानिसहरूको फोन आयो, मैले प्र.म.को निर्देशानुसार नै प्रतिक्रिया दिएँ । भोलि बिहानका अखबारहरूले त्यसैलाई छापे र सोही समाचारलाई एफ.एम.हरूले एकाबिहानै प्रसारण गरेका थिए । बिहान ६ बजे नै रेडियो नेपालका रिपोर्टर दुर्गा

फुयालले मसँग संक्षिप्त अन्तर्वार्ता लिएका थिए, जसको केही भाग बिहान ७ बजेको मुख्य समाचारमा प्रसारित भएकै कारणबाट प्र.म.को यस निर्णयबारे मलाई पूर्व जानकारी थियो भने धेरै मानिसहरूलाई पर्न गयो। हिजो चिरञ्जीवीजीले पनि यसै अनुमानका आधारमा मलाई भन्नुभयो : "मैले त बिहान ७ बजेको समाचारबाट मात्र संसद् विघटन भएको थाहा पाएँ र लगत्तै सोही समाचारमा तपाईंको प्रतिक्रिया सुनेपछि ठानें कि राति म बालुवाटारबाट हिंडेपछि प्र.म.ले तपाईंलगायतका साथीहरूसँग सल्लाह मसबिरा गरे होलान् ।"

यसरी नेपाली जनताले नेपाली कांग्रेसलाई राज्य सञ्चालनका लागि, मुलुकमा शान्तिसुरक्षा बहाल गराई संसदीय प्रजातन्त्रको रक्षाका लागि दिएको जनादेशबाट गठित प्रतिनिधिसभाको दोस्रोपटक विघटन भयो ।

**मंसिर २२, ०५९,** Dec 8, 002

आज दुई दिनपछि लेख्न मन लागेको छ। मेरो अनुमानअनुसार यस दुई दिनमा लगभग तीन सय जति साथीहरू खुमबहादुर तथा वाग्लेजीलाई भेट्न आएको हुनुपर्दछ। खासै परिवारका सदस्य बाहेक ५/७ जनाको भेट्ने लक्ष्य म पनि रहें हुँला। अब लगभग हामीसँग भेटघाटको क्रम खुलाजस्तै भएको छ। उहाँहरूको दिउँसोको सबै समय भेटघाटमा बित्ने हुनाले हामीबीच फाटफुट रूपमा मात्र कुराकानी हुनेगरेको छ। तसर्थ आजभोलिको मेरो समयलाई लेख्ने काममा भन्दा अलिक पढ्ने काममा ढल्काएको छु।

अस्ति २० गते ने.का. प्रजातान्त्रिकको आयोजनामा असोज १८ पछि प्रथमपटक राजधानीमा शाही कदमको विरोधमा जुलुस तथा आमसभा आयोजन भयो। यहाँ आउने प्रायशः साथीहरूमा यसले राम्रै उत्साह देखाएको छ। हिजो मैले मुलुकको अवस्था र दुवै नेपाली कांग्रेसको चित्रण गर्दै वाग्लेजीलाई सोधेको थिएँ : के ने.का. (प्रजातान्त्रिक) एउटा ऊर्जा एवं सम्भावनायुक्त राजनीतिक पार्टीका रूपमा जीवित रहन सक्छ कि सक्दैन ? मैले भनेको थिएँ : नेपालमा पुरानो र लामो आन्दोलनबाट जन्मेको, संसदीय प्रजातान्त्रिक आदर्शलाई आत्मसात गरेको पार्टीका रूपमा ने.का.को एउटा विशेष स्थान छ । आम नेपालीहरूको मनमस्तिष्कमा रहेको यस स्थानको कारणबाट ने.का.नामको लिगेसी हामीसँग छैन, कोइरालासँग छ।

दोश्रो कुरा, दिमागी रूपले नै कुनै पनि हालतमा कम्युनिस्टहरूलाई नमान्ने नेपालीहरूको संख्या पनि धेरै छ। यस सोचका मानिसहरूले नेपालमा कम्युनिस्टको विकल्प भन्नासाथै ने.का. लाई पहिचान गर्ने हालसम्मको यथार्थ परिस्थिति छ।



तेश्रो, मुलुकभित्र र बाहिरका नेपालसँग सरोकार राख्ने राष्ट्रहरू, खासगरी छिमेकी राष्ट्रहरू भारत तथा चीनको दृष्टिमा नेपाली कांग्रेस पार्टीको विश्वसनीय साख रहेको छ।

चौथो, नेपालमा सम्पन्न तीनवटा आम निर्वाचनको परिणामले बढ्दै गएको साम्यवादीहरूको बढ्दो प्रभावलाई रोक्न सक्ने शक्तिका रूपमा नेपाली कांग्रेसको भूमिकालाई स्थापित गरेको छ। साम्यवादीको प्रभाव रोक्न सक्ने पार्टीको रूपमा नेपाली कांग्रेस नै आशाको किरण भएको छ।

एकातिर यो अवस्था छ भने अर्कोतिर आफ्नै पार्टीलाई तोडेको दोष बोकेर, आफ्ना कमी कमजोरीहरूका कारणबाट राजाको जिम्मामा प्रजातन्त्र बुझाएको जस्ता आरोपहरूलाई बेहोर्दै नेपाली कांग्रेस प्रजातान्त्रिकको जन्म भएको छ । हालसम्म यस पार्टीको शक्तिको कुनै पृथक् आधार देखिंदैन । नेपाली कांग्रेसबाट आएका मानिसहरू नै यसका मुख्य शक्ति हुन् ।

यस पार्टीले बदलिएको आर्थिक सामाजिक परिवेशमा हालसम्म कुनै नयाँ चिन्तनको भावधारालाई आत्मसात गरेको देखिंदैन । वर्तमानमा मुलुकको सबैभन्दा ठूलो चुनौती नै विभिन्न क्षेत्र, जातीय समुदायहरू, भाषिक एवं सांस्कृतिक वर्गहरूको न्यायोचित अपेक्षाहरूलाई राष्ट्रको मूलधारामा समाहित गराउन सक्नु नै हो। यस विषयमा एकीकृत ने.का.को जुन प्रकारको जडसूत्रवादी शास्त्रीय सोच र जुन हठी प्रवृत्ति रहेको छ, लगभग यही कठमुल्लापनलाई ने.का. प्रजातान्त्रिकले पनि बोकेको छ।

आजको सन्दर्भमा जसरी उचित व्यवस्थापकीय प्रबन्धलाई स्वीकारेर पार्टीहरू चल्नुपर्दछ, यस नयाँ पार्टीमा यस मान्यतालाई स्वीकार्ने प्रवृति देखिन्न। पार्टी सञ्चालनका लागि आवश्यक पर्ने ठूलो धनराशिको व्यवस्था गर्न नसक्ने स्थिति विद्यमान छ।

ने.का.प्रजातान्त्रिकलाई मुलुकको एउटा वैकल्पिक प्रजातान्त्रिक पार्टीको रूपमा अगाडि बढाउने चिन्तनका भन्दा पनि यस पार्टीमा जोड र तोडका समीकरणमा सिद्धहस्त नेताहरूको बाहुल्य रहेको छ। वास्तवमा यी र यस्ता कुरा राख्दै मैले वाग्लेजीसँग सोधेको थिएँ : के ने.का. प्रजातान्त्रिक एउटा सुदृढ र भरासायोग्य पार्टीको रूपमा जीवित रहन सक्छ ?

यसको प्रत्युत्तरमा वाग्लेजीले मसँग प्रतिप्रश्न गर्नुभयो : के तपाईंले भनेका सबै परिस्थिति र लिगेसी ने.का. र ने.का. (प्रजातान्त्रिक)मा समान रूपले विद्यमान छैनन् त ? के कोइरालाका ने.का. यी सब विषय र प्रश्नका घेराबाट मुक्त छन् र ? यो पनि विचारणीय जवाफ थियो । म केही बोलिनँ। मलाई लाग्यो, उहाँ निकै आशावादी हुनु हुँदोरहेछ। म थुनाबाट मुक्त भएपछि स्वयं आफैसँग, इष्टमित्रहरूसँग यस विषयमा छलफल गरेर जवाफ खोज्नेछु। किनभने

मलाई थाहा छ आज म नेपाली कांग्रेस प्रजातान्त्रिकमा नै संगठित छु। यद्यपि, म स्वयं नजानिंदो प्रकारबाट समयको प्रलयकारी वेगसँगै यस पार्टीमा आइपुगेको छु। तसर्थ, म आफूलाई वाग्लेजी झैं यस पार्टीको निर्माणको वास्तुकार ठान्दिनँ। म अलिक भिन्न रूपमा वस्तुनिष्ठ आधारमा यस पार्टीको सान्दर्भिकताको खोजी गरिरहेको छु।

मैले गिरिजाबाबुलाई छोडेको होइन। उहाँले मलाई पार्टीबाट निस्काशन गर्नुभएको हो। यसको आफ्नै व्यथा छ। तसर्थ मेरो शेरबहादुरजीसँग लाग्नुको कुनै विशिष्ट कारण छैन। शाही नेपाली सेना र माओवादीबीचको चर्चित 'होलेरी' प्रकरणपछि सायद दरबारको चाहनाअनुसार गिरिजाबाबुले प्रधानमन्त्री पदबाट राजीनामा नदिनुभएको भए संसदीय दलको अर्को नेताको रूपमा तत्काल देउवाको अभ्युदय सम्भव थिएन होला। नेपाली कांग्रेसको संसदीय दलको नेतृत्व परिवर्तनका लागि देउवाको पक्षमा सांसदहरूको बहुमत पुगेको थिएन। कोइरालाको राजीनामा नआएको भए तत्काल देउवाको बहुमत पुग्ने कुरामा म विश्वस्त थिइनँ। यद्यपि, यसको परीक्षण भएन। स्वभावतः गिरिजाबाबुको राजीनामापछि देउवा प्र.म. हुनुपर्थ्यो, हुनु भयो। र, हामी जस्ता केही व्यक्ति मन्त्री। देउवा मन्त्रिपरिषद्मा म सुविचारित रूपबाट मन्त्री भएको होइन। "मैले तिमीलाई पुनः सूचना तथा सञ्चारमन्त्रीमै सिफारिस गर्ने विचार गरेको छु। मलाई सहयोग गर्नुपर्छ" भनी नवनियुक्त प्रधानमन्त्री देउवाजीले दिउँसो मलाई फोनमा भन्नुहुँदा म घरको फूलका गमलामा पानी सिंचन गरिरहेको थिएँ। अलिक दिनपछि म यस पदलाई मुलुकमा बिग्रँदै गएको सुरक्षा स्थितिको सन्दर्भमा मेरो स्वयंको सुरक्षा तथा साथीभाइलाई केही भर हुन्छ कि भनेर मन्त्री भएको ठिकै ठहऱ्याएको थिएँ। यसरी ठिक भनेकोमा आज आएर सोच्दा, सायद मैले पदप्रतिको आफ्नो मोहलाई अन्यथा जामा दिनका लागि त्यसरी सोचेको हुँ कि भन्ने पनि लाग्दछ। तर, यथार्थमा म त्यस बेला लोभिएको थिइनँ। म पदमोहबाट मुक्त नै थिएँ।

मानिसहरूलाई बहुधा घटनाक्रमले डोऱ्याउने गरेको कुरा सत्य नै हो। देउवा मन्त्रिपरिषद्मा मेरो प्रवेश यस्तै रह्यो। मेरो देउवासँग खासै प्रीतिकर सम्बन्ध थिएन। पहिले पहिले म उहाँको कटु आलोचक नै थिए। म त्यस मन्त्रिमण्डलमा बसेको विषयमा मप्रति अनाशक्त भएकाले गिरिजाबाबुले रुचाउनु भएको थिएन। तर, देउवाले भने आफूप्रति मेरो भक्तिभावमा कमी रहेको थाहा पाएर पनि मलाई मन्त्री बनाउनुभएको थियो। देउवा मन्त्रिमण्डलमा गिरिजाबाबुले रुचाएका कतिपय मानिसहरू थिए। महेश आचार्य, आमोद उपाध्यायहरू पार्टी सभापतिको इच्छाअनुसार नै मन्त्री भएका थिए। उनीहरूको बारेमा गिरिजाबाबुको कुनै गुनासो थिएन। तर म र विजय गच्छदार मन्त्री बनाइएकोमा उहाँलाई राम्रो लागेको थिएन। मलाई त सुरुदेखि नै पार्टीको



तर्फबाट खेदो गर्ने काम सुरु भयो। मैले सरकारको मन्त्रीको रूपमा गर्ने गरेका कामको सन्दर्भमा पनि पार्टीका निकायबाट स्पष्टीकरण सोधिन थालियो। कहिले रेडियो नेपालको घटना र विचार कार्यक्रममा सुशील कोइरालाको जिल्ला भ्रमणको समाचार नआएकोमा पुरुषोत्तम बस्नेतले हस्ताक्षर गरेर त कहिले नेपाल टेलिभिजनको समाचारमा पार्टी अफिसको तस्विर नदेखाएको विषयमा पार्टीको कार्यालय सचिव वसन्त गौतमले सही गरेर।

राजधानीमा रिपोर्टर्स क्लबले आयोजना गरेको एउटा कार्यक्रममा मन्त्रीको रूपमा म बोलेको थिएँ : आज हाम्रो मुलुकको प्रमुख समस्या नै एउटा पक्षले अर्को पक्षको विधिसम्मत भूमिकालाई स्वीकार्न नसक्नु हो। संसद्भित्र बहुमत पक्षको सरकार छ तर प्रतिपक्षले सरकारको विधिसम्मत भूमिका स्वीकार्न तयार छैन। आफ्नै दलका सांसदहरू खुलेआम आफ्नै सरकारको विरोधमा लागेका छन्। प्रतिपक्षले आफ्नो कुरालाई स्वीकार्य बनाउन हठपूर्वक संसद् चल्न दिँदैन, स्थगित गराउँछ। अहिले मुलुक गम्भीर अवस्थामा छ। प्रतिपक्ष र सत्ता पक्षका बीच द्वन्द्व समायोजन हुनुको सट्टा दुवै पक्षका बीच आँखा जुधाइको राजनीति प्रारम्भ भएको छ। यस्तो राजनीति गरेर विद्यमान संकटबाट मुक्ति पाइन्न। यस्ता व्यवहारले गर्दा मुलुकमा संसदीय प्रजातन्त्रका बारेमा नै गलत सन्देश जाँदैछ। मुलुकमा प्रजातन्त्रको अभ्यास, व्यवहार र प्रयोग त्यति प्रयोजनहीन छैन, जति हाम्रो राजनीतिमा देखिएको यस्ता द्वन्द्वलाई समायोजन नगर्नाको कारणले देखिएको छ। विगत १२ वर्षमा हामी समझदारी बनाउनुको सट्टा झगडा चर्काउने काम बढी गरेका छौं। जंगलबाट हुने कार्यले मुलुकमा संकटकाल आएको छ तर हाम्रो मानसिकतामा यसभन्दा पहिले नै संकटले छोइसकेको छ। यसरी राजनीतिक दलहरूको बीचमा रहेको झगडा हुँदा हुँदा अब संसद् र सेनाको बीच बढ्ला कि भन्ने डर उत्पन्न भएको छ। सेनाका जवानहरू तथा अधिकृतहरू पढेलेखेका छन्। उनीहरू राजनीति बुझ्न सक्छन, बुझेका पनि होलान् तर अघि अघि राजनीतिक भाषा प्रयोग गर्दैनथे, अब गर्न थालेका छन्। के कारणले यसो भयो, यसको गम्भीर विश्लेषण हुनु जरुरी छ। यस विषयमा संसद्भित्र र बाहिर व्यापक चर्चा उठेको छ। प्रधानसेनापतिले बोलेका कुराबारे राज्यले दायित्व लिनै पर्छ। पोखरामा प्रधान मन्त्रीले म स्पष्ट पार्छु भन्नुभएको छ। यस विषयमा प्रधानमन्त्रीले स्वाभाविक प्रक्रियाअनुरूप जवाफ दिनु नै हुनेछ। तर, सेनाका प्रमुखले केही कुरा बोले भन्दैमा, भएको गल्तीलाई स्वीकार्न लाउनुभन्दा आफ्नो जीवन दाउमा लाएर युद्ध लडिरहेका सेनाविरुद्ध राष्ट्रिय सहमति नै बनाउन खोज्ने मानसिकताले परिस्थिति झन् जटिल हुन सक्छन्। प्रहरी जवानहरू माओवादीसँग लड्न सकेका छैनन्। सेनाकै सुरक्षाको घेरामा हामी सुरक्षित हुने अवस्था छ। तर, सोही सेनालाई एजेन्डा बनाएर राजनीति गर्नेहरू एउटै दलभित्र र सत्तापक्ष, विपक्षका बीच पनि एकले अर्कोलाई अक्षम र

आफूलाई सक्षम देखाउने खेल प्रारम्भ भएको छ । सेनापति मात्रको बोलीलाई आधार बनाई सम्पूर्ण सेनाको सदासयता, कर्तव्यपरायणता र प्रतिबद्धतामा हस्तक्षेप गरी सेनालाई प्रश्नको घेरामा पार्ने हो भने स्थिति जटिल हुन सक्छ । सेना मात्रबाट आतंकवाद समाप्त हुन सक्दैन । यसका लागि व्यापक राजनीतिक परिचालन हुनु पर्दछ । सेनाले राजनीतिक परिचालनको कुरा उठाउँदै आएको छ । खै कहाँ छ, राजनीतिक परिचालन ? वास्तवमा सत्तापक्ष र विपक्षबाट सेनाले जुन सहयोग पाउनुपर्थ्यो, पाउन सकेको छैन । यस दिशातर्फ सोच्नुको सट्टा हामी अर्को विवादमा लाग्यौं ।

उपर्युक्त आसयमा नै मैले बोलेको थिएँ । त्यतिखेर सेना प्रमुखको वक्तव्यको विरोधमा सात दिनदेखि संसद् अवरुद्ध थियो । सबै विपक्षी दलहरू तथा स्वयं नेपाली कांग्रेसका कोइराला समर्थक सांसदहरू यसकार्यमा लागेका थिए । मैले यसरी बोलेको विषयलाई आधार बनाएर ने.का. पार्टीले मलाई स्पष्टीकरण सोध्यो र मैले सविनय जवाफ दिँदादिँदै पनि मलाई एक वर्षका लागि पार्टीबाट निष्काशन गर्‍यो। ममाथिको यस कारबाहीमा प्र.म. देउवा र सम्पूर्ण मन्त्रिमण्डलले मलाई समर्थन गरी यो निर्णय फिर्ता लिन पार्टी सभापतिलाई गरेको आग्रह वास्तवमा मेरा लागि देउवा मन्त्रिमण्डलप्रति कृतघ्न नबन्ने नैतिक सन्देश थियो । र, यसैमाथि गिरिजाप्रसाद कोइरालाले प्रहार गर्नुभएको थियो । पछि नेपाली कांग्रेसको केन्द्रीय समितिले अर्कै प्रयोजनका लागि भएको देउवामाथिको अनुशासनको कारबाहीलाई अनुमोदन गर्ने क्रममा मेरो निष्काशनलाई समेत अनुमोदन गरिदिएर मलाई देउवाकै डुङ्गाका सहयात्री भई अगाडि बढ्ने स्थिति भयो ... ... ।

**मंसिर २५, ०५९,** Dec 11, 002

बितेको दुई दिनमा फेरि केही लेखिएन । अस्ति सोमवार हाम्रो थुनामा बस्ने दोस्रोपटकको १५ दिने म्याद समाप्त भई पुनः थप म्यादका लागि हामीलाई विशेष अदालत लगिएको थियो । खुमबहादुरजी र म हामी दुवैजना दिनभर नै अदालतमा व्यस्त रह्यौं । हामीले आशा गरेअनुरूप नै हिजो पुनः अर्थात् तेश्रोपटक थुनामा बस्न १० दिनको म्याद थप भएको छ । अख्तियारले हामीलाई थुनामा राखेर सताउने काम अझै पुगेको छैन । यस कानुनअनुसार एकपटकमा अदालतले भलै १० दिनको वा ५ दिनकै म्याद देओस् तर अख्तियारले चाहेमा ६ महिनासम्म थुन्न सक्छ । थुनामा राखेर अनुसन्धान गर्न पाउने कानुनको भावनाको परख अदालतले गर्ने हो । अदालतले अख्तियारको मागअनुसार पटक-पटक म्याद थप्ने समयमा अनुसन्धानको स्थिति सन्तोषजनक भएको छ वा छैन हेर्नु पर्ने हुन्छ । तर, अहिले अख्तियारकै चलेको छ । हामीलाई थुनामा राखेपछि



आजको मितिसम्म अनुसन्धानको नाममा थप कुरा बुझ्नका लागि कुनै बयान लिइएको छैन । थुनामा राख्नुभन्दा पहिले मेरो र मेरा नातेदारहरूको चल-अचल जायजेथाको कानुनी हक हस्तान्तरण गर्न अख्तियारले रोकेको थियो । यसपछि मेरो सम्बन्धमा कुनै निकायसमक्ष कुनै पनि विषयमा पत्राचार गरिएको छैन । एउटा अपवाद, काठमाडौंको बूढानीलकण्ठ स्कुलमा पढ्ने मेरो छोराले कति रकम शुल्क तिर्दछ यो बुझ्नका लागि लेखिएको एउटा पत्रबाहेक । तर, अब यी सब कुराबारे चर्चा गर्नुको कुनै अर्थ छैन । किनभने अनुसन्धानको नाममा अख्तियारले मागेको म्याद अदालतले दिने प्रचलन स्थापित भइसकेको छ ।

कस्तो संयोग, हिजो डिसेम्बर १० तारेख थियो । र, विशेष अदालतमा हाम्रो पक्षले मानवअधिकारको प्रश्न उठाइरहेको थियो । सन् १९४८ मा डिसेम्बर १० तारेखकै दिन संयुक्त राष्ट्रसंघमा विश्व मानवअधिकारको चार्टरलाई अनुमोदन गरिएको थियो । त्यसैको स्मरणमा डिसेम्बर १० को दिनलाई विश्वभरका सभ्य समाजले मानवअधिकार दिवसको रूपमा मनाउँदै आएको छ ।

पञ्चायती व्यवस्थाका दौरान हामी कांग्रेसका कार्यकर्ताहरू तथा खासगरी वकिल र मानवअधिकारवादीहरू यस दिवसलाई बडो आस्थाका साथ मनाउने गर्थ्यौं । त्यतिखेर यस दिनमा मुलुकमा प्रजातन्त्र र मानवअधिकार नभएको, कुनै विषयमा मानवअधिकारको हनन भएको सार्वजनिक रूपमै आलोचना गर्दा पनि अन्तर्राष्ट्रिय लोकलाजका कारणबाट पञ्च प्रशासनले प्रायशः कारबाही गर्दैनथ्यो । तर, आजभोलि यस्ता कार्यक्रममा पुरानो उत्साह र कुनै अन्तरनिहित अभिप्रेरणा देखिंदैन । यो केही खास संघसंस्थाको औपचारिक कार्यक्रममा मात्र सीमित हुन गएको छ ।

हिजो बद्रीबहादुर कार्की (पूर्व महान्याधिवक्ता) सँग पुनः केही बेर कुराकानी गर्ने मौका मिल्यो, विशेष अदालतमा । मलाई उहाँको बेवाक् अभिव्यक्ति र आफ्नै प्रकारका मान्यतायुक्त व्यावसायिक खालका कुराकानी बडो रमाइलो लाग्छ । हिजो उहाँले एउटा घतलाग्दो चर्चा गर्नुभयो र भन्नुभयो : दुनियाँभर प्रेस तथा मानवअधिकारवादी संस्थालाई उनीहरू सदैव स्वतन्त्रता, भयमुक्त समाज र निर्बल एवं पीडितहरूको पक्षमा न्यायका लागि आवाज उठाइरहने गरेको कारणबाट प्रजातन्त्रको स्तम्भ भनिन्छ । विश्वभर यस्ता संस्था यस मान्यताको संवर्द्धनका लागि निष्ठाका साथ लागी परेका हुन्छन् । तर, हामीकहाँ यस्ता निकायको भूमिका ठिक उल्टो छ । न्यायप्राप्तिको दृष्टिबाट पीडित व्यक्तिहरूको हकमा कहाँनेर न्यायको, कानुनी हकको र व्यक्तिको स्वतन्त्रताको उल्लंघन भएको छ र त्यसको संरक्षणका लागि कसरी सहयोगीको भूमिका निर्वाह गर्न सकिन्छ ? यस्ता गम्भीर कुराहरू सोच्नु र तदअनुरूपको कार्य गर्नुभन्दा पनि प्रायशः यस्ता संस्था

तथा निकायहरू व्यक्ति लक्षित घृणाको अभियान (हेट क्याम्पेन)मा लिप्त भएको मात्र देखिन्छ । उहाँको बढी संकेत प्रेसप्रति थियो ।

अख्तियारका प्रमुख आयुक्तले हामीलाई संकेत गर्दै एउटा सार्वजनिक कार्यक्रममा भनेछन्- "भलै अदालतले जेसुकै गरोस् । रिहा गरे गरोस्, पछि सफाइ दिए पनि देओस् । मेरो काम त कारबाही गर्नुथियो, मैले गरेँ । अदालतको हिजोको बहसमा हाम्रा वकिलहरूले अख्तियारका प्रमुख सूर्यनाथले बिबिसी नेपाली प्रसारण सेवालाई दिएको अन्तर्वार्ताको लिखत उतार इजलासमा सुनाएका थिए । त्यस अन्तर्वार्तामा उनले भनेका छन् : 'यस कारबाहीबाट मैले 'सक ट्रिटमेन्ट' ( मानसिक झट्का) दिनु थियो - दिएँ ।' उनको यस प्रकारको पूर्वाग्रही र गैर जिम्मेवार अभिव्यक्तिका बारेमा बल्ल एउटा साप्ताहिकमा यो ठिक नभएको भनी टिप्पणी प्रकाशित भएको छ ।

जनआस्था पत्रिकामा चिरञ्जीवी वाग्लेका विरुद्ध अख्तियारमा उजुरी दिने वकिल पेसाका एकजनाको लेख छापिएको छ । प्रसंग बडो रमाइलो छ । उनले लेखेका छन् कि गत वर्ष चितवनको एक गाउँमा माओवादीका नाममा प्रहरीद्वारा मारिएका ४ जनामा उनका भाइ पर्ने पनि परेकोले त्यस हत्याको बदला लिन उनले चितवनसँग आबद्ध वाग्लेका खिलाफमा भ्रष्टाचारको उजुरी दिएका हुन् रे ! वाग्लेजी, सोही व्यक्तिको उजुरीको आधारमा अख्तियारबाट गरिएको कारबाहीका कारण हामीसँगै थुनामा हुनुहुन्छ ।

मेरा विरुद्धको कारबाहीको त झन् आफ्नै कथा छ । स्पेसटाइम दैनिकले म मन्त्री भएकै बखत लेख्यो : मेरा विरुद्ध माओवादीहरूले भौतिक कारबाही गर्ने सम्भावना छ । यस समाचार प्रकाशनको एक साता पनि नबित्दै मेरो घरमा बम प्रहार भयो । फेरि सोही पत्रिकाले क्रमैसँग लेख्यो : चलचित्र विकास बोर्डमार्फत चलचित्र भवनहरूको नवीकरणको विषयमा अख्तियारले छानबिन गर्दैछ, मोबाइल फोनका बारेमा छानबिन हुनेछ, निजी क्षेत्रका इन्टरनेट सेवा प्रदायकहरूलाई इजाजत दिइएको विषयमा छानबिन हुनेछ, नेपालमा नै पहिलोपटक निजी क्षेत्रबाट डब्लु.एल.एल. प्रविधिको दूरसञ्चार सेवा सञ्चालनका लागि युनाइटेड टेलिकमलाई इजाजत दिइएको विषयमा अख्तियारले छानबिन गर्दैछ, निजी क्षेत्रका एफ.एम. रेडियो संचालकहरूलाई इजाजत दिइएकोमा अख्तियारले मुस्तैदीका साथ खोजबिन गरिरहेको छ र कारबाही हुनेछ, कान्तिपुर टेलिभिजन लगायतका निजी क्षेत्रका प्रसारकहरूलाई इजाजत दिइएकोमा भ्रष्टाचार भएकोले अख्तियारले कारबाही गर्दैछ ........। यस्ता शीर्षकहरूमा निरन्तरझैं समाचार प्रकाशित भइरहे र अख्तियारले हुबहु स्पेसटाइम पत्रिकाले लेखेकै विषयहरूमा, उल्लेख गरेकै झूटा तथ्यहरूको आधारमा पछि मसँग सोधिखोजी गर्‍यो । मेरा विरुद्ध कारबाही भएरै छोड्यो । अख्तियारको कारबाही गर्ने शैलीका बारेमा नागरिक समाजमा कुनै



चर्चा छैन । खैर समयले यस्ता विषयबारे अवश्य पनि निश्चत धारणा बनाउनेछ ।

नेपाली छापामा विदेशी लगानीको विषय यता अखवारहरूमा बडो प्रमुखताका साथ प्रकाशित भइरहेको छ । आजका प्रायशः सबैजसो दैनिक तथा साप्ताहिक पत्रिकाहरूले दि हिमालयन टाइम्सको प्रकाशनमा विदेशी लगानी भएको प्रश्न र त्यसका प्रकाशक उज्ज्वल शर्माले काठमाडौंको प्र.जि.अ. कार्यालयमा निवेदन दिई यसबारे छानबिन गर्न अनुरोध गरेको समाचार बडो प्रमुखताका साथ छापिएको छ । मेरा अनन्य मित्र उज्ज्वलले चर्चा पाउनु र यस विषयमा मेरो पनि चर्चा समाचारपत्रहरूमा प्रकाशित हुनुबाट साँच्चै म खुसी भएको छु ।

भर्खरै मात्र पत्रकार ध्रुवहरि अधिकारीले लेखेको नेपाली पत्रपत्रिका बारेका एउटा लेख यही थुनामा पढेँ । त्यस लेखको एक प्रसंगमा उनले लेखेका छन् "... सूचना तथा सञ्चारमन्त्री जयप्रकाश गुप्ताले त नेपालका छापा सञ्चारमाध्यममा विदेशी लगानी नै हुलिदए.... ।" केहीकालदेखि म यस्तो मिथ्या आरोपलाई बडो नियोजित ढंगबाट भोग्दै आएको छु । कान्तिपुर, राजधानी, स्पेसटाइम सबैले यस विषयलाई आधार बनाएर मलाई डिफेम गर्ने नियोजित अभियान नै चलाएका छन् । झन् समाचारपत्र दैनिकले त मेरो खिलाफमा जेहाद नै थालेको छ । यसरी मेरा विरुद्ध थालिएको नृशंस आक्रमणको सिकार मेरो सबभन्दा प्रिय वस्तु मेरो राष्ट्रियता पनि भएको छ ।

यथार्थमा आज मेरो मनमा समाचारपत्र दैनिकका प्रकाशक पुष्करलाल श्रेष्ठ र सम्पादक कपिल काफ्लेको मप्रतिको यस व्यवहारका बारेमा कुनै सिकायत राख्नु उचित नभएको अनुभव गर्दछु । ध्रुवहरि अधिकारीका बारेमा पनि छैन । वास्तवमा यो प्रवृत्तिको कुरो हो । आफूलाई मात्र राष्ट्रवादी ठानेर अरूका प्रति घोर असंवेदनशील व्यवहार देखाउने प्रवृत्ति एकथरि मानिसहरूमा रहेकै छ । यस प्रवृत्तिलाई मैले एकथरिको अन्य जातजातिका व्यक्तिहरूका विरुद्धको असहिष्णु मानसिकता तथा मनोविज्ञानको रूपमा स्वीकार गरिसकेको छु । पत्रकार तथा प्रकाशन संस्थाहरूभित्र मात्र होइन, विभिन्न क्षेत्रका स्वतन्त्र पेसा गर्ने व्यावसायिक व्यक्ति एवं समूहभित्र, राजनीतिक दलका जिम्मेवार नेतृत्व तहमा समेत यस्तो मनोविज्ञानका व्यक्तिहरूको प्रचुरता रहेको छ । कहिलेकाहीँ समाजमा अगुवाझैं देखिने व्यक्तिहरूको एकखालको मनोविज्ञान समाजकै मनोविज्ञान हुन पुग्दछ । नेपालमा यस्तै भएको छ । मेरो विचारमा आधुनिक नेपालका विगतको आधी शताब्दीमा यहाँका पढेलेखेका प्रबुद्ध वर्गले एक-अर्काको सामान्य आलोचना र गाली गलौजका भाषामा खर्चेको सबभन्दा बढी शब्द नै राष्ट्रघाती, विदेशी दलाल, विदेशी परस्त र भारतीय दलाल नै हुनुपर्छ ।

नेपालमा मधेसका मानिसहरू मन्त्रिमण्डलमा चाहिन्छ तर स्वाभिमानी गृहमन्त्रीका रूपमा होइन, किनभने उसबाट राष्ट्रको गोपनीयताको सुरक्षा हुन सक्दैन । तर, गृहमन्त्रीमा फेरि बद्री मण्डलहरू भए यहाँका राष्ट्रवादीहरूलाई कुनै आपत्ति हुन्न । 'मन्त्री पदेन रहने कुनै रणनीतिक- विषय विवेचनाको समितिमा सूचना तथा सञ्चारमन्त्रीको पदीय आवश्यकता हुन्छ तर कुनै मधिसे त्यस पदमा छन् भने- यो ठिक नभएको प्रश्न उठिहाल्दछ । यस्तो प्रवृत्ति यहाँ सर्वत्र व्याप्त छ, मैले पग-पगमा भोगेको छु ।

एकपटक त मधिसेमूलका कैलाश सिरोहिया प्रबन्ध निर्देशक र भारतमै पढेलेखेका पत्रकार युवराज घिमिरे जस्ता प्रबुद्ध सम्पादक रहेको कान्तिपुर दैनिकले त आश्चर्यलाग्दो टिप्पणी छापेको थियो । म गिरिजाबावुको मन्त्रिपरिषद्मा सञ्चारमन्त्री थिएँ । माओवादी प्रभावित क्षेत्रमा विकाससम्बन्धी कार्यक्रम समेत सञ्चालन गर्न 'एकीकृत सुरक्षा एवं विकास कार्यक्रम' (ISDP) लागू गर्ने निर्णय भयो । यस कार्यक्रममा - माओवादी बढी प्रभावित केही जिल्लामा स-साना पुलपुलेसा, ग्रामीण सडकहरू, लघु सिँचाइका कार्यहरू र स्वास्थ्य शिविरहरू सञ्चालन गर्ने जस्ता कार्य समावेश गरिएको थियो । यसको सबै कामकुरो शाही सेनाले मिलाउने र अर्थ मन्त्रालयले रकम निकासा दिने व्यवस्था भयो । यसको कार्यक्रमको अनुगमनका लागि प्रधानमन्त्री, सम्बद्ध विभागीय मन्त्रीहरू समाविष्ट मूल समिति तथा केही उप-समितिहरू बनाइयो । यसै क्रममा प्रचार प्रसारको लागि बनेको उपसमितिमा सञ्चारमन्त्रीको रूपमा मलाई पदेन सदस्य राखियो । बस् ! यतिले पनि हाम्रो अन्धराष्ट्रवादी मनोविज्ञानलाई प्रभावित नगरी छोडेन । कान्तिपुर दैनिकले त ब्यानर हेडलाइनमा (मुख्य समाचार) लेख्यो : "त्यस रणनीतिक महत्त्वको मन्त्रीहरू तथा सुरक्षासंयन्त्रका व्यक्तिहरू समाविष्ट कमिटीमा गोपनीयतालाई ख्याल नगरी जयप्रकाश गुप्तालाई राखिएकोमा सेनाले प्रधानमन्त्रीसमक्ष अप्रसन्नता प्रकट गरेको छ ...।" मैले सेनाका तत्कालीन प्रधानसेनापति प्रज्वल शमशेरलाई यो के हो ? भनी सोधेको थिएँ । उनी मुसुमुसु हाँसेर - यो नै बहुदलीय नेपालको पत्रकारिता हो, भनेका थिए । मैले केही बोल्न सकिनँ । यस्ता अनेकन् अनुभव छन् । मलाई मित्रहरूका घृणा प्रसारको यस अभियानले अहिलेसम्म पछ्याएको पछ्याएकै छ । यस थुनामा पनि म यस्तो हेट क्याम्पेनबाट अछुतो छैन ।

यी र यस्ता अनुभवका आधारमा मैले यस्ता घटनाक्रमलाई एउटा प्रवृत्ति भन्नुबाहेक अन्य प्रकारको भावना मेरो मनमा कहिल्यै आएन । यस्ता प्रवृत्तिले हाम्रो राष्ट्रिय जीवनको सोच र चिन्तनशैलीमा निश्चित आकार एवं स्थान बनाइसकेको हुनाले यसलाई मैले अस्वाभाविक रूपमा लिएको छैन । मैले माथि उल्लेख गरेको दि हिमालयन टाइम्स अंग्रेजी दैनिकको प्रकाशनमा विदेशी



लगानीको विषय र त्यसमा हुँदै नभएको मेरो सहभागितालाई लिएर चलाइएको घृणाको प्रचार अभियानलाई मैले यसै रूपमा लिएको हुँ ।

यथार्थ त के हो भने, नेपालमा जुन सोच र शैलीलाई राष्ट्रवादी धार भनेर स्तुत्य बनाइएको छ, त्यसभित्रका पाखण्ड आम मानिसहरूलाई थाहा नै छैन । दि हिमालयन टाइम्सकै प्रसंगमा केही कुरा सम्झन चाहन्छु ।

वास्तवमा दि हिमालयन टाइम्सको प्रकाशनमा मेरो मन्त्री पदको तथा सूचना तथा सञ्चार मन्त्रालयको प्रकाशन अनुमतिकोदेखि लिएर लगानीको सवालमासम्म कुनै सरोकार रहेको छैन । कुनै पनि प्रकाशन संस्थाको दर्ता वा लगानी र त्यसको स्वामित्वको निर्धारणको काम कारबाहीहरू उद्योग मन्त्रालय मातहतको कम्पनी रजिस्ट्रारको कार्यालयमा हुन्छ । यसरी नै पत्रपत्रिकाको दर्ता लिने कार्य गृहमन्त्रालय मातहतको जिल्ला प्रशासन कार्यालयमा हुने गर्दछ । आप्का प्रकाशन तथा दि हिमालयन टाइम्ससम्बन्धी हुनुपर्ने वा नहुनुपर्ने सबै कार्य उद्योग मन्त्रालय तथा काठमाडौंको जिल्ला प्रशासन कार्यालयसँग नै सम्बन्धित रह्यो । संचार मन्त्रालयसँग यसको कुनै औपचारिक सरोकार रहेन ।

यसको प्रकाशन प्रारम्भ हुने सन्दर्भमा नेपाली भाषाको हिमालय टाइम्स दैनिक बाहेक अन्य ब्रोडसिट दैनिकहरूका प्रकाशन संस्थाहरूको संलग्नतामा बनेको मिडिया सोसाइटीले विदेशी लगानी भयो भनेर विरोध गरेको थियो । यस विरोधलाई ध्यानमा राखी मैले नै अग्रसरता लिएर सत्यतथ्य सार्वजानिक होस् भने उद्देश्यबाट मन्त्रालयका एक जना सह-सचिवको अध्यक्षतामा एउटा छानबिन समिति गठन गरेको थिएँ । यस छानबिन समितिको गठन पछाडिको उद्देश्य स्पष्ट थियो, दि हिमालयन टाइम्समा ऐननियम छलेर कसरी विदेशी लगानी भित्रियो ? यसमा सूचना तथा सञ्चार मन्त्रालयको कस्तो भूमिका रह्यो ? र विदेशी लगानी हुनसक्ने यस्तो प्रवृत्तिलाई निस्तेज गर्न के कस्तो उपाय अवलम्बन गर्ने ? मैले एउटा पारदर्शी प्रतिवेदनका आधारमा यथार्थ कुरा सार्वजानिक होस्, साथै तत्कालको प्रकरणमा के कारबाही गर्न सकिन्छ र भविष्यमा के गर्न सकिन्छ सो समेतको बारेमा केही ठोस आधार बनाउन चाहेको थिएँ । मैले छानबिन समितिमा प्रेस काउन्सिलको अध्यक्षको रूपमा वरिष्ठ पत्रकार साप्ताहिक विमर्शका सम्पादक हरिहर विरहीलाई पनि राखेको थिएँ । तर, उनी बस्न भनी सहमति जनाएर पनि बसेनन् । सायद यस पत्रिकाको प्रकाशनमा संलग्न रहेकाहरूको चित्त नदुखाउन उनले समितिमा बस्न नरुचाएको हुनुपर्छ । अर्का सदस्य नेपाल पत्रकार महासंघका तत्कालीन सभापति सुरेश आचार्य थिए । उनले बस्न सहमति जनाएका थिए । जे होस्, तोकिएको समयमा प्रतिवेदन सार्वजनिक भयो । समितिले राम्रा सुझाव दिएको थियो । त्यस प्रकाशन संस्थामा अप्रत्यक्ष रूपबाट विदेशी लगानी भएको कुरा स्पष्ट रूपमा उल्लेख गरिएको थियो । तर,

यस प्रतिवेदनमार्फत सार्वजानिक भएका यथार्थलाई भने कुनै पनि दैनिकले स्थान दिएनन् । वास्तविक कुरा त मैले पछि मात्र बुझें ।

यहाँ अर्को एक प्रसंग रोचक रह्यो । मैले मन्त्रालयको सहसचिवको अध्यक्षतामा छानबिन समिति गठन गरेको खबर सार्वजानिक भएको २/४ दिनभित्रै एकदिन प्र.म. शेरबहादुर देउवाले मलाई भेट्न बोलाउनुभयो । यसको केही दिनअघि मात्र पुष्करलाल श्रेष्ठहरूको अगुवाइमा मिडिया सोसाइटीको प्रतिनिधिमण्डलले उहाँलाई भेट्दा उहाँले छापामाध्यममा विदेशी लगानीको खिलाफमा बोल्नुभएको थियो- भेट्नेहरू पनि आश्वस्त भएका थिए । तर, त्यस दिन प्र.म. ले मसँग कुरा गर्दा मैले उहाँको दृष्टिकोणमा पूर्णरूपेण फरक पाएँ ।

मैले गठन गरेको छानबिन समितिलाई प्र.मं.ले गर्न नहुने काम गरेको बताउनुभयो । यसमा माथिको अर्कै इन्ट्रेस्ट रहेकाले एउटा जाबो पत्रिकाको विषयलाई लिएर दरबारलाई नै मैले चिढ्याउने काम गर्नु ठीक नभएको उहाँको सुझाव थियो । प्र.म.ले मलाई स्पष्टरूपमा भन्नुभयो दरबारको इच्छा छ : भर्खरै ठूलो लगानीमा प्रकाशित हुनलागेको अंग्रेजी दैनिक दी हिमालयन टाइम्सलाई अपठ्यारो पार्ने तथा हतोत्साहित गर्ने काम सरकारी तहबाट नहोस् । एउटा पत्रिका बारेमा प्रधानमन्त्रीमार्फत व्यक्त भएको दरबारको यस्तो चिन्ता मेरा लागि पहिलो थिएन । म मन्त्री हुनासाथै "स्पेस टाइमको च्यानल नेपाललाई प्रसारण अनुमति दिंदा के अप्ठ्यारो पर्छ ? पी.एम. (प्रधानमन्त्री) ले सञ्चारमन्त्रीसँग कुरा गर्नु पर्ला" भनी राजाको चासो देउवाजीले प्रारम्भमै मलाई भनिसक्नु भएको थियो । च्यानल नेपालका बारेमा विद्यमान कानुनी समस्याहरू तथा भारत सरकारले यसको प्रसारण नचाहेको बारेमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालामार्फत मलाई भनिएको लगायत सबै कुराहरू मौका पाएमा प्रधानमन्त्रीजीले राजामा बिन्ती गरे हुन्छ भनेको थिएँ । यद्यपि मैले च्यानल नेपाललाई प्रसारणको अनुमति दिने दरबारको त्यस चासोलाई आफ्नो कार्यकालमा पूरा गर्न सकिन । मलाई त्यसपछि कतैबाट केही भनिएन पनि । यसको निकै पछि म मन्त्रीबाट हटेर थुनुवाको रूपमा यहाँ आइसके पछि मैले हालै थाहा पाएँ कि माथि कै आदेशबाट च्यानल नेपालको प्रसारण सुरु भयो । रमेशनाथ पाण्डे सञ्चारमन्त्री हुना साथै पहिलो काम नै च्यानल नेपाललाई अनुमति दिएर सुरु गरे । यति खेर भारतीय राजदूताबास पनि चूप लाग्यो । मेरो समयमा भारतीय दूताबासले दुबै प्रधानमन्त्रीहरू गिरिजाप्रसाद कोइराला तथा शेरबहादुर देउवालाई निकै दबाब दिएको थियो ।



दि हिमालयन टाइम्सको प्रसँगमा प्रधानमन्त्रीबाट मलाई उक्त कुराहरू भनिए पनि छानबिनको यस प्रक्रियालाई मैले रोकिन । नेपाल रहस्यहरूको मुलुक त हो । केही कालपछि दि हिमालयन टाइम्सका भारतीय लगानी कर्ता दिलीप पेंडगावकर (टाइम्स अफ इंडियाका पूर्व सम्पादक) वर्तमान राजाको प्रथम भारत भ्रमणको पूर्व सन्ध्यामा राजाको अन्तर्वार्ता लिई टाइम्स अफ इन्डियामा छपाउनुका साथै भारतको सरकारी च्यानल दूरदर्शनमा समेत प्रसारित गराउने सौभाग्य पाउने पहिलो विदेशी पत्रकार भए ।

यद्यपि गर्भस्थ यथार्थ त अर्कै छ । वर्तमान राजाका घनिष्ट सहयोगी कहलिएका सोल्टी होटेलका प्रमुख प्रभाकरशमशेर राणासँग दिलीप पेंडगावरको बडो मित्रतापूर्ण सम्बन्ध रहिआएको छ । यही मित्रतावश सम्भाव्य असोज १८ का जस्ता राजेच्छापछि विदेशीहरूका माझ जनमत तयार गर्न पेंडगावकरलाई नेपाली छापामाध्यममा विपुल धनराशि लगानी गर्न प्रोत्साहित गरिएको हो । म मन्त्री रहँदै भारतीय राजदूतावासका तत्कालीन प्रथम सचिव अशोक कुमारलाई भनेको थिएँ : भारतले यस्ता साना मसिना कुराहरूमा अल्झेर किन सदैव नेपालमा आफ्नो विरुद्धको जनमत बन्ने कामलाई प्रोत्साहित गर्दछ ? उनले मलाई स्पष्टरूपमा भनेका थिए : दि हिमालयन टाइम्सको प्रकरणमा भारत सरकारको कुनै स्वार्थ छैन । यो नेपालको दरबार र भारतमा रहेका दरबारका घनिष्ट मित्रहरूको आन्तरिक उद्यममात्र हो । तर, अपशोच । विभिन्न शक्ति केन्द्रहरूको शक्ति सञ्चयको उद्यममा बाधकजस्तो बन्न पुगेको म एकै साथ राष्ट्रियताका द्योतकहरू तथा राष्ट्रवादका नव अवतारहरू, दुवैको घृणा अभियानको तारो बनें ।

अहिले मुलुकमा राजाको प्रत्यक्ष शासन कायम भएको बेला छ । फेरि मेरा मित्र उज्वल शर्मासमेत मिडिया सोसाइटीमा सामेल भई स्वयं आफ्नै प्रकाशनमा गलत रूपबाट विदेशी लगानी भित्रिएको स्वीकार गरिएको अवस्था छ, सूचना तथा सञ्चार मन्त्रालयमा आज कुनै मधेसी छैन, अपितु राष्ट्रवादी मन्त्री रमेशनाथ पाण्डे र उद्योग मन्त्रालयमा त झन् भारत विरोधी भनी प्रख्याति नै कमाएका व्यापारी मन्त्री महेशलाल प्रधान आसिन छन् । वास्तवमा यस समयलाई त छापा माध्यममा फगत केही लाख वा करोडको विदेशी लगानी हटाउने मात्र होइन, अपितु सारा राष्ट्रमा प्रभाव जमाइसकेको हरेक खाले विदेशी हस्तक्षेपबाट मुलुकलाई मुक्त गर्न नयाँ लहर जन्माउने स्वर्णयुग पो बनाउनु पर्दछ, राष्ट्रवादीहरूले मुलुकको वर्तमानलाई । म यस कारणबाट पनि बढी खुसी भएको छु कि, सायद अब राजाको प्रत्यक्ष शासनमा छापा माध्यममा राष्ट्रवादी नेपाली लगानीकर्ताको हित संरक्षित भई ध्रुवहरि अधिकारी, पुष्करलाल श्रेष्ठ र पी. खरेलहरूले राष्ट्रवादको मधुवनमा छिट्टै लठ्ठिने अवसर पाऊन् ।

## मंसिर २६, ०५९, Dec 12, 002

आज पुनः शेरबहादुर देउवा हामीलाई भेट्न आउनुभयो। ने.का. (प्रजातान्त्रिक) को पार्टी संगठनका बारेमा वाग्ले तथा खड्का जीसँग केही परामर्श गर्ने कुरा आउनुभन्दा पहिला थाहा पाएको थिएँ। आज म उहाँहरूका बीच धेरै बेर बसिन। बाहिर बरण्डामा बसेर किताब पढी रहेँ। आज मैले देउवालाई अलिक उदिग्न, आफूभित्र केही खेदहरू लुकाई राखेको जस्तो पाएँ। समयहरू बित्दै जाने क्रममा मैले केही कुराहरूमा उहाँ बिस्तारै खुल्दै जानुभएको अनुभव गरे। राजनीतिमा धेरै कुराहरूलाई मनभित्र लुकाएर मात्र हुन्न। जनताको साथ पाउनका लागि जनताका बीच पारदर्शी भई उभिनुको अर्को कुनै विकल्प छैन, यतापट्टि देउवामा सोच बन्दै गएको मलाई अनुभव भएको छ। आज फेरि उहाँले भन्नुभयो : मलाई राजाबाट ठूलो धोका भयो। राजाले आफूबाट चाहेका सबै कुराहरू पुर्‍याउँदा पुर्‍याउँदै पनि किन भयो त यस्तो धोका ? यसको कुनै यकिन कारण भने देउवाले बताउन सकिरहनुभएको छैन। उहाँ भन्नुहुन्छ- वास्तवमा मैले राजाको प्रत्यक्ष शासन गर्ने अभिलाषाको डिजायन नबुझेको होइन। बुझ्दा बुझ्दै पनि मैले यसलाई पन्छाउन सकिन । पछि गएर त मेरो र राजाबीच टाउको जुधाइको (head to head fight) को स्थिति उत्पन्न भयो। मैले चुनाव सार्ने सिफारिस नगरेको भए राजाले सोझै हस्तक्षेप गरेर स्थिति झन् विग्रहपूर्ण हुने हुँदा मसँग अर्को विकल्प थिएन- देउवाले आज हामीसँग खुलस्त रूपमा उक्त कुरा भन्नुभयो।

देउवाका अनुसार कार्तिक २७ गते कुनै पनि हालतमा निर्वाचन हुन नसक्ने भनी निर्वाचन सार्न स्वयं राजाबाट उहाँलाई भनिएको थियो। उहाँले भन्नुभयो- "निर्वाचन सार्न आफूले बोलाएको सर्वदलीय बैठकभन्दा पहिला नै राजाद्वारा उहाँलाई चुनाव सार्न भनिएको थियो। राजाले देउवालाई त्यसो भनेको दोस्रो दिन नै प्रधान सेनापतिले प्र.मं. समक्ष तत्काल राष्ट्रिय सुरक्षा समितिको बैठक बोलाउन आग्रह गरेका थिए। यस बैठकमा गृहमन्त्री खुमबहादुर खड्गालाई आमन्त्रित गरिएन। यही बैठकमा प्रधान सेनापतिले मुलुकको शान्तिसुरक्षाको स्थितिमा सुधार हुन नसकेको हुँदा निर्धारित समयमा चुनाव गराउन नसकिने परिस्थिति भएकाले सोका लागि राजनीतिक तहबाट निर्णय हुनुपर्ने कुरामा जोड दिएका थिए। देउवाको भनाइअनुसार सुरक्षा परिषद्को त्यस बैठकमा चुनाव सार्न सरकारलाई सिफारिशको निर्णय नै गरियो। हामीसँगको भेटमा देउवाले आफूसँग अद्यावधि त्यस निर्णयको कपि सुरक्षित रहेकोबताउनुभयो। प्रहरीका महानिरीक्षकले त यसअघि नै निर्वाचन आयोगकै बैठकमा सार्वजानिक रूपमै चुनाव सार्नुपर्ने कुरा बताइसकेका थिए।



वास्तवमा यी सबै तारतम्यहरू एउटा निश्चित र नियोजित योजनाका तहत भएको थियो। यहाँ थुनामा स्वयं देउवाले भन्नुभएका कुराहरू, वाग्ले र खड्काका कुराहरू सबैलाई तह, तहमा राखी बितेका घटनाक्रमहरूको स्मरण गर्दा यही निष्कर्षमा पुगिन्छ। असोज १८ गतेको कदम हुनुभन्दा लगभग दुई साताअघि मात्र प्रधानमन्त्री ब्रसेल्सको भ्रमणमा जानुभएको थियो। भ्रमणको यस क्रममा प्रधानमन्त्री सर्वप्रथम ब्रसेल्स, अनि त्यहाँ पछि औषधोपचारका लागि लन्डन र त्यसपछि दक्षिण अफ्रिकाको जोहानसवर्ग जानुहुने कार्यक्रम थियो। प्रधानमन्त्रीको भ्रमणको यो कार्यक्रम मन्त्रिपरिषद्को बैठकबाट पारित भएर परराष्ट्र मन्त्रालयले एक विज्ञप्तिमार्फत सार्वजनिक समेत गरिसकेको थियो। यसअघि नै इटालीको रोममा सम्पन्न भएको विश्व खाद्य कार्यक्रमको शिखर बैठकमा भाग लिन जाँदा पनि ब्रसेल्स जाने कार्यक्रम मिलाइएको थियो। तर, त्यतिखेर नेपाली कांग्रेसको संसदीय दलमा कोइराला पक्षबाट देउवाविरुद्ध अविश्वास प्रस्ताव आउने दबाबका कारणले सो कार्यक्रम प्रस्थान अघि नै स्थगित भएको थियो।

उपरोक्त कार्यक्रमअनुसार नै प्रधानमन्त्री देउवा विदेश प्रस्थान गर्नुभयो। तर, जोहानसवर्ग जाने भनी मुलुक छोडेका देउवा ब्रसेल्स पुगेर पूर्वघोषित परराष्ट्र मन्त्रालयको विज्ञप्तिमा कुनै संशोधन बेगर नै अरु सबै कार्यक्रमहरू रद्द गरी स्वदेश फर्कनुभयो। सरकार प्रमुखको कार्यक्रममा भएको यस हेरफेरका बारेमा कुनै कारण सार्वजानिक गरिएन। हामीले निकै पछिमात्र थाहा पायौं- प्रमलाई विदेश प्रस्थान गर्नुभन्दा केही पहिले नै राजाबाट राजीनामा दिन भनिएको थियो। तर, कहिले राजीनामा दिनुपर्ने हो सो भनिएको थिएन। प्रधानमन्त्रीले हामी कसैलाई पनि यो कुरा बताउनु भएन। प्रधानमन्त्री ब्रसेल्सका लागि प्रस्थान गर्नु अघिल्लै दिनदेखि केही अखबारहरूमा ब्रसेल्स सरकारले नेपाललाई बिक्री गरेको हतियारको विषयमा र मन्त्रीचिरन्जीवी वाग्लेको भ्रष्टाचारका बारेमा बडो जोडतोडका साथ आलोचनात्मक प्रचार सुरु गरेको थियो।

केही महिना अघिमात्र नेपालले ब्रसेल्स सरकारसँग पाँच हजार पाँच सय थान सेल्फ लोडिंग अटोमेटिक राइफल खरिद गरेको थियो। यस खरिदका सबै प्रक्रियाहरू सेना स्वयंले मिलाएको थियो। नेपालमा आजसम्म सेनाले खरिद गर्ने हतियारहरूका बारेमा जानेबुझेका सबैलाई थाहा नै हुनु पर्दछ कि यस्ता विषयहरूमा जन निर्वाचित सरकारहरूको कुनै भूमिका रहेको परम्परा छैन। बरु यसमा दरबारको सम्मति भने अनिवार्य हुन्छ। तसर्थ यस खरिदका विषयमा कुनै सरकारको तहमा कुनै विवाद थिएन। फेरि राजनीति गर्ने व्यक्तिबाहेक अरू जो सुकै संलग्न रहने खरिद आदिका विषयमा केही अपवादबाहेक नेपालका पत्र पत्रिकाहरूमा पनि कुनै चर्चा उठ्ने गर्दैन। तर, यस विषयमा भने मुलुक बाहिर ब्रसेल्समा अचानक विवाद अठ्यो। हातहतियारको बिक्रीको विषयमा त्यहाँको

सरकारको एउटा नीति छ : कुनै पनि मुलुकको आन्तरिक विद्रोहलाई दमन गर्न तथा गृहयुद्धग्रस्त कुनै राष्ट्रलाई ब्रसेल्सले हतियार नबेच्ने त्यहाँ प्रावधान रहेछ। नेपाललाई माओवादी समस्याको कारणबाट ब्रसेल्सले यस्तै मुलुकहरूको सूचीमा राखेकाले नेपाललाई हतियार बिक्री गर्नु हुन्न भनी त्यहाँका विपक्षी दलले ब्रसेल्स सरकारका विरुद्ध संसद्मा अविश्वासको प्रस्ताव दर्ता गरेर यो विवाद महत्त्वपूर्ण अन्र्तराष्ट्रिय खबर बनेको थियो। नेपालमा खास गरी कान्तिपुर दैनिकले यस समाचारलाई स्वयं प्रधानमन्त्री हतियार खरिदमा भ्रष्टाचारमा लिप्त रहेको भनी एकोहोरो प्रचारको जेहाद नै छेडेको थियो।

यता प्रधानमन्त्रीको अर्कै समस्या थियो। यदि नेपाललाई गृहयुद्धग्रस्त देश मानेर ब्रसेल्सले हतियारको सौदा रद्द गर्ने हो भने खास गरी युरोपीय समुदायका कुनै पनि मुलुकबाट नेपालले कुनै पनि प्रकारको सैन्य सहयोग पाउन नसक्ने अवस्था विद्यमान हुनजान्छ। यसले गर्दा नेपालले भारत र चीनबाहेक अन्य मुलुकहरूबाट आफू खुसी हतियार खरिद गर्नसक्ने अवस्था रहने थिएन। बेलायत र संयुक्त राज्य अमेरिकाले माओवादीका खिलाफ जति नै सहयोगको वचनबद्धता व्यक्त गरे पनि मारक क्षमताका हातहतियार दिने मुलुकहरूको सूचीमा नेपाल नपरेकाले त्यहाँबाट कुनै पनि मारक क्षमताका हातहतियार नआउने कुरा पक्का भइसकेको थियो। चीनले पहिले नै स्पष्ट गरिसकेको थियो कि, नेपालका विद्रोहीहरूले आफूलाई माओवादी भनेको हुँदा यस्तो नामधारी शक्तिलाई दमन गर्न चीन सरकार प्रत्यक्षतः हतियार दिन सक्दैन। यसले चीनको आन्तरिक सन्दर्भमा केही प्रतिकूलताहरू आउनसक्ने चीन सरकारको धारणा रहिआएको थियो। बरु चीनले माओवादीका विरुद्ध अन्य प्रयोजनका लागि सहयोग गर्न तयार भएको जनाएर उल्लेख्य आर्थिक सहयोग उपलब्ध गराएको थियो। यसपछि नेपालले हातहतियारको सहयोग प्राप्त गर्नसक्ने मुलुक भारतमात्र बाँकी रहेको थियो। तर, भारतसँग सैनिक सहकार्य गर्ने विषयमा प्रारम्भदेखि नै स्वयं दरबार तथा सेनाभित्र पनि परहेज राख्नुपर्ने मत रही आएको छ।

माओवादी समस्याको समाधानको नाममा भारतबाट हातहतियार ल्याइएमा पछिसम्म सो हातहतियारको सञ्चालनमा भारतप्रति नै निर्भर रहनुपर्ने बाध्यतालाई बोक्न सेना र सैन्य नीति निर्धारकहरूले चाहेका थिएनन्। तसर्थ ब्रसेल्समा उत्पन्न भएको यस समस्यालाई सरकारले मिलाएर हातहतियारको सुलभ आपूर्तिमा देखिएको अवरोध हटाउनुपर्ने दायित्व रक्षामन्त्रीका रूपमा पनि देउवाले व्यहोर्नु पर्ने भएको थियो। सम्भवतः खरिद प्रक्रियामा आफ्नो प्रत्यक्ष सरोकार नभए पनि प्रधानमन्त्रीले उपर्युक्त दायित्वका कारणले यसबाट उत्पन्न हुने आलोचनाहरूलाई बुझ्दा बुझ्दै नियोजित प्रचारको अहालमा फस्दै गएकोबाट उम्किने जोहो मिलाउन सक्नु भएन।



प्रधानमन्त्रीको भूमिका यतिखेर कठिन भएको थियो। राजाबाट अपत्यार हुँदै गएको थियो। तसर्थ हर हालतमा राजाको मन जित्नु परेको थियो। राजाको आफ्नो डिजायनअनुसार असान्दर्भिक हुँदै गएको प्रधानमन्त्रीलाई फाल्न एउटा उपयुक्तजस्तो माहौल चाहिएको थियो। यस योजनाका अभियन्ताहरूको इच्छाअनुसार विभिन्न पत्रपत्रिकाहरूको सहयोगबाट सरकारलाई अपदस्थ गरिने अथवा देउवाले राजीनामा दिनुपर्ने खालको वातावरण बन्दै गएको थियो। यसरी नै राजा र सेनालाई सजिलो पार्न आफ्नो तर्फबाट कुनै कसर बाँकी राख्न नचाहने प्रधानमन्त्रीले आफ्ना खिलाफमा काठमाडौंका सहरहरूमा दिनहुँ जुलुस संयोजन गर्ने दरबारबाटै पोषित मोहन निरौलाहरूको परिवर्तन नेपाल, कुवेर शर्माहरूको हरियाली पार्टी, भरत जंगमहरूको संस्थाहरूको गतिविधि र मनसायलाई बुझ्न सक्नुभएन। ब्रसेल्सबाट फर्केपछि उहाँलाई यस षड्यन्त्रको आभाष भयो। यस विषयमा उहाँले राजासँग कुरा गरेको र दरबारका नजिक रहेकाहरूको प्रत्यक्ष संलग्नतामा भइरहेका यस्ता काम कारबाहीहरू रोकाउन राजामा बिन्ती गरेको कुरा हामीहरूलाई बताउनु पनि भयो। तर, बिन्ती काम लागेन। यस अवस्थामा आई पुग्दासम्ममा वाग्लेजीसमेत केही मन्त्रीहरूका खिलाफ नियोजित प्रचारको क्रम निकै बढी सकेको थियो र सम्भवतः भ्रष्टाचारकै आरोपमा देउवाको सरकारलाई राजाले हटाउनसक्ने विषयमा काठमाडौंका घरानीयाहरूका बीच निर्णायक खालको चर्चा चल्न सुरु भइसकेको थियो। मुलुकभित्र यस्तो परिस्थिति परिपक्व हुँदाका बखतमा नेपालका शक्ति केन्द्रहरूको इच्छालाई सजिलो पारिदिने कामलाई फत्ते गर्नका लागि प्रधानमन्त्री ब्रसेल्समा हुनुहुन्थ्यो। उहाँ मुलुक फर्कदासम्म ढिलो भइसकेको थियो।

प्रम विदेशमै भएका बेला राजासँग गिरिजाप्रसाद कोइराला तथा माधव नेपालको छुट्टा छुट्टै भेट भएको थियो। गिरिजाप्रसाद कोइराला र माधव नेपालले राजासँग जननिर्वाचित प्रधानमन्त्रीलाई अपदस्थ गर्न बिन्ती चढाएको कुरा विभिन्न पत्र पत्रिकाहरूमा पनि आइसकेकै हो। राजासँगको भेटमा, देउवा सरकारले निर्धारित समयमा निर्वाचन गराउन नसकेमा मुलुकमा संवैधानिक संकट आउने र त्यसको निकासका लागि सबै दलहरूको सहयोग भएमा आफूले देउवाको ठाउँमा अर्कोको प्रधानमन्त्रीत्वमा सर्वदलीय सरकार बनाउने राजाको इच्छाको संकेत पाएर दुवै नेताहरूले सहमति जनाएका थिए।

हाम्रो मधेशमा एउटा भनाइ छ : "जस रोगी भावे तस् वैधा फरमावे।" अर्थात् रोगीले जस्तो औषधि चाहेको हन्छ, वैद्यले त्यसैअनुसार दिन्छ। यस्तै भयो। गिरिजाप्रसाद कोइरालालाई जसरी भए पनि देउवालाई हटाउनु थियो र माधव नेपाललाई कोइरालाको बृहद् प्रजातान्त्रिक मोर्चाका तहत कुनै पनि हालतमा शिध्रातिशिध्र प्रधानमन्त्री हुनुथियो। यता राजालाई प्रमुख दलहरूको सहमतिमा एकपटक मुलुकको सार्वभौमसत्ता सम्पन्न भनिएको संविधानमा

हातहाल्नु थियो। परिस्थितिले सबै कुरालाई मिलाएको थियो। यथार्थमा यही अनुरूप पछि देउवाले बोलाएको सर्वदलीय बैठकमा राजा, कोइराला र माधव नेपालको चाहना अनुरूप नै निर्वाचन सार्नका लागि प्रधानमन्त्रीले आवश्यक संवैधानिक बाटो अख्तियार गर्ने विषयमा सजिलै निर्णय भयो। देउवाले आफ्नो आयोजनामा बोलाएको बैठकमा तोकिएको समयमा निर्वाचन सम्पन्न गराउनाका लागि दलहरूको सहमति पाउनुपर्नेमा उल्टै स्वयं निर्वाचन सार्न सहमति जनाउनु भयो। यसरी निर्वाचन सार्न दलहरूको सिफारिस आएमा आफू निर्णयकर्ता हुनुपर्नेमा स्वयं नै सिफारिस कर्ता भई आफ्नो हस्ताक्षरसमेत राखेर विज्ञप्ति जारी गर्नुभयो।

आफूले दलहरूको सिफारिसमा मात्र निर्वाचन सारेको भनी देउवाले आज यस तर्कलाई आफ्नालागि रक्षा कवचका रूपमा प्रस्तुत गरिरहनु भएको छ। त्यो सर्वदलीय बैठकले यथार्थमा देउवालाई आफनै निर्णयको बन्दी बनायो। .........ऐतिहासिक कोतपर्वको राति कोतमा जमेको रगतको अहालमा उभिएर जंगबहादुर कुवंरले राजासँग हत्याएको सत्ता प्राप्तिको पञ्जापत्रपछि राजा निर्णयको बन्दी भए सरह।

असोज १८, ०५९ का राति ७:०० बजेको समयमा अर्थात्, असक्षम प्रधानमन्त्रीमा दरिएर राजाबाट अपदस्थ गरिनुभन्दा केही घन्टा अघिमात्र मैले २/४ जना वरिष्ठ मन्त्रीहरू (खुमबहादुर खड्का, विजय गच्छदार आदि) का सम्मुख बालुवाटारस्थित निवासमा प्रधानमन्त्रीलाई सोधेको थिएँ : के यी सब घटनाक्रमहरू तपाईका लागि सर्वथा अप्रत्यासित हुन् वा तपाईंलाई यसको पूर्व आभाष थियो। अनपेक्षितरूपमा सधैंको भन्दा खुला हुँदै देउवाले भन्नुभयो : म ब्रसेल्स जानुभन्दा अघि राजाबाट मलाई हुकुम भएको थियो, पी.एम. तोकिएको समयमा निर्वाचन हुनसक्दैन। तसर्थ यस आधारमा कृपया तपाईं राजीनामा गरिदिनुहोस्। म फेरि तपाईंकै नेतृत्वमा सबैलाई मिलाएर अर्को सरकार बनाई दिन्छु। तपाईं सरकार चलाउनु होस्, आफ्नो नयाँ पाटीलाई बलियो पनि बनाउनु होस् र उपयुक्त समयमा निर्वाचन गराउनु होला। देउवाले भन्नुभयो : मैले राजालाई भने- सरकार मलाई सोच्नका लागि केही समय बक्सियोस्।

दोस्रोपटक, पुनः हिमानी राज्यलक्ष्मी देवी (श्री ५ पारसकी श्रीमती) को जन्मदिनको पार्टीमा नारायणहिटी राजदरबारमा सपत्नी उपस्थित प्र.म. देउवालाई विशेष डिनरको टेबुलमा व्यञ्जनका साथ पुनः राजाबाट सो इच्छा स्मरण गराइएको तथ्य देउवाले सोही बेला सुनाउनुभयो। सो दिन देउवाले संसद्बाट छानिएको प्रधानमन्त्रीले कसरी राजीनामा गर्ने भनी आनाकानी गरेपछि राजाले श्रीमती आरजु देउवालाई समेत आफ्ना श्रीमान् (प्र.म.लाई) लाई सम्झाउन हुकुम भएको थियो। राजाको यो इच्छा अन्तिमपटक, अर्थात् असोज १८ गते



दिउँसो राजदरबारमा आयोजित मित्रराष्ट्रका केही राजदूतहरूको 'क्रेडेन्सियल' लिने समारोहको लगत्तै पछि प्र.म.लाई सम्बोधन गरेर राजाले अंग्रेजीमा भन्नुभयो : PM aither you take my advice or you will be surprised..." मेरो सोधाइको जवाफमा प्रधानमन्त्री देउवाले सोही बखत यी कुराहरूको स्मरण गर्दै भन्नुभएको थियो।

**मंसिर २७, ०५९,** Dec 13, 002

हिजो म सरकारमा रहँदाको लगभग अन्तिम समयतिरका घटनाक्रमहरूलाई स्मरण गर्दै जाँदा अलिक बोझिलो हुनपुगेको थिएँ। फेरि दिनभरि भेट्न आउने साथीहरूको जमघटले गर्दा हामीबीच कुराकानी नहुने र राति मैले एकोहोरो रूपमा लेख्न बसेपछि मसँग उहाँहरूको कुराकानी नहुने, यस प्रकारका चर्याले पनि हाम्रो थुना भित्रको सामाजिकतालाई प्रतिकूल प्रभाव पार्ने सम्भावना बढदै गएकाले धेरैबेर लेखिन। तसर्थ आज पुनः त्यस विषयलाई निरन्तरता दिन चाहन्छु।

मैले शाही कदमका दिन, अर्थात् असोज १८ गते राति प्रधानमन्त्रीका कुराहरू र स्वीकारोक्तिहरू सुनेर आश्चर्यमा परें। मेरा लागि आश्चर्यको प्रसँग त के रह्यो भन्ने प्र.म.ले यी सब कुराहरू भनेको एक दिन अघिमात्र मन्त्रीपरिषद्ले निर्वाचनको मिति सार्नका लागि संविधानको धारा १२७ अनुसार बाधा अड्चन फुकाई बक्सन श्री ५ मा सिफारिस जाहेर गरेको थियो। मन्त्रिपरिषद्को सोही बैठकमा प्र.म.ले निर्वाचनलाई सार्ने विषयमा राजासँग भएका कुरा र सो प्रयोजनका लागि मन्त्रिपरिषद्बाट सिफारिस गएमा राजाबाट सिफारिस मान्य हुने कुरामा राजा सहमत भएको आफ्नो विश्वास बताउनुभएको थियो। तर, निर्वाचनको समयका बारेमा भने प्रधानमन्त्रीले राजाबाट केही थपघट हुनसक्ने 'आशंका' पनि व्यक्त गर्नुभएको थियो।

बुधबार र बिहीबार (असोज १६ र १७ गते) दुवै दिन क्याविनेट बसेको थियो। बिहीबार एकै दिन दुईपटक क्याविनेटका बैठक बस्यो। दुई तीन घन्टाको अन्तरालमा। यो हाम्रो मन्त्रिपरिषद्को अन्तिम क्याविनेट बैठक सावित भयो। बिहीबार बिहान बसेको क्याविनेट बैठकमा प्रधानमन्त्री देउवाले निर्वाचनको मिति सार्नका लागि श्री ५ मा सिफारिस जाहेर गर्ने प्रस्ताव राखेपछि त्यसमा छलफल प्रारम्भ भयो। मैले सर्वप्रथम प्र.म.सँग अनुमति लिई हालै यस सम्बन्धमा भएको सर्वदलीय बैठकको निष्कर्ष प्रक्रिया र त्यसमा स्वयं प्रधानमन्त्रीको तक्षणकै सहमति ठीक नभएको धारणा राखें। देउवा मौन नै रहनुभयो। छलफल लामो भएर गयो। प्रधानमन्त्रीलाई यस्तो निस्काम छलफलमा खासै चाख देखिएन। तर, उहाँले कसैलाई रोक्नुभएन। बीचमै गृहमन्त्री खुमबहादुर खड्काले भन्नुभयो :

हामीबीच विवाद गरेर अब कुनै अर्थ छैन । निर्वाचनको मितिलाई सार्ने विषयमा यदि प्र.म.को दरबारसँग सबै कुरा तय भइसकेको छ र प्रधानमन्त्री त्यसको कार्यान्वयन हुने कुरामा विश्वस्त हुनुहुन्छ भने सोहीअनुसार गरौं । अन्यथा, जे भए पनि चुनावमै जाउँ । खुमबहादुरले बडो स्पष्टताका साथ आफ्नो धारणा राख्नुभयो । केही साथीहरूले आज समय बाँकी छ, यदि प्रधानमन्त्री ढुक्क हुनु हुन्न भने बरू आजै समय मिलाएर राजालाई भेटी आश्वस्त हुनुपर्‍यो, अनिमात्र निर्वाचन सार्ने मिति तय गरौं भने सुझाव राखेका थिए । सबै साथीहरूको दबाब भएकाले प्र.म.ले यस विचारलाई मानेर बैठकबाटै सायद राजाका सचिव पशुपति महर्जनमार्फत राजालाई भेट्ने समय मिलाउनुभयो र पुनः क्याविनेट बस्ने भन्नुभयो ।

दिउँसो १:०० बजे पुनः क्याविनेट बस्यो । त्यस बैठकमा प्र.म.ले भन्नुभयो- निर्वाचन तोकिएको समयमा हुन सक्दैन । स्वयं राजाको पनि यही विचार छ । संविधानको धारा १२७ अनुसार नै श्री ५ को सरकारका तर्फबाट सिफारिस हुनु पर्‍यो र यो सिफारिश दरबारबाट मान्य हुन्छ । तर, निर्वाचनको अर्को मिति तोकिने कुरामा भने दरबारबाट सामान्य हेरफेर हुनसक्ने आफ्नो पहिलेको आशंका सहितको विश्वास पुनः दोहोर्‍याउनुभयो । त्यस बेला मन्त्री बलबहादुर के.सी.ले मात्र भिन्न मत व्यक्त गरेका थिए । उनको स्पष्ट भनाइ थियो- अब कुनै हालतमा निर्वाचन हुनसक्दैन । हामीहरू सबै प्रजातन्त्र मास्ने खेलमा फस्यौं । त्यसपछि क्याविनेटको वातावरण बडो बोझिलो भयो । लाग्दथ्यो देउवालाई हुनेबाला भवितव्य थाहा छ, उहाँ त्यसलाई रोक्नसक्ने अवस्थामा हुनुहन्न । तर, उहाँ सो कुराहरूलाई खुलस्त सेयर गर्न सकिरहनु भएको छैन । यस्तो आभाष हामीहरूलाई भइरहेको थियो । लाग्दथ्यो, प्र.म.लाई थाहा छ- क्याविनेटको यो निर्णय फगत औपचारिकता मात्र हो, तर पनि शिघ्रातिशिघ्र यसलाई पूरा गर्न उहाँ हतारिनु भएको छ । उहाँ बारम्बार भनिरहनु भएकोथियो- दिउँसो ३ बजेभित्र हाम्रो निर्णय दरबार पुग्नु पर्‍यो । सम्भवतः छिटो नै यो निर्णय दरबारमा भित्रिइनु पर्ने त्यहाँको चाहाना प्रधानमन्त्रीले बुझ्नु भएको होला । गणेशमानजीले बारम्बार भनिरहनु भए जस्तैः नेपालमा रात गए अग्राख पलाउँछ .....ढिलो भए अझ् अर्को कुनै अनिष्ट आउनसक्ने प्रधानमन्त्रीको आशंका रहेको होला ।

केही मन्त्री साथीहरूको राय थियो- अब चुनाव सर्ने नै भयो, तसर्थ पुनः माओवादीहरूसँग शान्तिवार्ता चलाउनु पर्‍यो । सहमति बनाउनु पर्‍यो । सुशासनका लागि केही खास कामहरू पनि गर्नुपर्‍यो । यी सबका लागि अलिक बढी नै समयको अन्तरालमा चुनाव हुनु राम्रो हुन्छ । अन्त्यमा मुलुकको भौगोलिक वातावरण, मौसम आदि सबैलाई विचार गरी झन्डै एक वर्षभन्दा बढीको समयावधिको सिफारिस गर्ने निधो भयो । विंसं. २०६० मंसिर ३ गतेका



दिन निर्वाचन गराउने तय भयो । तर, यी सब विषयहरूमा प्र.म. देउवाको कुनै चाख देखिएको थिएन । उहाँ निरपेक्ष रहनुभएको थियो । लाग्दथ्यो- यी सब कुराहरूप्रति अविश्वस्त रहेर उहाँ निर्णयको औपचारिकतामा मात्र आफ्नो उपस्थिति जनाई रहनुभएको थियो । त्यतिखेर तिथि मिति हेर्ने काम मुख्य सचिवले गरेका थिए ।

अब राजामा कस्तो भाषा र व्यहोराको सिफारिस चढाउने यसको निर्क्यौलका लागि सिंहदरबारको क्याविनेट बैठक हुने कोठासँगैको अर्को कोठामा छुट्टै छलफल भइरहेको थियो । यस छलफलमा कानुन मन्त्रालयका सचिव उदयनेपाली श्रेष्ठ तथा महान्यायाधिवक्ता प्रेमबहादुर विष्टहरू थिए । यस टोलीले पहिलेदेखि नै तयार गरिएको टाइपसमेत भइसकेको एउटा मस्यौदा ल्याएका थिए । हामीले मुख्य सचिव विमल कोइरालाबाट भिन्नै मस्यौदा गराएका थियौं । यस मस्यौदाको सार स्पष्ट थियो : यसअघि तोकिएको मिति २०५९ साल कार्तिक २७ गतेका दिन मुलुकमा विद्यमान रहेको शान्ति सुरक्षाको खराब स्थितिका कारणले निर्वाचन हुन नसक्ने अवस्था रहेकाले यसअघि प्रधानमन्त्रीबाट सिफारिस भई श्री ५ बाट घोषणा भएको संविधानको धारा ५३ (४) स्थितिलाई कार्यान्वयन गर्न नसकिने भएकाले त्यस कारणबाट आइपरेको बाधा अडकाउ फुकाउन संविधानको धारा १२७ अनुसार श्री ५ मा जाहेर गर्ने । यस सिफारिसका बारेमा मन्त्रिपरिषद्का सदस्यहरूको आसय स्पष्ट थियो : वर्तमान अवस्थामा संविधानको जुन धाराको कार्यान्वयनमा बाधा अडकाउ पर्नजान्छ, सोही धाराको बाधा अडकाउ फुकाउनका लागि मात्र राजामा सिफारिस गर्ने ।

तर, अन्यत्र कतैबाट कानुन सचिवमार्फत तयार भई आएको मस्यौदाको आसय भने फरक थियो । कानुन सचिव तथा महान्यायाधिवक्तासँग लिएर प्र.म.स्वयंले हामीसमक्ष वाचन गरेको मस्यौदा भेग अर्थ आउने प्रकारको थियो । यसमा सोझै भनिएको थियो : मुलुकमा देखिएको परिस्थितिका कारणले कार्तिक २७ गते तोकिएको दिनमा संसद्को निर्वाचन हुन नसक्ने भएकोबाट मुलुकको शासन सञ्चालन तथा नेपाल अधिराज्यको संविधान २०४७ को कार्यान्वयनमा कतिपय वाधा अड्चन आइपरेकाले संविधानका विभिन्न बाधा अडकाउहरू फुकाई बक्सन नेपाल अधिराज्यको संविधानको धारा १२७ अनुसार श्री ५ मा सिफारिस चढाउने ....।" यस मस्यौदाले मन्त्रिपरिषद्का सदस्यहरूको मनमा अनेकौं आशंकाहरू उब्जायो । यस्तो सिफारिस गएमा राजाले सम्पूर्ण संविधानलाई नै आफ्नो अनुकूल क्रियाशील गराउनसक्ने आफ्नो खेल खेल्न अनियन्त्रित मौका पाउने आशंका साथीहरूले व्यक्त गरका थिए । यसपछि क्याविनेटमै मुख्य सचिवले तयार गरेको मस्यौदा अनुसारको सिफारिस नै पठाउने निर्णय भयो ।

हामीले पछि मात्र थाहा पायौं, कानुन सचिव र महान्यायाधिवक्ताले तयार गरेको भनिएको मस्यौदा दरबारबाट सुझाव स्वरूप आएको थियो। तर, पनि प्रधानमन्त्री भने यस बारेमा बढी विवाद गर्न चाहिरहनु भएको थिएन। जे गरे पनि, जे पठाए पनि, हुने कुरो सायद उहाँलाई थाहा थियो। '....नरो वा कञ्जरो वा अस्वस्थामा हतोहत....।'

असोज १८ गतेको त्यस साँझमा मलाई ७.०० बजे आउन भनि प्र.म. निवासबाट फोनबाट आएको खबरअनुसार पुगेको थिएँ। म ठिक ७ बजे त्यहाँ पुगिसकेको थिएँ। विजय गच्छदार, मिनेन्द्र रिजालहरू त्यही थिए। प्र.म. देउवा उदास, अनिश्चित तर - आसन्न संकटको पूर्वाभाषका साथ प्रतिक्षारत बस्नुभएको थियो। खुमबहादुरजीको प्रतीक्षा हुँदै थियो। केही बेरमै उहाँ आउनुभयो ... अन्य केही साथीहरू पनि। प्र.म. दिउँसो अबेर मात्र दरबारको एक औपचारिक कार्यक्रमबाट फर्कनुभएको थियो। त्यहाँ रहेका सबै जना अब केही बेरमै दरबारबाट आउने विज्ञप्तिको विषयवस्तुलाई अड्कली रहेका थिए। सबैका अनुमान तथा कल्पना एवं विश्लेषणहरू सुन्दा सुन्दै प्रधानमन्त्री देउवाले हामी मन्त्रीहरूतिर फर्केर भन्नुभयो : राजाबाट मलाई राजीनामा गर्न भनियो। मैले भने सरकार म राजीनामा दिन सक्दिन। उहाँले हिन्दू शैलीमा दुवै हात जोडेर नमस्कार गरेको तरिकाबाट राजालाई भनेको अभिनयका साथ उक्त कुरा भन्नुभयो। "सरकारबाट उपयुक्त कदम चालियोस्, मैले राजीनामा गर्न मिल्दैन सरकार भने।" अनि हामीतिर उन्मुख रहँदै देउवाले प्रश्न गर्नुभयो-मैले राजीनामा दिइन। तर, आजको रेडियाको समाचारमा प्रधानमन्त्रीले चढाउनुभएको राजीनामा मौसुफबाट स्वीकृत गरिबक्सेको भनी राजदरबारको विज्ञप्तिको समाचार आयो भने मैले के गर्ने ?" उहाँले थप्नुभयो। "षड्यन्त्रै षड्यन्त्र र दाउपेचको इतिहास बोकेको मुलुकमा जे पनि हुनसक्छ।" प्रधानमन्त्रीको त्यस सोधाइको अर्थ बुझेको आभाष दिन हामी सबै मौन भएका थियौं। ....मानव आकृतिको प्रस्तर झैं।

**मंसिर २९, ०५९** Dec, 15 002

हिजोआज अचानक थुनाको हाम्रो भेटघाटलाई केही नियन्त्रित गरिएको छ। हामीलाई अब एक दिनमा एकजनाको हकमा बढीमा ६ जनालाई मात्र भेट्न दिने नयाँ व्यवस्थाको जानकारी गराइएको छ। यसबाट तत्काल मलाई कुनै असर परेको छैन। मलाई भेट्न आउनेहरूको संख्या एकदम थोरै छ। मेरो कोटामा बाँकी रहेको संख्या साथीहरूलाई दिने प्रस्ताव गरेको छु। तर, अब त मान्छेको लस्करबाट खुमबहादुरजी पनि दिक्क मान्न थाल्नुभएको छ। भेट्न आउनेमध्ये कतिपयले त थुनामै उहाँसँग आर्थिक सहयोग र रोजगारीको खुला अपेक्षासमेत राख्ने गर्छन्।



यस बीच म केही पुस्तकहरू पढ्न भ्याएको छु। यता भेटघाटमा केही नियन्त्रण भएपछि पुस्तकहरू पढ्नेतिर पुनः ध्यान दिन खोज्दैछु। यसै क्रममा रोजापार्कको जीवनी "Mine eyes have seen the glory" र अर्थशास्त्रमा नोवेल पुरस्कार प्राप्त अमर्त्य सेनको 'Poverty and famines' पढी सिध्याएँ। अर्थशास्त्र त मेरा लागि यत्तिकै पनि पट्याइ लाग्दो विषय हो। तर, अमर्त्य सेनले अर्थशास्त्रका समसामयिक धारहरूमा एक नूतन वैकल्पिक सोच प्रस्तुत गरेकाले यस पुस्तकलाई पढने इच्छाले अन्तिमसम्म साथ दियो। सेनले यस पुस्तकमार्फत खास गरी गरीबी तथा अकाल (भोकमरी) का बारेका सरकारहरूको स्थापित मान्यताहरूलाई हास्यास्पद सावित गरेका छन्।

सेनले आफ्नो पुस्तकमा विश्व इतिहासका चार भयावह भोकमरीहरूको चर्चा गरेका छन्। जसमध्ये सन् १९४३ को बंगालको व्यापक अकाल (तथ्यांक अनुसार यसमा ३० लाख जति व्यक्तिको भोकले मृत्यु भएको थियो), सन् १९७३ -७५ को इथोपियाको अकाल, सन् १९७० को दशकको मध्यमा अफ्रिकाको साहेल मुलुकहरूको अकाल र सन् १९७४ को बंगलादेशको अकाल महत्त्वपूर्ण हुन्। यी अकालका बारे सेनका निष्कर्ष विचारणीय छन्। उनी भन्छन्: यी अकालहरूका अवधिमा तत् मुलुकको अर्थ व्यवस्था अकालग्रस्त भनिए पनि कूल उत्पादन तथा प्रतिव्यक्ति उत्पादनमा कुनै ह्रास थिएन। झन् प्रतिव्यक्ति पोषकतत्त्व उपभोगको मात्रामा त वृद्धि नै भएको देखिन्छ। तर, पनि दशौं लाख व्यक्तिहरूको मृत्यु भयो। किन ? उनको पुस्तकको अध्ययनपछि मलाई लाग्यो, समसामयिक विश्वमा राजनीतिक अर्थशास्त्रीहरूले आ-आफ्ना निर्धारित विचारहरूलाई धर्मको सम्प्रदायजस्तै अद्वैतवादी रूप दिएका कारणले स्थापित मान्यताको विकल्पहरू सोचिएन। भोकमरीका विरुद्ध वैकल्पिक सोच तथा आर्थिक रणनीतिहरूका तर्फ ध्यान नदिइएकाले योजना निर्माण तथा अर्थक्षेत्रका पण्डितहरूको निधारमा लाखौंलाख व्यक्तिहरूको दुर्भिक्ष हत्याको दाग लगाएको छ।

अमर्त्य सेनको मर्मस्पर्शी निष्कर्ष छ : समाजको स्वामित्व प्रणाली तथा विनिमय अधिकारिता (Exchange-entitlement) मा संकटकालीन अवस्थाको आवश्यकता अनुसार सामयिक परिवर्तन ल्याउन नसकिएकै कारणबाट यत्रो मानव विनाशलाई रोक्न नसकिएको हो। वास्तवमा यो नवीन विचार हो। अर्थशास्त्रका स्थापित सत्यहरू पनि अन्य विज्ञानका प्रमाणित निष्कर्षहरू सरह नै हुन्छन्।

यो विचार तथा निष्कर्ष हाम्रा लागि पनि बडो समिचीन छ। हाम्रो मुलुकमा बडो जोरको गरिबी छ। ठूलो विनाशकारी भोकमरी भएको छैन। कुल राष्ट्रिय उत्पादनमा चार प्रतिशतको ठूलो र भयावह देखिने ह्रास देखिए पनि नेपालमा भोकमरी भएको छैन। यस्तो अवस्थामा सरकारले आसन्न अकाललाई

पन्छाउन समाजमा विद्यमान विनिमय आधिकारितामा कुनै परिवर्तन पनि गरेको देखिएन । तर, पनि सामान्य जीवन धान्न मुलुकका कयौं भागमा अन्नको अभाव किन हुने गर्दछ ? र अन्नको अभावमा मात्र बर्सेनि लाखौं मानिसहरू किन आन्तरिक बसाइँ सर्न बाध्य हुनुका साथै किन बर्सेनि लाखौं मानिसहरू भारतको श्रम बजारमा प्रवेश गर्छन् ? मलाई लाग्दछ, सेनको अध्ययनले हाम्रो पनि आँखा खोल्न सक्छ । यसबारे हाम्रो मुलुकमा पनि चर्चा प्रारम्भ हुन्छ कि ?

तर, रोजापार्कको जीवनगाथाले मलाई मानवीय सम्वेदनाको सन्दर्भमा प्रभावित तुल्याएको छ । डिसेम्बर १९५५ मा अमेरिकाको मोन्टगोमेरीमा ४२ वर्षीय सिलाइसम्बन्धी पेसाकी रोजापार्कले अमेरिकाको सार्वजनिक यातायातमा जातीय विभेदयुक्त (segregated) सिटको प्रबन्ध भएको बसमा गोरा अमेरिकनलाई आफू बसिसकेको स्थान दिन अस्वीकार गरेर रंगभेदविराधी आन्दोलनलाई नयाँ आयाम दिएकी थिइन् ।

तिनताकको अमेरिका जहाँ जनावरलाई यातना दिनु कानुनी अपराध मानिन्थ्यो र यसका लागि दण्डको प्रावधान थियो । तर, कालाहरू (african-american) लाई सरेआम तिरस्कार गरेर अझ शारीरिक रूपमै पशुभन्दा पनि तल्लो दर्जाको व्यवहार गरिंदासमेत कुनै कानुनी दण्डसंहिता आकर्षित हुन्नथ्यो । त्यस बेला सार्वजनिक यात्रु बसमा एक जना गोरा मानिसलाई बस्ने सिट छोड्न अस्वीकार गरेका कारणबाट उनीलाई गिरफ्तार गरियो । रोजापार्कको गिरफ्तारीले अमेरिकाकै इतिहासमा सबभन्दा लामो २८१ दिनसम्मको जातीय विभेदयुक्त बस (segregated bus) चढ्न बहिष्कार गर्ने आन्दोलनको जन्म भयो । भनिन्छ, यही आन्दोलनले विश्वविख्यात नागरिक स्वतन्त्रता आन्दोलनका शिखर व्यक्तित्व डा. मार्टिन लुथर किंग जुनियरको प्रतिभालाई पहिचान दिलायो । रोजाका बारेमा नेल्सन मन्डेलाले लेखेका छन् : मोन्टगोमेरी बस बहिष्कार आन्दोलनका केन्द्रीय व्यक्तित्व रोजापार्कले मलाई अन्यायको खिलाफमा आस्था नडिगाउन प्रेरणा दियो । यसै गरी घानाका एक जना स्कुले विद्यार्थी जसले टाढाबाट त्यस रंगभेद विरोधी विख्यात आन्दोलनलाई नियाली बसेका थिए, तीनै बालक रोजापार्कप्रति आस्थावान भविष्यमा संयुक्त राष्ट्रसंघका बहुचर्चित महासचिव भए, कोफी अन्नान ! तर मेरा लागि त यो पुस्तक पढ्दाको बखतको सबैभन्दा रोचक कुरा स्वयं रोजापार्कले आफूले चलाएको त्यस आन्दोलनका लागि महात्मा गान्धीबाट प्रेरणा पाएको भन्नु हो ।

भारतमा गान्धीले सन् ४७ सम्म अभ्यास नै गरिरहेको सविनय अवज्ञा आन्दोलन सन् १९५५ सम्ममा सारा भौगोलिक सीमाहरूलाई छिचोलेर स्वतन्त्रता एवं नागरिक अधिकारको मातृभूमि कहलिने अमेरिकामा रंगभेदको सरकारी नीतिको विरोधी डा. मार्टिन लुथर किंग तथा रोजापार्कहरूको युगान्तकारी



आन्दोलनलाई प्रेरणा तथा हौसला दिइसकेको थियो । दमन, उत्पीडन र भेदभावका विरुद्धको संघर्षमा झट्ट हिंसालाई निर्विकल्प मान्ने हाम्रो मानसिकतामा गान्धीद्वारा प्रतिपादित अहिंसाको यो असिम शक्तिको प्रवेश र यसको शक्तिको हामीलाई बोध कहिले हुने ?

## पौष १, ०५९ /Dec, 16 002

हिजो साँझ र आज बिहानको शितलयात्रा (बिहान ४० मिनेट जति थुनाघरको वरिपरि घुम्न अनुमति दिइएको छ । यस डुलाइलाई शितलयात्रा भन्ने गरेका छौं) का दौरान हामीले मुलुकको क्षेत्रीय तथा जातीय समस्याहरू, खास गरी तराई समस्याका बारेमा वार्तालाप गर्‍यौं । हिजो नजानिंदो तवरबाट यस विषयले हाम्रो कुराकानीमा प्रवेश पायो ।

भयो के भने, हामीलाई थुनामा राखिएको नेपाल प्रहरीको यस सशस्त्र गणमा नवागन्तुक रिक्रुट सिपाहीहरूलाई ट्रेनिङ्ग दिइने गरिन्छ । अहिलेको चालू ट्रेनिङ्ग ग्रुपमा लगभग ६ सय जवानहरू छन् । यसमध्ये बढीमा ५ जना जति मधेसी जातिका छन् । यिनीहरूलाई ट्रेनिङ्ग दिनुका अतिरिक्त प्रायशः ठूला अफिसर्सहरूका आफन्तहरूको बिहाबारी, सामाजिक क्रियाकलाप, घर पर्खाल निर्माण, बागवगैचा र सरसफाइसमेतका कार्यमा 'फटिक' भनी खटाइन्छ । यहाँ रहेका १७/१८ वर्षका पट्ठो केटा-केटीहरूलाई थप भोजन र अतिरिक्त पारिश्रमिक बेगर नै बेठवेगारका माध्यम बनाइएका छन् । यही ग्रुपले गणमा सबैतिर सेवा पुर्‍याई रहेका हुन्छन् । खाना पकाउने कार्यमा, कोठा सफाइ, बाथरुम सफाइ, पानी भर्ने, चियापान सबै कार्यमा । हाम्रा थुनुवा कोठाको हेरचार तथा टहलुवाको कार्यमा पनि यिनै रिक्रुटमध्येबाट 'फटिक'का रूपमा खटाइएको हुन्छ । यिनैमध्येबाट मेरै जिल्लाका एकजना केटो फटिकमा आइरहने गरेकाले हामीसँग घुलमिल भइसकेको थियो । हामीलाई सघाइ रहन्थ्यो ।

हिजो राति उ अचानक हाम्रो कोठामा आएर हामीलाई स्तब्ध पार्ने गरी आफ्नो बेदना पोख्यो । उनको दुखेसाबाट खुमबहादुर करुणामय हुनुभएको थियो । हिजो ऊ आफ्ना हाकिमबाट अत्यन्त अमानुषिक ढंगले कुटिइएको थियो । ऊ भनिरहेको थियो- यहाँ ट्रेनिङ्ग गर्न सकिंदैन । जातीय रूपबाट अत्यन्तै दुःख दिइन्छ । ट्रेनिङ्गबाट जसजसलाई भगाउनु छ, त्यसको उपाय नै बेस्कन पिटाई गर्नु हो । उसले बडो दुःखका साथ संकेत गरेको थियो : एक त तराई तिरका युवाहरू यस्ता सेवाको छनोटमै पर्दैनन् । कोही भाग्यको आधारमा वा भनौ कसैको सिफारिसको आधारमा छानिए पनि तिनीहरूलाई नभगाई नछाड्ने गरी दिइने यातनाको प्रवृत्ति र यसप्रति अधिकृतहरूको उदासिनता गम्भीर कुरो हो । यस विषयमा मेरो आफ्नै पनि अनुभव छ । गत वर्ष पूर्वाञ्चलमा प्रहरी जवानको भर्ना खुलेका बेला जिल्लाको कोटामा सप्तरीबाट पनि १०/१५ जना मधेसी

केटाहरू  छनोटमा परेका थिए। तीमध्ये केही रकमकलम खर्च गरेर छानिएका थिए भने केही भाग्य नै प्रबल भएको आधारमा। पछि मैले थाहा पाएँ, यसरी घूस नदिई जिल्लाबाट छानिएकाहरू प्रायशः कोही पनि ट्रेनिङ्गमा टिक्न सकेनन्। तिनीहरूले ट्रेनिङ्गका दौरान पाउने निरन्तरको अपमान, जातीय प्रकारका अपहेलना तथा अमानुषिक शारीरिक यातनाका कारणले पनि छोड्न बाध्य भएका थिए। यी सब कुराहरूलाई सम्झेर कता कता मेरो मनमा एउटा प्रश्न उठिरहेको छ, कहीं सेना वा प्रहरीलाई एउटा खास वर्गको र शुद्ध (?) शक्तिका रूपमा राख्ने नियत त होइन ? हिटलरले सोचेको जस्तो शुद्ध आर्यरक्तको रक्षा गर्ने शैली त होइन यो ? यस्तै विषयहरूको चर्चा गर्दा गर्दै आज बिहान हामी कुराकानीमा गहिरिएका थियौं।

म त नेपालमा जात र जातिहरूको समस्या निकट भविष्यमा गहिरिएर जाने सम्भावना देख्तछु। यसको प्रमुख कारण भने यस मुलुकका प्रमुख जाति तथा भाषिक समुदायले अन्य जात जातिहरूको आकांक्षाहरूलाई बेवास्ता गर्नु नै हो। यसरी बेवास्तामा परेका प्रमुख समुदायमध्ये तराईबासीहरू पर्दछन्। तराईवासीहरूको प्रमुख समस्या नै पहिचानको, नागरिकको रूपमा उनीहरूको मान्यताको सवाल हो। हुनत अन्य गैरनेपाली भाषीहरू पनि विभिन्न सन्दर्भहरूमा अपहेलित छन्। तर, उनीहरूको नेपाली राष्ट्रियताको सवालमा कुनै समस्या छैन। तराईवासीहरूमा भने यो समस्या छ। किनभने यस समुदायको राष्ट्रियतामाथिको प्रश्न मूल नेपाली भाषीबाट र सोही अनुरूप गैरनेपाली भाषी अन्य पर्वते पक्षहरूबाट पनि समान रूपमा उठाइन्छ। आफूहरूमाथि भइरहेको यस प्रकारका विभेदका विरुद्ध यस समुदायले हालसम्म मधेसका भाषभाषीहरूका बीच नै तथा अन्य गैरनेपाली भाषीहरूसँग पनि कुनै प्रकारको सार्थक ऐक्यबद्धता बनाउनसकेको छैनन्। जबकि अन्य गैरनेपाली भाषी समुदायहरूले एकभाषिक आधिपत्यका विरुद्धमा एक प्रकारले दरो मोर्चाबन्दी बनाएको देखिन्छ। यी समुदायहरू आफ्ना हक र हितका लागि उग्रसोचका साथ आन्दोलनमुखी देखिए पनि यिनीहरूको पक्षमा कालान्तरमा शासक समुदायले स्वार्थहरूको भागवन्डा गर्ने प्रबल सम्भावना रहेको देखिन्छ। तराईवासीहरूको पक्षमा भविष्यमा पनि यो सहुलियत रहँदैन। तसर्थ मलाई लाग्दछ, आफ्नो हकको प्राप्तिका लागि तराईवासीहरूले लामै लडाइ लड्नुपर्ने अवस्था छ। वास्तवमा मधेसीहरूको बारेमा नेपालका शासक वर्गमा निश्चित पूर्वाग्रह बनिसकेको छ। यस सन्दर्भमा मलाई दुईवटा घटनाक्रमलाई उल्लेख गर्न मन लागेको छ।

वि.सं. २०५१ को संसदीय निर्वाचनबाट गठित प्रतिनिधिसभामा म परराष्ट्र तथा मानवअधिकार समितिको सभापति थिएँ। यस समितिको निम्तोमा युरोपियन युनियनको दक्षिण एसियासम्बन्धी समितिको एक प्रतिनिधिमण्डल नेपालको भ्रमणमा आएको थियो। यो टोली नेपाल आउनुअघि भुटानको भ्रमण गरेको



थियो। यस टोलीको भ्रमणलाई नेपाल तथा भुटान दुवै मुलुकले बडो महत्त्व दिएको थियो। यो संसदीय टोली युरोप फर्केपछि यसैको सिफारिसको आधारमा नेपालमा रहेका भुटानी शरणार्थीहरूका बारेमा युरोपियन युनियनले निर्णय लिनुपर्ने थियो। यसको नेतृत्व दक्षिण एसिया मामिलाको विज्ञ मानिएकी ब्रिटिस नागरिक अनिता पाल्लोकले गरेकी थिइन्। मैले नेपाली पक्षका तर्फबाट औपचारिक प्रकारको स्वागत सत्कारमात्र गर्नुपर्ने थियो। सबै कार्यक्रमहरू परराष्ट्र मन्त्रालयले मिलाएको थियो।

यस प्रतिनिधिमण्डलको श्री ५ वीरेन्द्रसँग भेटको कार्यक्रम थियो। सम्भवतः राजासँगको यस भेटमा मैले पनि उपस्थित हुनुपर्ने कुराको संसद् सचिवालयले मलाई प्रचलन अनुसारको जानकारी गराएको थियो। तर, दरबारले स्वीकृति दिएपछि मात्र यसको निधो हुने भनिएको थियो। सायद निकै सोच विचारपछि मात्र मलाई त्यस भेटको मौकामा उपस्थित हुन भनियो। मैले पछि बुझेअनुसार त्यस भेटका बखत मलाई उपस्थित नगराइँदा दरबारबाट नै स्थापित शिष्टाचारको उलङ्घन हुने हुँदामात्र आउन भनिएको थियो। यद्यपि राजासँगको भेटको अवसरमा नेपालको सरकारका तर्फबाट कसैको उपस्थिति नहुँदा राम्रो हुने चाहना युरोपियन प्रतिनिधिमण्डलको पनि थियो। राजासँग उनीहरूको बडो सौहार्दपूर्ण भेट थियो। यस क्रममा युरोपियन संसदीय टोलीका नेतृले नेपालका राजासमक्ष अग्रह गर्दै भनेकि थिइन् : भुटान पराम्परगत संस्कृति भएको अकिंचन मानिसहरूको (indigenous peoples) मुलुक हो। भुटानीहरू यस विषयमा बडो सम्वेदनशील छन्। नेपालजस्तो मुलुकमा आफ्नै संस्कृतिको अनुपालन गर्ने एक लाख मानिस थप हुनु कुनै ठूलो अन्यथा हुँदैन। तर, भुटानका लागि भने यो ठूलै समस्या हो। नेपालबाट त्यहाँ जाने मानिस थपिइँदै गएमा भुटानको विशेष पहिचान विलिन हुनसक्छ। तसर्थ उसको जातीय पहिचानलाई अक्षुण्ण रहन दिनुपर्दछ। उनले भुटानका राजाको तर्फबाट समेत यो सदिच्छा नेपालका मौसुफका समक्ष व्यक्त गरेको बताइन्।

श्री ५ वीरेन्द्रले बडो गम्भीरताका साथ यस आग्रहलाई सुन्नुभएको थियो। यस क्रममा राजाबाट बडो संक्षिप्तरूपमा प्रत्युत्तर आएको थियो। राजाको भनाइ थियो : कुनै पनि राष्ट्रमा त्यहाँका मूलवासीहरूको (native peoples) पहिचान अकुंठित नै रहनु पर्दछ। नेपालमा हामी पनि त्यस्तै चाहेका छौं। तसर्थ भुटानको सो चाहना हुनु अन्यथा होइन। नेपालमा पनि बाह्य वसाइँ-सराइका कारणबाट गम्भीर समस्या उत्पन्न भएको छ। यहाँ पनि नेपालीपनको रक्षाको सवाल उठेको छ। बाहिरी आप्रवानलाई रोक्नु पर्दछ भन्ने चाहना बढ्दैछ। भुटानको जस्तै हाम्रै मुलुकमा पनि यस्तो चाहना प्रबल छ। नेपालमा पनि

नेपालीहरूको पहिचानको बर्चस्व रहनुपर्दछ भने दबाब छ र हामीले यसको कदर गर्नै पर्दछ ।

कुनै पनि मुलुक त्यहाँको रैथानेबासीहरूको हुनु पर्दछ भन्ने दुवै राजाहरूको तथा शरणार्थी समस्याको मध्यस्तता गर्ने समूहको रहेको कुरा मैले बुझ्ने मौका पाएको थिएँ । खास गरी मेरा लागि आफ्नो मुलुकका राजाको इच्छालाई बुझ्न पाउनु महत्त्वपूर्ण कुरा थियो । नेपालमा नेपाली भनेर नेपाली भाषीलाई मात्र सम्बोधन गर्ने गरिएको मान्यता दरबारको पनि रहेको मलाई भान भयो । हाल मुलुकमा उठिरहने नागरिकता सवालहरू र यसलाई समाधान नगर्ने मानसिकता मधेसवासीहरूलाई राज्यको 'cut to the size' को नीतिभित्र परेको कुरा पनि मैले बुझ्ने अवसर पाएको थिएँ ।

मेरो दोस्रो अनुभव राजनीतिक नेताहरूसँगको हो । पछिल्लोपटक गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएका बखत सरकारका विरुद्ध संसद्भित्रका सबै विपक्षी दलहरूले विभिन्न मागहरू राखेर संसद्को कारबाहीलाई अवरुद्ध पारेका थिए । यस विषयमा दलहरूसित वार्ता गर्नका लागि सरकारले मसमेत भएको एक समिति बनाएको थियो । त्यस छलफलका क्रममा सबै दलहरूले आफ्ना मागहरू राखेका थिए । सद्भावना पार्टीले नागरिकता समस्याको समाधानका लागि संविधानमा संसोधनको प्रस्ताव राखेको थियो । सद्भावना पार्टीका तर्फबाट हृदयेश त्रिपाठीले बैठकमा भाग लिने गरेका थिए । अहिलेलाई अरु विषयमा छलफल गरौं, नागरिकता समस्या जटिल विषय भएकाले यसलाई छलफलको अन्तिम भागमा राख्ने भनी सबै दलहरूका बीच कुटिल सहमति भएको थियो । हृदयेश त्रिपाठी संसद्मा कडा रूपमा उभिए तापनि नेताहरूसँग संवाद गर्दा व्यक्तिगत मित्रतामा आँच नआओस् भन्ने कुरामा सदैव सचेत रहेका हुन्छन् । त्यसैले उनी यस प्रस्तावलाई सजिलै मानेका थिए ।

सद्भावना पार्टीको प्रस्ताव संविधानमा संशोधनको भएकाले यस विषयमा के गर्न सकिन्छ भनी सद्भावना बाहेकका दलहरूका छुट्टै बैठक बस्यो । त्यस बैठकमा म पनि थिएँ । सबैको राय आउने क्रममा मैले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई सम्बोधन गर्दै भनेको थिएँ : अहिले नागरिकताको विषयमा तत्काल देखिएका प्राविधिक समस्याहरूलाई मात्र हामीले सम्बोधन गर्न खोजेकाछौं, तर समग्र समस्याको हकमा भने कानुनमा संशोधन गरेर समाधान हुनसक्दैन । यदि समग्र रूपमा यस समस्याको समाधान गर्न चाहेका छौं भने संविधानमा संशोधन नगरी विकल्प छैन । संविधानको संशोधनबाट मात्र नागरिकता समस्याको समाधान हुने कारणहरूका बारेमा मैले सविस्ता आफ्ना कुराहरू राखेको थिएँ । मेरा कुराहरूसँग कसैको सहमति देखिएन । तसर्थ त्यहाँ उपस्थित रामचन्द्र पौडेल, के.पी. शर्मा ओली, पशुपतिशमसेर जबरा, लीलामणि पोखरेल सबैको



एउटै राय रह्यो : अहिले हामी नागरिकताको विषयमा केही नगरौं । नागरिकताको विषयमा संविधानको संशोधनलाई एजेन्डा बनाउनु हुँदैन भने सबैको राय थियो । यसबाट असन्तुष्ट झैं देखिएका तत्कालीन शिक्षामन्त्री आमोदप्रसाद उपाध्यायले अलिक गम्भीर हुँदै भन्नुभयो : फेरि यो समस्या त रही नै रह्यो नि । सद्भावनाले त आफ्नो मागका बारेमा केही पनि भएन भनी कुरो उठाउँछ नै । विनोदप्रिय र हसिला के.पी. ओलीले भन्नुभयो : उनीहरूको आन्दोलन त सयमा आधी आधी लिनलाई न हो । खाली एउटा नागरिकतामात्र लिएर के गर्ने ? उनीहरूलाई एकै दिन सबै दिउँला । त्यति खेर गृहमन्त्री गोविन्दराज जोशीको हाँसोले अरू सबैको हाँसोलाई छोपेको थियो । लामो अट्टहास भयो । सबै हाँसी नै रहे निकै बेरसम्म । म मौन हुन पुगें । निःशब्द ।

मैले त्यस दिन यस सम्वेदनशील विषयमा ध्यान नदिन र यसलाई पन्छाइ राख्ने विषयमा सबै दलहरूका बीच सहमति देखें । आज म विश्वस्त भएको छु कि, मुलुकमा राजादेखि सबै खाले नेपाली भाषी राजनीतिज्ञहरूमा तराईको बारेमा एउटै किसिमको पूर्वाग्रही धारणा रहेको छ । वास्तवमा नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म लगभग ५०० माइल लम्बाइ र उत्तर दक्षिण सरदर २० माइलको चौडाइमा रहेको मधेसीको नामबाट चिनिने मानव समुदाय त्यस क्षेत्रमा कतैबाट बसाइँ सरेर आएका हुन् वा त्यहीका परम्परागत बासिन्दा भएको कारणबाट नेपालको निर्माणका क्रममा नेपाल अधिराज्यमा पर्न आएका हुन् ? यस प्रश्नको ऐतिहासिक तथ्यहरूको आधारमा विवेचना हुनु जरुरी छ ।

मेरो विचारमा आजसम्म वस्तुनिष्ठ रूपबाट नेपाल अधिराज्यको इतिहास लेखिएको छैन । लेखिएका इतिहास यस मुलुकका सबै समुदायहरूका बारेमा निष्पक्ष छैन । एउटा नियोजित दिशाबोधको आधारमा निश्चित कुराहरूलाई स्थापित गर्नका लागि लेखिएको हो । मेरो यो भनाइ इतिहासकारहरूका लागि असह्य आलोचना भनिन सक्छ । तर, सत्य यही नै हो र यही कथित सत्यबाट प्रभावित भएर नै आजका नीति निर्माताहरूले नेपालका तराई क्षेत्रका मानिसहरूलाई आगन्तुक मानेर पूर्वाग्रही धारणा बनाएका छन् ।

यथार्थमा आज मुलुकको जुन भूभागलाई हामी तराई वा मधेस भनेर चिन्दछौं, प्राचीन कालदेखि नै मानिसहरूको बसोवास यस क्षेत्रमा रहिआएको कुरा ऐतिहासिक तथ्यहरूबाट प्रमाणित हुन्छ । प्राचीनकालमा नै यस भू भागमा मिथिला, विदेह, तिरहुत, शाक्य, कोलिया, कोचिला र विराटजस्ता कयौं सम्मुन्नत एवं वैभवशाली गणराज्यहरू रहेको अकाट्य इतिहास छ । मिथिला गणराज्यमा मात्र पचासौं राजाहरूले राज्य गरेका थिए । गौतम बुद्धको जीवनकालमा नै मिथिला प्रदेश बन्जिसंघमा परिणत भयो । र पछि गुप्तकालमा यो सम्पूर्ण प्रदेशमा मगध राज्यको विस्तार भयो । एघारौं शताब्दीतिर आएर कर्णाटवंशी राजाहरूले

राज्य गरे । त्यसपछि यसलाई तिरहुत राज्य भनियो । गोर्खाका राजा पृथ्वीनारायण शाहले गरेको एकीकरणका बखत पनि आजको पूर्वी तराई भनेर चिनिने क्षेत्रहरूलाई पृथ्वीनारायण शाहले सेनवंशी राजाहरूसँग लडेरै पाएका हुन् । सेनवंशको अन्तिम शासनकालमा पनि यस क्षेत्रमा मकवानपुर, बुटवल, मोरङ्ग, चौदण्डी र विजयपुर राज्यहरू थिए नै । यसै गरी सुगौलीको सन्धिपछि ब्रिटिस इंडियाको कब्जामा रहेका केही भागहरू तत्कालीन गोर्खा राज्यलाई दिइएकै हो । यी ऐतिहासिक कालखण्डहरूमा त्यस क्षेत्रमा बसोवास गरी आएका मानिसहरू आज त्यस क्षेत्रमा बस्ने पर्वतेहरू होइनन् । आज जसलाई मधेसी भनेर चिनिन्छ, सोही जाति समूहहरू त्यस कालखण्डमा बसेका हुन् । आज विभिन्न राजनीतिक परिवर्तनहरूका कारणले राज्यहरूको स्वरूप बदलिएर यो क्षेत्र आधुनिक नेपाल भनी पहिचान पाएको अवस्थामा यस क्षेत्रमा बसी आएकाहरूको पहिचान कसरी आगन्तुकको रूपमा हुन्छ ?

आज म थुनामा रहेको बखत यी सब कुराहरूलाई प्रमाणित गर्न ऐतिहासिक तथ्यहरू राख्न सक्दिन् । तर, इतिहासका यी सामान्य कालखण्डहरूलाई स्मरण गर्दा पनि स्पष्ट हुनजान्छ कि राजा वीरेन्द्रले धारणा बनाएको जस्तो र आजका यी चुनावी नेताहरूले सोचेअनुसार नेपालका दक्षिणी क्षेत्रहरूमा बस्ने मानिसहरू भारतबाट बसाइँ सरी आएका होइनन् । यहीका रैथानेहरू हुन् ।

**पौष २, ०५९ /Dec, 17, 002**

हालैमात्र शेरबहादुर देउवाले हामीलाई भेटेर गएपछि उहाँले गरेका कामहरूलाई हेर्ने विषयमा हामीबीच अलिक मतान्तर देखिएको छ । थुनामा रहेका बेला अत्यन्त सामान्य कुराहरूमा मत भिन्नताहरू देखिने गर्दछ । कहिलेकाहीं त यस्तो मत भिन्नताहरू बडो बैमनस्यपूर्ण ढंगबाट प्रस्तुत हुने गर्दछ । तर, अहिले हामीबीच देखिएको अव्यक्त प्रकारको मत भिन्नता हो । हाम्रो पार्टी नेपाली कांग्रेसमा आएको विभाजनमा वाग्लेले गिरिजाप्रसाद कोइरालालाई र खुमबहादुरले शेरबहादुर देउवालाई बढी दोषी देख्नु अस्वभाविक होइन । यो उनीहरूको दृष्टिदोष पनि होइन । यता शेरबहादुरबाट भएका प्रायः सबै कामहरूमा वाग्लेको कमबेसी सहभागिता रहेकाले उहाँमा एक प्रकारको र खड्काजीमा अर्को प्रकारको भाव जाग्रत हुनु स्वभाविकै हो ।

उहाँहरूको मनमा रहेको यस्तो सुसुप्त भावबाट मुक्त हुन मैले दुवैजनालाई आज विख्यात भारतीय साहित्यकार प्रेमचन्दको एउटा कथा सुनाएँ । 'मुक्तिमार्ग' बडो घतलाग्दो कथा हो प्रेमचन्दको । मैले यसका पात्रहरूको नाम फेरेर सुनाए । कथाका केही मूल पात्रहरू झिंगुरलाई गिरिजाप्रसाद कोइराला, बुद्धुलाई शेरबहादुर देउवा, हरिहरलाई माधवकुमार नेपाल र मूल ब्राह्मण पात्रलाई



राजा ज्ञानेन्द्र भनी नेपालको राजनीतिक घटनाक्रमसँग सामयिक बनाएर सुनाएँ । कथा यस प्रकार छ :

खेतमा उखु बाली लगाएका झिंगुरलाई आफ्नो सप्रेको बाली देखेर बडो घमण्ड भएको थियो । तीन बिघामा लाएको उखुबाट प्रसस्तै आम्दानी हुने उनको विश्वास थियो । आउने वर्षको बालीका लागि बटेसरको हाटबाट पट्ठो गोरु किन्ने योजना थियो । पाइएमा थप एकदुई बिघा जग्गा बटैयामा लिएर त्यसमा पनि उखु लाएर छिटै अरूहरूलाई कर्जामा रकम कलम दिने साहुसमेत बन्ने अभिलाषा झिंगुरमा पलाएको थियो । यस्तै सपनाहरूमा मस्त हुँदै गएको थियो झिंगुर ।

एक दिन साँझ यिनै कुराहरू सोच्दै नानीलाई काखमा राखेर केराउ टिप्टै गरेको झिंगुरले एक बथान भेडाहरू आफ्नो उखु बाली हुँदै आइरहेको देखेर रिसलाई थाम्न सकेन । को होला यो अटेर, मेरो खेत भइलिई आउने दुष्ट दुःसहासी । झन् थाङ्ने बुद्धुका भेडाहरू हुन् भनी आफ्नै आँखाले देखेपछि त उनले रिसको दाबाग्नीलाई नै थाम्न सकेन । मोरो पापी बुद्धु, चार रुपियाँमा बाक्लै कम्बल पाउने । अहिले यो मोरोसँग एउटा भेडो किनी माग्दा पाँच रुपैयाँभन्दा घटी न भन्ने । तर, अरूले लागाएको बालीको यत्रो हेलाँ ?

रिसले पोलिएको झिंगुर कहाँ मान्नु । आज जे भयो भइगयो । अब फेरि यस्तो हुँदैन भनी बिन्ती गर्दै गरेको बुद्धुको उसले के सुन्नु । काखको नानीलाई खेतको गारामा राखेर झिंगुरले झन्डै तेलमा डुबाएरै राखेको लाठीबाट बज्र प्रहारै गर्न थाले । कुनैको खुट्टा, कुनैको ढाड, निर्दयी कुटाइलाई हेर्न नसकी बुद्धुले आँखा छोप्नुपरेको थियो । मेषदलको यस निर्मम संहारपछि रोवका साथ झिंगुरले चुनौती दिंदै भन्यो : यो काम फेरि दोहोरियो भने एउटा पनि भेडो मासु खाने लायक पनि रहन्न बुझ्यो ? आहत बुद्धुले ढलेका भेडाहरूलाई सुम्सुम्याउँदै मनमनै भनेका थिए : झिंगुर तिमीले ठीक गरेनौं, पछुताउने छौं ।

भनिन्छ, खेतमा रहेको केराको बोट काटनुभन्दा पनि खेतमा बाली लगाएका किसानसँग बदला लिनु सजिलो हुन्छ । भाग्य बडो प्रबल छ भनेमात्र किसानको बाली सुरक्षितरूपमा घर भित्रिन्छ । झिंगुरको मुखबाट बुद्धुको मेष संहारको वृतान्त सुन्ने जो सुकैले पनि एउटा अनिष्टको आशंका गऱ्यो । झिंगुरले यो राम्रो गरेन । बुद्धु झगडिया प्रवृतिको मानिस हो । फेरि डुलन्ते भेडो गोठालो त हो, उसले जे पनि गर्न गर्नसक्छ । सुन्ने बुझ्ने जति सबै डराएका थिए बुद्धुको सम्भाव्य प्रतिशोधको आशंकाबाट ।

मंसिरको महिना थियो । उखु भित्र्याउने बेला भइसकेको थियो । यस्तो बेलामा किसानहरूको चम्किलो आँखा बालीतिर नै हुन्छ । झिसमिस अध्यारोले ढाक्न लागेकै बेला केही गाउँलेहरूका साथ गपसप गरिरहेका झिंगुरको नजर

आगोको लप्काहरूले छोप्नै लागेको आफ्नो खेतमा पर्‍यो। प्रलय भयो। सत्यानाश रोकौं। गुहार-गुहार भन्दै विक्षिप्त भई कुदेका झिंगुरको पछि गाउँभरका मानिसहरू आगो निभाउन कुद्दै खेत तिर लागे। सरसर बगेको हावामा सुकेको उखु बालीमा सल्केको सूर्य देव। कसको मजाल आगो निभाउने। त्यहाँ अग्नि मानव संग्रामको भीषण दृश्य उपस्थित भएको थियो। त्यहाँको अग्नि मानव युद्धमा मानव पक्षबाट जुन योद्धाको कीर्ति सबभन्दा प्रबल थियो, उनी बुद्धु थिए। गाउँलेहरूका तर्फबाट आगो निभाउने काममा सबभन्दा लागि परेकामध्ये बुद्धु अग्रणी थिए। आगो निभाइयो तर केही जोगिएन। झिंगुरको मात्र होइन, सबै किसानहरूको सपना खरानी भष्म भएको थियो।

कसले आगो लगायो ? यो खुला सत्य सबैलाई थाहा थियो। तर, बुद्धुको नाम कसैले पनि भन्न सकेका थिएनन्। सबैबाट झिंगुर लाञ्छित भइरहेका थिए। उसैको निर्बुद्धिपनको कारणबाट सबै किसान कंगाल भएका थिए। झिंगुरलाई आफ्नो वर्वादीको भन्दा पनि आफ्नो कारणबाट सबैको सत्यानाश भएको लान्छनाबाट बढी दुःख भइरहेको थियो। तर, के गर्ने ? उनी घरबाट बाहिर निस्कन छोडिसकेका थिए। सबैले गाउँ विनाशको कारक झिंगुरलाई मानेका थिए।

झिंगुरले पनि संकल्प लिए : यसको बदला नलिई छोडदिन। म पनि सर्वनाश गर्नेछु । तर, आफ्नो व्यवहारबाट झिंगुरले रत्ति पनि आभाष दिन चाहेका थिएनन् कि बुद्धुले यो ठानोस् कि आगो लगाउनेको बारेमा झिंगुरलाई थाहा छ। झिंगुरले बदलाको तारतम्य मिलाउन बुद्धुसँग मित्रवत व्यवहार देखाउन थाल्यो।

सुर्तीको चिलिम सल्काउँदै बुद्धुले झिंगुरलाई सोध्यो : तिम्रो उखु बालीमा आगो लगाउनेको पत्तो पायौ भने के गर्छौ ? गम्भीर हुँदै झिंगुरले भन्यो : म त धन्यवाद दिन्छु। उसैको कारणबाट मेरो घमन्ड खत्तम भयो। बुद्धुले भन्यो तर मैले पाए त, उसको घरमा आगो नलगाए बाँकी राख्दिनथे। चार दिनको जिन्दगीमा अब के को बैर भाव राख्ने ? झिंगुरको यस उदार भावको प्रत्युत्तर दिँदै आश्वस्त बुद्धुले भन्यो : हो ठीकै भन्यौं। मानिसको धर्म नै यही हो। क्रोधले कसैको भलो गर्दैन।

आगो लगाइएर आफ्नो उखु बाली भष्म भएपछि झिंगुर कंगाल भइसकेका थिए। सारा सपनाहरू समाप्त भइसकेका थिए। नजिकैको बजारमा गएर मेहनत मजदुरी गर्नुबाहेक जीवन यापनको अर्को कुनै उपाय रहेन। उता लक्ष्मीको वास नै बुद्धुको घरमा भएको थियो। किसानहरूको डढेको खेतमा भेडो चराई माग्नेहरूको ओइरो लागेको हुन्थ्यो उसको घर अगाडि। दिनभर बाँझो खेतमा भेडा छोडेको फिस दोब्बर पारेका थिए बुद्धुले। उसले नयाँ घर थपेको



थियो। यही नयाँ घरमा गृह प्रवेशको जोडतोडका साथ तयारी थालेको थियो। बुद्धुको बढ्दो धनधान्य पूरै गाउँमा चर्चाको विषय भइसकेको थियो। यता दरिद्रताको चपेटमा परेका झिंगुरले कहाँ सहन सक्थ्यो यो अपमान। एक साँझ डुल्दै झिंगुर नजिकैको सार्कीहरूको बस्तीतिर गयो। सार्कीहरूको मुखिया हरिहर बडो दुष्ट स्वभावका व्यक्ति थिए। तर, झिंगुरका पुराना विश्वास पात्र थिए। दुवैमा भलाकुसारी भयो। चिलिम तान्दै झिंगुरले भन्यो : मेरो त वर्वाद छ। चाँदी कटाई त मोरो बुद्धुको पो छ। पैसा पनि कति धेर। गृह प्रवेशको धुम मच्चाएको छ। छर, छिमेकका सातवटै गाउँमा निम्तोको सुपारी बाडेका छन्।

केही दिन अघिमात्र भेडा नपाएका हरिहर यतिकै रिसाएका थिए बुद्धुसँग। झिंगुरको कुराले उसमा पनि प्रतिशोधको दावाग्नी सल्कायो। हरिहरले भन्यो : तिमीले साथ दियौं भने यसलाई ठीक पार्न सकिन्छ। दुवै अलिक नजिक भए। कानेखुसी भयो। दरिद्रताको भोकले हल्लिदै बल्लतल्ल हरिहरको घर पुगेका झिंगुर अलिक ठाडो भई उभिन सकेका थिए। उनको आँखामा एक्कासि चमक देखियो।

यो एउटा रहस्य नै हो, भलाइमा जति इर्ष्या हुन्छ, बुराईमा उत्तिकै प्रेम हुन्छ। ज्ञानीले ज्ञानीसँग, साधुको साधुसँग, कविको कविसँग कहिल्यै प्रेम देखिंदैन। एकअर्काको अनुहार हेर्न रुचाउँदैनन्। तर, रक्स्याहाको रक्स्याहासँग, चोरको चोरसँग सहानुभूति हुन्छ। एकअर्काका सहयोगी हुन्छन्। यश र प्रशंसामा बैरको बास हुन्छ। यसैले भलो मानिसहरूमा रंजिश हुन्छ। चोरले चोरलाई मारेर के पाउँछन् ? यही परम्परानुसार दुवैका बीच सल्लाह भयो। षड्यन्त्रको विधि सोचियो। षड्यन्त्रको स्वरूप, समय र कामहरूको क्रम मिलाइयो।

अर्को दिन मजदुरीमा जानुअघि झिंगुर बुद्धुको घर पुग्यो। गृह प्रवेशका बेला आफूले गर्ने सेवा प्रस्ताव गर्‍यो। साथै विनित हुँदै भन्यो : बुद्धु भाइ, मेरो गोरु त रहेन थाहै छ। भर्खरको बाच्छो घाँस पातबिना मर्छ कि भने डरले सताई रहेको हुन्छ। न घाँस न चारा के खुवाउँ ? तिम्रै भेडाहरूको हुलमा छोड्न पाए हुर्किन्थ्यो कि ? बुद्धुले नाई भन्न सकेन। आफूलाई त गाई भैंसी फाप्दैन तर पनि पठाई देऊ भन्यो। सोही राति नै झिंगुरले बिनाबिलम्ब आफ्नो बाच्छोलाई घिसार्दै डोर्‍याउँदै बुद्धुको घरमा लगी जिम्मा लगायो। त्यस राति बुद्धुको घरमा सत्यनारायण पूजाको भव्य आयोजन थियो। ठूलो ब्रह्मणभोज थियो। पूरै रात विप्रहरूको सेवा सत्कारमा बित्यो। उता भेडाको गोठमा बाधिएको बाच्छोका बारेमा बुद्धुलाई हेक्का नै भएन। रात भरको थकानबाट चूर भएको बुद्धु, झिंगुर, हरिहर सबै सहयोगीहरू बिहान निवृत पनि हुन पाएका थिएनन् कि एकजना काम गर्ने कराउँदै आएर भने : विपत्ति पर्‍यो। हामी सबै जना यता अल्झियौं, उता किलामा बाधिया-बाधियै भोकले होला झिंगुरको बाच्छो मरेछ। दाम्लो मै

बाधिएर बाछो मर्नु घोर अनिष्ट र महापाप । रात भर गरिष्ठ भोजन गरी त्यही निदाएका ब्राह्मण देवहरूको आँखाबाट यस घटनालाई बुद्धुले ओझेल पार्न सकेन । बुद्धुलाई सर्पले सुघेंको झै भयो । झिंगुरको त अन्तिम सम्पति नै समाप्त भएको थियो ।

हरिहरले तुरुन्तै ठोकुवा गर्दै भन्यो : राति मैले बाच्छोलाई स्वयं बुद्धुले बाध्दै गरेको देखेको थिएँ । बुद्धुलाई आफ्नै गोठमा आफैबाट बाधिएको बाच्छो मर्नुको परिणाम थाहा थियो । उसले तुरुन्त कडा प्रतिबाद गऱ्यो । यो विवाद मिलेन । बुद्धु कुनै पनि हालतमा गौवध स्वीकार्न तयार भएन । झिंगुरले रोएर आकाशै उचालेका थिए । अन्त्यमा यस दोषको निरुपणका लागि सबै जना दरबार गए । दरबारका मुख्य पण्डितले दिने निर्णयलाई सबैले मान्नु नै पर्ने भयो ।

बुद्धुले जत्तिनै रोई कराए गरे पनि काम लागेन । पण्डितले निर्णय दियो : बुद्धुले आफ्नै हातले रेटेर हत्या नगरे पनि उसको गोठमा, उसैले दाम्लो बाधेको बाच्छो बाधिया-बाधियै मरेकाले यो हत्या बुद्धुले नै गरेको ठहर्छ । तसर्थ शास्त्र सम्मत ढंगबाट बुद्धुले नै यसको प्रायश्चित गर्नु पर्दछ । के गर्छौ ? यही नै विधिको विधान हो । कसैले गाईलाई जानाजान मार्छ र ? दिन बिग्रेपछि यसरी नै दशा आइलाग्छ । ब्राह्मणहरूले राम्रै गरी बुद्धुलाई सम्झाएका थिए । तर, बुद्धुको आँशु अनवरत झरी नै रहेको थियो । मैले लाखै भने पनि अब मेरो कुरो कसले पत्याउने हुन् ? आफ्नो टाउकोमा बलजफ्ती थोपरिन लागिएको गौ हत्याको परिणाम सम्झेर बुद्धु गल्न लागेको थियो । बुद्धुले अन्तः गौ हत्या स्वीकार्नु पऱ्यो । धेरै जसो ब्राह्मणहरूको उखुबाली पनि बुद्धुको निर्दयताका कारणबाट खरानी भएको सबैले त्यति नै बेला सम्झेका थिए । ब्राह्मणहरूले पनि प्रायश्चित गराउनमा कुनै कसर बाँकी राखेनन् । बुद्धुलाई ब्राह्मण समाजको निर्णयबाट तीन महिनाको भिक्षादण्ड, सातवटा तीर्थ स्थानहरूको यात्रा, पाँच सय विप्रहरूलाई ऐश्वर्य भोजन तथा पाँचवटा गौ दानको दण्ड सुनाइयो । बुद्धुलाई त यो सुनेर पक्षघात नै भए झै भयो । कुनै अपिल र फरियाद लागेन ।

भेडा जति सबै ईश्वरको शरणमा गए । अवला स्त्री र नाबालक बच्चाहरूले के गरी भेडाको रक्षा गर्ने ? जसले पायो, टिप्यो खायो । तीन महिनासम्म घोर अपमान सहेर भिक्षा मागेर गुजारा गर्नु पऱ्यो । अब तीर्थयात्राको कठिन बन्दोबस्त गर्नुथियो । दुई रुपैयाँ ब्याजमा बल्ल एकजनाले केही रकम दिन मान्यो । आठ महिनामा सावाँ दोब्बर हुने सर्तमा । जम्मा भएको सबै रकम लिएर बुद्धु तीर्थाटनमा निस्के । घर परिवार सबैको बिल्लिबाठ । बुद्धुको गाउँ पलायन बडो विदेकपूर्ण थियो । झिंगुर पनि अश्रुपुरित देखिएका थिए ।

साउन महिनामा बुद्धु तीर्थाटनबाट फर्केर आए । सर्वस्व भइसकेको थियो । झिंगुर र बुद्धु दुवैसँग केही पनि बाँकी थिएन । दुवैमा बडो प्रेमभाव जागेर



आएको थियो । दुवै एक अर्काको सहयोगी भएका थिए । दिनभरिको कामबाट भोकै फर्केको बुद्धुले शरणदाता झिंगुरलाई भन्यो : केही पकाउँदैनौ ? झिंगुरले जवाफ दियो : न पकाए बाच्ने कसरी ? झिंगुरसँग रहेको सानो पोकाको सातु पानीमा भिजाएर सातुको दुईटा गोला बनाएर एउटा गोला बुद्धुतिर सार्दै भन्यो : आजलाई यसैबाट काम चलाउँ, सके भोलि भातको बन्दोवस्त गरौंला । नुनसँग दुवैले सातु खाए ।

सातुको खान्कीले जिउलाई विस्तारै आलस्यपूर्ण बनाउँदै लग्यो । बुद्धुले झिंगुरतर्फ चिलिम बढाउँदै भन्यो : तिम्रो उखु बालीमा मैले नै आगो लगाएको थिएँ । एकछिन पछि झिंगुरले बुद्धुलाई भन्यो : तिम्रो गोठमा बाँधेको बाछोलाई मेरै योजनाअनुसार हरिहर सार्कीले बिष खुवाएर मारेको थियो ।

बुद्धुले भन्यो : मलाई थाहा छ ।

दुवै जना एक आपसमा विद्वेष विहीन रूपमा सुते । उनीहरू बिहान अबेरसम्म सुतेका थिए ।

प्रेमचन्दको यो मुक्तिमार्ग कथा सुनेर चिरञ्जिवी वाग्ले तथा खुमबहादुर खड्गा दुवैले बडो रमाइलो मान्नुभएको थियो । भोलिपल्टदेखि आपसमा प्रेमभाव पनि बढ्ने ठानेको छु ।

**पौष ५, ०५९ /Dec, 20, 002**

बितेका दुई दिनमा केही लेख्न सकिन । यस बीच प्रायः मुद्दाका बारेमा वकिलसाथीहरूसँग छलफलमा व्यस्त रह्यौं । हाम्रो थुनामा आफ्नो पेसा जनाएर वकिल तथा पत्रकार भनेपछि भेट गर्न दिइँदैन । तसर्थ वकिलहरूलाई हामीले राजनीतिक कार्यकर्ता भनेर भेटन पाएका छौं । यता एकदुई दिनदेखि काठमाडौंमा बढेको चिसोले गर्दा रातिको समयलाई लेखपढ कार्यमा खासै उपयोग गर्न कठिन हुँदै गएको छ । लेख्नुको सट्टा आपसी कुराकानी तथा रेडियो सुन्नु नै अनुकूल भएको छ ।

हिजोसम्म गरी हामी ५१ दिन थुनामा बसी सक्यौं । पछिल्लोपटक अदालतबाट १० दिनको म्याद थपिइने क्रममा अख्तियारका वकिलहरूले यही म्यादभित्रै मुद्दा दर्ता गरिने बताएका थिए । यद्यपि मलाई यस भनाइमा खासै विश्वास थिएन । हिजो मेरो विश्वास अनुरूप नै भयो । हिजो ४ गते हाम्रो थुनामा राख्ने पछिल्लो म्याद सकिएको थियो । हामीलाई बडो कपटपूर्ण ढंगबाट दिउँसो ३:०० बजे मात्र थुनाबाट विशेष अदालत लगियो । त्यहाँ हामीलाई यत्तिकै पर्खाइयो र कार्यालय बन्द हुने समय ४:०० बज्न करिब ४/५ मिनेटमात्र बाँकी रहँदा अख्तियारका मानिसले पुनः ५ दिनको थुनामा राख्ने म्याद माग्ने पत्र बेञ्चसमक्ष प्रस्तुत गरें । यसपछि पनि अदालतले अख्तियारलाई उसको पछिल्लो

प्रतिवद्धताका विपरीत म्याद दियो । अब यस्ता कुराहरू सहज सरह नै भएको छ । अख्तियारले अदालतको भनाइहरूलाई बेवास्ता गर्दै जाने मुड बनाएको देखिन्छ ।

हिजो अख्तियारले देखाएको चरित्र मजेदार रह्यो । हामीलाई बढीभन्दा बढी समयसम्म थुन्नका लागि विशेष अदालतले सहयोग नगरेको भनी अख्तियारका प्रमुख आयुक्त खुसी छैनन् रे । उनको विचारमा अदालतले थुनाका लागि ससाना म्याद दिएर असहयोग गरेका हुन् । त्यसैले अब अख्तियार स्वयंले नयाँ प्रकारको फेल गरी कसरी बढीभन्दा बढी समयसम्म थुन्न सकिन्छ, यसको जोहो गर्ने उपक्रमको संयोजनमा लागेका छन् । सुरुमा हामी दुवै जना (म र खुमबहादुरजी) का विरुद्धका सबै अभियोगहरूलाई मुद्दाका रूपमा एकै साथ दर्ता गर्ने निधो गरिएको थियो । यसो हुँदा हामीविरुद्धका सबै मुद्दाहरूको एकैपटक बयान गरिने र थुनछेकको हकमा पनि एउटै बहस हुने हुँदा बढीमा मुद्दा दर्ता भएको २/४ दिन भित्र नै टुङ्गो लाग्ने थियो । तर, अब त्यसो नगर्ने रे ! सबै मुद्दालाई छुट्टा-छुट्टै रूपमा अदालतमा पठाउने रे । यसरी एउटा मुद्दाको अन्तिम कारबाही हुने बखत पुनः अर्को मुद्दा प्रस्तुत गरिदिनाले हामी बढीभन्दा बढी समयसम्म थुनामा बस्ने भयौं । अख्तियारले यस्तो योजना बनाएको छ । परपीडनको कस्तो स्वाद लिन चाहेको यो संवैधानिक निकायले !

वास्तवमा हिजो मसँग जोडेर कान्तिपुर समुहलाई भूसतह प्रणालीको टिभी प्रसारण गर्ने इजाजत दिइएको विषयमा मुद्दा दर्ता गर्ने निश्चित झैं भएको थियो । यस मुद्दामा मेरो निर्णयबाट कान्तिपुरको बिडबन्डको रकम फिर्ता भएको भनी र कान्तिपुर टिभीले अनुचित तवरबाट लाभ पाएको देखाएर त्यसका प्रबन्ध निर्देशक कैलाश सिरोहियासमेतलाई प्रतिवादी बनाएर मुद्दा दार्ता गर्ने अख्तियारले निधो गरेको थियो । यद्यपि मैले बिडबन्ड फिर्ता दिने कुनै निर्णय नै गरेको छैन । तर, यही आसयको आरोपपत्र तयार गरी हिजो कैलाश सिरोहियालाई अख्तियारमा बोलाइएको थियो । पूर्व निर्धारित योजनाअनुसार त्यहीबाट कैलाशलाई अदालतमा पुऱ्याउने निधो भएको थियो । तर, यसो भएन । भनिन्छ, नेपालमा रात गए अग्राख पलाउँछ रे ! त्यस्तै भयो । हिजो कैलाश सिरोहिया अख्तियारमा हाजिर हुन गएपछि अपत्यारिलो किसिमबाट स्वयं आयोगका प्रमुख सूर्यनाथले कैलाशलाई हाजिर नहुन र पछि एकै चोटी प्रतिवादीका रूपमा अदालतमै उपस्थित हुन सुझाव पठाएका थिए । अर्थात्, कानुनी भाषामा सूर्यनाथले कैलाशलाई फरार हुन भनेका थिए । यसो गरेर सूर्यनाथले मेरो विरुद्ध अंग पुऱ्याएर मुद्दा पनि चलाउन पाउने भए र कैलाशलाई थुनामा रहने कष्ट नदिएर कान्तिपुर प्रकाशन संस्थासँगको आफ्नो मित्रवत सम्बन्ध आफूले नतोडेको दुहाई पनि दिन पाउने भए । तर, किन हो कुन्नी कैलाशले माननेन् रे !



मैले थाहा पाएअनुसार सूर्यनाथका लागि कैलाशलाई यस मुद्दामा नमुछि नहुने भएको थियो । किनभने मलाई फसाउनका लागि मेरो कथित निर्णयबाट कसैले लाभ पाएको नदेखाई मैले भ्रष्टाचार गरेको कसरी सावित गराउने ? यसै अनुरूप उनले आफ्नै जिभ्रो टोकेको रगत खाएर कैलाशलाई समेत फसाउने उपक्रम त गरे, तर कान्तिपुर पब्लिकेशन्स नचिढियुन भनी कुनै शक्ति केन्द्रले त्यसो नगर्न सुझाव दिएअनुसार अन्तिम समयमा सूर्यनाथलाई अपठ्यारो परेको हुनाले उनले कैलाशलाई त्यसो गर्न सुझाव दिएका थिए । म लामो समयदेखि थुनामा थिएँ । अब फेरि बिचरा उद्यमी युवा कैलाश यस मुद्दामा जोडिने सम्भावना देखिएको छ । 'नखाउँ भने दिनभरिको शिकार, खाउँ भने कान्छा बाउको अनुहार ।' सूर्यनाथको यस्तै अवस्था भएको थियो । कैलाश सिरोहियाले आफू कुनै पनि सर्तमा फरार नहुने बताएपछि अक्क न बक्क परेका सूर्यनाथले कुनै उपाय नपाएर कार्यालय समयको झन्नै अन्तिमतिर थप म्यादका लागि कर्मचारी दौडाएका थिए ।

मुलुकबाट भ्रष्टाचार समाप्त पार्ने गुरुत्तर दायित्व बोकेका र स्वयं असोज १८ गते पछिको शक्तिशाली राजाबाट नागमणी पाएको एउटा संवैधानिक अंगका प्रमुख पदका व्यक्ति यति घटिया र षड्यन्त्रपूर्ण मानसिकतामा लिप्त हुन सक्छन् मैले सोचेको थिइनँ ।

हिजो नेपालका किराँत धर्माम्बलम्बीहरूले आफ्नो महत्त्वपूर्ण चाड मनाए । आज प्रकाशित भएका अखबारहरूमा यसको सानो चर्चा छ । सरकारी सेवामा रहेका किराँत धर्माम्बलम्बीहरूले मात्र भए पनि पहिलोपटक बिदा पाएका छन् । बिदासम्बन्धी यो निर्णय हुने बेलामा म मन्त्री थिएँ । नेपालमा मूल हिन्दू नेपाली भाषीहरूको चाडवाडबाहेक अन्य समुदायहरूको चाडवाडलाई मान्यता दिने क्रममा ठूलो समस्या छ । यस विषयमा सरकारी निर्णय हुँदाका बखत मैले सरकारले एउटा निश्चित मापदण्ड अपनाएर सबै मुख्य जातजातिहरूको मुख्य चाडवाडहरूमा सरकारी बिदा दिनुपर्ने प्रस्ताव राखेको थिएँ । नेपालमा संख्यात्मक बाहुल्यताका दृष्टिले क्रमशः हिन्दु, बौद्ध र थोरै संख्यामा भए पनि मुसलमानहरू पर्छन् । यसपटकको जनगणनामा किराँत धर्माम्बलम्बी भनेर छुट्टै छुट्याइएको छ । हिन्दूमा नेपाली भाषी हिन्दू र गैरनेपाली भाषी हिन्दू छन् । समग्रमा हिन्दुभन्दा गैरनेपाली भाषी हिन्दुहरूले सन्तोषसम्म मान्ने गरेका छन् । तर, यथार्थमा राज्यले यस समुदायको सांस्कृतिक पहिचानलाई मान्यता दिएको छैन । यस समुदायको हिन्दु वृतमै पृथक पहिचान भए पनि यिनीहरूलाई नेपाली भाषी हिन्दुहरूको पहिचान भित्रै समाहित गराउने नियोजित सोच बनाइएको देखिन्छ । यसै कारणले गैरनेपाली भाषी हिन्दुहरूको छठ, होलीजस्ता अत्यन्त महत्त्वको धार्मिक चाडलाई राज्यले कुनै प्राथमिकता दिएको देखिंदैन । बौद्धमार्गीहरूको बृहत् घेरामा नेवारहरूको एउटा वर्गलगायत शेर्पा, तामाङ्ग, गुरुङ र लिम्बू जातिहरू पर्छन् ।

तर, राज्यले चाडवाडको दृष्टिबाट केही हदसम्म सत्ताको नजिक रहेका नेवारहरूका बाहेक अन्य समुदायहरूको धार्मिक संवेदनशिलतालाई महत्त्व दिएको देखिंदैन। मुसलमानहरूको त कुरै छाडौं। यस्ता समुदायको धार्मिक आस्थाका बारेमा त चुनावी प्रयोजनबाहेक राज्यको कुनै दृष्टि नै छैन। तसर्थ नेपाली भाषी हिन्दुहरूको चाडवाडबाहेक अन्य समुदायको चाडवाडलाई मान्यता दिलाएर सबैको सांस्कृतिक पहिचानलाई कदर गराउनु फलामको चना चपाउनु सरह नै हो।

यस्ता विषयहरूमा फुटकर निर्णयहरू लिई रहनुभन्दा सबै समुदायहरूको भावना तथा सांस्कृतिक पहिचानलाई मान्यता दिने गरी निर्णय गरौं भनेर मैले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमक्ष प्रस्ताव गरेको थिएँ। तर, सकिएन। त्यस दिन बडो लामो छलफल भएको थियो। पछि छठमा मधेसवासी सरकारी कर्मचारीहरूलाई, होलीमा (त्यो पनि फागु भनेर) मधेसका जिल्लाहरूमा मात्र, यसै गरी पुसको पुर्णिमामा किराँत धर्माम्बलम्बी सरकारी कर्मचारीहरूलाई मात्र बिदा दिने निर्णय भयो। जे होस्, हिजोका दिनमा यस समुदायले रमाइलो नै मानेको हुनु पर्दछ।

आज जाडो बढेको छ। न्यूनतम तापक्रम दुई डिग्रीमा झरेको छ। बिहान एघार बजेतिर बल्ल घाम देखा पऱ्यो। पहाडी पाखामा रहेको कुनै घरमा रात्रिको तुवांलोलाई छेडेर देखिने लालटिनको मधुरो बत्ती झैं !

**पौष ६, ०५९/Dec 21, 002**

कैदीको चाहना सदादेखि नै ‘अप्राप्य’ रहेको हुन्छ। वास्तवमा अरू बेलाको भन्दा पनि परिबन्दमा परेर थुनिएको बेला स्वतन्त्रताको सही चाहनाको रसास्वादन हुन्छ। स्वतन्त्रता पनि कानुनबाट निसृत छुटको रूपमा होइन, सम्पूर्ण बन्देजरहित आध्यात्मिक प्रकृतिको स्वतन्त्रताको ! अवरोधहीन अनुभूति, बन्देजहीन प्राप्तिको तृष्णा, स्वनिर्णय क्षमताको विकास र असीमित गन्तव्यको यात्रा.....जसलाई शब्दद्वारा परिभाषित गर्न नसकियोस्, जहाँ शब्दार्थको खोजीमा स्वयं शब्द नै पुग्न नसकोस्,। उपनिषद्को भनाइमा : ‘यतो वाचा निवर्तन्ते अप्राप्य मनसासह’ अर्थात्, जहाँ पुग्न असमर्थ भएर शब्द मनसहित फर्केर आउँछ। मनमा यस्तो स्वतन्त्रताको चाह नदीको भेल झैं उर्लेको छ। तर, स्वयं भित्र नै केही समयको अन्तरालमा अनुभूतिको कस्तो विरोधाभाष देख्दछु। आफू थुनामा नहुँदाका वखतमा मनमा यस्तो चाहना किन आएन त ? ! आज वास्तविकतामा आफ्ना लागि स्वतन्त्रताको हनन हुँदा संवेदनशील भएको मन समग्रमा सबैका लागि सर्वकालिक स्वतन्त्रताको सन्दर्भमा यसअघि किन संवेदनशील हुँदैनथ्यो ? के स्वतन्त्रताको चाहना आफूमा मात्र सीमित हुनुपर्ने



स्वयंका लागि उपयोगका विषयमात्र हुन् त ? होइन, यथार्थमा स्वतन्त्रताको मर्म बुझ्न सर्वकालिक दृष्टिकोण नै चाहिन्छ।

स्वतन्त्रता निश्चय पनि सीमाहीन, अवरोधविनाको अनुभूतिको विषय हो। यसलाई आफ्नो निम्ति एक मापदण्डमा र अर्काको लागि अर्को मापदण्डमा हेर्न सकिन्न। सम्भवतः यही स्वीकारोक्तिको अभावमा, खासगरी राजनीतिमा एउटा व्यक्ति वा वर्गले खोजेको अधिकार अरूका लागि अपराध हुन पुग्दछ। तर यस्तो किन ? सायद कुनै गुरुको सनिध्यतामा म यसको उपयुक्त जवाफ पाउनेछु।

आज मनमा एउटा जिज्ञासा उब्जेको छ। खासगरी एसिया महादेशका हाम्रो यस क्षेत्रका मुलुकहरू : नेपाल, भारत, बंगलादेश, वर्मा, अफगानिस्तानहरूका एकै प्रकारका भूभाग तथा समान प्रकृतिका मानव बसोवासका क्षेत्रहरूमा किन विद्रोहको संख्या बढी रहेको छ ? यी सबै राष्ट्रका भूभागहरूमा हिमालय तथा उच्च पर्वतीय क्षेत्रका मानिसहरू तथा त्यहाँका राज्य सत्तामा बाहुल्य रहेका समतलका शासकवर्गका बीच गम्भीर प्रकारबाट द्वन्द्व बढ्दै गएको देखिन्छ।

नेपालका मध्य पहाडी भागहरूमा देखिएकको माओवादी तथा अन्य जातीय पहिचानका लागि आन्दोलन, भारतका कश्मिरमा रहेको पृथकतावादी विद्रोह, पश्चिम बंगालको दार्जिलिङ क्षेत्रमा नेपालीहरूको छुट्टै गोर्खा राज्यका लागि भएको आन्दोलन, भारतकै आसामका उल्फा र बोडो विद्रोह, मिजोरम, नागाल्यान्ड र मणिपुर राज्यहरूमा त्यहाँका मिजो, कुकी तथा नागा समुदायबाट भइरहेको सशस्त्र विद्रोहहरू, यसैगरी अपेक्षाकृत पहाडी भूबनोट र जाति जनजातिकै बाहुल्य रहेको भारतकै छतीसगढ तथा झारखण्ड प्रदेशहरूमा बढ्दै गएको विद्रोहहरूका साथै बंगलादेशका चकमा समस्या, वर्मामा देखिएका समान प्रकारका संघर्ष, अफगानिस्तानमा वर्षौंदेखि समाधान हुन नसकेको गृहयुद्ध, पाकिस्तानमा फ्रन्टियर क्षेत्रहरूमा रहेका संघर्षहरू उपरोक्त दृष्टिकोणबाट विचार गर्दा अध्ययनयोग्य देखिन्छन्। वास्तवमा यी सबै क्षेत्रहरू प्रायः भौगोलिक तथा साँस्कृतिक रूपमा एकै प्रकारका भौगोलिक पहिचानका घेराभित्र पर्दछन्। यी सबै क्षेत्रहरूमा कुनै न कुनै प्रकारका विद्रोह विद्यमान छन्। जब कि यिनै मुलुकहरूका समतल र अन्य शहरी क्षेत्रहरूमा कयौं प्रकारका समस्याहरू रहे तापनि केही अपवादका बाहेक स्वशासन, प्रादेशिक स्वायतत्ता, जातीय मुक्ति आन्दोलनजस्ता प्रवृत्तिका समस्याहरू प्रायः देखिंदैनन् वा भए पनि कमजोर छन्। किन ? के यस क्षेत्रका स्थापित राज्यसत्ताहरूले भिन्नाभिन्नै तर समग्रमा समान प्रकृतिका भूभागका तथा एउटै खालका सामाजिक-सांस्कृतिक परिवेशका जाति जनजातिहरूका बारेमा एकै प्रकारका दृष्टिकोण राखेका छन्, जसले समान आकांक्षा भएका तर भिन्न भिन्न

मुलुकका स्थान विशेषहरूमा जन्मेका असन्तोष तथा विद्रोहहरूलाई एउटै दर्शनको भट्टीका ऊर्जा दिइरहेको छ ?

सामान्य रूपमा विचार गर्दा पनि बोध हुन्छ कि हिमालयको घुमाउरो काख (swerving line) मा रहेका लगभग सबै खण्डमा राज्यसत्ता र त्यहाँका जनचाहनाका बीच तनाव छ। आन्दोलन वा भनौं विद्रोह छ। यस पूरै क्षेत्रमा माथिल्लाले तल्ला भेगकालाई बुझ्न सकेको छैन र तल्ला क्षेत्रकाले माथिल्ला भेगकालाई विश्वास गर्न सकेको दृष्टान्त कमै पाइन्छ। यस प्रकारको लक्षणले कश्मिरदेखि उत्तर प्रदेशको समतलसम्म, नेपालको उच्च पहाडी क्षेत्र तथा तराईका मानिसहरूका बीचको पृथक सोचसम्ममा, दार्जिलिङ र कोलकता, कोक्राझार र गुवाहाटी, गारो खासी हिल्स तथा शिलाङ, नागा हिल्स तथा कोहिमा, मिजो हिल्स तथा अजवल सबैतिर आ-आफ्ना स्थान विशेषका विविधताअनुरूप आफ्ना पहिचानको निम्ति भिन्नभिन्न चरित्रको हिंसात्मक आन्दोलनलाई भड्काइरहेको छ। यी ठाउँहरूका भौगोलिक र परम्परागत विभेदहरूले छुट्टाछुट्टै राजनीतिक पहिचानको खोजीलाई चर्काएको छ। अन्ततः विकसित हुँदै गएको यस प्रकारको तनावको चरित्रले दुःखको विद्रूप परिणाम दिने निश्चित छ। यस समस्याको समाजशास्त्रीय समाधानको विधिलाई बलात् पन्छाएर राज्य सञ्चालनका कारणबाट यस चरित्रको निर्बाध विकास हुन गएमा स्वतन्त्र पहिचानका लागि संघर्षरत हरेक वर्गका कारणबाट समाजमा शान्तिगामी र उत्तेजक विचारका मानिसहरूको बीचमा स्पष्ट विभाजन भएको देखिनेछ। पर्खेर समयलाई हेर्ने तथा पर्खाइमा समय खेर फाल्नुभन्दा लडेरै पाउन चाहनेहरूका बीच खतरनाक प्रकारका होडवाजी चल्ने छ। सायद समाजको पराकालिक सरलतालाई बदलिएको मागहरू गराउने बाध्यताहरूले उछिन्नेछ। मलाई लाग्दछ, यस संघर्षमा जातीय र भौगोलिक रूपबाट बढी पिछडिएको महसुस गर्ने जमातबाट अपेक्षाकृत मैदानी भागका मानिसहरू बढी प्रताडित हुनुपर्ने हुन्छ। सात सालको क्रान्तिका दौरान नेपालका तराई क्षेत्रका मानिसहरूले यही प्रवृत्तिअनुसार हिंसक आक्रमण खप्नुपर्‍यो र, आज पनि माओवादी आन्दोलनको नाममा विद्रोही कहलिएकाहरूबाट बढी मार तराईले नै खप्दै जाने स्थिति देख्दछु। महादेशीय सन्दर्भमा मात्र होइन, हाम्रो आफ्नै मुलुकको सन्दर्भमा पनि राजनीतिको गर्भमा रहेको यो समाजशास्त्रीय विषयका बारेमा मलाई अध्ययन गर्न इच्छा भएको छ। तर, थुनामा यो कहाँ सम्भव हुन्छ र ? यस बीचमा मैले श्रीलंकाको दुई दशक पूरानो जातीय संघर्षको बारेमा केही सामग्रीहरूको विस्तारका साथ अध्ययन गर्ने मौका पाएँ। नेपालमा बढ्दै गएको क्षेत्रीय जातीय पहिचानका अपेक्षाहरूलाई बुझेर समय रहँदै राष्ट्रिय मूलधारमा समायोजन गर्न श्रीलंकाको परिस्थितिको अध्ययन गर्न प्रासंगिक हुने ठान्दछु।



**पौष ७, ०५९/Dec 22, 002**

हरेक वर्षहरू झै यस वर्षमा आजको दिन सबैभन्दा छोटो र आजको रात सबैभन्दा लामो हुने हो। मैले आज पर्यन्तको जीवनमा यसरी सबैभन्दा छोटो दिनको समाप्ति र सबैभन्दा लामो रातको प्रारम्भको यस मिलन बिन्दुलाई कहिल्यै पनि महसुस गरेको थिइनँ। आज म मेरो सम्पूर्ण जाग्रत चेतनाका साथ पल पलको गन्ती गरेर समयको यस मिलन बिन्दुलाई पार गर्न चाहेको छु। साथै म चाहन्छु कि, कुनै पनि सुस्वप्न अथवा दुःस्वप्नको प्रवेशविना यथाशीघ्र तर चेतनाहीन रूपमा यो निरव रात्रि सरक्क बितोस्! अँध्यारो मात्र देखिने लामो रात न मलाई, न राष्ट्रलाई, हामी कसैलाई पनि चाहिएको छैन। असोज १७, ०५९ को दिनको सूर्यास्तदेखि लम्पसार फैलिएको रात्रि आजसम्म आइपुग्दा यतिकै धेरै लामो भएको छ।

अब कहिलेसम्म थुनामा रहनु पर्ला थाहा छैन। भोलि सोमबार हामीलाई अदालत लगिनेछ - सम्भवतः अख्तियारले बडो प्रयत्नका साथ गुँथेका जाली मुद्दाका साथमा। यदि यसो भएमा, त्यहाँ हुने लामो बयान अनि २/३ दिनको बहस, त्यसपछि रिहाइको आदेश वा केही लामो कारावासको निर्णय। जे होस्, अदालतमा मुद्दा पठाएपछि त्यसबारे एउटा टुङ्गो भने अवश्य लाग्नेछ।

तर, के हुने हो त ? वकिल साथीहरू टुङ्गोका कुरा गर्न सकिरहेका छैनन्। उनीहरू भन्छन् : कर्तव्य ज्यान मुद्दामा सर्वोच्च अदालतले पचास हजार रुपैयाँ धरौटी लिई मानिसलाई हालै रिहा गरेको छ। तर, हाम्रो केसमा भन्न सकिन्न रे। किनभने यसमा राजनीतिले प्रवेश गरेको छ। यहाँ आउने गरेका सबैले दरबारतिर संकेत गर्छन् र भन्छन् : दरबारको खासै दबाब भएन भने छुट्नु हुन्छ ! मैले बुझ्न सकेको छैन कि सबै काम कुरोलाई छाडेर दरबार हाम्रै खिलाफमा किन लाग्ने होला ? यद्यपि, मैले त ठानेको छु, आजका राज्य अभियन्ताहरूले सबै काम कुरो छाडेर हामीविरुद्ध लागी नै पर्‍यो भने हामी २/४ वर्ष जेलमा बस्नु पर्ला। यसबाट कसैको कुन अभीष्ट पूरा हुने हो ?

केही मित्र एवं जानकारहरूको भनाइ छ- स्पेसटाइमका जमिम शाहसमेत मेरापछि लागि परेकाले भरसक मलाई थुनामा राखी राख्नका लागि अख्तियारमा प्रशस्त रकम खर्च गरी रहेका छन्। वाह रे अख्तियार ! भ्रष्टाचार नियन्त्रणको नाममा भ्रष्टाचार गर्न पाउने कत्रो लिप्सा। यथार्थमा अख्तियारका आयुक्तहरूलाई नजिकैबाट जान्नेहरूलाई थाहा छ, त्यहाँ पैसा खर्च गरेर जे पनि गराउन सकिन्छ। यो तथ्य सबैलाई थाहा छ कि बहुप्रचारित मोबाइल फोनको आयात (मन्त्रालयबाट इजाजत लिई आयात एवं बिक्री गरेकाको हकमा) प्रकरणमा कुनै पनि प्रकारको कानुनी त्रुटि तथा अनियमितता भएको थिएन। तर, अख्तियारले २०५६ सालमै यस विषयमा छानबिन गर्दा लगभग ढेड दर्जन जति

व्यापारीहरूलाई तानेर बयान लियो। व्यापारीहरू भागाभाग भए। मन्त्रालयसँग पनि सोधखोज गरियो तर तत्कालीन मन्त्रीहरू राधाकृष्ण मैनाली र मलाई भने बोलाइएन। यस विषयमा कुनै अनियमितता नभएकाले यस केशलाई अगाडि बढाइएन। स्वयं अख्तियारको वार्षिक प्रतिवेदन २०५७ मा भनियो : यसमा कुनै अनियमितता देखिएन। तर, अख्तियारका एकजना आयुक्तले प्रतिवेदन प्रकाशित हुनुभन्दा पहिला व्यापारीहरूसँग जम्माजम्मी १७ लाख रुपैयाँ उठाए। त्यसमा संलग्न रहेका व्यापारीहरू कुनै गल्तीबेगर पनि यस झन्झटबाट मुक्ति पाउनाका लागि आपसमा रकम संकलन गरेर आयुक्तलाई बुझाएका थिए।

अहिले मेरो खिलाफमा मुद्दा बनाउनका लागि फेरी सूर्यनाथले ०५७ सालमा थन्काइएको यस फायललाई पुनः जगाएका छन्। हालै मसँग बयान लिने क्रममा मैले सूर्यनाथलाई भने : यसमा विना दोष पनि व्यापारीहरूले तपाईंका एकजना आयुक्तलाई १७ लाख रुपैयाँ नजराना दिएका छन्। सक्नुहुन्छ भने छानबिन गरेर कारबाही गर्नु होस्। उनको मुखमुद्रा तनावग्रस्त भयो र आफू त्यसबेला प्रमुख आयुक्त नरहेकाले त्यता ध्यान दिन नसक्ने कुरा बताए। तर, कारबाही गर्ने नगर्ने केही भनेनन्। व्यापारीहरू बीचकै चर्चामा मैले यो कुरा थाहा पाएको हुँ।

म सञ्चारमन्त्री भएको बखत नेपाल दूरसञ्चार संस्थानले सामान्य बेसलाइन टेलिफोनको क्षमता वृद्धि गर्नका लागि स्विच खरिद गर्न अन्तर्राष्ट्रियस्तरमा टेन्डर आह्वान गरेको थियो। यस टेन्डरमा भविष्यको आवश्यकताहरूलाई समेत विचार गरी इन्टेलिजेन्ट नेटवर्कजस्ता केही नयाँ प्रविधिहरू पनि समावेस गर्ने निर्णय भएको थियो। वास्तवमा त्यति खेर टेलिफोन लाइनको बडो अभाव भएको थियो। काठमाडौं उपत्यकाको कुनै पनि एक्सचेन्जहरूमा नयाँ लाइन दिने क्षमता थिएन। संस्थानको लागि यो ठूलो आर्थिक क्षतिको विषय थियो। यस विषयमा संस्थानले लामो गृहकार्य गरेर टेन्डर आह्वान गरेको थियो। टेन्डर खोलियो र रीतपूर्वक खोलिएको टेन्डरबाट एउटा युरोपिय र एउटा चाइनिज कम्पनीको छनोट भयो। प्राविधिक दृष्टिले अब्बल देखिएका तथा प्रतिस्पर्धामा सबैभन्दा सस्तो देखिएको कम्पनीको छनोट भएको थियो। यस प्रतिस्पर्धामा भाग लिएका केही कम्पनीहरू छनोटमा फालिए। नेकोन एयरका एकजना मालिक र अर्का एकजना व्यापारी क्रमशः चीनका डाटांग भन्ने र जर्मनीका सिमेन्स कम्पनीका स्थानीय एजेन्ट थिए। उनीहरूको कम्पनी छनोटमा नपरेकाले उनीहरू यस टेन्डरलाई रद्द गराउन लागिपरेका थिए। तर, निर्णय र कायदा कानुनको आधारमा यसो गर्नु सम्भव थिएन। यसो गर्दा संस्थानको क्षमतामा हुने ह्रासको कारणबाट करौडौंको नोक्सानी हुने संस्थानको तर्क थियो। ती व्यापारीहरूले मलाई ठूलो दबाब दिएका थिए। यद्यपि मैले गर्न सक्ने र गर्नुपर्ने केही थिएन। उनीहरूको अख्तियारसँग राम्रो सम्बन्ध थियो।



खासगरी सूर्यनाथसँग। यसै आधारमा उनीहरूले सूर्यनाथको प्रभाव प्रयोग गरी टेन्डर रद्द गराउन खोजे, जसलाई संस्थानका महाप्रबन्धक केशव शाहले मान्न सकेनन्।

सूर्यनाथले केशव शाहलाई बोलाएर यस टेन्डरलाई रद्द गर्न भने तर शाहले मानेनन्। उनको तर्क थियो : दूरसञ्चारको प्रविधि भित्र्याउन जति ढिलो हुन्छ संस्थानको प्रक्षेपणअनुसार त्यति नै आर्थिक नोक्सानी हुन्छ। फेरि संस्थानले चाहेको विशिष्टिकृत प्रविधि विश्वभरकै गरी केही सीमित कम्पनीहरूले मात्र बनाउने हुँदा अब फेरि हुने टेन्डरमा त्यस्ता कम्पनीहरूले कार्टेलिङ गरी मूल्य राख्ने हुँदा आजको मूल्यभन्दा निश्चय नै बढी मूल्य पर्न आउँछ। त्यतिखेर बढी मूल्यमा स्वीकार नगर्दा झन् बढी नोक्सानी हुने र आज सस्तो मूल्यको टेन्डर रद्द गरी पछि बढी मूल्यमा खरिद गर्दा फेरि अख्तियारकै झमेलामा पर्ने निश्ति ठानेर शाहले जे भए पनि त्यसो गर्न मानेनन्। तर, कुनै काम गर्छ नै भनेर ठानी सकेका अख्तियारले झन् के मान्थ्यो ?

सूर्यनाथले रातारात बेनामी उजुरी पारे। सूर्यनाथ स्वयंले दूरसञ्चार संस्थानले निर्णय गर्नुभन्दा ठिक एक दिनअघि फोन गरेर कुनै कारबाही नगर्न रोकेर भोलिपल्टै त्यस टेन्डरका सम्बद्ध सबै फायलहरू झिकाए। संस्थानका महाप्रबन्धक, सञ्चालक समितिका सबै सदस्यहरू र त्यस टेन्डरको मूल्यांकनमा सरिक रहेका २४ जना प्राविधिकहरूलाई तारेखमा राखेर बयान लिन सुरु गरियो। अख्तियारका आयुक्त कृष्णबल्लभ काफ्लेको मातहतमा खानेपानी संस्थानका एकजना काजमा रहेका इंजिनियरलाई अनुसन्धान अधिकृत तोकेर सूर्यनाथको परपीडन रथ अगाडि बढाइयो। पछि मसँग बयान लिने क्रम सुरु भएपछि यस विषयमा पनि सोधियो। वस्तुतः यो मसँग सम्बन्धित विषय भने थिएन। तर, यस विषयमा पनि फसाउन सकिन्छ कि भनेर यो निर्णय मन्त्रीका आदेशमा भएको भन्नका लागि कर्मचारीहरूलाई सूर्यनाथले बोलाएर आफैले दबाब दिएका थिए। तर, कुनै पनि इंजिनियरले यस पापमा सूर्यनाथको मतियार बन्न चाहेनन्। उनीहरू सबैलाई अख्तियारले अद्यावधि तारेखमा राखेको छ।

अख्तियारका आयुक्त कृष्णबल्लभ काफ्लेले यस विषयमा मसँग प्रश्न सोधेका थिए। त्यसबेला स्वयं सूर्यनाथ पनि त्यहाँ थिए। मैले बयानमा लेखेको थिएँ : "यस टेन्डरका केही प्रतिस्पर्धी व्यापारीहरूबाट दिइएको गलत सूचना तथा आर्थिक प्रलोभनको कारणबाट अख्तियारले यस विषयमा मजस्तो असम्बद्ध व्यक्तिसँग बयान लिइरहेको छ। आधारहीन अनुसन्धानको नाममा अख्तियारले विगत तीन महिनादेखि यससम्बन्धी सबै कामलाई रोकाएर राष्ट्रलाई ठूलो क्षति पुऱ्याइरहेको छ। दूरसञ्चार संस्थानले एक लाख पचास हजार स्वीचको उपकरणहरू खरिद गर्ने निर्णय गरेको हो। संस्थानको आर्थिक योजनाअनुसार

प्रतिएक लाइन फोनबाट प्रतिमहिना औसत रु.९००/- आम्दानी हुने निश्चित अनुमान छ। १.५० लाख लाइनबाट प्रतिमहिना संस्थानलाई १३ करोड ५० लाख रु. आम्दानी हुने निश्चित अनुमान छ। विगत तीन महिनादेखि अख्तियारले अघोषित रूपमा यस कार्यलाई अगाडि बढ्न दिएको छैन। यस कार्यमा अख्तियारले अनुचित अवरोध खडा नगरेको भए एक महिनाअघि कुनै पनि हालतमा यो स्वीच जडान भई संस्थानलाई अनुमानित आम्दानी हुन सुरु भइसक्ने थियो। यसरी अख्तियारको दोषयुक्त मनशायका कारणबाट जति महिना यस कार्यमा ढिलाइ हुन्छ सोहीअनुसार संस्थानलाई नोक्सानी हुने निश्चित छ। तसर्थ राष्ट्रलाई नोक्सानी हुने यस्तो विषयलाई म जस्तो असम्बद्ध मानिसलाई फसाउन सकिन्छ कि भनेर निर्णयलाई थाती राखेर अहिले वा मुद्दा लगाउन सकिन्छ कि भनेर जाँचको विषय बनाउनु न्यायोचित्त काम कदापि पनि होइन। भविष्यमा यस अनुसन्धानमा कुनै त्रुटि नदेखिएमा यसबाट हुने प्रत्यक्ष नोक्सानीको जिम्मेवारी लिन अख्तियार तथा यसको प्रमुख आयुक्त तयार छ वा छैन ?" मैले सम्झेसम्म स्पष्ट रूपमा उक्त कुरा बयानमा लेखेको थिएँ। मेरो यस बयानलाई पढेपछि सूर्यनाथ बडो घटिया अभिव्यक्तिका साथ मसँग रिसाएका थिए। उनले मलाई सोही दिन थुन्ने र अब थुनेरै बयान लिने भनेका थिए। तर, खै किन हो कुन्नि फेरि त्यसो गरेनन्। (यस फायललाई अख्तियारले यतिकै ७ महिनासम्म थाति राखेर संस्थानको हितलाई विचार गरी स्वयं सञ्चारमन्त्रालयले नै निर्णय लिने टिप्पणी उल्लेख गरेर फिर्ता पठाएको कुरा यो डायरी सम्पादनका बखत ज्ञात हुनआएको छ। अख्तियारको यस खराब मनशायका कारणबाट नेपाल दूरसञ्चार संस्थानलाई प्रत्यक्ष रूपबाट ९४ करोड ५० लाख रु. नोक्सानी भएको छ। हालै संस्थानको व्यापार विभागले अख्तियारको कारणबाट भएको ढिलाइले गर्दा आ.व. २०५९/०६० मा संस्थानलाई ९४ करोड ५० लाख रु. प्रत्यक्ष नोक्सानी भएको प्रतिवेदन बुझाएकोछ। -लेखक) यस कार्यका लागि अख्तियारलाई प्रभावित गर्न प्रतिस्पर्धी व्यापारीहरूबाट निकै ठूलो परिमाणको रकम नजरानाबापत दिइएको कुरा अब चर्चामा आएको छ।

वास्तवमा अख्तियार अहिले भन्सार भएको छ। आजभोलि त्यहाँ खुलेआम पैसाको कुरा गरेर कसैलाई कुनै मुद्दाको निहुँमा बयानका लागि बोलाउन सकिन्छ। पैसाकै आधारमा कसैको मुद्दालाई तामेलीमा राख्न लगाउन सकिन्छ। यस्ता कार्यहरूमा अख्तियारका साना तहका कर्मचारीहरूको मात्र होइन स्वयं भगवान्‌का अवतार सरह हुनपुगेका आयुक्तहरूको यस्तो कार्यमा चाख रहेको देखिन्छ। अहिले थुनामा परेको बेला वा मुद्दा खेपेका बेलामा सायद मेरा यस कुरालाई पत्यार गर्न नसकिएला। तर, यो सत्य हो। विसं २०५८, जेठको पहिलो सातामा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका खिलाफमा लाउडा एयरलाइन्सको मुद्दालाई चर्काइएका बेलामा अख्तियारका अर्का एकजना आयुक्तले त्यस मुद्दामा



संलग्न गराइएका एकजनासँग १० हजार अमेरिकी डलर नगद लिएका थिए। यो कारोबार त्यस आयुक्तको ठमेल क्षेत्रको एक घरमा भएको थियो। यसको साथै त्यस व्यक्तिको प्रभावलाई उपयोग गराएर त्यस आयुक्तले आफ्नो छोरालाई अमेरिका पठाउनका लागि अमेरिकी दूतावासबाट भिसा दिलाई पाउन सर्तसमेत राखेका थिए। यसै समझदारीका आधारमा आयुक्तका छोराले पछि अध्ययनको नाममा बेलायतको भिसा पाएर त्यसतर्फ गए। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लाउडा प्रकरणमा छानबिन गरिरहेकै अवधिभित्र कुन आयुक्तका छोरा त्यसरी विदेश गएका हुन् यसको तिथिमितिको आधारमा खोजिनीति भएमा सबै तथ्य सामुन्ने आउनेछ। स्वयं अख्तियारका प्रमुख आयुक्तले मुलुकको एक व्यावसायिक बैंकको कुनै विषयमा छानबिन सुरु गरेकै अवधि भित्रमा आफ्ना एक नजिकका नातेदारलाई मोटो पारिश्रमिक दिन लगाएर लेखासम्बन्धी काममा लगाएका कुरा अख्तियार कै एक कर्मचारीले बयानको क्रममा मलाई बताएका थिए। मलाई विश्वास छ, कुनै दिन स्वयं सूर्यनाथले यी सब विषयमा छानबिन गर्नेछन्।

अख्तियारका आयुक्तहरूले पैसा खाएर मुद्दा लगाउने, मुद्दालाई मुल्तवीमा राख्ने, कुनै प्रतिस्पर्धी व्यापारीलाई अवसर दिनका लागि मन्त्रालयहरू तथा विभागहरूले अन्तिम निर्णय गर्न लागेका बखत फोनका भरमा निर्णय रोकाउने जस्ता कामहरू अख्तियारले गर्ने गरेका यस्ता धेरै उदाहरणहरू छन्। तसर्थ हाम्रो विरुद्धका मुद्दामा यस्ता कुराहरूको प्रभाव नपरेको भन्न सकिन्न। यस्ता कुराहरूमा लिप्त भएर अख्तियारले जे पनि गर्नसक्छ। तर, न्यायपालिकाप्रति मेरो विश्वास मरिसकेको छैन। अब मैले यसलाई नियतिको यात्रा मानिसकेको छु।

साँच्चै, यदि हामी अदालतको आदेशबाट रिहा नगरिने भनी चलेका आशंकाहरू सत्य हुने हुन् भने हामी जेल चलान हुने नै छौं। काठमाडौंको जेलको मेरो कुनै लामो अनुभव छैन। सम्भवतः हामी तीनै जना एकै साथ नराखिन पनि सक्छौं। यस्तो अवस्थामा विकल्परहित रूपमा जेल जीवनलाई अनुकूल बनाउन केही नयाँ शैली अपनाउनुपर्ने नै हुन्छ। के हुन सक्छन् ती नयाँ शैली ? अहिले यतापट्टि पनि ध्यान गइरहेको छ। तत्काल मेरा अगाडि एउटा मात्र विकल्प रहेको देख्दछु - अध्ययन र केही लेख्ने ! सायद यही नै जेल जीवनमा मेरो प्रतिरक्षाका उपाय हुनेछन्।

एक दुई दिनदेखि यस्ता विचारहरूले मनलाई थिचिरहेका बखत आज अलिक फरक विषयले प्रवेश पायो। हामी थुनामा परेपछि आज पहिलोपटक नेपाली कांग्रेस संस्थापन पक्षबाट हामीलाई भेट्न रामचन्द्र पौडेल र डा. रामशरण महत आउनुभएको थियो। यसअघि अर्को कांग्रेसका यस तहका कुनै नेताहरू आएका थिएनन्। उनीहरूको आगमनलाई खुमबहादुरजी तथा वाग्लेजीले

धेरै प्रकारका सम्भावनाहरूको सन्दर्भमा हेर्न थाल्नुभएको छ । मलाई त्यस्तो केही लाग्दैन । उनीहरू पूराना र आ-आफ्ना समयमा दुःख पाएका मानिसहरू हुन् । यस्तो बेलामा आत्मीयता देखानुपर्ने संस्कार हुनु स्वाभाविकै हो । हामीहरूका बीच आज मुलुकमा विकसित भएका घटनाक्रमहरूका बारेमा लामो गन्थन भयो । पार्टी विभाजनका बखत शेरबहादुरसँग नलागेर आफू जोगिएकोमा रामचन्द्रजी यतिका दिनपछि हाम्रो थुना कोठामा पनि लामो सास लिइरहनु भएको थियो । प्रसंगवश मैले उहाँलाई सोधेको थिएँ : पार्टी विभाजनको औपचारिक घोषणा हुने दिन ०५९ असार ५ गतेभन्दा ठिक एक दिनअघि राति ११.०० बजेसम्म तपाई प्रधानमन्त्री निवास बालुवाटारमा भोलिपल्टको वानेश्वर भेलामा दिने वक्तव्यको मस्यौदा गरेर जानुभयो । त्यस रात केहीकालका लागि अचानक बिजुली नगएको भए त्यो अन्तिम मस्यौदाको कपी शेरबहादुरजीलाई दिई जानुहुन्थ्यो । भोलिपल्ट तपाईं बानेश्वर भेलामा आउनु भएन । आउने प्रलयको बारेमा कोसँग सूचना पाएर वा कोसँग दिव्यज्ञान प्राप्त गरेर आउनु भएन ? मैले रामचन्द्रजीलाई जिस्क्याउने गरी यो कुरा सोधेको थिइनँ । अपितु त्यस दिन पार्टी विभाजनको मतियार नबनेकोमा बुद्धिमत्ता देखाएको हुँदा कस्को सल्लाहका आधारमा यस्तो बुद्धिमत्तापूर्ण काम गर्नुभयो, यो जान्न चाहेको थिएँ । उहाँले हाँसी हाँसी मेरो प्रश्नको जवाफलाई पन्छाउनु भयो ।

## पौष १०, ०५९/Dec 2, 002

काठमाडौंमा घटेको मधेसी संहारको घटना, जसलाई ऋतिकरोशन प्रकरण भनेर बुझिन्छ, आज दुई वर्ष भएको छ । आज अदालतमा भएको बेला एकजना मित्रले यस विषयमा मधेसीहरूले विरोध गर्नुपर्ने आसयको अपिलका साथ निकालिएको एउटा पर्चा हातमा दिएपछि यस दिनको स्मरण भयो । मधेसी विद्यार्थी फ्रन्टले निकालेको उक्त पर्चामा ०५७, पौष ११, १२ र १३ गतेका दिनहरूमा राजधानी काठमाडौंमा भएको मधेसीहरूमाथीको आक्रमण र लुटपाटको घटनालाई कालो दिवस भन्दै भोलिको दिनमा बिरोध गर्न आह्वान गरिएको छ ।

लाग्दछ, आज धेरैले यस घटनालाई बिर्सिसकेका छन् । गत दुई वर्षको अवधिमा यस घटनाका बारेमा कतै खासै चर्चा नहुनुले मानिसहरूको स्मरणबाट हराउनु स्वभाविक नै हो । यो एक नियोजत घटना थियो । यसको स्पष्ट लक्ष्य काठमाडौंमा रहेका मधेसी समुदायको संहार र विस्थापन थियो । यस घटनाका माध्यमबाट षडयन्त्रकारीले सन्देश दिन चाहेका थिए कि भविष्यमा नेपाल मधेसीहरूका लागि उपयुक्त वासस्थान रहने छैन ।



एक जना भारतीय सिनेकलाकार ऋतिकरोशनले कुनै भारतीय टेलिभिजन च्यानलमा दिएको कथित अन्तर्वार्तामा आफूलाई मन नपर्ने देश नेपाल र मन नपर्ने जनता नेपाली भनी व्यक्त गरेको भनिएको टिप्पणीबाट नेपाल र नेपालीहरूको अपमान भयो भनि तोडफोड र प्रदर्शन सुरु भयो । यस हिंसक र उग्र प्रदर्शनको तारो राजधानीका मधेसीहरू, भारतीय मानिसहरू, भारतीय कुटनीतिज्ञ नियोगका अंगहरू र मधेसीहरूको व्यापारिक प्रतिष्ठानहरूलाई बनाइयो । काठमाडौंमा यस प्रकारका घटनाहरू घटेपछि यसको प्रतिक्रिया स्वरूप मधेसका राजविराज, बारा तथा धनुषामा पनि पहाडेहरूको खिलाफमा रोषपूर्ण प्रदर्शनका कयौं वारदातहरू भयो । पछि मात्र सबैले थाहा पाए, ऋतिकरोशनले त्यस्तो कुनै अन्तर्वार्ता दिएकै थिएनन् । एक सातापछि प्रहरीको गोली प्रहारबाट ४ र ५ जनाको मृत्युपछि मात्र यो हिंसक मधेस विरोधी घटना साम्य भयो । तर, मलाई लाग्दछ, जुन शक्तिहरूको योजना अनुसार यो जघन्यकार्यको मञ्चन भएको थियो, तिनीहरू यस मुलुकमा बलशाली छन् तसर्थ भविष्यमा पनि यस्तो घटना हुने भयले मधेसीहरूलाई पछ्याइ रहनेछ ।

यस घटनाको बखत म सञ्चारमन्त्री थिएँ । यो घटना सञ्चारको विषयसँग जोडिएको थियो र म पनि मन्त्रालयका कारबाहीहरू तथा दायित्वका कारणले यस प्रसंगमा स्वभावतः जोडिन पुगेको थिएँ । यस घटनाका केही अभिन्न पक्षहरू छन् : पहिलो पक्ष हो, यस घटनाको झुठो विवरण दिने पत्रपत्रिकाहरू । दास्रो हो, राजनीतिक दलका नेताहरू तथा केही विद्यार्थी संगठनहरू । तेस्रो हो, यस घटनालाई हिंसक बनाउने कार्यमा लागेका तथा भौतिक साधनहरू पुऱ्याएका संघ संस्थाहरू । चौथो हो, स्पेस टाईम नेटवर्कको च्यानल नेपाल । पाचौं हो, अदृश्य शक्तिकेन्द्रबाट निर्देशित प्रहरीका हाकिमहरू । यिनै पक्षहरूको कारणबाट यो घटनाले यत्रो भयावह रूप लियो ।

घटनाको शुरुवातका क्रममा सबैभन्दा पहिला चितवनबाट प्रकाशित हुने चितवन पोष्ट दैनिकले ऋतिकरोशनले उक्त कुरा भनेको भनी झूठो समाचार प्रकाशित गऱ्यो । यस समाचारको आधारमा त्यहाँका वामपन्थी विद्यार्थी संगठनहरूले ऋतिकरोशनको पुत्ला जलाएको समान्य समाचारलाई काठमाडौंबाट प्रकाशित हुने स्पेसटाइम दैनिकले अतिरञ्जनाका साथ छापेको थियो । यस समाचारलाई सोही संस्थाको अर्को निकाय च्यानल नेपालले प्रसारण गरेको थियो । सो समाचार प्रसारण हुनुका साथै ऋतिकरोशनको उक्त भनाइ भारतीय समाचार च्यानलहरूमार्फत प्रसारित भयो भनी विरोध स्वरूप नेपालका केवुल नेटवर्कहरूबाट सो भारतीय च्यानलहरूको प्रसारण नगर्ने भनी जमिम शाहको बर्चस्वमा रहेका नेपाल केवुल नेटवर्क एसोसिएसनले पौष ११ गतेदेखि नै केवुल नेटवर्कमार्फत सबै भारतीय च्यानलहरूको प्रसारण रोकेर सत्य कुराहरू आउन दिएन । यसैबीच स्पेसटाइम केवुल नेटवर्कको माध्यमबाट आउने पाकिस्तान

टिभीको समाचारले यस कुरालाई अझ बढाइ-चढाइ प्रसारण गरिरह्यो । पि.टिभीले त नेपाली कांग्रेसका महामन्त्री सुशील कोइरालाले भारत सरकारको यो षड्यन्त्र हो भनेको भनी झूठो समाचारसमेत प्रसारित गरेको थियो । यस अवधिमा च्यानल नेपालले नै सरकारको अनुमति बेगर पि.टिभीलाई यस बिद्वेषको फुटेजहरू दैनिक रूपमा सम्प्रेषण गरेको थियो । यसै क्रममा कान्तिपुर दैनिक, समाचारपत्र दैनिक र हिमालय टाइम्स दैनिकहरूले यस्तो उत्तेजनात्मक समाचारहरू प्रकाशित गरिरहे ।

राजधानीका जुलुस तथा प्रदर्शनहरूलाई उग्र बनाउनमा केही राजनीतिक नेताहरूको प्रत्यक्ष हात रहेको थियो । नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी संघको र एमालेको अनेरास्ववियूको यस घटनामा ऐक्यबद्धता थियो । यो दुवै संस्थाले विज्ञप्ति निकालेर आन्दोलन गर्नभनेका थिए । ने.वि.संघले पौष १० गते नै वक्तव्य निकालेर ऋतिकरोशनका फिल्महरूका बहिष्कार गर्न र हलहरूमा नचलाउन अपिल गरेको थियो । नेकपा समर्थक अनेरास्ववियूले त झन् यसको नेतृत्व नै गरेको थियो । नेकपा एमालेका महासचिव माधवकुमार नेपाल तथा नेकपा मालेका महासचिव वामदेव गौतमले भिन्नाभिन्नै वक्तव्य निकालेर यस मधेसी विरोधी हिंसक वारदातहरूलाई त नेपाली राष्ट्रियताको स्वतःस्फूर्त प्रस्फुटन भनेका थिए । रा.प्र.पा.ले पनि एक वक्तव्य निकालेर यसलाई स्वतःस्फूर्त आन्दोलन भनेका थिए । यसैबीच पाँचवटा वामपन्थी विद्यार्थी संगठनहरूले यस मधेस विरोधी आन्दोलनलाई समर्थन गर्दै पौष १३ गतेका दिन उपत्यका बन्दको आह्वानसमेत गरेको थियो । पछि मधेसबाट प्रतिकृया आउन थालेपछि स्थितिको संवेदनशिलतालाई बुझेर पौषको १२ गते ने.का. र एमालेले आन्दोलनबाट हात झिकेको थियो । तर, पनि एमालेले गृहमन्त्रीको राजीनामाको माग गर्दै आन्दोलन जारी राख्ने कुरा सार्वजनिक गरेको थियो । सुरुमा जातीयता विरोधी आन्दोलन बनाउन लागेका वामपन्थी दलहरूले पछि यसमा मुछिएको आफ्नो अनुहार लुकाउन सरकारलाई दोष दिंदै गृहमन्त्रीको राजीनामाको माग गर्न थालेका थिए । यसै क्रममा माओवादीका महामन्त्री प्रचण्डले यस घटनाको आधारमा गिरिजा सरकारलाई सत्ताच्यूत गर्न सबैसँग अपिल गर्दै आन्दोलनलाई साथ दिन आह्वान गरेका थिए । यस घटनामा माओवादीका भ्रातृसंस्था अनेरास्ववियू क्रान्तिकारी खुलेर नै लागेको थियो ।

यसलाई एमाले, माले र राप्रपाले स्वतः स्फुर्त भनेर सरकारबिरुद्ध उपयोग गर्न खोजे पनि वास्तवमा यो घटना स्वतःस्फुर्त थिएन । साथै कसैको असावधानीवशले गर्दा नै यत्रो भयावह घटना हुन गयो भन्नु पनि सत्य होइन । हुनसक्छ, यसको परिणामका प्रति कसैमा अज्ञानता रहेको होला तर यसको पछाडि केही निश्चित समूहहरू तथा शक्तिहरूको योजना र लगानी थियो । यस घटनालाई उत्तेजित बनाउन र प्रदर्शनलाई संयोजित बनाउन रातारात लाखौंको



संख्यामा ऋतिकरोशनका रंगीन फोटाहरू छपाएर राजधानीका चौकहरूबाट वितरण गरिएको थियो । रातो रंगका कपडाबाट हजारौंको संख्यामा लवेदा सुरुवाल सिलाएर वितरण गरएको थियो । यो एक दिनमा सम्भव छैन । पहिलेदेखि नै तयार गरिएका सयौं ब्यानरहरू प्रयोग गरिएको थियो । हजारौंको संख्यामा नेपालको राष्ट्रिय झण्डाहरू पहिले नै तयार गरेर वितरण गरिएको थियो । यो सबै तयारीहरू परिवर्तन नेपाल तथा राष्ट्रवादी मिलन केन्द्रजस्ता संस्थाहरूले गरेका थिए । राजनीतिक पार्टीहरू तथा उनीहरूका भ्रातृसंस्थाहरूले हात झिके पछि यिनै संस्थाहरूले मुख्यरूपमा यस घटनालाई चर्काएका थिए । साथै यसमा केही सामाजिक नामधारी संस्थाहरूको समेत संलग्नता थियो । काठमाडौं जलिरहेका बेलामा आन्दोलनलाई तीव्र हिंसक बनाउन विशाल बजार समितिको र केही सरकारी अस्पतालहरूको एम्बुलेन्सले समेत टायरहरू बोकेर सडकमा अशांति मच्चाइरहेका रहेका प्रदर्शनकारीहरूलाई दिंदै गरेको तस्विरहरू अखबारहरूमा छापिएकोबाट पनि यसको पुष्टी भएको छ ।

यसरी नियोजित रूपमा मञ्चन गरिएको प्रदर्शनलाई कुशलताका साथ रोक्ने कार्यमा प्रहरी अधिकृतहरूले समेत इमान्दार भूमिकाको निर्वाह गरेनन् । प्रहरीको कारबाहीबाट योजनाबद्ध रूपमा प्रदर्शनलाई उक्साउने कार्य भएको थियो । पौष १२ गतेको दिन प्रधानमन्त्री निवासमा बसेको उच्चस्तरीय बैठकमा यस विषयमा गृहमन्त्री रामचन्द्र पौडेलले खुलारूपमा प्रहरी महानिरीक्षकको भूमिकाको आलोचना गर्दै चेतावनी दिएका थिए । पौष १२ गते काठमाडौंको बौद्धबाट निस्केको एउटा ठूलो जुलुसलाई नियन्त्रण गर्नेबारे गृहमन्त्रीको आदेशलाई जनपद प्रहरीले अवज्ञा गरेको हुँदा सशस्त्र प्रहरीलाई खटाएर स्थितिलाई नियन्त्रणमा लिइएको थियो । यस जुलुसले बानेस्वर तथा मैतीदेवी क्षेत्रमा व्यापक मधेसी विरोधी हिंसा मच्चाउने जानकारी राष्ट्रिय अनुसन्धान विभागले गृहमन्त्रीलाई गराएको थियो ।

राजधानीमा अनियन्त्रित रूपबाट विरोध प्रदर्शनहरू बढ्दै गएपछि र खासगरी यस्ता प्रर्दशनहरूको लक्ष्य सिनेमाहलहरू बन्न थालेपछि सूचना तथा सञ्चार मन्त्रालयबाट पौष ११ गतेको दिन एउटा विज्ञप्ती प्रकाशित गरिएर ऋतिकरोशनले नेपालीको संवेदनशीलतालाई आघात गरी बोलेको हुँदा निजले अभिनय गरेका फिल्महरू अर्को सूचना नहुञ्जेलसम्म नचलाउन निर्देशन गरिएको कुरा सार्वजनिक भएको थियो । म त्यसबेला सञ्चारमन्त्री थिएँ । वास्तवमा पौष ११ गतेको दिन मेरो तहबाट सिनेमाहलहरूलाई त्यस्तो कुनै निर्देशन दिने आसयको कुनै निर्णय नै भएको थिएन । म स्वयं बेलुकी ७.०० बजेको रेडियो नेपालको समाचारबाट यो विज्ञप्तिको समाचार सुनेर आफै छक्क परेको थिएँ । मैले तत्काल यस विषयमा रेडियो नेपालको महानिर्देशकलाई फोन गरी सोद्धा उनले सञ्चार सचिवमार्फत मन्त्रालयको सो विज्ञप्ति आएको कुरा बताएका

थिए । मैले सञ्चार सचिवसँग यसबारेमा सोधेको थिएँ । सञ्चार मन्त्रालयका सचिव श्रीराम पौडेलले पौष ११ गते साँझ ६.४५ बजे गृहमन्त्री रामचन्द्र पौडेलले फोन गरी सो विज्ञप्ति ७ बजेको समाचारमा प्रसारण गर्न भनेको जानकारी गराएका थिए । त्यसको भोलिपल्ट मैलै यस विषयको थप विवरण माग्दा रेडियो नेपालका महानिर्देशक शैलेन्द्रराज शर्माले मन्त्री महेश आचार्यको हस्तलिखित एउटा मस्यौदा मलाई दिएका थिए । एकपाना सादा कागजमा सिसा कलमले मन्त्री आचार्यको हातले लेखिएको, त्यसैमा संशोधन गरिएको खेस्रासहितको मस्यौदा थियो त्यो । अघिल्लो दिन सिंहदरबारस्थित गृहमन्त्रीको कार्यालयमा सुरक्षा निकायका प्रमुखहरूसमेत केही मन्त्रीहरूको बैठक बसेको थियो । यस बैठकमा तत्काल स्थितिलाई साम्य पार्न यस्तो आसयको विज्ञप्तिले मद्दत गर्नसक्ने अनुमान गरिएकाले उपप्रधानमन्त्री तथा गृहमन्त्रीको निष्कर्षअनुसार मन्त्री महेश आचार्यले तत्काल सो विज्ञप्तिको मस्यौदालाई खेस्रा गरी सोझै रेडियो नेपालमा पठाएर मलाई जानकारी गराउन खोज्दा मसँग सम्पर्क हुन नसके पछि सञ्चार सचिवलाई भनिएको थियो । हाम्रो मुलुकको राजपाटको सञ्चालनमा कहिलेकाहीं असल प्रयोजनका लागि यस्तो हुने गर्दछ । यस विज्ञप्तिका बारेमा पनि यस्तै भयो । यस प्रकरणमा मुछिएका कतिपय राजनीतिक नेताहरू तथा संघ संस्थाहरूले समेत यस यथार्थलाई सरकारको विरुद्ध प्रयोग गर्नका लागि स्वयं सरकारले विज्ञप्ति निकालेर स्थितिलाई तनावपूर्ण बनाउने काम गरेको आरोप पनि लगाएका थिए । तर, यो यथार्थ होइन । तत्कालीन अवस्थामा सदभावना पार्टीले समेत यस्तो आरोप लगाएको थियो ।

यस घटनाका बारेमा मधेस क्षेत्रमा व्यापक प्रतिक्रिया उत्पन्न भएपछि श्री ५ को सरकारले पुनरावेदन अदालत पाटनका तत्कालीन न्यायाधीश गोविन्दकुमार श्रेष्ठको अध्यक्षतामा एक तीन सदस्यीय जाँचबुझ आयोग गठन गरेको थियो । यस आयोगका सदस्यहरूमा गृहमन्त्रालयका तत्कालीन सहसचिव विजयराज भट्टराई तथा सदभावना पार्टीको सिफारिशमा वकिल उमेशचन्द्र झालाई राखिएको थियो । यस आयोगका बारेमा सदभावना पार्टीको दोहोरो भूमिका थियो । एकातिर सो पार्टीले यस आयोगको संरचनामा असहमति जनाएर विरोध गरेको थियो भने अर्कोतर्फ यसका सदस्यको सिफारिश गरेको थियो । तर, मन्त्रिमण्डलमा यस आयोगका बारेमा व्यापक विवाद भएको थियो । विवादको पहिलो कारण थियो कस्तो आयो बनाउने भन्ने । हामीहरूले प्रधानमन्त्रीसँग माग गरेका थियौं, यस घटनाको छानबिन गर्न संसदीय समिति बनाउनु पर्दछ भनेर । यसमा राजनीतिक दलहरूको, विद्यार्थी संगठनहरूको, प्रेसको र दरबार परस्त प्रतिगामी मनशायका संघ-संस्थाहरूको समेत संलग्नता देखिएको हुनाले यसको निश्पक्ष छानबिनका लागि संसदीय समितिबाहेक अन्य तहबाट गठन हुने आयोगले सत्यतथ्य सार्वजनिक गर्न सक्दैन भन्ने हाम्रो राय थियो । गृहमन्त्री रामचन्द्र पौडेल स्पष्टः



यस्तो संसदीय आयोग गठनको विरोधमा हुनुहुन्थ्यो । प्रधानमन्त्री मौन रहनुभएको थियो ।

प्रधानमन्त्रीको मौनताको अर्को कारण थियो । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पहिले यस घटनाको वास्तविकता जान्न चाहनु भएको थियो । यसका लागि उहाँले राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्मालाई प्रतिवेदन पेस गर्न भन्नुभएको थियो । यस विभागका प्रमुखले आफ्नो तहबाट प्रारम्भिक छानबिन गरी एउटा लिखित प्रतिवेदनको आधारमा माघको दोस्रो सातातिर मन्त्रिमण्डलको बैठकसमक्ष संक्षिप्त जानकारी गराएका थिए । प्रधानमन्त्रीले सो लिखित प्रतिवेदनको वितरण नगर्न भन्नुभएको थियो । आफ्नो मौखिक जानकारीमा देवीराम शर्माले यस घटनाको पछाडि दरबार संरक्षित केही मानिसहरू तथा केही पत्रपत्रिका तथा केही संघ-संस्थाहरूको संलग्नता रहेको बताएका थिए । यस घटनामा संलग्न केही संवेदनशील निकायसँग नाता सम्बन्ध रहेका महत्त्वपूर्ण मानिसहरूको संरक्षणबाट तत्कालै छापिएका ऋतिकरोशनका पोष्टरहरू, परिवर्तन नेपालका ब्यानरहरू, राष्ट्रवादी मिलन केन्द्रका पर्चाहरू पाइएको चर्चा गरेका थिए । राजधानीकै गौशाला, तिलगंगामा डेरा लिइबसेका दूई जना मुसलमानहरूको डेरामा छापा मार्दा ठूलो मात्राको नक्कली भारतीय रुपैयाँ फेला परेको र यस्तै रुपैया यस प्रदर्शनका लागि खर्च गरिएको जस्ता अनेक गोप्य जानकारीहरू उनले दिएका थिए । यी सब जानकारीहरूको आधारमा छानबिन हुँदा निकै लामो लहरो तानिने भएकाले प्रधानमन्त्रीले यसलाई संसदीय समितिबाट छानबिनको विषय बनाउन चाहनु भएको थिएन । यिनै विवादका कारणले सरकारले घटनाको लगत्तै छानबिन आयोग बनाउन सकेन । लगभग एक महिनाभन्दा बढी समयपछि मात्र हामी केही मन्त्रीहरूको सुझावलाई बेवास्ता गर्दै न्यायाधीशको अध्यक्षतामा आयोग बनाइयो । गृहमन्त्री रामचन्द्र पौडेलले पनि खुट्टा कमाइसकेका थिए । उनी पनि संसदीय छानबिन समिति चाहेका थिएनन् । यस छानबिन आयोगले स्पष्टः कसैलाई पनि दोषी नदेखाएर आफ्नो प्रतिवेदन सरकारलाई बुझायो, जसलाई अद्यावधि पनि गोप्य राखिएको छ ।

यस ऋतिकरोशन प्रकरणको नाममा भएका मधेसी विरोधी घटनाहरू यस मुलुकमा मधेसीहरूको स्वाभिमानको विरुद्ध सबै खाले राजनीतिक दलहरू र दरबार पोषित शक्तिहरूको संयुक्त उपक्रमको कालो अध्यायको रूपमा रहिरहनेछ ।

**पौष ११, ०५९/Dec 26, 002**

आज बिहीबार हो । बितेका सोमबारका दिन अन्ततः अख्तियारले मेरा विरुद्धको मुद्दा विशेष अदालतमा बुझाएको छ । सदाझै पुनः अख्तियार अत्यन्तै निम्नस्तरीय तौर तरिकाबाट अदालतसमक्ष प्रस्तुत भयो । सोमबारका दिन हामी

अदालत जाने भनेर बिहान ठिक समयमा तयार थियौं। यसैअनुरूप तयार रहन हामीलाई खबर गरिएको थियो। यसअघि हामीलाई कार्यालय समय सकिनुभन्दा ५ मिनेट पहिला अदालत पुऱ्याइएको थियो, तर गनिमत भनौं यसपटक भने अदालतको कार्यालय समय सकिएको ५ मिनेटपछि अर्थात् ४ बजेर ५ मिनट जाँदा पुऱ्याइयो। तर, भाग्य नै प्रबल मानेको छु, धन्य अख्तियारले मुद्दा बुझाएछन्। बस हाललाई यही नै सन्तोषको विषय हो। मंगलबारदेखि म अदालत पुऱ्याइँदैछु। आज अदालतका समक्ष मेरो बयान सकियो। अब मेरो न्यायाधीशहरू समक्ष मेरो फायलको पालो आएपछि बहस हुन्छ, अनि थुनछेकको आदेश। फैसलाको बारेमा मैले सोच्न छोडेको छु। तर, पनि यी दिनहरू अनिश्चय र कौतुहलपूर्ण रहेका छन्।

यसैबीच मेरोभन्दा अलिक पहिला चिरन्जीवीजीको मुद्दा पनि अदालतमा बुझाइएको थियो। उहाँको थुनछेकको बहस हिजो सकियो। थुनछेकको बहसपछि अदालतले उहाँको पक्षमा आदेश गरेको छ। ठूलै रकमको जेथा जमानी मागिए पनि त्यसको व्यवस्था गरेर हिजो राति नै उहाँ रिहा हुनुभयो। यस रिहाइलाई मैले उहाँको पक्ष भनेको छु। हामीलाई उहाँको मुद्दामा तत्काल कस्तो आदेश हुन्छ, यसको जोडका साथ प्रतीक्षा थियो। उहाँका जस्तै दफाहरू हामीहरूका उपर समेतलाई लगाइएकाले प्रथम मुद्दाको आदेशले हाम्रो मुद्दाको समेत बाटो निर्धारण हुने विश्वास गरिएको छ।

अब यस थुना कोठामा म खुमबहादुरजी र कान्तिपुर प्रकाशनका कैलाश सिरोहिया थुनुवा छौं। वाग्ले रिहा भए पनि सिरोहियाको आगमनले हाम्रो पूरा नै संख्या कायम छ। कैलाशलाई अख्तियारले मेरो खिलाफमा मुद्दा बुझाउने दिन अदालतमा बुझाएको हो। सूर्यनाथको मनशायअनुसार कैलाश आफूलाई भगौडा भएको देखाउन चाहेनन्। यसबाट सूर्यनाथलाई निकै कष्ट पुगेको हुनु पर्दछ। वास्तवमा केही कालका लागि नै भए पनि बहुदलीय प्रणालीका पक्षधर नेताहरूलाई बदनाम गराएर बहुदलीय प्रणालीलाई नै असान्दर्भिक देखाउने खेलका खातिर जानेर वा नजानेर कान्तिपुरलाई प्रयोग गरियो। यस अभियानमा कन्तिपुरबाट सूर्यनाथ निकै लाभान्वित भएका छन्।

म मन्त्री भएको बखत निजी क्षेत्रका कान्तिपुर टी.भी. नेटवर्कलाई प्रसारणको इजाजत दिइएकोमा पछि कान्तिपुर टी.भी..लाई गैर कानुनीरूपमा लाभ पुऱ्याउन बिडबन्ड फिर्ता दिएकोबाट उनले गैरकानुनी रूपको अनुचित लाभ लिएको आरोप लगाइएको छ। बस यति सुन्दर झूटो योजनाका कारणबाट उनी मेरै मुद्दामा सह-अभियुक्तका रूपमासँगै थुनामा छन्। हाम्रो बारेको यो महत्त्वपूर्ण कारबाही भएको हुनाले हामी बिहानै विशेष अदालततर्फ जानुपर्ने र अदालतको समय सकिएको केही कालपछि मात्र थुनामा फर्कनुपर्ने हुँदा थप केही लेख्न र



पढ्ने कामलाई निरन्तरता दिन सकिएको छैन। लाग्दछ, अब यो क्रम केही काललाई अवरुद्ध हुनेछ।

## पौष १२, ०५९/Dec 27, 002

आज पनि मेरो मुद्दाको पालो आएन। दिनभरी नै अदालतमा पर्खेर बसें। मेरो मुद्दामा कान्तिपुर प्रकाशनका कैलाश सिरोहियालाई समावेश गरिएपछि अदालतमा निकै चहलपहल थपिएको छ। विगत तीन महिनादेखि निरन्तर रूपमा नेपाली प्रेसबाट घोर घृणाका शब्दहरूले रंगाइएका हामीहरूबाट थोरै भए पनि प्रेसको ध्यान अन्यत्र गएको छ। अख्तियारले कारबाहीको नाममा कसै उपर पूर्वाग्रह राख्नु हुँदैन भन्ने आसयका फाटफुट समाचार तथा समाचारीय टिप्पणीहरू अब अखबारहरूमा देखा पर्न थालेका छन्।

समरथका जग है गोसाई। कबिरले भनेका थिए : जो सामर्थ्यवान उसैको संसार। अहिले प्रेस निकै सामर्थ्यवान भएको छ। तसर्थ प्रेसले आफ्नो शक्तिमात्र देखाउनका लागि यस बीचमा धेरै अर्थमा विभिन्न निकायहरूबाट प्रयोग भयो। प्रेसले वातावरण त बनाउने हो। त्यस वातावरणलाई प्रयोग गर्ने त अर्कै हुन्छ। कहिले राजा त कहिले राजाका लागि अरूहरू नै।

आज अदालतबाट फर्केपछि उहिल्यै गिरिजा बाबुका सेक्रेटरी रहेका पुरञ्जन आचार्य र गोकर्ण पौडेलसँग भेट भयो। उनीहरू छुट्टाछुट्टै आएका थिए। पुरञ्जनसँग धेरै बेरसम्म पुराना सन्दर्भहरूका बारेमा कुराकानी भयो। उनीहरूले गिरिजा बाबुले खासगरी मेरो विरुद्ध अख्तियारले गरेको यस अन्यायपूर्ण कारबाहीका बारेमा निकै चासो राखेको बताए। वास्तवमा म थुना परेको केही बेरमै मोवाइल फोनमा गिरिजा बाबुले भन्नुभएको थियो : यो सबै राजाले प्रजातन्त्र खाने खेलको योजनाअन्तर्गत भइरहेको छ।

अब नेपालमा प्रजातन्त्रको पुनः अभ्यासका लागि गिरिजाप्रसाद कोइराला र राजाबीचको सम्बन्धमा सुधार हुनु आवश्यक छ। यस्तो कुनै सुधार भयो कि ? पुरञ्जनका अनुसार यस्तो कुनै सुधार भएको छैन। गिरिजाप्रसाद कोइरालाको वर्तमान राजाका बारेमा बडो तितो अनुभवहरू हुन गयो। कोइरालाको विचारमा राजाले राष्ट्रका समस्याहरूको समाधानमा इमानदार प्रयत्न गर्नुको साटो आफ्नो राज्यारोहणको सुरुदेखि नै दाउपेचलाई प्रोत्साहित गर्दै आएका छन्। शेरबहादुरजीले प्रतिनिधिसभाको विघटन गरेको केही कालपछि मात्र गिरिजा बाबुले मसँग एउटा प्रसंग कोट्याउनु भएको थियो।

सायद वि.सं. २०५८ को वैशाख महिनाको सुरुतिरको कुरो हो। शेरबहादुरजी नै प्रधानमन्त्री हुनुहुन्थ्यो। माओवादीहरूसँगको वार्ता भङ्ग भइसकेको थियो। गिरिजाप्रसाद कोइरालाले आफ्नै तवरबाट माओवादीहरूसँग सम्पर्क बनाउनुभएको थियो। राजधानी काठमाडौंमा भूमिगत रहेका केही माओवादी शीर्षस्थ व्यक्तिहरूसँग कोइरालाको सम्पर्क कायम भएको थियो। यसै क्रममा केहीअघि मात्र चक्र बाँस्तोला दिल्ली गएर माओवादीका केही नेताहरूसँग भेट गरेर फर्केका थिए। समयको लगभग यही सेरोफेरोमा कोइराला चीनको भ्रमणमा जानुभएको थियो। चीन भ्रमणबाट फर्कने क्रममा कोइराला हङकङबाट काठमाडौं आउनुको साटो सोझै नयाँ दिल्ली पुग्नु भएको थियो। नयाँ दिल्लीमा कोइरालाको माओवादीका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) सँग भेट भएको थियो। कोइरालाको प्रचण्डसँगको सम्भवतः यो पहिलो प्रत्यक्ष भेट थियो। यस भेटमा कोइराला तथा प्रचण्डका बीचमा केही खास विषयहरूमा सहमति कायम भएको थियो।

कोइराला दिल्लीबाट फर्कना साथै राजासँग दर्शन भेट पाएर आफू र माओवादी नेताका बीच सहमति कायम भएको, यसअनुसार वार्ताका लागि राजाको सहमति भएमा आफूले पुनः यस निम्ति ठोस पहल गर्ने अपेक्षाका साथ कोइरालाले राजाको सहयोग माग्नु भएको थियो। कोइरालाले मलाई बताउनु भए अनुसार यसमा राजाको तर्फबाट सकारात्मक संकेत मिलेको थियो। राजाको सकारात्मक संकेत तथा माओवादीसँग दिल्लीमा भएको सहमतिका आधारमा वैशाख २७ गते राजधानीमा आयोजित नेपाली कांग्रेसको एक आमसभामा कोइरालाले माओवादीहरू यथार्थमा वार्ताप्रति इच्छुक छन् भने ३ दिनभित्र वार्ताका लागि पहलका निम्ति राजनीतिक दलहरूलाई औपचारिक रूपमा पत्र लेख्नुपर्ने प्रस्ताव गर्नु भएको थियो। नभन्दै त्यस सार्वजनिक सभामा कोइरालाले उक्त प्रस्ताव दिएको तीन दिन नबित्दै माओवादी अध्यक्ष प्रचण्डले सातवटा राजनीतिक दलहरूलाई औपचारिक रूपमा पत्र लेखे। यस पत्रमा माओवादीले तीनवटा कुरा स्पष्ट पारेको थियो : एक, जनवादी गणतन्त्र होइन, सेनालाई नागरिक सरकार र जनताको मातहतमा ल्याउने र पुँजीवादी प्रजातन्त्रलाई नै पूर्ण बनाउने कुरालाई ऊ यतिखेरको संघर्षको साझा बुँदा बनाउन तयार छ। दोस्रो, माओवादी पक्ष संविधानसभाको मागभन्दा तल ओर्लन र लचिलो हुन तयार छ। यसअघि संविधानसभाका लागि माओवादी पक्षले जनमत संग्रहमा जानसक्ने विचार बनाएको थियो। र, तेस्रो, माओवादी संसद्का सातवटै दलहरूसित सहकार्य गरेर पुँजीवादी प्रजातन्त्रलाई पूर्ण बनाउने विधिका सम्बन्धमा सहमति बनाउन तयार छ। त्यस पत्रमा माओवादीले उक्त कुराहरूलाई स्पष्टताका साथ राखेको थियो।



तर, आश्चर्य नै मान्नु पर्दछ, माओवादीसँग दोस्रो पटकको वार्ताको यो योजना गर्भमा रहँदै अप्रत्यासित रूपबाट जेठ ८ गतेका दिन प्रतिनिधिसभाको विघटन भयो। र, नेपालको राजनीतिले सर्वथा अनपेक्षित रूपमा अर्कै बाटोतिर लाग्यो। अनिश्चित गन्तव्यतिर।

के थिए त, कोइराला र माओवादी बीचको समझदारीका एजेन्डाहरू ? त्यस पत्रमा माओवादीले उल्लेख गरेका विषयहरूनै वास्तविक एजेन्डा थिए वा अरू नै कुनै विषयमा माओवादीको कोइरालासित समझदारी भएको थियो ? स्वयं गिरिजाप्रसाद कोइरालाले यस सम्बन्धमा प्रसंगवश मलाई बताउनुभएको थियो : देउवा सरकारका प्रतिनिधिहरूसँगको वार्ताको सन्दर्भमा माओवादीले संविधानसभाको मागलाई तत्कालका लागि स्थगन गरिसकेपछि उनीहरू संविधानमा महत्त्वपूर्ण संशोधन चाहेका थिए। राजाको संकेतबिना देउवा यस पक्षमा जनसक्ने स्थितिमा थिएन। तसर्थ, माओवादीहरूले राजनीतिक दलहरूको सहयोगका साथ संसद्बाट संविधानमा उल्लेखनीय संशोधन गराएर फेस सेफको बाटो खोजेका थिए।

यसका लागि माओवादीहरूले शेरबहादुर देउवाको ठाउँमा अर्को प्रधानमन्त्री चाहेका थिए। उनीहरूले संसद्भित्रकै प्रक्रियाको आधारमा सरकारको नेतृत्व परिवर्तनमा एक प्रकारको सहमति जनाएका थिए।

यस योजनाअनुसारको भावी वार्तामा माओवादीहरूले राजाको भूमिकालाई सन्तुलित पार्नका लागि राजनीतिक दलहरूको सहभागितालाई महत्त्व दिन चाहेका थिए। यसै आधारमा माओवादीहरूले औपचारिक रूपमा वार्तामा राजनीतिक दलहरूको प्रवेश गराउनका लागि कोइरालासँगको सहमतिको आधारमा नै कोइरालाले आह्वान गर्ना साथै उपरोक्त उल्लेखित पत्र लेखेका थिए।

यी र यस्ता अन्य कतिपय विषयहरूमा कोइराला र माओवादीका बीचमा सहमति भएको थियो। सहमतिको यो विषय कति स्वच्छ र इमान्दार थियो, स्वयं कोइराला तथा माओवादीहरूलाई नै थाहा होला। तर, कोइराला स्वयंको स्वीकारोक्तिअनुसार आफू दिल्लीबाट फर्कनासाथै राजालाई यस विषयमा जानकारी गराउनु उनको गल्ती भयो। तर, मलाई लाग्दछ, माओवादीको यस प्रस्तावबाट कोइराला पुनः एकपटक मुलुकको प्रधानमन्त्री बन्न हौसिनु भएको थियो। यसले कोइरालालाई पुनः प्रधानमन्त्री बन्न लोभ्याएको थियो। जसले गर्दा केही अघि मात्र राजाबाट असहयोग पाई प्रधानमन्त्रीको कुर्सी छाडेका कोइरालालाई उहाँको निम्ति नारायणहिटी वरिपरी लगाइएको सुषुप्त अग्निरेखाको प्रज्वलनशीलतालाई बिर्साएको थियो।

जे होस् कोइरालाको यस प्रयत्नले कुनै रूप लिनु अघि नै जसरी संसद् भंग भयो, यसले कोइराला तथा माओवादीबीचको समझदारीअनुसार कल्पित

राजनीतिलाई अन्तै पुऱ्याएको कुरामा कुनै दुईमत रहँदैन । र राजाको अभिलाषा यस मुलुकलाई प्रतिगमनको बाटोबाट हिँडाएर लाने नै देखिएको सन्दर्भमा कोइराला र माओवादीबीच निर्मित योजनालाई छताछुल्ल पारेर संसद् विघटन र तत्पश्चात् आफूखुसी संविधानको धारा १२७ को प्रयोग गर्ने कार्यमा सहुलियत पुगेको कुरामा पनि दुई मत देखिँदैन । यद्यपि कोइरालाको विचार थियो, वार्ताका लागि इच्छा जनाएको थाहा पाएपछि राजा स्वयंले प्रत्यक्ष रूपमा माओवादीसँग वार्ता गरेर जस लिने कार्य योजनाको तहत संसद् विघटनको नाटक मञ्चन भयो ।

यस्ता धेरै कुराले गर्दा कोइरालाको मन राजासँग अमिलिएको छ । कोइरालाका अगाडि नेपालका राजाहरूबाट एकपक्षीय रूपमा सम्झौता तथा समझदारीहरू भंग गरिएका लामो फेहरिस्तको स्मरण भएको हुनुपर्दछ । वि.सं. ०७ साल फागुन ७ गतेको राजा त्रिभुवनको जन निर्वाचित विधानसभाबाट बन्ने संविधानबाट मुलुकको शासन चल्ने प्रतिबद्धता यतिकै तुहिएको थियो । वि.सं. ०१५ सालमा राजासँगको समझदारीको आधारमा कांग्रेसले ८ वर्ष पूरानो संविधानसभाको माग त्याग्ने र राजाले नै दिएको संविधानमार्फत् निर्वाचित हुने जनताको सरकारलाई मुलुकको शासन सत्ता चलाउन दिने राजाको संकल्प पुस १, ०१७ को शाही कदमबाट लत्याइयो । वि.सं. २०१७ सालमा जेल परेका गिरिजाप्रसाद कोइराला जेलबाटै राजा महेन्द्रसँग भेटेर बी.पी.कोइरालालाई मुलुकको राजनीतिको मुलधारमा सहभागी हुन दिनेबारे भएको समझदारी तोडिएपछि ०२६ सालमा बी.पी. भारत निर्वासनमा जानुपरेको तीतो अनुभव पनि कोइरालालाई यतिखेर भएको हुनुपर्दछ । पछिल्लो पटक वि.सं.०४६ चैत्र २६ गते राजा, कांग्रेस र वाममोर्चाका बीच भएको सम्झौता तथा तदनुरूप बनेको 'नेपाल अधिराज्यको संबिधान २०४७' राजामा निहित सार्वभौम अधिकारको वधशालामा पछारिएको असोज १८, २०५९ को शाही कदम । वास्तवमा यी सबै राजाबाट एकपक्षीय रूपमा उल्लंघन गरिएका घटनाहरूको बुझाइ अवश्य पनि कोइरालाका लागि राजालाई बुझ्ने सन्दर्भमा खास अर्थ राख्दछ । यतिकै अमिलिएन होला, कोइरालाको मन ।

**पौष १४, ०५९/Dec 29, 002**

हिजोको शनिबारको दिन साथीहरूसँगको भेटघाटमा यतिकै बित्यो । आज आइतबारको बिदा भएकाले अदालत बन्द छ । हिजो र आज बिदा नपरेको भए सम्भवतः मेरो मुद्दामा थुनछेक र धरौटीको हकमा एक प्रकारको टुंगो लागिसक्ने थियो ।

आज पौष १४ गते हो । स्व. राजा वीरेन्द्रको जन्मको दिन । राजा वीरेन्द्र बाँचेको भए आजको दिनमा औपचारिक कार्यक्रमहरूको धुमधाम हुन्थ्यो । आज



त्यस्तो केही देखिँदैन । आजका अखबारहरूले राजा वीरेन्द्रको व्यक्तित्वका बारेमा केही सामान्य प्रकारका लेख रचना तथा शब्दचित्रहरू प्रकाशित गरेका छन् । यिनै सामग्रीहरूलाई बिहानका एफ. एम. रेडियोहरूले उद्धृत गरेर प्रसारण गरेको सुनें । वास्तवमा यसैले आज राजा वीरेन्द्रको जन्म दिन भएको थाहा पाएँ ।

राजा वीरेन्द्रको जीवनको दुखान्त भयो । दुखान्तको यस भयावह एवं निर्मम तरिकाका कारण उहाँप्रति आम नेपालीहरूका मनमा ठूलो सम्मानको भाव जागेर आएको छ । यस घटनाबाट उनको बारेमा आम मानिसहरूले गर्ने स्वाभाविक मूल्यांकनको धार नै बदलिएको छ । मेरो विचारमा राजा वीरेन्द्रको जीवनका स्मरणीय तीन पक्षहरू छन् ।

पहिलो पक्ष निरंकुश राजाको हो । जसले दमनको पराकाष्ठामा पुगेर लामो समयसम्म अधिनायकवादी शैलीमा राज्य चलाए । यस अवधिमा राजा वीरेन्द्रको स्वेच्छाचारी प्रत्यक्ष शासन थियो । यस अवधिमा भएको प्रजातान्त्रिक आन्दोलनमा असंख्य सपूतहरूले अनाहकमा ज्यान गुमाए ।

दोश्रो, त्यस्तो राजाको, जसले जनताको आकांक्षा अनुकूल मुलुकमा प्रजातन्त्र स्थापनाका लागि बाटो प्रशस्त गऱ्यो । भलै राजाको यस पछिल्लो कदमको स्वार्थ भने शासनमा उसको निरन्तरताको चाह नै किन नहोस्, तथापि राजाको यो कार्य सर्वत्र प्रशंसनीय रहेको छ । यो कदम जनताको चाहना, बदलिएको समयको अनुकूल हुने गरी भएको हुँदा यथार्थतः यो पक्ष स्मरणीय छ । यद्यपि, त्यस बेला पनि राजा वीरेन्द्र आफ्नो स्वेच्छाचारी शासनको निरन्तरताका हठमा अडेकै थिए, जबसम्म लाखौं मानिसहरू मर्न र मार्नका लागि राजदरबारको मूल ढोकासम्म पुगेनन् । वस्तुतः शासकको यो चरित्र स्वभावतः स्वर्गवासी राजामा पनि थियो ।

तेस्रो, वि.सं. २०४७ सालमा मुलुकमा संसदीय प्रजातन्त्रको स्थापना भए पनि स्वयं राजा वीरेन्द्रले यस परिवर्तनलाई सहृदयताका साथ आत्मसात गरेको देखिँदैन । वास्तवमा नेपालको राजदरबारले चैत्र २६ को शाही घोषणाको मसी सुक्न नपाउँदै आफूले गुमाएको अधिकारहरूको पुनः प्राप्तिका लागि प्रयत्न सुरु गरेको देखिन्छ । यस्ता घटनाहरूको शृङ्खला लामो छ ।

आन्दोलनकारी दलहरूको भावनाविपरीत दरबारले आफूखुसी संविधान सुझाव आयोगको गठन गऱ्यो । राजाको यस कदमको तीव्र आलोचना गर्दै राजनीतिक दलहरूले यस आयोगलाई अस्वीकार गरेपछि पुनः राजाबाट नयाँ आयोगको घोषणा गरिएको थियो । तत्कालीन कृष्णप्रसाद भट्टराईको सरकारको पालामा ०४७ को कार्तिकको अन्त्यतिर संविधान सुझाव आयोगले तयार गरेको संविधानको मस्यौदालाई बेवास्ता गर्दै दरबारले छुट्टै संविधानको मस्यौदा तयार गरी बाँडेको थियो ।

शाही नेपाली सेनाका उच्च पदस्थ अधिकृतहरूको एक टोलीले बुट बजार्दै तत्कालीन प्रधानमन्त्रीका सामु मुलुकको सार्वभौमसत्ता राजामा निहित हुनुपर्ने सुझाव दिएको थियो, जुन राजा र दरबारको मनशायको विपरीत थिएन ।

संविधान सुझाव आयोगले तयार गरेको संविधानका मस्यौदाका बारेमा दरबारको कतिपय विषयमा गम्भीर आपत्ति आयो । यसलाई समायोजन गर्न दरबारको दबावका कारण तत्कालीन मन्त्रिपरिषद्ले थुप्रै थपघट गर्न बाध्य हुनु पर्‍यो ।

यसको साथै सरकारले गर्ने राजनीतिक कूटनीतिक नियुक्तिहरूको विषय पनि दरबारको हस्तक्षेपका कारणले विवादरहित रहेन । तत्कालीन सरकारको रायबिना नै राजदरबारले फ्रान्सका लागि शाही नेपाली राजदूत कल्याणविक्रम अधिकारीलाई इजरायल तथा स्पेनका लागि राजदूत नियुक्त गरेको दरबारको विज्ञप्ति सार्वजनिक भएपछि राजासँगको विवाद नयाँ रूपबाट प्रकट भयो ।

गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएको बखत लोकसेवा आयोगको रिक्त अध्यक्ष पदका लागि सरकारले सिफारिस गरेका एक जना तराईवासीको नामलाई दरबारले स्वीकृति दिन मानेन । उच्च संवैधानिक पदमा तराईवासीलाई नियुक्त गरिंदा दरबारले आफ्नो अनुचित हस्तक्षेप देखायो त्यस बखत । दरबारको यो प्रवृत्ति अन्य विभिन्न संवैधानिक पदहरूको नियुक्ति, प्रधानन्यायाधीशको नियुक्ति, महान्यायाधिवक्ताको नियुक्तिमा कतिपय पटक सार्वजनिक रूपमा प्रकट भयो ।

वि.सं. २०४८ सालमा पहिलोपटक राष्ट्रियसभाको सदस्यमा राजाबाट मनोनित भएका सबै १० जनाको नाम प्रधानमन्त्रीबाट सिफारिस भएअनुसार भएको थियो । यसमा राजाले चाहेका केही मानिसहरूको नाम पनि राजाबाट प्रधानमन्त्रीसमक्ष अनौपचारिक रूपमा अनुरोध भइआएको थियो । तर, संविधानको सोही प्रावधानअनुसार दोस्रोपटक राजाबाट भएको मनोनितहरूको नाम एक्कासि प्रधानमन्त्रीले रेडियो नेपालको समाचारबाट सुन्नु परेको थियो ।

यस क्रममा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्षको नियुक्तिको विषय र सबैभन्दा बढी चर्चामा रह्यो । मनमोहन अधिकारी प्रधानमन्त्री भएको बखत स्वयं प्रधानमन्त्री, प्रधान न्यायाधीश तथा संसद्मा प्रमुख विपक्षी दलका नेता रहेको सिफारिस समितिबाट पूर्व प्रधान न्यायाधीश विश्वनाथप्रसाद उपाध्यायको नाम सिफारिस भएको थियो । यसलाई दरबारले अन्तिम समयसम्म मानेन । यो विवाद लगभग दुई वर्षसम्म कायम रह्यो र पछि गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएको बखत नयनबहादुर खत्रीको नाम सिफारिस भएपछि मात्र दरबारले सहमति जनायो ।

यसैगरी प्रतिनिधिसभाबाट पारित भई स्वीकृतिका लागि राजदरबार पठाइएको नागरिकतासम्बन्धी ऐनको संशोधन विधेयकमा दरबारले स्वीकृति



दिएन । वि.सं. २०५७ साउन ११ गते संसद्बाट अन्तिम रूपमा पारित यस विधेयकलाई दरबारले ८ महिनापछि फागुन ९ गतेका दिन रायका लागि सर्वोच्च अदालतमा पठायो । राजाको यो कदम स्पष्ट रूपमासंविधानको उलंघन थियो । पछि सर्वोच्च अदालतले यस कानुनलाई संविधानसँग बाझेको भनी राय दियो । दरबारले अब संविधानको कुन धाराअनुसार पुनः विचारका लागि यस विधेयकलाई संसद्मा पठाउने यो समस्या उत्पन्न भएर महिनौंसम्म विधेयक दरबारमा थन्केर बस्यो । शेरबहादुर देउवा प्रधानमन्त्री भएपछिमात्र राजाले भनेबमोजिम प्रधानमन्त्रीले मन्त्रीपरिषद्को निर्णय गराएर राजाबाट स्वीकृति प्रदान नगरी यस विधेयकलाई फिर्ता पठाई दिन जाहेर गर्ने सिफारिसको निर्णय गरियो । वास्तवमा त्यतिखेर मन्त्रिपरिषद्मा यस विषयमा निर्णय हुने स्थिति थिएन । प्रधानमन्त्री र केही मन्त्रीहरूका बीच ठूलो वादविवाद भएपछि प्रधानमन्त्रीले आफ्नो विशेषाधिकार प्रयोग गरी मन्त्रिपरिषद्का निर्णयमा समावेश गराई यस सिफारिसलाई दरबार पठाइएको थियो र दरबारले फेस सेफ पायो ।

वि.सं. २०५७ को असोजमा माओवादीहरूले डोल्पाको सदरमुकाम दुनैमा आक्रमण गरे । यस आक्रमणमा नजिकै रहेका शाही नेपाली सेनाले प्रहरीलाई सहयोग गरेन । सेनाको यस रवैयाका प्रति खुला रूपमा तत्कालीन गृहमन्त्री गोविन्दराज जोशी र अप्रत्क्ष रूपमा तत्कालीन प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलले आलोचना गरे पछि सोझै दरबारको दबावका कारणले यी दुवै जनालाई राजीनामा गर्न बाध्य गरियो ।

संसद्का विघटनसम्बन्धी प्रधानमन्त्रीहरूको सिफारिसहरू कहिल्यै पनि दरबारको हस्तक्षेपबाट अक्षुण्ण रहेन । यस विषयमा दरबारले पटकपटक भिन्ना भिन्नै मापदण्डहरू अख्तियार गरेको देखिन्छ । वास्तवमा स्वयं राजा वीरेन्द्रकै शासनकालका यस्ता कयौं उदाहरणहरू छन्, जसले स्पष्टतः संकेत गर्दछ कि स्वयं राजा वीरेन्द्रले पनि संसदीय व्यवस्थाको नाममा भएको परिवर्तनलाई सहृदयता पूर्वक स्वीकारेनन् । के आज आएर असोज १८ गतेको नाममा प्रकट भएको यस शाही कदमको पछाडि एक्लो शेरबहादुर सरकारको निर्वाचन सार्ने सिफारिस र राजाको त्यसै दिन जन्मेको महत्त्वाकांक्षा मात्र कारक हुन् ?

जे होस, राजा वीरेन्द्रको समयमा दरबारभित्र कार्य सुरु गरेको प्रतिगमनको कारखाना उनको समयमा परिणाम दिन सकेन । आज आएर दियो । तसर्थ राजा वीरेन्द्र न त २०१७ पौष १ गते नै ल्याउने भए, न त असोज १८, २०५९ नै । यस दोषको कर्ताको रूपमा दरिनु परेन । र दोषरहित रूपमा यस लोकबाट बिदा लिनु पर्‍यो । यस संसारबाट दोषरहित मुक्ति पनि मोक्षको प्राप्ति नै हो । राजा वीरेन्द्रको जन्म दिनमा यस थुना कोठाबाट उहाँप्रति मेरो पनि श्रद्धाञ्जलि छ ।

नेपालको राजनीतिमा गिरिजाप्रसाद कोइरालाले कुनै न कुनै रूपमा दरबारको यस नियतसँगै आफूलाई हिडाइ राख्नुभएकाले दरबारप्रति उहाँको मन बढी अमिलिएको हुनसक्छ । आज आएर प्रजातन्त्रको रक्षाकालागि राजाको अगाडि कोइरालाले गरेको खबरदारीका कारणबाट अवश्य पनि राजाको महत्त्वाकांक्षाको रथ अगाडि बढ्न बाधाको अनुभव गरेको हुनुपर्दछ । यसमा विघ्न उत्पन्न भएको छ । अब कसले बाटो छोड्ने ?

वर्तमान राजा र जनपक्ष एकापसमा आमने-सामुन्ने उभिएको स्थिति छ । अस्ति भर्खरै राजविराजको आमसभामा गिरिजाप्रसाद कोइरालाले राजाको भूमिका तथा राजाको वर्तमान संस्थापनामाथि कडा प्रहार गर्नुभएको छ : "नेपालमा राजालाई विष्णुको अवतार मानिन्छ र गत वर्ष जेष्ठ १९ गते (राजदरबार हत्याकाण्ड) मा नै विष्णुको अवतारको मृत्यु भइसकेको छ ।" राजाका लागि कोइरालाको यो प्रतिक्रिया हृदय भेदन गर्ने प्रवृत्तिको भयो होला ।

गिरिजा प्र. कोइरालाको उमेरले अब लगभग ८० वर्ष नाघेको होला । राजनीतिक सक्रियताका दृष्टिले यो उमेर कम होइन । नेपालमा कोइराला परिवारले भोगेको अनुभव तथा उतार चढावको दास्तान निकै गह्रौ छ । सांसारिक जीवनको रमाइलोहरू र असिम सुख प्राप्तिको खोजीप्रति सुजाता तथा उनका समवयका कोइरालाहरूको मोह कुनै पनि अर्थमा अब गिरिजा बाबुमा छैन । सम्भवतः त्यसैले होला, राजातिर फर्केर आज भोलि गिरिजाप्रसाद बारम्बार भनी रहनुहुन्छ : यी कठोर जस्ता लाग्ने कुराहरू मैले भन्नै पर्दछ । यी कुराहरू मैले भनिन् भने अरू कसले भन्न सक्छन् ? मेरा विचारमा उहाँको सोचमा आएको यो कठोर प्रकृतिको परिवर्तन नयाँ संकल्पको द्योतक हो । सायद पिता कृष्णप्रसाद कोइरालाले निर्माण गरेको जगमा दाजु बी.पी. को संघर्षका अपुरित अंशहरूलाई एउटा सोपानमा पुऱ्याउने संकल्प होला यो ! यसै भए हुन्थ्यो ।

हालै हामीलाई भेटनका लागि रामचन्द्र पौडेल र डा. रामशरण महत आएका थिए । त्यस दिनदेखि एउटा थप विषयले हाम्रो नियमित भ्कै रहेको छलफलमा प्रवेश गरेको छ । त्यो हो, नेपाली काँग्रेसको एकताको विषय । हिजो पनि यस विषयमा हामीबीच लामो कुराकानी भयो । पार्टीको एकताका बारेमा चिरन्जीवी वाग्ले सकारात्मक छैनन् । उनको रायमा ने.का. पार्टीमा विखण्डनका सबै खाले त्रुटिहरू कोइरालाबाट नै भएका हुन् । र अबको एकताको मुख्य सवाल नै गिरिजाप्रसादले नेतृत्व त्याग्ने विषय हो । अब हुने एकताको परिणाममा कोइराला नै पार्टी सभापति रहिरहने हो भने यस्तो एकता सम्भव नहुने वाग्लेको अडिग राय रहेको छ । मलाई भने रामचन्द्र पौडेलको भनाइ पनि विचारणीय लागेको छ ।



उनको विचार छ- आजको स्थितिमा ने.का.को एकतालाई कुन अर्थमा हेर्ने ? पहिले यसको प्रयोजनको निर्क्यौल हुनुपऱ्यो । मुलुकमा प्रजातन्त्रको पुनर्स्थापना गराउने सन्दर्भमा, अर्थात् असोज १८ गतेको राजाको कदमबाट उत्पन्न भएको विषम परिस्थितिलाई सच्याउनका लागि नेपाली कांग्रेसलाई बलियो बनाउन एकताको आवश्यकता छ भन्ने रूपबाट हेर्ने कि, अथवा मुलुकको परिस्थितिलाई यथारूपमा नै छाडेर यस पार्टीलाई कसले नेतृत्व दिने, पहिले पार्टीको कमी कमजोरीहरूलाई नै सच्याउने । यस रूपमा हेर्ने ? यी दुईमध्ये हामीले चयन गर्नुपर्ने प्राथमिकता के हुने हो ? यसैलाई विचार गरेर नेपाली कांग्रेसको एकताका बारेमा धारणा बनाउनु पर्दछ भने रामचन्द्र पौडेलको विचार थियो ।

रामचन्द्र पौडेल जानु भएपछिको हाम्रो आपसी कुराकानीमा मैले आफ्नो धारणालाई सुरक्षित राख्न चाहेको थिएँ । तर, सम्भव भएन । खुमबहादुर खड्का तत्काल पार्टी एकताको पक्षमा देखिए । यद्यपि त्यस दिन वाग्ले भने आफ्नो निश्चित विचारबाट बाहिर जाने मुडमा नभएको थाहा पाउँदा पाउदै पनि मैले कुराकानीमा आफ्नो विचार स्पष्ट रूपमा राखेको थिएँ ।

मुलुकको वर्तमान राजनीतिक परिस्थिति र दलहरूको अवस्थालाई मनन गर्दा राजाको असोज १८ गतेको कदमका विरुद्ध सशक्त रूपको कुनै शूत्रको निर्माण गर्न कुनै एक पार्टी अथवा सबै दलसक्षम हुन नसकिरहेको अवस्था स्पष्ट छ । यस्तो घडीमा नेपाली काँग्रेसभित्रको एकतालाई कसैले ने.का. पार्टीको संगठनात्मक ढांचाभित्र आफ्नो गरिमाको पुर्नप्राप्तिको रूपमा हेरिनुभन्दा पनि यस एकताले राजाद्वारा हरण गरिएको संवैधानिक अधिकारहरूको पुनर्प्राप्तिको आन्दोलनलाई कत्तिको बल दिन सक्छ ? यस अर्थमा हेरिनुपर्ने हुन्छ । हामीले मानौ वा नमानौं तर, आम काँग्रेसी कार्यकर्ताको दृष्टिमा आज पार्टीभित्र कुनै अमुक नेताको स्थानको यथारूप वा सम्मानपूर्वकको पुनर्वहाली तथा पदको सुरक्षणभन्दा पनि मुलुकमा प्रजातन्त्र नै समाप्त भएको अवस्थामा यसको प्राप्तिका लागि उपयुक्त परिस्थितिको निर्माण कसरी गर्ने, यो बढी महत्त्वको सवाल भएको छ । र यस विषयमा प्रायशः धेरै कार्यकर्ताहरूको एउटै निष्कर्ष रहेको देखिन्छ : ने.का.को विभाजन नै यस्तो प्रतिगामी कदम चाल्नका लागि राजाको निम्ति प्रेरक रह्यो । तसर्थ संघर्षबाट प्रजातन्त्रको पुनर्प्राप्तिका लागि पूर्वाधारका रूपमा पार्टी एकता नै आज सबैको चाहना भएको छ । मेरो पनि यही धारणा हो ।

त्यसदिन रामचन्द्र पौडेलको सुझाव थियो । अब गिरिजा बाबु ८० वर्षको हुनुभयो । यस उमेरमा पार्टी सभापतिको निर्वाचित उहाँको यो पद त्यतिकै दबावका कारणले हस्तान्तरण गर्नु हुन्न । यद्यपि निश्चित समयावधिमा पुनः

पार्टीको नयाँ नेतृत्वको चयन हुन्छ नै । नेतृत्व परिवर्तनका लागि त्यस वैधानिक अवसरलाई प्रयोग गर्न सकिन्छ । त्यस बेला अवश्यमेव स्थिति फेरिन्छ । यस निम्ति पार्टीको विधानअनुसार आवश्यक समयसम्म पर्खिनु उपयुक्त हुन्छ । यही पर्खाइको सोचअनुसार नै शेरबहादुर देउवासँग सहमत हुँदाहुँदै पनि पौडेलले आफू ०५९, असार ४ गतेको बानेश्वरको भेलामा सहभागी हुन नसकेको निहित कारण पनि बताए । यस पार्टीमा गिरिजाप्रसाद कोइरालाले पद छाडे पनि कसैको लागि त्यस पदको प्राप्ति भने प्रतिस्पर्धाहीन त हुँदैन । गिरिजा बाबुको सरहदमा रहेका सुशील कोइराला, गोविन्दराज जोशी प्रवृत्तिसँग त्यहाँ फेरि लडाइँ त लड्नु छँदैछ । राजनीतिमा जहाँ रहे पनि यस प्रकारको प्रतिस्पर्धाबाट कहाँ उन्मुक्ति पाइन्छ र ? के हुन्थ्यो ! यत्रो वर्ष गिरिजा बाबुको नेतृत्वकै खिलाफमा पार्टीभित्र लडियो, अझ केही वर्ष संघर्ष गरिन्थ्यो । २/३ वर्षमा त स्वभाविक रूपमा नेतृत्व हाम्रो जिम्मामा नै आउथ्यो । तर, कमसे कम सबै कुरालाई सहेर भए पनि पार्टीलाई एक राख्न सकेको भए प्रजातन्त्र त जाँदैनथ्यो । त्यस दिनको पौडेलको यस निष्कर्षसँग वाग्लेको सहमति रहेन ।

मैले पछि वाग्ले र खुमबहादुरसँग प्रस्ताव राखेको थिएँ : राजाले चालेका कदमका विरोधमा संघर्षलाई परिणाममा पुऱ्याउन नसकेर यत्तिकै अकर्मण्य पर्खाइमा बस्नुभन्दा बरू पार्टीभित्र छिटो एकता गरेर यस अनिश्चित पर्खाइको समयलाई सउद्देश्य घटाउन सकिन्छ भने यस दिशामा किन प्रयास नगर्ने ? मलाई लाग्दछ, पार्टीमा पुनः सबैको सम्मानजनक पुनः सामूहिक एकीकरणको वातावरण बनाउन गिरिजा बाबुबाट अर्थपूर्ण प्रयास भयो भने टुक्रिएको काँग्रेस एक पटक फेरि मुलुकको आवश्यकताको परिपूर्तिका लागि एक हुन सक्दछ ।

**पौष १५, ०५९/Dec 30, 002**

पौषको यो महिना गजबको छ । पञ्चायती व्यवस्था ढलेको यतिका वर्ष भए पनि राजा महेन्द्रको स्तुतिमा केही निर्दलवादीहरूले गएको पौष १ गतेका दिन महेन्द्रको जयन्ती मनाए । हिजो पौष १४ गते राजा वीरेन्द्रको जन्मदिन थियो । आज पौष १५ गते युवराज पारसको जन्मदिन भएको हेक्का राख्नुपर्ने भयो । फेरि आउने पौष २७ गते पृथ्वीनारायण शाहको नाममा मनाइने एकता दिवस आउँदैछ । पूराका पूरा पौष महिनालाई नेपालका शाहवंशीय राजाहरूमा समर्पित गरिएको छ । विगत १२ वर्षको प्रजातान्त्रिक अभ्यासमा हामी संघर्षमा समर्पित, बलिदानलाई चिरस्मरण गराइरहने एउटा पनि स्मरणात्मक दिवसलाई स्थापित गर्न सकेनौं ।

मलाई हालै भारतका राष्ट्रपति अब्दुल कलामको एउटा भनाइको स्मरण भएको छ । हालै एक समारोहमा उहाँले भन्नुभएको छ, "भारतका हरेक राज्यका युवाहरूले आफूलाई प्रेरित गर्ने इतिहास पुरुषहरूका तस्वीर सदैव आफ्ना आँखा



अगाडि पाइराख्नु पर्दछ । चाहे ती इतिहास पुरुषहरू जुनसुकै कार्यक्षेत्रका हुन् । नयाँ भारतको निर्माणका लागि युवाहरूलाई प्रेरणा चाहिएको छ । अब निश्चित उत्प्रेरणाविना भारतका युवापुस्ताले सोद्देश्य प्रेरणा पाउँदैन ।" भारतका राष्ट्रपतिको उक्त कथनको गहन अर्थ छ । थाइल्यान्डका राजा, भारतका राष्ट्रपतिले आफ्नो पदावधि र जीवनलाई मिसन बनाएका छन् । तर, किन होला? हाम्रा राजा... वैमनस्य, कलह, दरबारी षडयन्त्रको सुसुप्त इतिहासकै न्यानोपनमा नै बाँच्न चाहेका छन् ।

सुन्दरीजल बन्दीगृहमा थुनिंदा वी.पी.ले आफ्नो डायरीमा लेख्नुभएको छ : नेपालमा शाहकाल, पृथ्वीनारायण शाह र जंगबहादुरको उदय दरवारिया षड्यन्त्र, हत्या, छलकपट, धोका, नाटकका मुख्य पात्रजस्ता हाम्रा महत्त्वाकांक्षी रानीहरूको चाल आदिले भरिएको छ । यस्तो परम्परा बोकेको राजतन्त्र भएको देशमा अनियन्त्रित दरबारिया अधिकार एउटा खतरा हो । आफ्ना पुर्खाहरूको यस्तो त्रासदीपूर्ण परम्परा भएका अहिलेका राजाले परम्परा र आधुनिक राजनीतिक भावनालाई कतिसम्म आत्मसात गरेका छन् मलाई थाहा छैन । के दरबारभित्र मध्ययुगमाथि आधुनिकयुग हावी होला ? राज्यको नीति निर्माण गर्दा के आधुनिक धारणा मध्ययुगीन धारणामाथि हाबी होला ? **दरबार वनाम जनता, दरबार वनाम राष्ट्र ?** यस प्रश्नको जवाफले नै नेपालको भविष्यलाई निर्धारण गर्नेछ । वी.पी.ले सन् १९७६ मा लेखेको डायरीको यो अंश आज पढ्दैछु ।

**पौष १६, ०५९/म्भअ घज्ञ, ण्ण्द**

आज पौष १६ गते, राष्ट्रिय मेलमिलाप दिवस हो । वि.सं. २०३३ सालमा आजकै दिन जननायक वी.पी. कोइरालाले भारतको लामो निर्वासन त्यागेर राष्ट्रिय एकता तथा मेलमिलापको नीतिका साथ स्वदेश आउनुभएको थियो । वी.पी. सँगै गणेशमान सिंह, नीलाम्बर पन्थी, शैलजा अचार्य र खुमबहादुर खड्का लगायतका नेपाली कांग्रेसका अनेकौं मानिसहरू बडो साहसिक निर्णयका साथ नेपाल आएका थिए । वी.पी. र गणेशमानजी, दुईजनालाई नेपाली भूमि टेक्नासाथै त्रिभुवन विमानस्थलबाट सोझै यही सशस्त्र प्रहरी गण (जहाँ हामी थुनिएका छौं)मा ल्याई केही समयसम्म यही बन्दी बनाइएको थियो । पछि उहाँहरूलाई सुन्दरीजल बन्दीगृहमा सारिएको थियो । कस्तो संयोग, वि.सं.२०५९ को आज पौष १६ गतेको दिन, मुलुकमा प्रजातन्त्र अपहृत भएको बेला, यही स्थानमा हामी थुनिएका छौं । झन् खुमबहादुर खड्का पनि सँगै थुनाको साथी हुनु इतिहासको कस्तो संयोग !

तर विगतका वर्षहरू सरह आज मेलमिलाप दिवसको कुनै चर्चा छैन । नेपाली कांग्रेसले कुनै कार्यक्रम आयोजना नगर्ने भएको छ । पत्रपत्रिकाहरूमा पनि कुनै सामग्री प्रकाशित भएको देखिँदैन । आजकै दिनमा वी.पी.,

गणेशमानजीहरूको स्वदेश आगमनको युगान्तकारी निर्णय र देशवासीका नाममा जारी गरिएका वक्तव्यले तिनताकमा नेपालको राजनीतिमा ल्याएको हलचलको प्रतिध्वनि त विगतका वर्षहरूमा नै धूमिल भइसकेको थियो । तर, यस वर्षको आजका दिनमा त यसको सामान्य औपचारिकताको छायाा पनि विलीन भएको छ ।

सम्भवतः आज म रिहा पनि हुनसक्छु । हिजो विशेष अदालतमा मेरो मुद्दाको बहस लगभग सकिएको छ । सदा झैं आज पनि अख्तियार पक्षका सरकारी वकिलहरू पट्यारलाग्दो, अतार्किक एवं पेसागत मर्यादा विपरीतका भाषणवाजी नगरी व्यावसायिक रूपमा प्रस्तुत हुन सकेमा सम्भवतः हाम्रो बहस सकिन्छ । र, न्यायाधीशहरूले समय पाएमा थुनछेकको आदेश सुनाउन सक्नुहुन्छ । मेरो यस मुद्दाको प्रकृतिका बारेमा विचार गर्दा म सामान्य धरौटीमा रिहा हुने कुरामा आशावादी छु ।

विशेष अदालतका रजिस्ट्रार कुलप्रसाद शर्मा एक व्यावसायिक र न्यायिक चरित्रका व्यक्ति देखिन्छन् । सायद अदालतले धरौटीमा रिहा हुनसक्ने आदेश दिएमा सामान्य प्राविधिकझैं झन्झट खडा गरेर एक दिन भए पनि बढी थुनामा राख्ने उपक्रम गरेर उनले पुरुषार्थ देखाउने छैनन् । यहाँ एकदिन भए पनि बढी थुनामा राख्न सकिन्छ कि भनेर अख्तियारले ४ बज्न १५ मिनेट बाँकी रहँदा मुद्दा दर्ता गर्न ल्याएको अनुभव छँदैछ । एक दिन नै भए बढी थुनामा राख्न सरकारी पक्षले बहस सकिए पनि २ जना सरकारी वकिलको संख्या थपेर समय लम्ब्याउँछन् । यस्तो परिवेश र मानसिकताका बीच रजिस्ट्रार कुलप्रसादको न्यायिक मन कति दिनसम्म विशेष अदालतमा सरकारका लागि मनमाफिक हुन्छ थाहा छैन । जे होस्, आज अदालत गएपछि रिहा हुने अपेक्षा राखेको छु । भोलि जनवरी १ तारिख । सन् २००३ को सुरुवात ।

## चैत्र ६, ०५९/Mar 20, 002

म आज पुनः थुनिएँ । आज पुनः अनामनगरस्थित सिंहदरबार वडा प्रहरी कार्यालयको उही पुरानै थुनुवा कोठामा थुनिन आइपुगेको छु । यही स्थानमा कार्तिक १३, ०५९ का दिन मलाई थुनामा राख्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पठाएको थियो- पूर्व गृहमन्त्री खुमबहादुर खड्काका साथ ।

यो उही पहिलेकै डायरी हो, पौष १६, ०५९ का दिन महाराजगन्जको सशस्त्र प्रहरीगण नं. २ मा पछिल्लोपटक केही पंक्ति लेखेर छोडेको । त्यस दिन विशेष अदालतले कान्तिपुर टेलिभिजनको बिडबन्ड फिर्तासम्बन्धी चलाइएको मुद्दामा मलाई रु. १ लाख धरौटी लिएर रिहा गरेको थियो ।



यसअघि कार्तिक १३ गतको दिन म यहाँ थुनिँदाको बखतको जस्तो मेरो सोच र थुना बाहिरको अवस्था आज छैन । त्यस दिन म एउटा षड्यन्त्रको **तहत** थुनिएको थिएँ । तर, आज म स्वयम् आफूविरुद्धको त्यस षड्यन्त्रलाई एउटा टुंगोमा पुऱ्याउनका लागि स्वेच्छाले अख्तियारसमक्ष हाजिर भएर अदालतको कारबाही नसकुन्जेलसम्मका लागि अदालती प्रावधानअनुसार थुनामा रहनुपरेको हो ।

अख्तियारको यताको कारबाही निम्नस्तरीय नीच राजनीतिक पूर्वाग्रहको प्रतीक भएको छ । विगत १२ वर्षहरूमा प्रजातन्त्रलाई, संसदीय प्रणालीलाई जनअपेक्षाअनुसार विकास निस्तृत गर्न नसक्ने र भ्रष्टहरू जन्माउने परिपाटीका रूपमा जसरी प्रचारित गरियो, त्यसको अभिष्ट अब स्पष्ट भइसकेको छ । संवैधानिक भनिने राजा बस्ने दरबार, यस अवधिमा प्रजातन्त्र मासिंदा खुसी मनाउन जनमत तयार गर्ने यन्त्रशालामा कसरी रूपान्तरित भइरह्यो- अब यसबारे धेरै कुरा बुझ्न जरुरी छैन ।

प्रजातान्त्रिक व्यवस्थाका यसअघिका प्रायः सबै सरकारहरू राष्ट्रका सबै प्राकृतिक स्रोतहरू भारतको जिम्मा लगाउन थाले भनी हुन्डरी मच्चाउने दीपक ज्ञवालीहरू, राजधानीका चोक-गल्लीहरूमा संसद् र तमाम सांसदहरूलाई तेजोवध गर्ने अभियानमा जुटेका देशसेवक संघ, परिवर्तन नेपाल तथा विभिन्न नामधारी राष्ट्रवादी पोसाक भिरेका समूहहरूका नाममा राजा आऊ देश बचाऊ भनी नारा लगाउने भरतजंगमहरू, भद्रकाली, थापाथलीजस्ता स्थानहरूमा प्राडो र पजेरो रोक्न तम्सने कुवेर शर्मा तथा प्रजातन्त्र नै विकासको बाधक हो भन्ठान्ने महेशलाल प्रधान जस्ता भुइँफुट्टा ट्रेडिङ व्यापारीहरू मुलुकमा आएको प्रतिगमनपश्चात् जसरी पदासीन भए त्यसबाट हिजोका दिनहरूमा यिनीहरूले कहाँबाट ऊर्जा पाइरहेका थिए, अब सबैले बुझ्न थालेका छन् । अख्तियारमा सूर्यनाथको प्रमुख आयुक्त पदमा उद्‌भव र विवेकविना प्रयोग हुने कानुनको जन्म र विकास कुन पृष्ठभूमिमा भयो - सबैले बुझ्न थालेका छन् ।

यसअघिको विशेष अदालतको आदेशमा मलाई अख्तियारले माग गरेकाले रिहा भएपछि त्यहाँ जानु भनी स्वेच्छिक प्रकारको शब्दांश राखिएको थियो । मैले बुझेसम्म अख्तियारले मेरा विरुद्धको पहिलो मुद्दामा वाञ्छित सफलता नपाएपछि फेरि मलाई अकुत सम्पति राखेको अर्को फर्जी मुद्दामा फसाउन खोजिएको थियो । यसै क्रममा म स्वयं अख्तियारमा गएर सविस्तार बयान दिएको थिएँ र पुनः अख्तियारले खोजेका बखत हाजिर हुने भनी आफ्नो काममा लागेको थिएँ । तर, यसबीचमा अख्तियारको जिम्मामा रहेको यो विषय पञ्चायतकालीन सी.डी.ओ.हरूले प्रयोग गर्ने गरेको सुरक्षा कानुनसरह हुन्छ कि भन्ने आशंकाले म

आफै अख्तियारसमक्ष उपस्थित भई मुद्दा अदालतमा बुझाउन बाध्य गराई आज यस थुनामा आइपुगेको छु।

यसबीचमा अख्तियारले अत्यन्त घटियास्तरको प्रचार युद्ध थालेको छ मेरो खिलाफमा। कान्तिपुर टेलिभिजन नेटवर्कको इजाजतसम्बन्धी मुद्दामा मलाई विशेष अदालतले मात्र एक लाखको धरौटी लिई छोड्ने निर्णय दिएपछि अख्तियार आफूलाई अपमानित महसुस गरेको छ। फेरि यसैबीचमा अख्तियारले मेरो खिलाफमा बहु प्रचारित मोवाइल फोन आयातको कथित प्रकरणमा मुद्दा नचल्ने निर्णय गरेको छ। चलचित्र विकास बोर्डको कुनै विषयमा पुनः मेरो खिलाफमा मुद्दा चलाउन मिलेन। मेरा खिलाफमा अख्तियारले खडा गरेका प्रायः सबै आरोप आधारहीन देखिएपछि अब कुनै न कुनै विषयमा दह्रो खालको मुद्दा नचलाई भएको छैन, अख्तिारलाई। यसै कारणले यता अख्तियार निरन्तर रूपमा मेरो खिलाफमा एकोहोरो र झूटो प्रचारको भेल नै ल्याइएको छ। अख्तियारको यस कु-अभियानमा फेरि एकपटक स्पेसटाइम पत्रिका तथा च्यानल नेपाल निर्लज्ज तरिकाबाट प्रस्तुत भएका छन्।

केही अघिमात्र अख्तियारका आयुक्त कृष्णबल्लभ काफ्लेले पोखरामा भनेका थिए- मेरो खिलाफमा मुद्दा तयार भइसकेको छ। मेरो नाममा बारेन्ट पुर्जी जारी भइसकेको छ। अब म हाजिर भए पनि नभए पनि मुद्दा दर्ता हुने रे। कान्तिपुर दैनिकमा छापिएको यो समाचार पढ्नासाथ मैले मेरो मुद्दाका अनुसन्धान अधिकृत चेतनाथ घिमिरेलाई राजविराजबाट फोनमा सोधेको थिएँ- के हो वास्तविकता ? उनले मलाई बताए, आयुक्तले उक्त कुरा बोलुञ्जेलसम्ममा आयुक्तहरूले मुद्दा चलाउने निर्णयसम्म गरेका छैनन्। संवैधानिक आयोगका आयुक्तहरूको कत्रो निर्लज्ज र परपीडक चरित्र ? यिनै कुरालाई विचार गरेर प्रायशः सधैंजसो यस कुप्रचारबाट प्रताडित हुनुभन्दा स्वयं नै अख्तियारमा हाजिर भएर उसको षड्यन्त्रलाई विफल पार्नु उपयुक्त सम्झेर आज बिहान म अख्तियार पुगेँ। म त्यहाँ पुग्दाको बखतसम्म मुद्दा तयार थिएन। मैले आफू हाजिर हुनआएको, मेरो खिलाफमा कुनै मुद्दा भए आजै विशेष अदालतमा दर्ता हुनुपर्‍यो अन्यथा म केही बेरपछि अख्तियारकै प्रांगणमा पत्रकार सम्मेलन गरेर अख्तियारले मेरो चरित्र हत्याको प्रयासमात्र गरेको तथ्य उदांगो पार्ने धम्की दिएपछि मात्र मुद्दा दर्ता गर्ने सुरसार भयो। मैले त्यहाँ ३ घण्टासम्म कुर्नुपर्‍यो। पछि दिउँसो १ बजे मात्र मलाई विशेष अदालत पुर्‍याइयो। विशेष अदालतमा आजै मेरो बयान प्रारम्भ भयो, सम्भवतः भोलिसम्ममा बयान सकिएर बहस सुरु हुने आशा गरेको छु। हेरौं अदालतको धरौटीसम्बन्धी कस्तो आदेश आउने हो।

थुनामा रहनु सुन्दर विषय कदापि पनि होइन। झन् सदैव परपीडनमा रमाउन चाहने नेपाली समाजमा त यो झनै राम्रो होइन। यहाँ मानिसभित्रको



आस्थाले मानिसलाई परिचालन गर्नुको साटो उसले अँगालेका पेसाको बाध्यताले मानिसहरूको भाव जगतलाई निर्देशित गर्दछ। विदेशमा पढेलेखेका प्रजातन्त्र र मानवअधिकार बुझेका ठूलाबडाका कतिपय छोरानातिले राम्रो लगानीको आधारमा नेपाली पत्रकारितामा राम्रो स्थान बनाउँदै लगेका छन्। यो सबैका लागि सन्तोषको विषय पनि हो। तर दुर्भाग्य, विदेशमा बलात्कारको मुद्दामा सजाय पाएकाको हकमा अन्तर्राष्ट्रिय अभियान चलाउनसक्ने मूर्धन्य महानुभावहरू र यिनको विपुल लगानीको प्रकाशन संस्था आफ्नै मुलुकमा प्रजातन्त्र र मानवअधिकारको नग्नरूपमा हत्या हुँदा त्यसको विरोधमा निश्छल तथा प्रतिबद्ध अभिव्यक्ति दिन सक्दैन।

यहाँ कतिपय मानिसहरू पारिवारिक पेसाका रूपमा मानवअधिकारका क्षेत्रमा सक्रिय भएका छन्। मानवअधिकार भन्ने शब्द यस्ता मानिसका लागि जीवनको आस्थायुक्त प्रतिबद्धता नभई पेसामात्र भएको छ। काजी, सुब्बा, मीर सुब्बा, राजगुरु, पुरोहित, मुन्सी र छोरीसँगै भारत पठाइएका राणा, ठकुरी र शाह परिवारहरूका कतिपय म्यानेजरका नवपठित पुत्रहरूमा नेपाली प्रजातन्त्रका बारेमा रहेको दोधारे मानसिकता त यहाँ बलियोसँग जरो जमाइसकेको छ। यो प्रवृत्ति नेपालमा नयाँ होइन पुरानै नै हो। नेपाली राजनीतिको यस समाजशास्त्रीय पक्षलाई त सजिलै बुझ्न सकिन्छ, तर प्रजातन्त्रकै चाहनामा र प्रजातन्त्रोत्तर कालमै फस्टाएका दुःखका साथ पढेलेखेका उदयमान युवा पत्रकारहरू, नवचिन्तनका धरोहरहरू किन आस्था र प्रतिबद्धतालाई निर्धक्कतासाथ मुखरित गर्ने बेलामा जागिरलाई नै सर्वस्व मान्दछन् ?

अक्षुण्ण स्वतन्त्रताप्रतिको प्रतिबद्धता, मानवअधिकार बारेको आस्था, प्रजातान्त्रिक एवं बहुलवादी पद्धतिप्रतिको निष्ठाजस्ता विषय हाम्रा समाजका बहुसंख्यक अगुवाहरूका लागि सम्झौताहीन विषय हुनुभन्दा पनि फगत आयआर्जन गर्ने पेसाको पदार्थमात्र हुन गएको छ। केही अघिमात्र एउटा समाचारपत्रसँगको कुराकानीमा डा. दुर्गाप्रसाद भण्डारीले भनेको सम्झन्छु : "यो देशको आत्मामा नै खिया लागिसकेको छ। न शौर्य छ, न शान्ति, न सामञ्जस्य, न लक्ष्य। अनास्थाको सिकार भएको छ पूरै देश। न शासकमा कुनै आस्था छ, न शासितमा। ... बुद्धिजीवीहरू ... ती पनि आत्महीन, आस्थाहीन देशकै अंग हुन्। देशको समग्र व्यक्तित्वबाट ती पनि अप्रभावित रहन सक्दैनन्। फेरि कतिपय बौद्धिकमा त बौद्धिकताको गुण र धर्म नै छैन...।" डा. भण्डारीले यस चरित्रलाई पीडाका साथ महसुस गरेका छन्।

मैले उपर्युक्त कुरा किन पंक्तिबद्ध गरिरहेको छु भने, किनकि नेपाली समाजको यस चरित्रलाई नजिकैबाट भोगेको छु। मैले अनुभव गरेको छु, हाम्रा बौद्धिकहरू, व्यावसायिकहरू कसरी आफ्नो धर्म छाडेर सत्ताको लिप्साका पछि

लागेर प्रजातन्त्र मास्ने अभियानका मतियार बनेका छन्, यसलाई बुझेको छु। नेपालमा राजनीति गर्नेहरू त चोखा देखिएनन् तर के यिनीहरू निष्कलंकित रहन सके त ?

**चैत्र ७, ०५९**

आज पुनः दोस्रो रात थुनामा बस्नका लागि सिंहदरबार वडा प्रहरी कार्यालयमा फर्केको छु। आज अदालतमा मेरो बयान सकियो। मेरा कानुन व्यवसायीहरू राधेश्याम अधिकारी र रामकृष्ण निरालाले तथ्यपूर्ण तथा संक्षिप्त रूपमा आफ्ना कुरा राखे पनि सरकारी वकिलहरूले जवाफ दिन यथेष्ट समय माग गरेको हुनाले अदालतले अर्को दिनको लागि समय दिएको छ। तर, वास्तविकता भने यो होइन। सरकारी पक्ष अर्थात् अख्तियारका वकिललाई थाहा थियो, आज शुक्रबार हो भनेर। उनीहरूले आज बहस नसक्नासाथ भोलि शनिबार र पर्सी आइतबार-२ दिनको सरकारी बिदामा म स्वाभाविक रूपमा थुनामा बस्नुपर्ने हुन्छ। उनीहरूले चाहेको कुरा यति मात्र हो। यो चाहना पुगेको छ। यसले मलाई पनि कुनै अप्ठ्यारो भएको छैन। यस्ता कुराहरू आइपर्छन् भनेर म मानसिक रूपमा तयार छु। अब मेरो मुद्दाको आदेश सम्भवतः सोमबार हुनेछ।

म यसअघि थुनाबाट मुक्त भएपछि मुलुकको राजनीतिमा खासै उल्लेखनीय प्रगति भएको देखिँदैन। सशस्त्र प्रहरीका महानिरीक्षक कृष्णमोहन श्रेष्ठको राजधानी काठमाडौंमा निर्मम हत्या भएको भोलिपल्टै बडो नाटकीय ढंगबाट माओवादीसँग युद्धविराम भई अब वार्ताको कसरत सुरु भएको छ। मानौं कृष्णमोहनको रक्तरंजित लासलाई मात्र पर्खेकी थिइन्, वार्ताकी देवीले। यस अतिरिक्त असोज १८ गते राजाले मुलुकको शासन सत्ता आफ्नो हातमा लिएपछि अगाडि सारिएका एजेन्डा विस्तारै हराइसकेका छन्। प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द बडो निरीह देखा परेका छन्। राजपाटमा स्वयं राजाको प्रत्यक्ष शासनको **रुतवा** खस्कँदै गएको छ। तर, जे होस्, मुलुकमा सर्वत्र वार्ताको माहौल छ।

यता केही सातादेखि सरकार र माओवादीका बीच युद्धविराम (सरकारी वक्तव्यमै प्रयोग भएको शब्दावली) भएपछि दुवै पक्षका बीच वार्ताका लागि अनेकौं प्रयास भइरहेको देखिन्छ। वार्ताको पूर्वाधारका लागि नजानिंदो किसिमबाट केही कार्य भइरहेको छ। माओवादीको पूरा प्रयत्न उनीहरूका बन्दी साथीहरूलाई रिहाइ गराउनुमा केन्द्रित रहेको देखिन्छ। हामी नै सरकारमा भएका बेला माओवादीको गैर कानुनी गिरफ्तारीको प्रवृत्तिलाई रोक्ने प्रयास स्वरूप पक्राउ परेका माओवादीहरू उपर प्रचलित कानुनअनुसार अपराध कायम गरी मुद्दा चलाएर मात्र थुनामा राखिने गरिएको थियो। अहिले यिनीहरूको रिहाइको निम्ति दबाव छ, सरकारलाई। यस विषयमा सरकारको कुनै सोच सार्वजनिक भएको



छैन। सायद सरकारले यस निम्ति घुमाउरो बाटोबाट काम निकाल्न सोचेको छ। यसैअनुरूप आजभोलि प्रायः अखवारहरूमा बन्दी प्रत्यक्षीकरणको सुनुवाइको क्रममा अदालतले माओवादी बन्दीलाई भटाभट छोड्दै गएका समाचार दिनहुँजसो प्रकाशित भइरहेका छन्।

अदालतले गैरकानुनी थुनामा रहेका बन्दीहरूको रिहाइको आदेश दिनु राम्रो कुरा हो। तर, सरकार र माओवादीका बीच समझदारी नहुँदाका बखत सोही प्रकृतिको थुनाको विरुद्ध परेका बन्दीप्रत्यक्षीकरणको रिट सकभर प्रभावशाली नहुनु र वार्ताको समझदारी हुनासाथै एकाएक प्रभावशाली देखिनुका कारणबारे कानुन व्यवसायहीरूका बीच अनेकन् चर्चा उठ्न थालेको छ। के वास्तवमा यो न्यायिक पद्धतिअनुसारकै अभ्यास हुन् ? सरकारले प्रचलित कानुनको आधारमा कसैलाई गैरकानुनी रूपले थुनामा राखेको छ भने अदालतले निश्चय पनि उदार भई पीडित पक्षको मानवअधिकारको रक्षाको पंक्तिमा आफूलाई उभ्याउनु पर्दछ। तर, अहिले त्यसो भइरहेको छैन। भनिन्छ, अहिले सरकारको आँखा झिम्क्याइको भाषा बुझेर अदालतले बन्दीप्रत्यक्षीकरणको नाममा सरकारको राजनीतिक अभिप्रायलाई सघाउने काम गरिरहेको छ। यस्तो नै हो भने, कतिको स्वस्थ परम्परा हो - विचारणीय विषय भएको छ। के साँच्चै हाम्रो न्यायपालिकामा असोज १८ को प्रभाव परेकै हो त ?

यसपटक यहाँ थुनामा अदालतले तोकेको धरौटी बुझाउन नसकेको अवस्थामा बाहेक लामो समयसम्म बस्ने सम्भावना छैन। तसर्थ यस बन्दी कोठाको व्यवस्थापनका बारेमा म पूर्णतः उदासीन नै छु। हाल यस थुनुवा कोठाको एक कुनामा प्रशस्त पुस्तकहरू, पुराना समाचारपत्रहरू, लेखापढी गरिएका कागजहरू अव्यवस्थित रूपमा थुपारिएको छ। बेवास्तापूर्ण ढंगबाट यसलाई राखिएकोबाटै भान हुन्छ, कि यी सामग्री कतैबाट खानतलासीका दौरान फेला पारी यहाँ यसलाई बुद्धिको कृष्णभीर बनाइएको छ। यसमध्येका धेरैजसो पुराना सोभियतकालीन प्रकाशनहरू, चिनियाँ सांस्कृतिक क्रान्तिकालीन प्रकाशनहरू छन्। बेकम्मा फोहोर सरह थुपारिएको र कतिपय प्रकाशन देख्दा नै थाहा हुन्छ, यी सामग्री माओवादी बुद्धिजीवीहरूका दर्शन सामग्रीहरू हुन् र उनीहरूबाटै कब्जामा लिइएको होला।

पुस्तक तथा कागजपत्रलाई जतनका साथ नराखिएमा, फोहोरमा परिणत गरिएमा यो गन्दगीको ठूलै खानी बन्न पुग्दछ। यसबाट निस्किरहने, उडिरहने मसिना कागजी धूलोले सानो कोठामा त यातनालयको नै अनुभूति गराएको हुन्छ। यस प्रकारको सडेका र धूलोमा परिणत भएका कागजपत्रको दुर्गन्धले कोठाको वातावरणलाई पूरै बोझिलो बनाएको छ। कोठाभरी यत्रतत्र छरिएका यिनै रद्दी अखवार तथा टुक्राटुक्री कागजमध्ये काठमाडौंबाट प्रकाशित हुने

आजको समाचार पत्र दैनिकको एउटा अंकमा मेरो तस्विर छापिएको पाएँ। कुनै समयमा छापिएको आफ्नै तस्विर हेर्ने लोभले गर्दा त्यस पुराना पत्रिकालाई झिकी धुलो टकटक्याएर हेरेँ। वि.सं. २०५८ भदौ ३१ को अखवार रहेछ। त्यसमा तत्कालीन देउवा सरकारबाट गठित माओवादीसँग वार्ता गर्ने टोलीका सबै सदस्यहरूसँगै म पनि बसेको तस्विर छापिएको रहेछ। यो तस्विर भदौको २८ र २९ गते बर्दियाको ठाकुरद्वारामा माओवादीसँग वार्ता भएपछि राजधानीमा सरकारी वार्ताटोलीको उपस्थितिमा वार्ताबारे मैले पत्रकारहरूलाई ब्रिफिङ गरिरहँदाको बखतको हो। यही अखवारको मुख्यपृष्ठको मुख्य समाचार छ : 'राजधानीमा जुलुस र सभा गर्न बन्देज।' यसको अर्को सह-शीर्षक छ : 'माओवादीद्वारा असोज १ र ५ को सभा रद्द।'

अहिले मुलुकमा पुनः वार्ताको माहौल छ। माओवादीसँगको वार्तालाई कसरी सार्थक तुल्याउने र यसलाई दीर्घकालीन शान्तिमा कसरी रूपान्तरित गर्ने- यो नै पुनः अहिलेको मुख्य विषय भएको छ। तर, रद्दी कागजको रूपमा आज यस थुना कोठामा मेरो हात परेको त्यस अखवारमा छापिएको प्रसंगले, त्यतिखेरको शान्तिवार्ता कसरी तुहियो, आज मलाई यसको स्मरण गराएको छ।

त्यस बखतको देउवा सरकारमा म पनि मन्त्री थिएँ, सरकारको प्रवक्ता पनि। माओवादीहरूसँग पहिलो चरणको वार्ता भदौको मध्यमा ललितपुरको गोदावरीमा भएको थियो। दोस्रो वार्ता भदौको अन्त्यमा बर्दियामा भएको थियो। तेस्रो चरणको वार्ता हुनुअघि नै माओवादीहरूले असोज १ र ५ गते ०५८ मा काठमाडौंमा बृहद् प्रदर्शन गर्ने घोषणा गरेका थिए। हातहतियार सहितका व्यक्ति माओवादी झण्डा उचाल्दै नारायणहिटी राजदरबारतिर लङमार्च गर्दै बढेको, झण्डै चिनियाँ क्रान्तिकालीन कलापूर्ण पोस्टरहरूको झझल्को दिने खालका लाखौं पोस्टर रातारात राजधानीमा सर्वत्र टाँसिएको थियो। माओवादी जनसेनाले आक्रोशका साथ नारायणहिटी राजदरबारमा प्रवेश गरेर दरबारको टावर भत्काएको दृश्य देखाइएका पोस्टरहरूले माओवादीहरूको मनसायको आभास दिइरहेको थियो। पाँच लाखभन्दा बढी माओवादी हात हतियारले सुसज्जित भई काठमाडौं आउने व्यापक प्रचार थियो। राजधानीका छरछिमेकका जिल्लामा हतियारको व्यापक संकलन भइरहेको समाचारहरू दिनहुँ पत्रपत्रिकामा प्रकाशित भइरहेको थियो। चन्दा, खाद्यान्न सहयोग र राजधानीमा आवास सुविधा जुटाउनका निम्ति माओवादीले मुलुकभर नै व्यापक पैमानामा बल प्रयोगका घटना घटाइरहेका थिए।

माओवादीहरू आमुन्ने सामुन्नेको मुड देखाइरहेका थिए। सरकार वार्ताप्रति असहयोगी हुँदै गएको उनीहरूको आरोप बढ्दै गएको थियो। यता वार्ताको क्रममा सरकारले माओवादीप्रति केही लचकता देखाएको कुरालाई दरबारले मन



नपराएको भनी छापिएर कुरा चर्चामा आइरहेको थियो। माओवादीले गर्ने भनेको कार्यक्रमलाई मध्यनजर राखेर सेनाको सल्लाहमा रक्षा मन्त्रालयले कडा भाषा शैलीमा वक्तव्य निकालेको थियो। वास्तवमा यस वक्तव्यका बारेमा प्रधानमन्त्रीलाई समेत कुनै पूर्वजानकारी गराइएको थिएन। तर, सरकारले माओवादीसँग सहमति नै कायम गरेर असोज १ र ५ गतेको कार्यक्रमलाई स्थगित गराउने अपेक्षाकृत लचिलो धारणा बनाएको थियो। सबैलाई यस कुराको आभास थियो कि, माओवादीको यस कार्यक्रममा रोक लगाइएमा यसको प्रभाव स्वरूप वार्ता भंग हुन सक्छ। यस विशेष परिस्थितिका बारेमा माओवादीसँग कुरा गर्ने प्रयास भइरहेको थियो।

यसैबीच हामीले थाहा पायौं- यस कार्यक्रमबाट उत्पन्न हुनसक्ने परिस्थितिको आँकलन गर्न दरबारमा सुरक्षानिकायहरूको छुट्टै मिटिङ भइरहेको छ। यसमा प्रधानमन्त्रीलाई सरिक गराइएको थिएन। अर्कोतिर, नेपाली कांग्रेस र ने.क.पा.एमाले लगायतका राजनीतिक दलहरूले यस कार्यक्रमलाई रोक्न र यसमा प्रतिबन्ध लगाउन सरकारलाई सार्वजनिक रूपमा दवाव दिइरहेका थिए।

शाही सेनाका प्रधान सेनापति, सशस्त्र प्रहरी र जनपद प्रहरीका प्रमुखहरूले प्रधानमन्त्रीका सामु हामी केही मन्त्री समेत सम्मिलित एक बैठकमा, यदि यो सभा भयो भने रक्तपातबाट राजधानीलाई जोगाउन नसकिने र नारायणहिटी र सिंहदरबार दुवै स्थानमा निश्चय नै आक्रमण हुने ठोकुवाको सूचना दिंदै हरहालतमा सभामा प्रतिबन्धका लागि दवाव दिएका थिए। तर, तिनीहरूले यस प्रस्तावित माओवादी कार्यक्रमलाई कसरी दुर्घटनारहित बनाउन सकिन्छ तथा यसलाई बलात् रोकिएमा माओवादी वार्ताबाट उम्कन सक्ने विषयमा सोचिरहेका थिएनन्। प्रधानमन्त्री पनि यस सन्दर्भमा किंकर्तव्यविमूढ हुनुहुन्थ्यो।

मन्त्रीहरूको आ-आफ्ना रायबाहेक कुनै सामूहिक धारणा बनेको थिएन। सरकारी पक्षका वार्ताकारहरू तथा सरकारको बीचमा यस विषयमा कुनै संवाद थिएन। नेपाली कांग्रेस पार्टीभित्रको आन्तरिक विवाद मिलाउने र व्यक्तिहरूलाई समायोजन गर्ने शैलीमा निर्माण भएको सरकारी वार्ताटोली वस्तुतः बेमेलपूर्ण थियो। टोलीका संयोजक चिरञ्जीवी वाग्ले र विजय गच्छदारको दायित्व प्रधानमन्त्रीमा थियो भने चक्र वास्तोला, महेश आचार्य र नरहरि आचार्य आपसमा पृथक् पृथक् विचारका तर सामूहिक रूपमा पार्टी सभापति कोइरालाप्रति रुझान राखेका थिए। वार्ताटोलीको प्रधानमन्त्रीसँग दुई प्रकारको बैठक हुन्थ्यो। मन्त्रीहरू वाग्ले र गच्छदारसँग एकपटक अलिक अन्तरंग खालको र फेरि मन्त्री महेश आचार्य, वास्तोला र नरहरिसँग भिन्नै औपचारिक प्रकारको। वार्ताटोलीलाई निर्देशन पनि बेग्लाबेग्लै ठाउँबाट आउने र ब्रिफिङ पनि अन्त अन्त

गर्ने । प्रधानमन्त्रीलाई थाहा थियो कि परिस्थिति विग्रहको चौबाटोमा पुगिसकेको छ, तर लाग्दथ्यो उहाँ कुनै चामत्कारिक उपलब्धिको लागि आश्वस्त भई प्रतीक्षामा हुनुहुन्छ । यसको सबैभन्दा ठूलो स्टेकहोल्डर व्यक्तिको रूपमा प्रधानमन्त्री थिए, तर दुर्घटनाका बारेमा आभासहीन । कुनै सोचाइ नै बन्न सकेको थिएन । कुनै अन्तरनिहीत सोचाइ भए पनि, उहाँले यस सम्बन्धमा आफ्नो दृष्टिकोण न त दरबारलाई, न त दलहरूलाई नै अवगत गराउन सकिरहनुभएको थियो । यस्तो प्रतीत हुन्थ्यो, मानौं देउवा कुर्सीमा हुनुहुन्छ, तर सरकार र सत्ता दुवैमा उहाँ प्रभावकारी हुनुहुन्न । लाग्दथ्यो, पर्दा पछाडिबाट कसैले उहाँको हक र कार्यकारी भूमिकाको अपहरण गर्न खोजिरहेको छ । आफूलाई स्वेच्छाअनुसार काम गर्न नदिनेमा देउवाले बारम्बार परोक्ष रूपमा कोइरालालाई दोष दिइरहनुभएको थियो । तर, सायद यो पूर्णसत्य थिएन । दरबारले देउवाका विकल्पहरूलाई संकुचित गर्दै लगेको थियो । यस पूर्णसत्यलाई देउवाले कण्ठ अवरुद्धताका कारणले व्यक्त गर्न सकिरहनुभएको थिएन ।

लगभग यसैबीचमा माओवादीले प्रधानमन्त्रीबाट जान्न चाहेका थिए : १) राजा संविधानमा संशोधन चाहँदैनन् । प्रधानमन्त्री देउवाले सरकार प्रमुखको रूपमा संविधानमा संशोधन गराउन सक्दैनन् । २) वार्तालाई अगाडि बढाउन माओवादीले राखेका अन्य तीनवटा माग पनि सरकारले पूरा गर्न सकिरहेको छैन । ३) अन्य राजनीतिक दलहरूको भूमिका सरकारका लागि सहयोगी वा प्रशस्तकर्ताको नभएर सेन्सरकर्ताको छ, सरकारले दरबारलाई बाहेक गरेर दलहरूका बीचबाट न्यूनतम सहमतिका एजेन्डाहरूको समेत निर्क्योल गर्न पनि सकेको छैन । ४) अब झन् संविधानप्रदत्त नागरिक हकको उपभोगमा पनि बन्देज लगाउन सोचेको छ । तसर्थ अब माओवादी के र कुन प्रयोजनका लागि वार्तामा बसिरहने ?

सबैतिरबाट, आफ्नै पार्टीबाट, राजनीतिक दलहरूबाट र दरबारबाट चलमल नहुने गरी बाँधिएका साथै आफ्नो मन्त्रिपरिषद्लाई विश्वासमा लिन नचाहेका देउवाका लागि यथार्थत यो यक्ष प्रश्न थियो । यद्यपि, प्रधानमन्त्री हुने बखत शान्ति वहालीको यस चुनौतीमा कि त आफूले स्वीप (कधभभउ) गर्ने वा स्वाप (कधबउ) हुने भनी लौह दृढता देखाउने प्रधानमन्त्री त्यति बेला किंकर्तवयविमूढ मात्र रहनुभयो । एक प्रकारले अकर्मण्य जस्तो ।

यही वातावरणमा मन्त्रिपरिषद्को बैठक बसेको थियो । आसन्न परिस्थितिका बारेमा निर्णय लिनका लागि । माओवादीसँगको प्रकरणमा मन्त्रिपरिषद्मा आपसमा गम्भीर मतभेद थियो । मन्त्रिपरिषद्भित्र वार्ताको उत्थानका बखत अपनाउनुपर्ने कुरा तथा वार्ताका प्रक्रियाका बारेमा खुमबहादुर



खड्का, बलबहादुर के.सी., पूर्णबहादुर खड्का लगायतका हामी केही साथीले सुरुदेखि नै भिन्न मत राख्दै आएका थियौं ।

माओवादीहरू सार्वजनिक भएपछि खुलेर फुच्चे खेल खेल्ने मौका पाएका थिए । उनीहरूले एकै साथ समानान्तर रूपमा देउवा सरकारसँग, राजदरबारसँग, नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालासँग र संयुक्त रूपमा वामपन्थी दलहरूसँग आफ्नो तालमेल र समीकरण सुरु गरिसकेका थिए । काठमाडौंस्थित मित्रराष्ट्रका एकजना राजदूतले हामी केही मन्त्रीलाई भिन्नाभिन्नै जानकारी गराएका थिए कि, दरबारले माओवादीसँग सोझै कुराकानी गर्दैछ । सायद दरबारले देउवा सरकारसँग वार्ताको असफलतापछि प्रत्यक्ष वार्ता गरेर यस महत्त्वपूर्ण समस्या समाधानको जस लिन चाहेको हुनु पर्दछ, राजदूतको तात्पर्य थियो । दरबारनिकटस्थ शक्तिकेन्द्रहरूसँग श्री ५ वीरेन्द्रको निधनपूर्व नै भरपर्दो सम्पर्क कायम भइसकेको थियो । रामचन्द्र पौडेल गृहमन्त्री भएको बखत दरबारनिकटस्थ यिनै शक्तिकेन्द्रमध्ये एकमा माओवादीका नेताहरूको सशरीर भेटघाट भएको तथ्य विवरण र जानकारी श्री ५ को सरकारका गुप्तचरहरूबाट तथा केही मित्रराष्ट्रका गुप्तचर स्रोतबाट सरकारलाई प्राप्त भएको थियो । माओवादीसँगको यो सम्पर्क पछिसम्म कायम रहेको थियो ।

होलेरीको घटनापछि प्रधानमन्त्री पदबाट राजीनामा दिएका गिरिजाप्रसाद कोइरालाले बृहद् प्रजातान्त्रिक एकताको नाममा नेकपा एमालेका महासचिव माधवकुमार नेपालसँग दह्रो समझदारी बनाइसक्नुभएको थियो । यस समझदारीअनुसार संविधानमा महत्त्वपूर्ण संशोधन गरेर राजाको अधिकार तथा भूमिकालाई अझ सीमित गर्ने र सेनालाई पूर्णतः निर्वाचित सरकारको परिचालनको विषय बनाई शक्तिशाली संसदीय समितिबाट त्यसको अनुगमन गराउने कुरा मुख्य विषयको रूपमा तय भएको थियो । यसको जानकारी माओवादीका अध्यक्षलाई गराइएको थियो । धेरै झुकेर वा सरकारसँग अनुपयोगी सम्झौता गर्नुको साटो पछिको लागि यो माओवादीका निम्ति एउटा विकल्प थियो ।

साउनको अन्तिम सातामा भारत, पश्चिम बंगालको सिलिगुडी नजिकको चम्पासरी भन्ने स्थानमा माओवादी नेताहरूको नेपालका अन्य वामपन्थी नेताहरूसँग भेट र छलफल भयो । यस भेटघाटको क्रममा माओवादी तथा संसदीय क्षेत्रका वामपन्थीहरूका बीच विभिन्न विषयमा सहमति भएको थियो । यो सहमतिको वातावरण सरकार-माओवादी वार्ता भंग हुने बेलासम्म कायम थियो । यद्यपि, माओवादीहरू सार्वजनिक भएको अवस्थामा उनीहरूले केही सभा समारोहहरूमा खासगरी एमालेको खिलाफमा व्यक्त गरेका केही कटु प्रतिक्रियाले भने केही हदसम्म तिक्तता उत्पन्न गरेको थियो । तैपनि, यस समझदारीलाई

माओवादीहरूले देउवा सरकारसँगको वार्ता विफल भएको अवस्थामा एउटा विकल्प नै मानेका थिए। उपर्युक्त परिस्थितिले गर्दा माओवादी पक्षले देउवा सरकारसँग सम्झौता गरेर उपलब्धिहीन विषयलाई ठोस उपलब्धि भनी प्रचार गर्ने पक्षमा थिएनन्। वास्तवमा उनीहरू वार्ताबाट उम्किन चाहेका थिए र, यसको सीधा अर्थ थियो देउवाको सरकारको पतन।

माओवादीसँगको वार्ता भंग नहोस् यो हाम्रो प्रारम्भिक चाहना थियो। यसलाई हामीले देउवाको नेतृत्वमा सरकार रहने वा नरहने बटमलाइन मानेका थियौं। यो वार्ता भंग भएपछि न त आफ्ना कुरा गराउने कर्ताको रूपमा दरबारकै नजरमा देउवाको आवश्यकता रहन्छ, न त पार्टीभित्र नै देउवाको प्रधानमन्त्री पदमा निरन्तरताको कुनै औचित्य सिद्ध गर्ने आधार नै रहन जान्छ। यो एउटा पक्ष थियो। यसको अर्को पाटो थियो, माओवादीसँग देउवा सरकारको वार्ता भंग भएपछि राजा स्वयंले परिस्थिति अनुकूल मिलाएर लिनसक्ने अग्रसरता। यसको आभास र आँकलन संसदीय व्यवस्थाका हिमायतीहरूका लागि शुभ देखिदैनथ्यो।

तसर्थ हामीले बारम्बार यस सत्यप्रति देउवालाई सतर्क गराउन चाहन्थ्यौं। वार्ताको मूल विषयवस्तु र एजेन्डामा प्रवेश गर्नुभन्दा पहिला नै सरकारले गर्न सक्ने कामका सीमाहरूको बारेमा दरबार तथा दलहरूको सहमति आवश्यक ठानेका थियौं र यसैअनुरूप माओवादीका अध्यक्ष प्रचण्डले वार्ताको सफलताका लागि व्यक्त गरेको प्रतिबद्धताअनुरूपको एउटा व्यावहारिक आचारसंहितामा माओवादीलाई सहमत गराउनुपर्ने हाम्रो सुझाव थियो तर यसो हुन सकेन। साउनको अन्त्यसम्म आइपुग्दा परिस्थितिले देउवालाई चेपमा पारिसकेको भान हुन्थ्यो। कुन हदमा गएर माओवादीसँग सम्झौता गर्ने ? वार्ताको बटमलाइन के हुने ? यस विषयमा दरबारसँग निर्क्यौल हुन सकेन। दरबारले संविधानमै उल्लेखित विधिबाट संविधानको संशोधन गर्न पाउने सरकारको हैसियतलाई कमजोर तुल्याइसकेको थियो। दरबारबाट मनोनीत सांसदहरू तथा दरबारका भाषा बोल्ने मानिसहरू खुलेआम संविधान संशोधनको विपक्षमा बोल्न थालिसकेका थिए। नेपाल अधिराज्यको संविधान २०४७, राजालाई विजित बनाएर होइन, राजा समेतको सहमतिले त्रिपक्षीय सम्झौताको आधारमा आएको हुनाले राजाको सम्मतिबेगर संविधानमा संशोधन हुन सक्दैन भनी खुला हाँक दिइरहेका थिए।

स्वयं राजाले विभिन्न पत्रपत्रिकासँगको भेटमा संविधानको संशोधन संवैधानिक प्रक्रियाबाट हुने भन्नुपर्नेमा जनताको इच्छाअनुसार भएमा आफूलाई आपत्ति नहुने भनेर घुमाउरो भाषा तथा शैलीमा आफ्नो अप्रसन्नता व्यक्त गरेको तथ्यलाई यतिखेर बिर्सन सकिन्न। तर, यसका बावजुद पनि यस अवधिसम्म



नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला तथा नेकपा एमालेका महासचिव माधवकुमार नेपाल दुवैजना संविधानमा संशोधनका पक्षमा रहेका थिए। यी दुवै पक्षको सम्मिलित संसद्भित्रको शक्ति संविधानमा संशोधनका लागि सांसदहरूको आवश्यक संख्याभन्दा पर्याप्त थियो। यस परिस्थितिको उपयोग गर्ने बुद्धिमानी कतैबाट पनि भएन। देउवाले अब कोइरालाले सत्ता हत्याउन लागे भन्ने आशंकामा आसन्न संकटलाई बुझेर पनि अग्रसरता लिएनन् भने कोइराला र माधव नेपालले सत्ताबाट देउवाको बहिर्गमन नै बृहद् प्रजातान्त्रिक मोर्चाको उद्भव हो भन्ठानेका थिए। माओवादीका लागि त गुमाउनुपर्ने केही होइन **भ्रम नै पर्याप्त थियो होला**। यस कारणले गणेशमानजीले बारम्बार भन्ने गरेको पहिले राडीं जानिन, पछि राँडीं मानिन, बाघ लाग्यो घिच्याउन अनि राँड लागी चिच्याउन यस उखानको सत्यताप्रति कसैले हेक्का राखेनन्।

तर प्रधानमन्त्री यी सबका बाबजुद पनि विकल्पहीन थिएनन्। अपितु समस्या थियो उनको अकर्मण्यताको। उनका अगाडि दुईवटा स्पष्ट विकल्प थिए : जनताको प्रधानमन्त्रीको रूपमा आफ्नो हैसियतको प्रयोग गरेर स्वयं आफू अध्यक्ष भएर प्रस्तुत गरेको माओवादी समस्या समाधान गर्ने प्रतिवेदनले सुझाएको बाटोबाट हिँड्ने कि निकम्मा र निरीह प्रधानमन्त्री सावित भएर पदबाट बिदा लिने ? हामीले प्रधानमन्त्रीलाई यो कुरा भन्यौं पनि। तर, उहाँले दोस्रो बाटो अख्तियार गर्नुभयो।

लगभग यही कालखण्डमा केही यस्ता विषय तथा घटना घटित भए, जसको संकेत देउवाले बुझ्न सक्नुभएन। सरकारको वार्ताटोली निष्क्रिय भइसकेको थियो। यसले परिस्थितिलाई सपार्ने दिशामा पहल गर्न छोडिसकेको थियो। त्रपनि प्रधानमन्त्रीको भर छँदै थियो। शाही सेनाले प्रधानमन्त्रीको खटन मानिरहेको थिएन। प्रधानमन्त्री र गृहमन्त्रीका बीच लगभग बोलचाल नै बन्द थियो। गोरखामा माओवादीको सभामा सेनाले गोली प्रहार गऱ्यो। प्रधानमन्त्रीलाई यसको जानकारी थिएन। राजधानीमा अनेरास्ववियु (क्रान्तिकारी)को कार्यालयमा छापा मार्ने काम भयो। गृहमन्त्रीले आफूलाई यसको कुनै जानकारी नभएको बताए। यही बेला ने.का.का पार्टी सभापति कोइरालाले देउवा सरकार असफल भयो भनी ने.का. संसदीय दलमा अविश्वासको प्रस्ताव दर्ता गराउन ५० जनाभन्दा बढी सांसदको हस्ताक्षर जुटाएर शीघ्रातिशीघ्र अविश्वासको प्रस्ताव दर्ता गरिने जानकारी दिनुभयो। कोइराला यति बेला दरबार र एमालेलाई विश्वासमा लिएर सरकार बनाउने योजनाका साथ ब्रोडर डेमोक्रेटिक एलायन्सको तानाबानामा लाग्नुभएको थियो। यी र यस्ता कुराको संकेत माओवादीलाई जाँदै थियो, तर यसको संकेत प्रधानमन्त्रीले बुझ्न सक्नुभएन वा बुझ्न चाहनुभएन। वास्तवमा मन्त्रिपरिषद्को बैठक यी सब विषयमा छलफल गर्न फगतको देखाउने औपचारिक स्थान मात्र भएको थियो। प्रधानमन्त्रीले सबै

गम्भीर छलफल एवं विचार विमर्श तथा निर्णयका प्रारूपका बारेमा दरबार तथा सुरक्षानिकायका प्रमुखहरूसँग मात्र छलफल गर्नुहुन्थ्यो- जहाँ स्वयं उहाँ बाहेक सरकारका अन्य कुनै पनि सदस्यको, गृहमन्त्रीको समेत कुनै पहुँच र उपस्थिति रहने गर्दैनथ्यो ।

प्रधानमन्त्रीले मन्त्रिपरिषद्को बैठकमा प्रस्ताव राख्नुभयो : दरबार, सुरक्षानिकायका प्रमुखहरू, पार्टी र अन्य दलहरू सबैको यही राय छ कि माओवादीको कार्यक्रममा सरकारले प्रतिबन्ध लगाओस् । तसर्थ म बाध्य छु, हामीले निर्णय गर्नुपर्‍यो । वास्तवमा हामी धेरै साथीहरू चकित भयौं, एक प्रकारले सेना र प्रहरीलाई समेतलाई परास्त गर्दै आएका माओवादीले अब आफ्ना कुन माग पूरा हुने आशा र आधारमा वार्तालाई निरन्तरता दिने ? अब वार्ता अगाडि बढ्ने कुरामा हामी आशावादी रहेनौं ।

यथार्थमा माओवादीले गर्ने भनिएको सभाको उद्देश्य राम्रो थिएन । माओवादीहरूले राजधानीमा रक्तपात मच्चाउन चाहेको तथ्य स्वयं उनीहरूकै प्रचार सामग्रीहरूबाटै स्पष्ट भइरहेको थियो । तर, श्री ५ को सरकारबाट जारी हुने सभा सम्मेलन गर्न निषेधाज्ञाको सूचनाले भने माओवादीलाई तर्कसंगत ढंगले वार्ताबाट बाहिरिन आधार मिल्ने कुरा पक्का थियो । प्रधानमन्त्रीको अगाडि हाम्रो केही लागेन । अन्तमा प्र.म. देउवाले आफू बुधवारका दिन राजाको दर्शनभेट पाएको र यदि श्री ५ को सरकारले यस कार्यक्रमलाई नरोकेमा सोही दिन माओवादीले रक्तरंजित राजधानी काठमाडौंलाई कब्जा गरेको घोषणा गर्नेछन् । यस्तो स्थितिमा सीमित जनशक्तिको आधारमा शाही सेनाले स्थिति सम्हाल्न नसक्ने तत्कालीन यथार्थ (?) पनि राजाबाट प्रधानमन्त्रीलाई भनिएको कुरा बताउनुभयो । अन्ततः सोहीअनुरूप काठमाडौं उपत्यकाभित्र आगामी एक महिनाका लागि निषेधाज्ञा लगाइएको सूचना स्थानीय प्रशासनले भोलिपल्टै शुक्रवार जारी गर्‍यो । यसपछि नाटकीय ढंगबाट स्थिति बदलियो ।

माओवादी समस्यालाई उच्चस्तरीय तहबाट प्रथमपटक राजनीतिक समस्या मानेर रिपोर्ट प्रस्तुत गर्ने आयोगका अध्यक्ष नै लगत्तै मुलुकको प्रधानमन्त्री भएको बेला कुनै अमुक नियमावलीलाई तत्कालका लागि स्थगन गर्ने, केही बन्दीलाई रिहा गर्ने र मारिएकाहरूको नामावली प्रकाशित गर्ने कि नगर्ने जस्ता तपसिलका कुरामा अल्झेर मूल राजनीतिक सवालहरूको निराकरणमा किन निष्क्रिय रहनुभयो ?

सात वर्षदेखिको अनवरत हत्या र वीभत्स हिंसाको क्रममा लगभग आठ हजार नेपालीको अनाहकमा ज्यान गएपछि वार्ताको टेबुलमा आएका माओवादीका लागि काठमाडौंको एउटा सभा कत्रो प्रतिष्ठाको विषय थियो ? के फेरि एकपटक



अनन्त र परिणामहीन हत्या र हिंसाका यात्राको लागि यही नै एक मात्र प्रेरक विषय थियो त ?

यदि माओवादीले अघि सारेका सबै विषयहरू सरकार, दरबार तथा दलहरूका लागि छुनै नहुने विषय बनाइने हो भने कुन आधारमा समस्याको समाधान हुने ? समग्र संविधान नै अपरिवर्तनीय हुने, संविधान सभा झन् हुनै नसक्ने, जनमत संग्रहको संविधानमा व्यवस्था नै नभएको, राजा र सेनाको भूमिका तथा स्थानका बारेमा बहसमै बन्देज लाग्ने, त्यसो भए के र कस्तो राजनीतिक विषयमा समझदारी हुने त ? माओवादीसँगको अघिल्लो शान्तिवार्ता भंग भएको सन्दर्भमा पुनः आज यस बन्दीगृहमा म अर्को सक्षमहरूले गर्ने भनिएको वार्ताको दुन्दुभी सुन्दैछु र सोच्दै छु कि, साँच्चै हाम्रा सोच र चिन्तन परिवर्तित भइसकेका छन् र ? टि.एस. इलिएटका हरफहरू सम्झिदै छु :

*Home is where one starts from.*
*As we grow older the world becomes stranger,*
*The pattern more complicated.....*
*In my end is my beginning.*

**चैत्र ८, ०५९**/Mar 22, 003

आज शनिबार हो । अब भोलि आइतबारसम्म मैले विशेष अदालतमा उपस्थित हुनुपर्ने छैन । सोमबार मात्र मलाई विशेष अदालतमा पुर्‍याइनेछ र सम्भवतः सोही दिन मेरो मुद्दाका सम्बन्धमा अदालतको आदेश हुनेछ । थुना, रिहाइको निश्चितता नरहँदा दिनचर्या मिलाएर बस्ने ठाउँ हो । फलानो दिनसम्ममा रिहा हुन्छु भन्ने थाहा हुँदा समय ज्यादै पट्यारलाग्दो हुनजान्छ । आफूलाई नियन्त्रणमा राखेको पर्खालका भित्री घेरा, जहाँ मन र शरीरलाई एकहदसम्म स्वतन्त्रता प्राप्त हुन्छ, यस स्थानसँग पनि खासै लगाव रहँदैन । आज मलाई त्यस्तै अनुभूति भएको छ । अब मेरा सामु दुई दिनका गरी कम्तीमा पनि प्रकाशमय २४ घण्टा छन्- मैले कसरी समय बिताउने ? यही लेखाजोखामा छु ।

क्याथरिन फ्रयांकले लेखेकी इन्दिरा गान्धीको जीवनी "The life या क्ष्लमष्चब ल्भजचग न्बलमजू पुस्तकलाई एक उपयुक्त सहारा हुने ठानी पुनः पढ्न थालेको छु । यसअघि पौषमा महाराजगञ्ज सशस्त्र प्रहरीगणको थुनामा बस्दा पढ्न प्रारम्भ गरेको थिएँ । लगभग सात सय पृष्ठको यो पुस्तक सायद यस थुनामा पनि सिद्धिन्न होला । किन हो कुन्नि महिला लेखिका भएर पनि क्याथरिनले यस पुस्तकमा जवाहरलाल नेहरू, कमला नेहरू, फिरोज गान्धी, इन्दिरा गान्धी र नेहरूका सेक्रेटरी मथाईका जीवनका यौनलिप्साको पक्षलाई बढी

उजागर गर्न खोजेकी छन्। यस पक्षमा लेखिकाले फगत ती असल व्यक्तिहरूप्रति न्याय नगरेको जस्तो मलाई लागेको छ।

यस पटक म थुनामा परेकै दिन अमेरिकाले इराक उपर आक्रमण गरेको संयोग पर्‍यो। आजसम्ममा त पूर्ण रूपको युद्ध नै प्रारम्भ भइसकेको छ। यो युद्ध अमेरिकाले चाहेको विश्वमा उसको शक्तिको सर्वश्रेष्ठता प्रमाणित गर्ने दम्भी अभिलाषाबाट प्रारम्भ भएको छ। यस घृणित एवं निन्दनीय युद्ध प्रारम्भ गरेर बुसले अमेरिकी इतिहासलाई कलंकित तुल्याएका छन्। सम्भवतः युद्धको यस दलदलबाट निस्कन अमेरिकालाई गाह्रो पर्नेछ।

अर्को महत्त्वपूर्ण घटना, खेल जगत्को- अस्ट्रेलियाले विश्वकप क्रिकेट प्रतियोगिता जितेको छ। यस खेलले हाम्रो सहरी समाजमा पनि यसअघिको तुलनामा सबभन्दा बढी प्रभाव पारेको देखियो। यद्यपि आजसम्म क्रिकेट मेरो लागि चाखभन्दा बाहिरको विषय रह्यो तर यस प्रतियोगिताले जन्माएको खेलमय वातावरणले भने यसपटक मलाई समेत प्रभावित तुल्याएको अनुभव गर्दछु।

छुट्टी (सरकारी सप्ताहान्त)को यस बेलामा थुनामा भेट्नका लागि केही साथी आएका थिए। भलाकुसारी तथा गफसपमा आज दिउसोको केही समय व्यतीत भयो। यता १/२ महिनादेखि राम्ररी नेपाली अखवारहरू पढेको थिइनँ। आज एकाबिहानै कुनै साथीले थुप्रै अखवार पठाइदिएका छन्। तर, अखवार ल्याउनेलाई भने भेट गर्न दिएनन्। दिउसो केहीबेर तिनै अखवारका शीर्षकहरू हेरी बसें। गिरिजाबाबुका नाममा सुनसरीका लौकहीमा रहेको तर एकजना कार्यकर्ताले प्रयोग गरिरहेको एउटा फोनको बिल १४/१५ हजार पुगेकोमा उहाँको नाम दूरसंचार संस्थानले कालोसूचीमा राख्ने समाचार प्रथम पृष्ठको प्रथम कोलमको बक्स न्युजमा ! हरिहर विरहीबाट प्रेस काउन्सिल पुरस्कार पाएका पुष्करलाल श्रेष्ठको प्रधान सम्पादकत्वमा प्रकाशित नेपाल समाचार पत्रको कर्तुत !

सिन्धुलीमा कतै माओवादीले आयोजना गरेको गोलमेच सम्मेलनमा कुनै छद्मनामधारी माओवादी कमान्डरले सशस्त्र प्रहरी बलका आई.जी.पी. कृष्णमोहन श्रेष्ठलाई आफ्नो समूहले हत्या नगरेको ठोकुवा गरेको भनी एक समाचारमा आँखा गाडियो। यो समाचार कौतुहलपूर्ण लागेकोले सविस्तार पढेँ। कृष्णमोहनको हत्या धेरै कारणले मेरो स्मृतिमा रहेको छ। उनी मैले नजिकबाट चिनेका एक असल अफिसर थिए। स्मृतिको लागि यो पक्ष त छँदैछ। तर, अरू पक्ष पनि छन्। केहीअघि मात्र म दिल्ली जाने क्रममा २६ जनवरीका दिन विहारको कटिहारमा रहँदा उनी मारिएको समाचार थाहा पाएको थिएँ। उनी मारिएको पर्सिपल्ट नै बडो नाटकीय ढंगबाट प्रचारमा आएअनुसार दरबारको समेत पहलमा



माओवादीसँग सम्पर्क कायम भई शाही सेना र माओवादीका बीचमा युद्धविरामको घोषणा भयो।

उनको हत्याका बारेमा आज पर्यन्त मुलुकभर नै विभिन्न प्रकारका चर्चा उठिरहेकै छन्। जे होस्, अद्यावधि उनको हत्याको परिस्थिति र त्यसमा संलग्नताको विषय स्पष्ट एवं पारदर्शी छैन। म दिल्लीमा भएको बेला मौकावशको भेटघाटको क्रममा भारतको केन्द्रीय सरकारका एकजना अति उच्चपदस्थ सुरक्षा अनुसन्धानसँग सम्बद्ध अधिकारीले ठोकुवा गरेर भनेका थिए। उनको हत्याको जस भलै माओवादीले लिऊन्, तर माओवादीले कदापि पनि उनको हत्या गरेको होइन। उनको राय थियो : यो एउटा ठूलो षडयन्त्र हो र नेपालका सरकारले यसमा पर्दा हाल्नेछन्। हेरौं समयले यस विषयमा के निष्कर्ष दिन्छ। विगत २५० वर्षदेखि नेपालको आन्तरिक सत्ता समीकरणको दाउपेचको कितावी जानकारी राख्ने जोसुकैले पनि मुलुकमा घटेका यी र यस्ता काण्डहरू, हत्याकाण्डहरूका बारेमा आ-आफ्ना धारणा बनाउने नै होलान्। यसैमध्ये कहीं कतै कृष्णमोहन पनि एउटा अध्याय हुने होलान्। तर, मेरो भगवानसँग कामना छ- अब यस्तो फेरि कहिल्यै नहोस् !

## चैत्र १०, ०५९/Mar 24, 003

आज बिहान १० बजे म अदालत पुर्‍याइएपछि दिउसोको १२:३० बजेतिर मात्र मेरा विरुद्ध सरकारी वकिलको जवाफ सिद्धिएको थियो। दिउसो २:३० बजे मात्र अदालतको आदेश आयो। यसअघि मेरो स्वयंको पछिल्लो मुद्दामा तथा अरूहरूको मुद्दामा यस्तो आदेश आउन एक घण्टाभन्दा बढी समय लागेको थिएन। आज बढी समय लाग्नासाथै मलाई अप्ठ्यारो हुने प्रकारको आदेश आउने मैले आशंका गरेको थिएँ। गत शुक्रवारको दिन मेरो विरुद्धको अदालती कारबाही नसकिएपछि मैले अधिवक्ता मित्र रामकृष्ण निरालालाई भनेको थिएँ, सम्भवतः सोमबारका दिनसम्म तपाईंहरूले मेरा पक्षमा प्रस्तुत गरेको तथ्य एवं तर्कको प्रभाव रहने छैन। आजको आदेश सुनेपछि रामकृष्णले मलाई भन्नुभयो- अब यस्तो मुद्दामा वकिल नराखे पनि हुन्छ। यसरी तर्क र तथ्यलाई मनन नगरिने हो भने फिस तिरेर किन वकिल राख्ने ?

मेरो रिहाइका लागि अदालतले २ करोड २ लाख ५० हजार रू. धरौटी माग गर्ने आदेश दियो। मेरा विरुद्ध अख्तियारले जालभ्mेल गरी खडा गरेको जम्मा २ करोड ८ लाख बिगोमध्ये अदालतले हालको आदेशको हकमा कुनै रियायत गरेन। तर, अदालतको यस आदेशबाट म आश्चर्यचकित छैन। पूर्वमन्त्री चिरञ्जिवी वाग्लेको विरुद्ध ३ करोड २९ लाखको बिगो दावी थियो। उनी पूरै रकम बराबरको जायजेथा जम्मा गरी रिहा हुनुपर्‍यो। उनको छोरा देवेन्द्र वाग्ले

सोही मुद्दामा परेका थिए । उनी अदालतमा हाजिर हुँदा उनको हकमा फेरि १ करोड ६५ लाख धरौटी मागिएबाटै मैले कुरा बुझिसकेको थिएँ ।

यसअघिको मुद्दामा म र खुमबहादुर खड्का रिहा भएपछि मण्डलेहरूले अदालतको परिसरभित्रै छिरेर नारावाजी गरेका थिए । अख्तियारभित्र पनि यस्तो प्रायोजित प्रदर्शनको मंचन भएको थियो । तत्पश्चात् अख्तियारका आयुक्तहरूले सार्वजनिक रूपमा अख्तियारलाई विशेष अदालतले नसघाएको भनी आरोप लगाएका थिए । त्यसपछि विशेष अदालतमा रहनुभएका अख्तियारलाई मुखभरी जवाफ दिने गरेका न्यायाधीश दामोदर शर्मालाई अन्तका लागि स्थानान्तरण गरियो । विशेष अदालतकै रजिस्ट्रार कुलप्रसाद शर्मालाई यसअघि नै मैले आशंका गरेअनुसार नै सरुवा गरियो । तर, के यी प्रशासनिक प्रकृतिको निर्णयले स्वतन्त्र न्यायालयको प्रतिष्ठामा आघात पुऱ्याउन सक्छ र ?

आज तत्काल म मागिएको यत्रो बढी जेथा जमानी बुझाउन नसकेर पुनः बन्दीगृहमा आइपुगेको छु । म अब धरौटी जुटाउने गम्भीर समस्यामा परेको छु । दुई करोड दुई लाख पचास हजार रुपैयाँ बराबरको जेथाजमानी मेरा लागि बालुवाको महल पक्कै पनि हुन सक्दैन । समुद्रका बगरमा बसेर भिजेका बालुवा जम्मा गर्दै अरूले बनाएको बालुवाको घरभन्दा ठूलो घर आफूले बनाउने होड गरेर फेरि हतार हतार थप बालुवा जम्मा गरेर साँच्चै केही क्षणमै अरूको भन्दा ठूलो बालुवाको घर बनाउने सार्मथ्यको खेल होइन- मेरा लागि त्यत्रो जेथाको व्यवस्था गर्नु !

यस निम्ति मैले धेरै साथीभाइ र परिजनहरूलाई गुहार्नुपर्ने हुन्छ । हेरौं, ऐनवक्तमा मप्रति सहृदयता देखाउन को-को देव सरह आउने हुन् । अब थुनाको मेरो गन्तव्य साँगुरिएको छ, धरौटी दिन सके छुटुला, नत्र भने फेरि थुना त छँदैछ, तर यहाँ होइन अन्त कतै कुनै अर्को थुनामा ।

## समाप्त